CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लामा-विष्णु :
सांस्कृतिक समन्वयका प्रतीक

वासुदेव उपाध्याय

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिँजा उपत्यका, जुम्ला ।

लामाथाडा, सिँजा, जुम्ला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लामा-विष्णु :
सांस्कृतिक समन्वयका प्रतीक

वासुदेव उपाध्याय

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक : नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र
मनोहरा, भक्तपुर ।
फोन नं. :- ०१-६२२४१११
मोबाइल नं. :- ९७४११६९२३०
Email : nsu.ncsc@gmail.com
www.facebook.com/ncscpage

प्रकाशन मिति : २०७४ साउन १९ आइतवार (जनैपूर्णिमा)
(प्रथम संस्करण)

सर्वाधिकार : प्रकाशकमा सुरक्षित

प्रकाशित प्रति : ५०० प्रति
मूल्य : ३५०।-
आवरण चित्र : लामा-विष्णुको थान
लेकपर, सिँजा, जुम्ला ।
कम्प्युटर सेटिङ : टेकनाथ पाण्डेय
मुद्रक : कृपा प्रिन्टर्स, चाबहिल
ISBN NO. : 978-9937-0-3017-5

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

सांस्कृतिक समन्वयका प्रतीक
साझा देवता लामा-विष्णुप्रति
समर्पित।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सं गच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम् ।
देवा भागं यथापूर्वे सञ्जानानां उपासते ।।

(हे मनुष्य हो ! जसरी अघि तिम्रा विद्वान् पूर्वजहरू सदाचारको पालन गर्दथे, त्यसरी नै तिमीहरू पनि सँगै मिलेर हिँड, एउटै बोली बोल, तिमीहरूको मन पनि एउटै होओस् ।)

- ऋग्वेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University

Balmiki Campus

उपकुलपतिको कार्यालय

Office of the Vice Chancellor

पत्र संख्या:-१८(फा.नं.) च.नं.

मितिः- २०७४/५/१

चलानी नम्बरः- ४०

शुभकामना

मष्ट परम्परा नेपाली संस्कृतिको चिनारी हो। सम्पूर्ण खस र अधिकांश बाहुनहरूका कुलदेवता मष्ट हुन्। वाह भाइ मष्ट र वाह भाइ मष्टका नौ बहिनी भवानी हुन्छन्। यसैगरी लामा-विष्णु बाह भाइ मष्ट र नौ बहिनी भवानीका मामा हुन्। एउटै देवतालाई लामाको रूपमा पनि पूजा गरिने र विष्णुको रूपमा पनि पूजा गरिने हुनाले यस देवतालाई लामा-विष्णु मानिएको हो। कर्णाली प्रदेशका खसानक्षेत्रका तागाधारी खस, बाहुन एवम् पावै (मतवाली खस) र जडानक्षेत्रका जाडहरूले समानरूपमा लामा-विष्णुलाई मान्दछन्। अतः लामा-विष्णु सबैका साझा देवता हुन्। त्यसकारण लामा-विष्णुलाई सांस्कृतिक समन्वयको प्रतीक मानिएको हो। लामा-विष्णुका सम्बन्धमा अनुसन्धान परियोजना सञ्चालन गरी तत्सम्बन्धमा पुस्तक प्रकाशित गरेकोमा राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रलाई धन्यवाद ज्ञापन गर्दछु।

अन्तमा यस प्रकारका समन्वयात्मक सांस्कृतिक सम्पदाहरूको अध्ययन, अनुसन्धान गराई नेपाल राष्ट्रको सुदृढीकरण र नेपाली राष्ट्रियताको विकासमा सहयोग पुऱ्याउने कार्यमा अघि बढिरहेको राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रको अभियानको प्रशंसा गर्दै आ'नो उद्देश्य परिपूर्तिका लागि अझै अघि बढ्न प्रेरणा दिन चाहन्छु।

(प्रा.डा. कुलप्रसाद कोइराला)
उपकुलपति

उपकुलपति

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ सह नाववतु । सह नौ भुनक्तु । सह वीर्यं करवावहै ।
तेजस्विनावधीतमस्तु । मा विद्विषावहै ।

(परमात्माले हामी दुई (गुरु शिष्य) लाई विद्याको स्बरूप प्रकाश गरेर सँगसँगै रक्षा गरून्, परमात्माले हामी दुई (गुरु शिष्य) लाई विद्याको फलप्रकाश गरेर सँगसँगै पालन गरून् । हामी दुवै (गुरु शिष्य) सँगसँगै विद्यासम्बन्धी सामर्थ्य प्राप्त गरौँ । हामी दुई (गुरु शिष्य) ले पढेको विषय तेजिलो होस् । हामी (गुरु शिष्य) कहिल्यै पनि परस्परमा द्वेष नगरौँ ।)

- कठोपनिषद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन



प्राचीन खस भाषा अहिले राष्ट्र भाषा नेपालीको रूपमा विकसित छ। यसैगरी खस संस्कृति नेपाली संस्कृतिको रूपमा प्रचलित छ। नेपाली संस्कृति भारतमा विकसित संस्कृति, भोट-चीनमा विकसित संस्कृति र नेपालको आफ्नै रैथाने संस्कृतिले युक्त छ। अतः भारतको हिन्दू संस्कृति र नेपालको हिन्दू संस्कृति पृथक् छ। यसैगरी भोट-चीनको बौद्ध संस्कृति र नेपालको बौद्ध संस्कृति पनि पृथक् छ। नेपालको विभिन्न भूभागमा विभिन्न समुदायको बसोबास पाइन्छ। यसैगरी नेपालमा विभिन्न धार्मिक सम्प्रदायहरू विकसित छन् तर नेपाली संस्कृति भने समन्वयात्मक छ। यो नै नेपाली संस्कृतिको विशेषता हो।

मष्ट परम्परा खस संस्कृतिको विशेषता र नेपाली संस्कृतिको पहिचान हो। बाह्र भाइ मष्ट र नौ बहिनी भवानी मष्ट परम्पराका आराध्य देवता हुन्। यसका अतिरिक्त बाह्र भाइ मष्ट र नौ बहिनी भवानीको मामाको रूपमा लामा-विष्णु पूजनीय छन्। यस मतमा एउटै देवतालाई लामाको रूपमा पनि र विष्णुको रूपमा पनि पूजा गरिन्छ। लामा-विष्णुका धामी खस जातिका हुन्छन्। उनले कपाल र टुप्पी खौरनु पर्दछ र लामाको जस्तो रातो बक्खु लगाउनु पर्दछ। लामा-विष्णुको धामी पतुर्द पनि लामा कै भाषामा पतुर्द छ।

लामा भन्नाले तिब्बती लामा बौद्ध परम्पराका देवता बुझ्नु पर्दछ। विष्णु विशुद्ध वैदिक परम्पराका देवता हुन्। यस सन्दर्भमा लामा भन्नाले लामा बौद्ध मत अनुसारका आर्यावलोकितेश्वर हुन्। हिन्दू मत अनुसार भगवान् विष्णु पालनकर्ता हुन् भने बौद्ध मत अनुसार आर्यावलोकितेश्वर पालनकर्ता हुन्। अतः भगवान् विष्णु र आर्यावलोकितेश्वरको पालन सम्बन्धी अवधारणाको बिचमा समन्वय र सामञ्जस्यता पाइन्छ। यही समन्वय र सामञ्जस्यताको सम्मिलनले गर्दा यी दुवै देवतालाई एउटै मानेर पूजा गर्ने परम्परा विकास भएको हो। नेपालको सुदूर पश्चिम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्णालीक्षेत्रमा विकसित लामा-विष्णु मत गण्डकीक्षेत्रमा आइपुगेपछि मुक्तिनाथको रूपमा विकसित भएको पाइन्छ । मुक्तिक्षेत्रका मुक्तिनाथलाई हिन्दुहरू भगवान् विष्णु र बौद्धहरू आर्यावलोकितेश्वर मान्दछन् ।

अघि पूर्वमध्यकालमा कर्णाली प्रदेशमा विकसित सपादलक्ष खस देशका राजा पुण्य मल्ल र पृथ्वी मल्लले ब्राह्मण पण्डितहरूलाई बिर्ता दिई गरिदिएको कनकपत्रमा लम्बपादानि चत्वारिस्थानानि भनेर चारठाउँका लामालाई साक्षी राखिएको छ । अहिले पनि जुम्ला भेकको खस एवम् जाड समुदायमा हँडेखोली लामा, घासओडार लामा, खोचेडी लामा र कल्याण लामाको ठूलो मान्यता रहिआएको छ । यसैगरी तात्कालिक अभिलेखहरूमा बुद्ध, धर्म, संघ र ब्रह्मा, विष्णु, महेश्वरलाई समान रूपमा साक्षी राखिएको छ । यो नै सर्वधर्मसमभावको महान् आदर्श हो । यही धार्मिक एवम् सांस्कृतिक समभाव नै राष्ट्र र राष्ट्रियताको साझा भावना हो ।

अहिले नेपाली संस्कृति बिथोलिएको छ, नेपाली राष्ट्रियता धमिलिएको छ र नेपाल राष्ट्र विखण्डनको दिशातिर धकेलिएको छ । अतः यस अवस्थामा विभिन्न जाति, लिङ्ग, समुदाय, वर्ग, धर्मावलम्बी तथा संस्कृतिका अनुयायीहरू बिचको समन्वय र सामञ्जस्यता कायम हुन नितान्त आवश्यक छ । लामा-विष्णु सम्बन्धी अवधारणाले जाड संस्कृति र खस संस्कृतिको बिचमा समन्वय र सामञ्जस्यता कायम गराएको छ । अतः लामा-विष्णु मतले नेपालीहरूका बिच समन्वय र समभावको विचार तथा आदर्श सम्प्रेषण गर्दछ । त्यसकारण लामा-विष्णुको सम्बन्धमा अनुसन्धान गराएर लामा-विष्णु मतले दर्शाएको समन्वय र समभावको आदर्शलाई नेपाली जनमानससम्म पुऱ्याई नेपाल राष्ट्रको सुदृढीकरण र नेपाली राष्ट्रियताको प्रबोधन, प्रवर्द्धन एवम् विकासमा सहयोग पुऱ्याउने उद्देश्यले यस सम्बन्धमा अनुसन्धान गराई यो पुस्तक प्रकाशित गरिएको हो ।

यस राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रले सञ्चालन गरेको लामा-विष्णु सम्बन्धी अनुसन्धान परियोजना अन्तर्गत तत् विषयको अध्ययन गरी आफ्नो अथक प्रयासबाट यस्तो गहकिलो पुस्तक तयार पार्नुभएका जुम्ला, सिँजा जन्मथलो भई लामो समयसम्म जुम्ला बहुमुखी क्याम्पस,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाणिज्यशास्त्र विभागमा प्राध्यापन कार्य गरी हाल त्रिभुवन विश्वविद्यालय, सरस्वती बहुमुखी क्याम्पस, लैनचौर, काठमाडौँमा वाणिज्यशास्त्र विषयको प्राध्यापन कार्यमा सेवारत उपप्राध्यापक श्री वासुदेव उपाध्यायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै उहाँको उत्तरोत्तर अभिवृद्धिको मङ्गलकामना गर्दछु। नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति श्रीमान् प्रा.डा. कुलप्रसाद कोइराला, शिक्षाध्यक्ष प्रा. रमेशप्रसाद ढकाल एवम् कुलसचिव प्रा.कार्तिकेय झाले आ-आफ्ना ओजपूर्ण शुभकामना मन्तव्य दिनुभई राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रले गरिआएका कार्यहरूलाई हौसला दिनुभएकोमा उहाँहरू सबैप्रति यस राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। यो पुस्तकको भाषा सम्पादनमा सहयोग गर्नुहुने राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका सह-प्राध्यापक डा. लक्ष्मीराज पण्डित र भाषा सम्पादन सहित पुस्तकको डिजाइन तयार पार्नुहुने कम्प्युटर अपरेटर श्री टेकनाथ पाण्डेयलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यसैगरी पुस्तक प्रकाशनका लागि आवश्यक व्यवस्था मिलाइदिनुहुने यस राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका उपलेखानियन्त्रक श्री सुभाषप्रसाद पण्डित तथा हेडअसिस्टेन्ट तृष्णा कुँवर एवम् नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौँ कार्यालयका उपप्रशासक श्री केशवनाथ काफ्लेलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यसरी नै सफा र छिटोछरितो तरिकाले बेलामौकामा नै पुस्तक प्रकाशित गरिदिनुहुने कृपा प्रिन्टर्स परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

डा. जगमान गुरूङ
कार्यकारी निर्देशक
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ शं नो मित्रः शं वरूणः । शं नो भवत्वर्यमा । शं नः इन्द्रो बृहस्पतिः । शं नो विष्णुरूरूक्रमः । नमो ब्रह्मणे । नमस्ते वायो । त्वमेव प्रत्यक्षं ब्रह्मासि । त्वामेव प्रत्यक्षं ब्रह्म वदिष्यामि । ऋतं वदिष्यामि । सत्यं वदिष्यामि । तन्मामवतु तद्वक्तारमवतु । अवतुमाम् अवतु । वक्तारम् ।

(प्राणवृत्ति र दिनलाई 'म हुँ' भनी सम्झने देवतास्बरूप मित्र अपानवृत्ति र रात्रिलाई 'म हुँ' भनी सम्झने वरुण, चक्षु र सूर्यलाई 'म हुँ' भनी सम्झने देवता स्बरूप अर्यमा, बललाई 'म हुँ' भनी सम्झने इन्द्र, वचन र बुद्धिलाई 'म हुँ' भनी सम्झने देवतास्बरूप बृहस्पति, व्यापक टेकाइ भएका पाउलाई 'म हुँ' भनी सम्झने देवतास्बरूप विष्णु हाम्रा सुखरूप होऊन् । वायुस्बरूप ब्रह्मलाई नमस्कार छ, हे वायुदेव! तिमीलाई नमस्कार छ । तिमी नै प्राण रूप हुनाले चक्षु आदि भन्दा प्रत्यक्ष ब्रह्म छौ, तिमीलाई नै प्रत्यक्ष ब्रह्म भन्नेछु, तिमीलाई नै शास्त्र आफ्नो कर्तव्य अनुसार बुद्धिमा निश्चय गरिएको वस्तु एवम् वचन र शरीरले सम्पन्न गरिने सत्य भन्नेछु । त्यो वायुनामक ब्रह्मले म (विद्यार्थी) लाई र आचार्य (गुरु) लाई साथ-साथै रक्षा गरोस् ।)

- तैत्तिरीयोपनिषद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन

नेपाली भाषा, संस्कृति, साहित्य र इतिहासको धरोहर मानिने कर्णाली प्रदेशमा विविध खालका संस्कृति विद्यमान हुनुका साथै लोक संस्कृति र परम्पराको सम्बन्ध यस प्रदेशको सिंगो जनजीवनसँग गाँसिएको छ। यस्तै दैनिक जीवनसँग सम्बन्धित नाम हो 'मष्टा' वा मष्टो, जुन कर्णाली प्रदेशभर एउटा असाध्यै लोकप्रिय र कुलदेवताको रूपमा पूजिन्छ। यस प्रदेशका हरेक गाउँमा कम्तिमा ५।६ वटा मष्टाका थान (माडु) रहेको पाइन्छ र थानका लिङ्गाहरूमा आलनहरू फरफराईरहेको देख्न सकिन्छ। मष्टो बाहेक अन्य देवता र पिचास (मैयू) हरूको पनि यस प्रदेशमा थानहरू देख्न सकिन्छ। यिनै देवताहरूमध्ये हालको जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिका वडा नं. ४ लेकपर गाउँमा र गाउँदेखि ५०० मिटर पर थारमालीमा लामा-विष्णुका थान रहेका छन्। लेकपरबाहेक बडकी गा.वि.स.को ओदी गाउँमा पनि लामा-विष्णुको थान छ। यी दुई स्थानबाहेक अन्यत्र पनि लामा-विष्णुका स्थानहरू रहेका पाइन्छन् तापनि स्थानीयको भनाइअनुसार यी अरू स्थानहरूको लामा-विष्णु मूल थान लेकपरबाट लिएका हुन्। लामाको पडेलीमा ओदीको पनि कुराहरू आएकाले लेकपरलाई केन्द्र बनाएर ओदीलाई पनि यस अध्ययनमा समावेश गरिएको छ।

लामा-विष्णुको धामी पतुर्दा सिँजाली भाषा र लामा भाषामा पतुर्दछन् र एउटै धामीलाई लामा र विष्णु दुवै आउँछ (देउता चढ्छ)। यसरी एउटै देवतालाई लामाको रूपमा र विष्णुको रूपमा पूजा गरिन्छ। तर ओदी लामा-विष्णुका धामीहरू छुट्टाछुट्टै रहेका छन्। यसरी यी दुई देव बीचमा समन्वय र सामञ्जस्यता पाइन्छ । यसको अतिरिक्त बौद्ध मत र वैष्णव मतको राम्रो समन्वय पाइन्छ। कर्णाली प्रदेशमा रहेका धेरै नमूनाहरूमध्ये खस संस्कृति र जाड संस्कृतिको समन्वयको यो एउटा राम्रो नमूना हो। लामा-विष्णु मतले नेपालीहरू बीच समन्वय र सद्भावको विचार तथा आदर्श सम्प्रेषण गर्दछ। यस मतले नेपाली राष्ट्रियतालाई बलियो बनाएको छ। यसको अलावा, लामा-विष्णु मतले विश्वमा भट्केको सामाजिक, धार्मिक र जातीय द्वन्दलाई बिर्सेर आपसी सद्भावमा जिउनु पर्छ भन्ने पाठ सिकाउन मद्दत पुऱ्याउनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्णाली प्रदेशको लामा-विष्णु मतको अध्ययन गर्न प्रेरित गरी राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र, नेपाल संस्कृत विश्वविद्यालयबाट अनुसन्धान परियोजना सञ्चालन गरेर प्रतिवेदन तयार पारी पुस्तक प्रकाशन गर्ने अवसर उपलब्ध गराउने राष्ट्रिय साास्कृतिक अध्ययन केन्द्रका कार्यकारी निर्देशक, ज्योतिष, संस्कृति, धर्म, दर्शन, कला, वास्तुकला, इतिहासका विद्वान् आदरणीय डा. जगमान गुरुङ लगायत अध्ययन केन्द्रका सम्पूर्ण परिवार प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस अध्ययन केन्द्रको वित्तीय सहयोग बिना यो अध्ययन सम्भव थिएन ।

यो प्रतिवेदन तयार पार्ने क्रममा जुम्ला जिल्ला अन्तर्गत सिँजा उपत्यका लेकपर गाउँका आदरणीय दाजु गोविन्द बुढा, ओम बहादुर बुढा; लेकपर गाउँकै जाड बुढा, सुक बुढा, भक्त बुढा, सार्के बुढा, राम बहादुर बुढा, दिप बुढा; दियारपाटा गाउँका ईश्वरी नन्द उपाध्याय, श्रीमती ध्रुव काफ्ले, प्यारीलाल काफ्ले, दुर्गी काफ्ले; सिपांटी गाउँका रत्न प्रसाद पण्डित, शालिग्राम पण्डित; चिल्खाया गाउँका देवानन्द, डिल्लीप्रसाद उपाध्याय; लुङ्कु गाउँका देवीप्रसाद उपाध्याय, गौरीलाल न्यौपाने, श्रीमती अशङ्क उपाध्याय, लालप्रसाद उपाध्याय, जग्गेप्रसाद उपाध्याय, भानुभक्त उपाध्याय र कपुरी प्रसाद उपाध्याय; सिँजा ओदी गाउँका दान बहादुर थापा, धामीहरूः जनके रोकाया र गोरे रोकाया र अन्य सिँजाका धेरै गाउँलेहरू (जसको नाम राख्न धेरै भएकाले सम्भव भएन) धन्यवादका पात्र हुनुहुन्छ । स्थानीय इतिहास, संस्कृति सम्बन्धी कुनै पनि समस्याको हल गरिदिने मेरा पिताजी श्री तुङ्गनाथ उपाध्याय र मामा रमानन्द आचार्यप्रति आभारी छु । सिँजा सम्बन्धी कुनै कुरा सोध्दा अरू मानिसहरूसँग सोधेर तुरुन्त सूचना उपलब्ध गराउने भाइ लोकेन्द्रप्रसाद उपाध्याय र डाँडा पाखाको सूचना उपलब्ध गराउने बोता मा.वि.का प्रधानाध्यापक मेरा मित्र श्री जय बहादुर रावत, उहाँकी श्रीमती काली रावत र नन्दलाल रावतप्रति आभारी छु ।

अध्ययनको क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने मेरा परिवारका सदस्यहरू र अन्य महानुभावलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसमा रहन गएको कुनै अस्पष्टता वा त्रुटीहरू मेरो आफ्नै हुन् । महत्त्वपूर्ण सुझाव र रचनात्मक प्रतिक्रियाको अपेक्षा लिएको छु ।

२०७१ जनै पूर्णिमा

वासुदेव उपाध्याय
उपप्राध्यापक,
सरस्वती बहुमुखी क्याम्पस
वाणिज्यशास्त्र विभाग ।

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

उपकुलपतिज्यूको शुभकामना मन्तव्य I

कार्यकारी निर्देशकज्यूको प्राक्कथन III–V

लेखकको भूमिका VII–VIII

पहिलो अध्याय

कर्णाली प्रदेशको भौगोलिक अवस्थिति १-२३

दोस्रो अध्याय

कर्णाली प्रदेशको ऐतिहासिक पृष्ठभूमि २४-६१

तेस्रो अध्याय

कर्णाली प्रदेशको साँस्कृतिक जीवन ६२-१६६

चौथो अध्याय

मष्टो परम्परा - एक विवेचना १६७-१८८

पाँचौं अध्याय

नेपालको राष्ट्रिय समन्वयमा लामा-विष्णुको भूमिका १८९-२२३

उपसंहार २२४-२२४

सन्दर्भ ग्रन्थ-सूची २२५-२२९

चित्रसूची २३०-२४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत ।
क्षुरस्य धारा निशिता दुरत्यया दुर्ग
पथस्तत्कवयो वदन्ति ।।

(ए ! अनादि अविद्याले सुतिरहेका मनुष्य हो ! उठ, आत्मज्ञानका अभिमुख होओ । बिउँझ, अज्ञाननिद्रालाई नाश गर । कसरी ? भने - ब्रह्मवेत्ता श्रेष्ठ आचार्यहरूकहाँ गएर बुझ्नुपर्ने कुरा बुझ, सबैका भित्र रहेको आत्मालाई म हुँ भनेर जान । जानिँदै गरिएला नि भनी यसमा नीच नमार । त्रिकालज्ञ ज्ञानी जन त्यस तत्त्वज्ञानरूप बाटालाई छुराको धारिलो धार जस्तै हिँड्न कठिन छ भनी भन्दछन् । त्यसकारण प्रयत्नले जान्नुपर्दछ ।)

- कठोपनिषद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलो अध्याय

कर्णाली प्रदेशको भौगोलिक अवस्थिति

यस अध्यायलाई तीन खण्डमा विभाजन गरी वर्णन गरिन्छ। पहिलो खण्डमा कर्णाली प्रदेश अन्तर्गत यस क्षेत्रको विस्तृत भूभाग समेटिएको छ भने दोस्रो खण्डमा कर्णाली अञ्चल र वरपरका क्षेत्रमा वर्णन केन्द्रित छ। तेस्रो खण्डमा लामा-विष्णुको अध्ययन क्षेत्र जुम्ला जिल्लाको सिँजा उपत्यकाको लेकपर गाउँ भएकोले जुम्ला जिल्लाको भौगोलिक अवस्थितिको चर्चा गरिएको छ।

कर्णाली प्रदेशमा नेपाल अधिराज्यका कर्णाली, भेरी, सेती अञ्चलका हिमाली प्रदेश, मध्य पर्वतीय र थोरै तराई-मधेशका जिल्लाहरू पर्दछन्। कर्णाली प्रदेश भन्नाले खास गरेर हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, दैलेख, सुर्खेत, जाजरकोट, बर्दिया, अछाम, डोटी, बाजुरा र बझाङ जिल्ला र वरपरको क्षेत्र (सुदुर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चलको धेरैजसो भूभाग) लाई जनाउँदछ। यस क्षेत्रको पहाडी प्रदेशलाई कर्णाली नदीका असङ्ख्य सहायक नदी, खोलाहरूले काटेका छन्। नेपालको सबभन्दा ठूलो ताल रारादह (महेन्द्र ताल) करीब ३०४८ मिटरको उचाइमा यस प्रदेशको मुगु जिल्लामा रहेको छ। यस प्रदशेका उच्च हिमाली टाकुराहरू मध्ये करीब ७,३३७ मिटर अग्लो नालाकङ्ड, करीब ७०३६ मिटर अग्लो नालाकङ्ड, करीब ७०३६ मिटर अग्लो सैपाल (साइपाल) हिमाल करीब ७,०४५ मिटर अग्ला काञ्जिरोवा हिमाल मुख्य हुन्।

कर्णाली प्रदेशका हिमाल आरोहणका लागि नेपाल सरकारबाट खुला गरिएका विभिन्न हिमाली टाकुराहरू र हिमालका नाम तल उल्लेख गरिएका छन्।

कर्णाली प्रदेशका आरोहण खुला गरेका विभिन्न हिमाली टाकुराहरू र हिमालका नाम

टाकुराको नाम	उचाइ	हिमाल	क्षेत्र
ऐचन	६०५५	चानवथाङ	हुम्ला
अरनिको चुली	६०३४	दामोदर	डोल्पा/मुस्ताङ
आरदाङ	६०३४	–	हुम्ला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसज्या टुपा	६२६५	गोरख हिमाल	हुम्ला
भुलु ल्हासा	६१०२	काञ्जिरोवा	मुगु
बोवय	६८०८	ब्यासऋषि	बझाङ/दार्चुला
बिजोडा हिउचुली	६१११	काञ्जिरोवा	जुम्ला
चण्डी हिमाल	६१४२	चण्डी हिमाल	हुम्ला
चाँडदी	६६२३	पाल्चुङ	मुगु
चाङला	६६६३	चाङला	हुम्ला
चाङवाथाङ	६१३०	चण्डी हिमाल	हुम्ला
डाँफे शैल	६१०३	काञ्जिरोवा	डोल्पा
धौलागिरी	७६६१	धौलागिरी	डोल्पा/म्याग्दी
दूध कुण्ड	६०४५	काञ्जिरोवा	जुम्ला/डोल्पा
गोरख हिमाल	६१९८	गोर्खा हिमाल	हुम्ला
गुराँस	६७४४	गुराँस	बझाङ
जागदुला चुलो	५७६१	जागदुला	डोल्पा/जुम्ला
जेठी बहुरानी	६८५०	गुराँस	दार्चुला/बझाङ
कागमारा	५९७८	काञ्जिरोवा	डोल्पा
कालो पर्वत	५३८७	मुकुट हिमाल	डोल्पा
कन्डे हिउचुली	६६२७	पातराशी	मगु/जुम्ला
काञ्जिरोवा	६८८३	काञ्जिरोवा	डोल्पा
कान्ति-हिमाल	६८५०	कान्ति हिमाल	मुगु
कार्को	६०१५	साइपाल	बझाङ
काँशी डल्फा	६३३६	काञ्जिरोवा	जुम्ला/डोल्पा
खाङटोकाल	६२९४	काञ्जिरोवा	डोल्पा
खिउरीकला	५८०६	साइपाल	बझाङ
खोजीचवा चुली	६४३९	कान्ति हिमाल	मुगु
लक्ष्मण चुली	६७२१	चाङला हिमाल	हुम्ला
मारियाङ	६५२८	काञ्जिरोवा	डोल्पा
मुकोट हिमाल	६०८७	धौलागिरी	डोल्पा/मुस्ताङ
नालाकङ्कड	६०६२	नालाकङ्कड	हुम्ला
नाम्पा	६६११	गुराँस	बझाङ/दार्चुला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पातराशि	६४५०	पातराशी	मुगु/डोल्पा
शेशिखर	६१३९	काञ्जिरोवा	डोल्पा
ताल्फु हिमाल	६३९५	नालाकङ्कड	हुम्ला
त्रिपुरां हिउचुली	६५५३	काञ्जिरोवा	डोल्पा

स्रोतः Department of Tourism, Nepal, *Mountaineering in Nepal Facts and Figures*, July, 2015.

कर्णाली प्रदेशका आरोहण खुला नगरिएका हिमाली टाकुराहरू र ती टाकुराहरूको उचाइ तल उल्लेख गरिएका छन् :

आरोहण खुला नगरिएका कर्णाली प्रदेशका हिमाली टाकुराहरू

टाकुराको नाम	उचाइ	हिमाल	क्षेत्र
अैचन	६६७५	चनवा थान	हुम्ला
आरदाङ	६०३४	–	हुम्ला
असैया टुप्पा	६२६५	गोरख हिमाल	हुम्ला
भुलु ल्हासा	६१०२	काञ्जिरोवा	मुगु
बिजोरा हिउचुली	६१११	काञ्जिरोवा	जुम्ला
चण्डी हिमाल	६०९६	चण्डी हिमाल	हुम्ला
धौलागिरी	६६३२	साइपाल	बझाङ
दुध कुण्ड	६०४५	काञ्जिरोवा	जुम्ला/डोल्पा
फिमकोफ	६६९७	साइपाल	बझाङ
गोरख खाङ	६२५४	गोरख हिमाल	हुम्ला
काइपुचोनम	६३२९	पाल्चुङ	मुगु
कण्डे हिउचुली	६६२७	पातराशी	कर्णाली
काञ्जिरोवा	६६१२	काञ्जिरोवा	कर्णाली
काञ्जिरोवा उत्तर	६८५८	काञ्जिरोवा	मुगु/डोल्पा
कान्ति पूर्व	६५१६	कान्ति	मुगु
कान्ति हिमाल	६५५९	कान्ति	मुगु
काशी डल्फा	६३३६	काञ्जिरोवा	जुम्ला/डोल्पा
खिउरीकला	५८०६	साइपाल	बझाङ
खुङ	६०२४	पाल्चुङ	डोल्पा
कोगी खाङ उत्तर	६२७५	कान्ति	मुगु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोजीचवा दक्षिण	६२६४	कान्ति	मुगु
लचमा चुली	६७२१	चाङला	हुम्ला
लचमा उत्तर	६६२८	चाङला	हुम्ला
लचमा	६४१२	काञ्जिरोवा	डोल्पा
लुङछुङ	६०४३	पाल्चुङ	डोल्पा
मारीयाङ पश्चिम	६४५५	पाल्चुङ	डोल्पा
मारीयाङ	६५२८	काञ्जिरोवा	कर्णाली
मायुङथाङखाङ	६४४९	कान्ति	मुगु
मुकोट हिमाल	६०८७	धौलागिरी	डोल्पा
नाम्पा क्ष	६७००	गुराँस	वझाङ/दार्चुला
नाम्पा क्षक्ष	६६१८	गुराँस	वझाङ/दार्चुला
नाम्पा दक्षिणा	६५८०	ब्यासकृषि	वझाङ/दार्चुला
पाताराशि	६४५०	पाताराशी	कर्णाली
हाउले टाकुरो	६१८२	काखयोर हिमाल	डोल्पा
रोकायी	५४६७	साइपाल	बझाङ
रोमाओपनटाकुरो	५४०७	साइपाल	बझाङ
सेन्कटपूरी टाकुरो	६२०७	काञ्जिरोवा	मुगु/डोल्पा
सूर्मासरोवर	६५२३	सुर्मासरोवर	बझाङ
ताक्लाखाङ	६२७६	कान्ति	मुगु
ताक्फु हिमाल	६३९५	नालाकङ्कड	कर्णाली
ताक्फु उत्तर	६१४२	नालाकङ्कड	हुम्ला
टाँक्या क्ष	६३०५	पाल्चुङ	डोल्पा
तिलकाङ	६३६९	नालाकङ्कड	कर्णाली
छो कार्पोकाङ	६५५६	काञ्जिरोवा	हुम्ला
याराचुली	६२३६	पाल्चुङ	मुगु/डोल्पा
यार्वा	६६४४	गुराँस	दार्चुला/बझाङ

स्रोतः Department of tourism, Nepal, *Mountaineering in Nepal Facts and Figures*, July, 2015.

यस प्रदेशको विस्तृत भूभागमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन्। यस प्रदेशको सीमाना उत्तरमा जनवादी गणतन्त्र चीनको तिब्बत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वशासित क्षेत्रसित ठ्याक्कै जोडिएको छ भने पश्चिम र दक्षिणमा क्रमशः नेपालको महाकाली अञ्चल र भारत अनि तराईसँग भारत र पूर्वमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्रले छुट्याएको छ।

नेपालको मध्यकालिन इतिहासमा महत्त्वपूर्ण स्थान ओगट्न पुगेको कर्णाली प्रदेश वर्तमान नेपालको काठमाडौं जत्तिकै महत्त्वपूर्ण क्षेत्रको रूपमा चिनिन्थ्यो। मध्यकालमा यस प्रदेशमा रहेको सिँजा साम्राज्य र त्यसपछिका विभिन्न ठाउँमा रहेका स-साना राज्यहरू गरी कुल बाइसवटा बाइसे राज्यहरू थिए। यहाँका डाँडा, पाखाहरूमा हालसम्म सोही गौरवपूर्ण सिँजा सभ्यताको ऐतिहासिक परम्पराका अवशेषहरू पाइन्छन्। वर्तमान नेपाल निर्माणको सुरुवात यस प्रदेशबाट सुरु भएको कुरामा दुईमत छैन। यी कुराहरूका अतिरिक्त यो प्रदेश नेपाली भाषाको उद्गम स्थान पनि मानिन्छ। सिँजाली भाषा वर्तमान नेपाली भाषाको मातृभाषा मानिन्छ। तर डोटेली भाषाको प्रभाव पनि यस प्रदेशमा दह्रो छ डोटेलीलाई विद्वान्हरूले भाषिका मानेका छन्। उद्गम स्थान सिँजा भए पनि नेपाली भाषाको विकासमा गण्डकी प्रदेशको भूमिका पनि महत्त्वपूर्ण छ।

मध्यकालमा आर्थिक र सैन्य शक्तिको दृष्टिकोणबाट सम्पन्न र बलियो मानिएको यो प्रदेश हाल गरिबीको रेखा मुनि रहेका ठूलो जनसङ्ख्याको हिस्सा ओगटेर पछाडि परेको छ। साधनस्रोतको दृष्टिले सम्पन्न भएर पनि समुचित उपयोग नहुँदा यस प्रदेशको यस्तो अवस्था सृजना भएको हो। केही वर्ष पहिले संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी) का लागि अक्सफोर्ड विश्वविद्यालयले गरेको एक अध्ययनले नेपालका ६५% जनता निरपेक्ष गरिबीको रेखामुनि रहेको तथ्याङ्क सार्वजनिक गरेको थियो। तर अन्तर्राष्ट्रिय मापदण्डको समेत वेवास्ता गरेर तथ्याङ्क विभागले २५.१६% जनता मात्र गरिब रहेको देखाइएको थियो।[१] कर्णाली प्रदेशका जनताको जीवनस्तर हेर्दा लाग्छ यो गरिबी बढेको छ घटेको छैन।

कृषि र पशुपालन यहाँका जनताको जीवकोपार्जनको प्रमुख आधार हो। यी बाहेक केही मानिसहरू व्यापार व्यवसायमा पनि लागेको पाइन्छ। अरू अन्नहरूको साथै अन्दाजी २,७०० मिटर सम्ममा यहाँ धानको खेती गरिन्छ।

---

१ श्यामशङ्कर जोशी, "के अमेरिका भन्दा धनी भएको हो ?" गोर्खापत्र (काठमाडौं : वि.सं. २०६८), मङ्सिर ७, पृ. ७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भवतः जुम्ला जिल्ला विश्वको अग्लो स्थानमा धान खेती गर्ने स्थानको रूपमा प्रख्यात छ । जुम्लामा खेती गरिने जुम्ली मार्सि धान पोसिलो एवं विश्वकै अति चिसो खप्न सक्ने जातको रूपमा प्रसिद्ध भै विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बाली प्रजनन विकासमा प्रयोग भइ रहेको पाइन्छ । यहाँका मानिसहरू हिउँदमा भारत तर्फ काम गर्न जाने र व्यापार गर्ने चलन हालसम्म पनि कायमै छ । यस प्रदेशको उत्तरी भेकमा रहेका बासिन्दाहरू भने तिब्बत क्षेत्रका बजारहरूमा गई व्यापार गर्ने सदीयौंदेखिको प्रचलन हालसम्म पनि कायम छ । उहिले यस भेकको भारतसँग चल्तीमा रहेका मन्डीहरू मार्फत् व्यापार हुने गर्दथ्यो ।

प्राकृतिक स्वरूप र सम्पदा

कर्णाली प्रदेशमा अवस्थित क्षेत्र नेपालको सबैभन्दा चौडा, निकै फराकिलो र उत्तरसम्म फैलिएको छ । यहाँको सर्वोच्च शिखर नालाकङ्कड हिमाल करीब ७,३३७ मिटर अग्लो छ । अक्षांशको दृष्टिले हेर्दा नालाकङ्कड हिमालको चुचुरो नेपालको सर्वोच्च शिखर सगरमाथा भन्दा लगभग २७० किलोमिटर उत्तरमा रहेको छ । प्राकृतिक बनौटको दृष्टिले धेरैजसो भूभाग विकट पहाडी र हिमाली क्षेत्र हो तापनि यसलाई पहाडी, हिमाली, नदी उपत्यका, भित्री मधेश र तराईमा विभाजन गर्न सकिन्छ ।

यस क्षेत्रमा मन्सुनी वर्षाको प्रभाव कम पर्दछ । यहाँ मनसुन सक्रिय भएको बेला पनि घाम लाग्ने र पानी पर्ने भइनै रहन्छ । तर हिउँदे झरी पूर्वमा भन्दा बढी हुन्छ । नेपालको पूर्व क्षेत्रको तुलनामा यस प्रदेशको भूभाग भूमध्यरेखादेखि धेरै उत्तरतिर पर्ने भएकोले हिमरेखा र वृक्षरेखा पनि केही कम उचाइमा पर्न आउँदछन् र साथै त्यसको प्रभावबाट यहाँको पहाडी भागमा तल तलसम्म हिउँ पर्ने हुन्छ ।[२] तर यस प्रदेशको भित्री मधेस तथा तराईको बर्दिया क्षेत्रतिर मनसुनी वर्षाको प्रभाव बढी हुन्छ ।

यस प्रदेशको थाप्लाहरूमा फिजिएका दमस्याइला पाटनहरू (चरनहरू), पाटनमा चर्न लागेका भेडा र घोडा घोडीका बगालहरू र तिनका पृष्ठभूमिमा टाढा-टाढा देखिने सल्ला, धुपी र देवदारूका वृक्षहरू आदि कुराले गर्दा यस क्षेत्रको हिमाली एवं पहाडी भाग अत्यन्त मनोरम र आकर्षक रहेका छन् ।

---

२ सूचना विभाग, श्री ५ को सरकार, मेचीदेखि महाकाली भाग ४, (काठमाडौं : वि.सं.२०३१), पृ.२-३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साउन महिनामा यहाँ फूल्ने फूलहरू र जडिबुटीले गर्दा पाटनहरू आकर्षक हुन्छन् । त्यसको अतिरिक्त यहाँ हुने पूजा मेलाले अझ पाटनको शोभा बढाएको हुन्छ, असारको मध्यतिर भेडा र घोडाघोडी पाटनमा लिएर छोड्ने अनि भदौमा तल बेंसी तिर झार्ने गर्दछन् । पाटनमा रूख वृक्षहरू पाइँदैनन् । यहाँ वुकी (वुके) घाँसको अतिरिक्त अरू घाँसहरू पनि पाइन्छन् तर बुकी घाँस महत्त्वपूर्ण छ । यो घाँस चरेमा पशुवस्तु मोटाघाटा हुन्छन् भन्ने स्थानीय भनाइ छ । बुकी मध्येको सुनबुकीलाई उत्तम मानिन्छ । सुनबुकीको लामा जरा हुन्छन् भनेर कर्णाली प्रदेशको न्याउल्या गीतले बोलेको छ :

जरा लामा हाँगा चाँगा पाट्न सुनबुकीका
बाटो लामु परदेशीको दिन लामा दुःखीका ।

भौगोलिक एवं प्राकृतिक दृष्टिले यस प्रदेशलाई मोटामोटी तीन भागमा विभाजन गर्न सकिन्छ ।[३]

१) तराई, भावर र भित्री मधेशको उष्ण प्रदेश
२) महाभारत तथा मध्यवर्ती पहाडी शितोष्ण प्रदेश
३) अति शीत-प्रधान हिमाली प्रदेश

१) तराई, भावर र भित्री मधेशको उष्ण प्रदेश

कर्णाली प्रदेशमा बर्दिया र सुर्खेत पनि समावेश गरेकाले समथर भागलाई पनि चर्चा गर्नु आवश्यक ठानिन्छ । बर्दिया, सुर्खेत, दैलेख डोटी र अरू यस्तै हावापानी भएका क्षेत्रमा सालको वन पाइन्छ । यस प्रदेशमा रहेको कर्णाली नदीको पूर्वी भागमा चुरे डाँडाको श्रृङ्खला महाभारत श्रेणीबाट प्रष्ट रूपमा अलग रहेको छ । यस प्रकार महाभारत श्रेणी र चुरे डाँडाका बीचमा केही उपत्यकाहरू सृजना भएका छन् । यी उपत्यकाहरू भित्री-मधेशको रूपमा चिनिन्छन् । यस प्रदेशमा पर्ने सुर्खेत उपत्यका नै भित्री मधेश हो । सुर्खेतमा बग्ने भेरी नदी प्रख्यात छन् । त्यसैगरी मुगु कर्णाली, हुम्ला कर्णाली नदी, तिला नदी, भेरी नदी र सेती नदी कर्णाली नदीमा मिल्दछन् । कर्णाली नदीको पश्चिमी भागमा यस प्रकारका दुन उपत्यकाहरू फराकिलो बनेका छैनन् ।

२) महाभारत तथा मध्यवर्ती पहाडी शितोष्ण प्रदेश

तराईदेखि माथि चुरे डाँडाको उत्तरमा प्रायः समानान्तर भई महाभारत

३ उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्वत श्रेणी पूर्व पश्चिम फैलिएको छ । महाभारत पर्वत र चुरे डाँडाको बीचमा सुखैत उपत्यका पर्दछ । महाभारत पर्वतको उत्तरतिरबाट यस प्रदेशको पहाडी भाग सुरु हुन्छ । पहाडी भागमा रहेका केही लेखहरू (लेक) निकै अग्ला र प्रख्यात छन् । जस्तैः खप्तड लेक, मालिका लेक, हाउडी लेक, भर्ता लेक, मुलसाम लेक, चम्लाया लेक, ऋणमोक्ष लेक, भुर्चुला लेक, च्याँखुरे लेक, ठाकुरजी लेक, दयापी, डोर, घुच्ची, बुन्चु, माछाको लेक, सुर्मासरोवर लेक आदि । यी लेकहरू चरन, जडिबुटी र कन्दमूलको लागि प्रख्यात छन् । यी अग्ला पाटनहरूमा मालिका, खेस्माल्नी, ठिंग्याल्नी, पुंग्याल्नी, दुनेलीका स्थानहरू छन् । मानिसहरू देवीको अतिरिक्त शिवजीको र अन्य देवी देवताको पूजाआजा गर्न र मेला भर्न जान्छन् ।

३) अति शीत-प्रधान हिमाली प्रदेश

यस प्रदेशको उत्तरी भागको ठाउँ ठाउँमा उच्च हिमाली भागहरू रहेका छन् । नेपालको पूर्वी भेकको तुलनामा यस प्रदेशमा केही होचा हिमाली शृङ्खलाहरू अवस्थित छन् । यी उच्च हिमाली शृङ्खलाहरूले नेपालको उत्तरी सीमालाई सीमावद्ध गरेका छन् । यी शृङ्खलाहरू उत्तर पश्चिमी भागमा केन्द्रित छन् । चीनको तिब्बत स्वशासित क्षेत्र जाने मूल बाटाहरू अग्ला अग्ला भञ्ज्याङ काटेर गएका छन् । यस्ता भञ्ज्याङहरू मध्ये टिङ्कर लिपु भञ्ज्याङ, उरै भञ्ज्याङ, राखु भञ्ज्याङ, काँगो भञ्ज्याङ, नारा लाग्ना नाम्जा लाग्ना (भञ्ज्याङ), लाप्चा लाग्ना, चुवाखोला लाग्ना, टाँक्या लाग्ना इत्यादि उल्लेखनीय छन् ।

जल प्रवाह प्रणाली

यस प्रदेशमा पर्ने कर्णाली नदी प्रणालीले अधिराज्यका अन्य नदी प्रणालीहरूले भन्दा ठूलो क्षेत्रलाई ढाकेको छ । यस प्रदेशको प्रायः सम्पूर्ण भाग कर्णाली नदीको जलाधार क्षेत्रमा पर्दछ ।[४] चीनको तिब्बतबाट उत्पन्न भएको कर्णाली नदी खोजरनाथको बाटो गरेर हुम्ला पुगेपछि हुम्ला कर्णालीको नामले चिनिन्छ । हुम्ला कर्णालीमा, टाँके खोला, मुगु कर्णाली, तिला मिसिए पछि कर्णाली नदी बन्दछ । हुम्ला कर्णाली अरू भन्दा ठूलो

४. उही, पृ. ४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। गल्फा (श्रीनगर) हुम्ला यात्राको क्रममा यो लेखकले हुम्ला कर्णालीमा ढुङ्गा चढेको अनुभव छ। तिलामा जवा र सिँजाखोलामा बग्ने हिमा नदी (सिँजाखोला) मा मिसिन्छन्। पूर्वी भेकमा कर्णालीको सहायक नदी भेरी पर्दछ भने पश्चिममा सेती नदी। यी दुई नदी अछाम र सुर्खेतको सीमानामा मिल्दछन्। ती दुवै सहायक नदहीरू कर्णालीमा मिसिएपछि कर्णाली नदीले विशाल रूप लिन्छ। कर्णाली नदी बाहेक, यस प्रदेशमा बग्ने महाभारत र चुरे डाँडाबाट उत्पन्न भएका नदीमा बबइलाई मुख्य नदी मानिन्छ। बबइ नदी कर्णाली प्रदेशको लगभग धेरैजसो सीमानामा पर्दछ।

हावापानी

यस प्रदेशको हावापानीलाई भू-बनौटको विविधताले प्रभाव पारेको हुन्छ। यस प्रदेशको उच्च पहाडी भेकतिर मनसुनको प्रभाव कम भै नेपालको अन्य क्षेत्रभन्दा कम पानी पर्दछ। यस प्रदेशमा सबभन्दा बढी पानी पर्ने इलाका सुर्खेतमा पर्दछ भने कम वर्षा हुने भाग मुगु क्षेत्रतिर पर्दछ। वार्षिक वर्षाको धेरैजसो वर्षा साउन, भदौ असोजमा हुन्छ भने नेपालको पूर्व भन्दा ढिलो मनसुनी वर्षा सुरु हुन्छ।

यस प्रदेशमा पाइने विभिन्न प्रकारका हावापानीलाई मुख्यतः चार स्वरूपमा विभाजन गर्न सकिन्छ।[५]

१) उष्ण मनसुनी हावापानी
२) शितोष्ण मनसुनी हावापानी
३) लेकाली हावापानी
४) हिमाली वा ध्रुवीय हावापानी

१. उष्ण मनसुनी हावापानी

यस प्रकारको हावापानी तराई तथा भित्री मधेशमा पाइन्छ। यो हावापानीमा पाइने भूभागमा गर्मीमा ज्यादै गर्मी हुने र तापक्रम पनि उच्च रहन्छ। यस प्रदेशका बर्दिया, सुर्खेत लगायतमा लगभग १२२० मिटर भन्दा मुनि पर्ने इलाकाहरूमा यो हावापानी पाइन्छ।

---

५. उही, पृ. ५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. शितोष्ण मनसुनी हावापानी

करीब १२२० मिटरभन्दा माथि र २००० मिटरसम्मको क्षेत्र ओगटेको भूभागमा यो हावापानी पाइन्छ । यहाँ जाडो र गर्मी समान रूपले खप्न सकिने हुन्छ । यो हावापानी पाइने क्षेत्रका अग्ला टाकुराहरूमा हिमपात हुने भएकोले हिउँदमा जाडो हुन्छ ।

३. लेकाली हावापानी

यो हावापानी करीब ४,००० मिटर र ५,००० मिटरको बीचको इलाकामा पाइन्छ । यो क्षेत्रमा अन्दाजी सात-आठ महिना हिउँले ढाकेको हुन्छ । हिउँ पग्लेपछि पाटनमा भेडा-भेडी र घोडा-घोडी चराउन लैजाने गरिन्छ ।

४. हिमाली वा ध्रुवीय हावापानी

यस प्रकारको हावापानी भएको क्षेत्र स्थायी हिम क्षेत्रको रूपमा चिनिन्छ । करिब ५००० मिटर भन्दा उच्च क्षेत्रलाई स्थायी हिम क्षेत्र भन्न सकिन्छ । हिमाली हावापानीलाई ध्रुवीय हावापानी पनि भनिन्छ ।

प्राकृतिक वातावरण : वन तथा वनस्पति

वन तथा वनस्पति उक्त प्रदेशको माटो र हावापानीमा आधारित हुने हुँदा वनस्पति हावापानीको उपज हो भन्दा अत्युक्ति नहोला । वन तथा वनस्पति भन्नाले त्यस क्षेत्रमा आफै जन्मेका वन-जङ्गल, झाडी, घाँस तथा अन्य झारपातलाई जनाउँदछ । यस प्रदेशमा पाइने हावापानीको आधारमा वन तथा वनस्पतिहरूलाई निम्नानुसार विभाजन गर्न सकिन्छ ।[६]

क. तराई, भावर, चूरे डाँडा र भित्री मधेशको वन तथा वनस्पति

यस प्रकारको हावापानी भएको इलाकामा साल-प्रधान वनहरू रहेका छन् । देशको अन्य भागको तुलनामा यस प्रदेशमा निक्कै वन बाँकी भएको मानिन्थ्यो तर विगतका वर्षहरूमा तीव्र क्षयको गति भने कम छैन । यस प्रदेशमा ३ प्रकारका वन पाइन्छन् ।[७]

---

६. उही, पृ. ७ ।

७. उही, पृ. ८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अ. उष्ण सदावहार वन

धेरै पानी नजम्ने भाग जस्तै भावर क्षेत्र तथा भित्री मधेशको वरिपरिका भागमा सालको प्रचुरता भएका घना वनहरू पाइन्छन्। सालका रूख बाहेक असना, बहेरा, कर्मा, हल्दु, टुनी, गुमहर, टिकुल, बाँझी, कुम्भी आदि पाइन्छन्।

आ. उष्ण प्रदेशको पतझड वन

यस प्रकारको वनमा जाडो याममा रूखका पात झरेर नाङ्गा हुन्छन्। यस्तो वनमा खयर सिसौको बाहुल्यता रहन्छ। आय आर्जनको दृष्टिकोणबाट यी बनहरू महत्त्वपूर्ण छन्।

इ. घाँसे मैदान

नदीले छाडेर गएको बलौटे भागमा र कुनै ठाउँमा डढेलो लाग्न गएमा पनि रूख बिरूवाहरू नष्ट भएर घाँसे मैदानको सृजना हुन्छ।

ई. पहाडी एवं हिमाली प्रदेशको वन र वनस्पति

गुराँसको वन कम हुनु, कोणधारी वन धेरै हुनु र साथै ओखर र आरूका बन यत्रतत्र हुनु यस प्रदेशको विशेषता हो। सिँजा उपत्यकाका धेरै जसो स्थानहरूमा हाडे ओखेरका वन यत्रतत्र पाइन्छन्। यस्ता वनको अतिरिक्त झ्याउ, लहरा, उन्यू र सुनगाभा थोरै वा नगण्य मात्रामा पाइन्छन् किनभने यस इलाकामा कम पानी पर्दछ।

उ. होचो उपत्यकाहरुमा पाइने उष्ण-प्रदेशीय वन र वनस्पति

उष्ण प्रदेशीय हावापानी पाइने होचो बेंसी, टार र उपत्यकामा साल लगायत हर्रो, वर्रो, अमला आदि भएको वन पाइन्छ। यी वनका अतिरिक्त सिसौ, बयर पनि पाइन्छ।

ऊ. अर्थ-उष्ण प्रदेशमा पाइने बन र वनस्पति

यस इलाकामा खोटे सल्लाको वन प्रचुर मात्रामा पाइन्छ। नेपालको अन्य क्षेत्र जस्तो चिलाउने र कटुसको वन यहाँ पाइँदैन। उत्तरी सेपिलो ठाउँमा बाँझ र फलाँटको वन पाइन्छ।

ए. शीतोष्ण प्रदेशमा पाइने वन र वनस्पति

केही ओसिलो भागमा ओखर, आरू, फिरफिरे फस्टाउँछ तर सुख्खा भागमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धूपी र ठाउँठाउँमा रानी सल्ला (ब्ल्यूपाइन) तथा जुम्ली सल्लो (स्प्रुस) आदिको वन पाइन्छ । सिँजा-जुम्ला क्षेत्रतिर देवदारूको वन पाइन्छ । सिँजा बोता गाउँका वन अधिकृत मुन बहादुर रावतका अनुसार देवदारू कर्णाली अञ्चल पूर्वका एउटै उचाइँका स्थानमा पाइँदैन तर पश्चिमतिर काश्मिरसम्म पाइन्छ । देवदारू कर्णाली प्रदेशको महत्त्वपूर्ण वन सम्पदा हो । सिँजा उपत्यकामा केही ठूला देवदारूका रूखहरू छन् । स्थानीयहरूको नाप अनुसार सिँजा लुङ्कुको देवदारूको रूखको गोलाई झण्डै १३ मिटर छ भने जुम्ला लाम्राको देवदारूको रूखको गोलाई झण्डै १२ मिटर छ । यी रूखहरू विश्वकै ठूला रूखहरूमा पर्ने सम्भावना छ तर थप खोज तथा अन्वेषणको खाँचो छ । देवदारूबाट तेल पनि निकालिन्छ । यो तेल औषधीको रूपमा प्रयोग हुन्छ ।

ऐ. लेकाली प्रदेशमा पाइने वन र वनस्पति

लेकाली बन गाउँ भन्दा निकै टाढा लेक-लेकमा हुने भएकोले यस वनलाई लेकाली वन भन्दछन् । करीब ३००० मिटर भन्दा माथि र ४००० मिटर भन्दा तलको भागमा यस प्रकारको वन पाइन्छ । भोजपत्र, ढिङ्गो, गुराँस, चिमालो (चिमाल), धूपीसल्लो, झुले सल्लो, गोब्रे सल्ला, खर्सु आदि यस लेकाली प्रदेशमा पाइने प्रमुख वृक्षहरू हुन् । ४००० मिटर भन्दा माथि पर्ने पाटनहरूमा रङ्गी-विरङ्गी फूल र जडिबुटीहरू पाइन्छन् । यो हर्वल बेल्ट वा जडिबुटीको क्षेत्र हो । यी वृक्ष र जडिबुटीका अतिरिक्त पाटनको महत्त्वपूर्ण घाँस सुनबुकी हो । यो पोषिलो हुन्छ ।

वनसम्पदा

कर्णाली प्रदेशको वनले ओगटेको क्षेत्रलाई तथ्याङ्क (हेक्टर) मा प्रस्तुत गरिन्छ ।[८] डोटी (१४९०,८३), बाजुरा (९४,४३०), बझाङ (११५,३१२), अछाम (९८,६६४), सुर्खेत (१७०,५१७), मुगु (७६,७४२), कालिकोट (९६,०७५), जुम्ला (९२,८४१), जाजरकोट (११९,०७४), हुम्ला (८१,७१७), डोल्पा (७१,५६०), दैलेख (७३०,३३), बर्दिया (१११,५५०) वन क्षेत्रले ओगटेको छ । यस तथ्याङ्क अनुसार सुर्खेतमा सबभन्दा बढी अर्थात् १७०,५१७ हेक्टर वन क्षेत्रले ओगटेको छ भने सबभन्दा कम

८. Department of Forest Research Survey, State of Nepal's Forests, (Kathmandu: 2015), p. 521.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डोल्पामा ७१,५६० हेक्टर वन क्षेत्रले ओगटेको छ । सुर्खेत पछि डोटीमा बढी वन क्षेत्रले ओगटेको छ । डोटी पछि जाजरकोटको स्थान छ । जाजरकोट पछि बझाङ, बझाङ पछि बर्दियाको स्थान छ ।

पशुपंक्षी

भौगोलिक वातावरण र हावापानी अनुरूप वन्यजन्तु पनि विभिन्न प्रकारका पाइन्छन् । कर्णाली प्रदेशका पशुपक्षीलाई भूभागको आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।[९]

१. तराई, भावर, चुरे तथा भित्री मधेशमा पाइने पशुपक्षी

बाक्लो वनजङ्गल र ठाउँ-ठाउँमा ठूला-ठूला घाँसे मैदानहरू (पाटन) भएको क्षेत्र हुनाले यो क्षेत्र जङ्गली जनावर तथा पक्षीहरूको आश्रयस्थल भएको छ । तराईका जङ्गलमा नीलगाई, बाह्रसिङ्गा, बाघ, भालु, हात्ति, बँदेल, जरायो आदि पाइन्छन् । कृष्णसागर भन्ने जनावर बर्दियामा मात्र पाइन्छ । कर्णाली नदीमा गोही, कछुवा, धेरै प्रकारका माछाहरू लगायत डल्फीन पनि पाइन्छ । बाघको सङ्ख्या पनि यहाँ धेरै भएको अनुमान गरिन्छ ।

पक्षीहरूमा धनेस, चखेवा, विभिन्न प्रकारका हाँस, गिद्ध, चील, लाटोकोसेरो, बाज आदि पाइन्छन् । बसाइँ सराइ गरेर आउने चराहरू पनि यहाँ पाइन्छन् । कर्णाली प्रदेशको बर्दिया र सुर्खेत लगायतका क्षेत्रमा बिच्छी, खजुरो, गोमन लगायत अन्य विषालु सर्पको लागि प्रख्यात छ ।

२. पहाडी एवं हिमाली प्रदेशका पशुपक्षी

यस प्रदेशमा पहाडी भागमा पाइने चितुवा, भालू, बँदेल, खरायो, दुम्सी, ब्वाँसो, घोरल, थार, कस्तुरी, मृग आदि जनावरको अलावा कैलो भालू पनि पाइने सम्भावना छ ।[१०]

हिमाली भेकमा झारल, रतुवा, नाउर, कस्तुरी जस्ता तृणाहारी जनावरहरू पाइन्छन् । यस भेकमा भालू, चितुवा, बनेल, बाँदर, गुना, फ्याउरो, न्याउरीमुसा, स्याल, ब्वाँसो, आदि पनि पाइन्छन् । कस्तुरी विना हुने भएकोले

---

९ सूचना विभाग,पूर्ववत, सं. २, पृ. १० ।

१० उही, पृ. ११ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृणाहारी जनावरहरू मध्ये श्रेष्ठ मानिन्छ। यी जनावरहरू बाहेक हिमाली क्षेत्रमा कतै कतै वनचौरी, जङ्गली गधा र वन कुकुर पनि पाइन्छन्। ई-कचहरी डट कमको अनुसार सन् २००८ देखि २०१६ सम्म प्राध्यापक करन बहादुर शाहको नेतृत्वमा हुम्लाको लिमी गएको टोलीले खोज गरेर जङ्गली याक, चिरू, वन गधा, कालीकण्ठे सारस जस्ता दुर्लभ जनावर तथा पक्षी पाइन्छन् भन्ने तथ्य प्रकाशमा ल्याएको छ। रारादहमा विभिन्न थरीका हाँसहरू पनि पाइन्छन्। यस क्षेत्रमा अन्य क्षेत्रको जस्तै धेरै प्रकारका सर्पहरू पाइन्छन्।

भौगोलिक बनावट तथा खनिज पदार्थ

कर्णाली प्रदेशको गर्भिक बनावट नेपालका अन्य क्षेत्रको भन्दा खासै फरक देखिँदैन। यस प्रदेशको दक्षिण भागमा मलिलो पाङ्गो माटोले भरिएको तराईको समथर मैदानले ढाकेको छ। यी मैदानको उत्तरतिर चुरे पहाड शृङ्खला आउँदछ। चुरे पहाडको बीचमा उपत्यकाहरू पर्दछन् जसलाई भित्री मधेश पनि भनिन्छ। महाभारत तथा तल्लो हिमाली भौगर्भिक बनाटमा खास गरेर परिवर्तित (metamorphic) चट्टानहरू पाइएका छन्।[११] यस्ता मेटामोर्फिक चट्टानहरू ताप र चापको प्रक्रियाबाट निर्माण हुने गर्दछन्। यी चट्टानहरूमा मुख्यतः चूनढुङ्गा, सेल, क्वार्जाइट, फिलाइट, सिष्ट, ग्रेनाइट, नाइस, एम्फिबोलाइट आदि हुन्। प्रमुख सेन्ट्रल थ्रस्टको उत्तरतिर उच्च हिमाली भौगर्भिक बनावटमा प्रोटोजोइक र पालियोजोइक चट्टानको साथसाथै केही भागमा मेसोजोइक युग सम्मका सेडिमेन्ट्रि चूनढुङ्गा, डोलो माइट, रोल, कंग्लोमरेट, ग्रेनाइट पनि देखा परेका छन्।[१२]

खनिज पदार्थ

कर्णाली प्रदेशको दक्षिणी भागको पश्चिमतर्फको क्षेत्रमा पेट्रोल तथा प्राकृतिक ग्याँस पाइन सकिने विभिन्न भौगर्भिक सङ्केत पाइएका छन्। यी सङ्केतहरूको ठोस उदाहरणमा दैलेखको पादुकास्थान, श्रीस्थान, नाभिस्थानलाई लिन सकिन्छ।[१३] यस प्रदेशको तराई तथा चुरे पहाड शृङ्खलाको टर्सरी युगको पत्रे चट्टान भएको इलाकामा पेट्रोलको भण्डार हुन सक्ने सम्भावना छ।

११. उही, पृ. १२।
१२. उही।
१३. उही।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पेट्रोल लगायत तेल खानीको अतिरिक्त सानो भेरी लगायत कर्णाली प्रदेशमा कोवाल्ट, विस्मथ टिन, जस्ता, शीशा (Lead) आदि धातुहरूका धाउ पाइने सङ्केत पाइएको छ। बझाङमा रहेको पेग्मेटाइटमा अति राम्रो स्तरको अभ्रक (Mica) फेला परेको कुरा विभिन्न प्रतिवेदनमा उल्लेख गरिएको थियो। खनिज पदार्थ देखा परेका अन्य ठाउँहरूमा सुर्खेतमा तामा; हुम्ला र सुर्खेतमा फलाम; डोटी, बझाङ र अछाममा अभ्रक (Mica); खप्तडमा वेरियल; दैलेख, सुर्खेत जुम्लामा चूनढुङ्गा उल्लेखनीय छन्। मुगुको डोल्फु भन्ने स्थानमा तामा; मुगुकै रूगा गाउँमा फलाम आदि खनिजहरूमा उल्लेखनीय छन्।[१४]

कर्णाली अञ्चल र वरपरका क्षेत्रको भौगोलिक परिचय

कर्णाली प्रदेश भनेर भूगोलविद् इन्द्रनारायण मानन्धरले त्यसबेलाका कर्णालीका चार जिल्लाहरू : जुम्ला, मुगु, हुम्ला र तिब्रीकोट र धौलागिरी अञ्चलमा पर्ने डोल्पा जिल्लाको पश्चिमी खण्डको चर्चा गरेको पाइन्छ।[१५] यहाँ सुदूर पश्चिमाञ्चलका मष्टो मान्ने हिमाली र उच्च पहाडी क्षेत्रका कुराहरू पनि उल्लेख गरिएको छ। यस अध्ययनको मुख्य केन्द्रमा वर्तमान कर्णाली अञ्चल वरपरका क्षेत्र र जुम्लालाई कर्णाली प्रदेशको केन्द्रविन्दु मानिएको छ।

कर्णाली प्रदेशको प्रायः सबै भाग अग्ला पहाड र डाँडाहरूका बीचमा पर्दछन्। धरातलको स्वरूपबाट हेर्दा यो प्रदेशको सबैजसो भाग तिब्बती माल भूमि प्रदेश भित्र पर्दछ।[१६] यस प्रदेशको हावापानी चारैतिर फैलिरहेका हिमाल, पर्वत र महाभारत पहाडका अग्ला लेखहरूले गर्दा दक्षिण-पश्चिम भागलाई छोडेर प्रायः सबै भागको हावापानी ज्यादै ठण्डा हुन्छ।[१७] हावापानी ठण्डा भए पनि जडिबुटी र जैविक विविधताको दृष्टिकोणबाट यो प्रदेश निकै सम्पन्न मानिन्छ। यसको अलावा, नेपालकै अति सुन्दर, ठूलो रारातल र फोक्सुण्डो ताल, रमणीय ठूला-ठूला चउर, पाटन, झरनाहरू र ठूला-ठूला गुफा (ओडार) हरू यस प्रदेशमा पर्दछन्। यस प्रदेशको उत्तरपट्टिको शुष्क तथा शीतप्रधान हिमाली प्रदेशमा चौरी गाई, चितुवा, थार, झारल, हाब्रे तथा कस्तूरी मृग

१४. उही।

१५. इन्द्रनारायण मानन्धर, "कर्णाली प्रदेशको भौगोलिक स्थिति", कर्णाली प्रदेश एक विटो अध्ययन, भिम प्रसाद श्रेष्ठ (सम्पा.), (जुम्लाः वि.सं. २०२८), पृ. १।

१६. उही।

१७. उही, पृ. ४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि पाइन्छन्। त्यसैगरी डाँफे लगायतका विभिन्न प्रकारका पंक्षीहरू पनि यस प्रदेशमा पाइन्छन्। धेरै दुर्लभ जङ्गली जनावर र पक्षीहरूको लागि यो प्रदेश प्रख्यात मानिन्छ। जुम्लामा हालसालै दुई/तीन पटक रेडपाण्डा (हाब्रे) भेटिइसकेको छ। दक्षिण पट्टिको प्रदेशमा पहाडी प्रदेशमा पाइने केही जङ्गली जनावर तथा पक्षीहरू पाइन्छन्।

अर्का भूगोलविद् स्थिरजङ्गबहादुर सिंहका अनुसार : "पश्चिममा कर्णाली नदी, उत्तर पश्चिममा साइपाल हिमाल एवं खोचर नाथ र उत्तरमा तिब्बतको पठार, कर्णाली अञ्चलका भौगोलिक सिमाना हुन्।[१८] यस प्रदेशको मुगु र जुम्ला जिल्लाको समथर भागमा ब्राह्मण, क्षत्री, ठकुरी, कामी, दमाई, सार्की लगायतका खस जातिको बसोबास रहेको छ। त्यसैगरी सिंचाइ नहुने अलि भिरालो भागमा खस क्षेत्रीहरूको बसोबास छ। यस प्रदेशको माथिल्लो भागमा भोटे, खम्मा र लामाहरूको बसोबास रहेको पाइन्छ। यस प्रकार यस क्षेत्रको उत्तरमा बौद्धमार्गी र दक्षिणमा मष्टोपूजक 'पहाडी हिन्दू' धर्मावलम्बीको बाहुल्यता छ। यहाँ बोलिने भाषामा उत्तरमा भोटे कुरा र दक्षिणमा सिँजाली भाषा प्रमुख हुन्।

अक्षांशीय विस्तारको हिसावले कर्णाली अञ्चल सवट्रपिकल कटिबन्धमा पर्दछ तापनि भौगोलिक बनोटको विभिन्नताले अथवा उँचाइको असमानताले यस अञ्चललाई तापक्रमको हिसाबले खास गरेर दुई कटिबन्धमा बाँड्न सकिन्छ।[१९] पहिलो समशीतोष्ण कटिबन्ध (टेम्परेट जोन), दोस्रो, शीत कटिबन्ध (फ्रिजिड जोन)। हिमरेखा देखि माथिको भाग शीत कटिबन्धमा र बाँकी भाग शितोष्ण कटिबन्धमा पर्दछ। यस कटिबन्धमा पनि पलाता, रास्कोट र गमगडी जस्ता निम्न उचाइका भागहरू बाहेक अन्य भागहरूमा शीत ऋतु नै लामो हुन्छ।

वनस्पतिको हकमा ७००० फीटदेखि ८००० फीटसम्म खास गरेर बस्ती वरपर अथवा नदी उपत्यकाको वरपर देवदारुका वृक्ष पाइन्छन्।[२०] देवदारू (दियार) यस क्षेत्रको बहुमूल्य काठ मानिन्छ, जसको घनत्व ७००० देखि ८००० फीटको बीचमा देखिन्छ। अन्य वृक्षहरूमाः जुम्ली सल्लो वा रानी सल्लो, धूपी, ओखर, ढँटेलो, चुत्रो, पीपल, बैंस, रैंस, भोजपत्र (भुज), झुलेसल्लो, ठिंगे

१८. स्थिरजङ्गवहादुर सिंह, कर्णाली लोक संस्कृतिः भौगोलिक दृष्टिकोण, खण्ड २ (काठमाडौं : वि.सं. २०२८), पृ. ११।

१९. उही।

२०. उही, पृ. १२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सल्लो, बाँज, गुराँस, पाँगर, रिँगो, खर्सु, चिमालो, निंगालो आदि । यसको अलावा, यो प्रदेश जडीबुटी, जङ्गली सागपात, जङ्गली फलफूलको लागि पनि प्रख्यात छ ।

यस प्रदेशका केही महत्त्वपूर्ण जडीबुटीहरूमा : मौरामूलो, अत्तिस, निर्मिसी, सतुवा, गुच्छी च्याउ वा खोया च्याउ, निमर्सी, भूतकेश, सुगन्धवाल वा सुमयो, जटामसी, पाखनवेद, बोझो, मजिठो, बिष, बिषमा, हात्तेजडा (पाँचऔंले), कुटकी, खिरौलो, वायुजडी, बुझो वा रक्ते बुझो, निनाईजडी, धुपजडी, महारङ्गी, चिराइतो, यार्सागुम्बा, तितेपाती आदि ।

यस प्रदेशमा प्रशस्त मात्रामा जङ्गली फलफूल र सागपात पनि पाइन्छन् ।[२१] यस प्रदेशका प्रमुख जङ्गली फलफूलहरूमाः चुले आरु, गल्ने आरु, कुशु आरु, गोरु आरु, दारिम, कुइयसी, आरे, इडया मेहेल, भुइँ काफल, सुर्कुलो, जोगी ऐसेलु, मेहेल, भुइँ काफल, सुर्कुलो, जोगी ऐसेलु, काला ऐसेलु, घगारु (घघारु), सुन्दरी चुत्रो, भुक्या चुत्रो, लाम्चुत्रो, भुइँचुत्रो, डाले चुक, गुँहिलो, बेडु, मेहेल, विन्डी कुइयसी, नानी काफल, बन्सुडो, खरौते, ऐरी, पाउरो, मलेवा, गलकाँउडी, मधुकाँक्री, मुस्यालिँडी, पावै मेहेल वा पहाडी मेहेल आदि । त्यसैगरी मुख्य जङ्गली सागपातहरूमाः रुगा साग, चडीमालो,जरिङ्गो, गोब्या वा टुकीफूल, पदमचाल, राताडाङला वा आक्चे, बाको, ढोकायो, मुस्या सिस्नु, काँडे सिस्नु, हात्ती सिस्नु, रेगे सिस्नु, चाल्न्या, स्वाँले, निगालीसाग, भाँडे साग, पदममावती, गोदया, लिउडो (निउरो), मदान्या, आदि ।

यी जङ्गली फलफूल, जडिबुटी, सागपात बाहेक यस प्रदेशमा धेरै जङ्गली फूलहरू र विभिन्न बोटविरुवाको फलबाट तेल निकाल्न सकिने बोटविरुवा पाइन्छन् ।[२२] जैविक विविधताको दृष्टिकोणबाट पनि यो प्रदेश समृद्ध मानिन्छ ।

यी माथि उल्लेख गरिएका जैविक विविधता बाहेक, यस प्रदेशमा धेरै प्रकारका अन्न बालीहरू उब्जाउने गरिन्छ । लेकाली भेकतिरका भुवाँहरूमा जौ, गहुँ, नाफल, आलु र फापरको खेती गरिन्छ । तल समथर जिउलातिर धान, जौ, कोदो, मकै, मार्से, हाडे र दूधे चीनु, कागुनु, आदिको खेती गरिन्छ ।

---

२१. कर्णाली प्रदेशमा पाइने जङ्गली वनस्पती, फलफूल, सागपात, मसलाको विस्तृत विवरणको लागि : Basu Upadhyay, SINJA TOURISM DEVELOPMENT MASTER PLAN (Jumla: 2011) र योगी नरहरिनाथ, इतिहास प्रकाश (२), १ (काठमाडौं : वि.सं. २०१३), पृ. २०-२४ ।

२२. उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तम्भकार सौरभका अनुसार संस्कृत साहित्यमा 'यव' वा जौ को उल्लेख भएबाट जौ प्राचीन र पवित्र अन्न हो। जन्म कर्म देखि मृत्यु कर्म सम्म जौको प्रयोग यस प्रदेशमा गरेको पाइन्छ। चामल खेती भन्दा पनि अघिको जङ्गली अवस्थाको जौंबाट पारिवारिक शुद्धता (क्यान्न पेउरिटी) को सूत्रपात पश्चिमी हिमालमा हुन पुगेको छ।[२३]

कर्णाली प्रदेशको प्राचीनतालाई अझ प्रष्ट पार्दै भूगोलविद् स्थिरजङ्गबहादुर सिंह लेख्छन् :[२४]

"प्राकृतिक विभिन्न सौन्दर्यका साथै कर्णाली अञ्चलमा ऐतिहासिक स्थलहरू र सम्बन्धित शिलालेख, स्तम्भलेख आदि लेखहरूले प्राचीन सभ्यताका प्रमाणहरू प्रस्तुत गर्दछन्। विभिन्न धार्मिक स्थल, गुफा तथा जात्रास्थल, बोल्ने भाषा, रहनसहन, घरनिर्माणकला र पेशा आदि विभिन्न भौगोलिक तथा सांस्कृतिक अङ्गहरूले कर्णाली अञ्चललाई धेरै रोचक बनाएका छन्।"

यसरी यस प्रदेशमा छरप्रष्ट रूपमा रहेका ढुङ्गे शिला स्तम्भ, ढुङ्गे देवल, मुग्राहा, गुम्बाहरू, ढुङ्गे स्तूप, भवनका भग्नावशेषहरू, सिउबाघ आदिबाट प्राचीन सभ्यताको झझल्को प्रस्तुत गर्दछन्। यो महत्त्वपूर्ण लोप हुन लागेका स्मारकहरको संरक्षण, अन्वेषण, प्रवर्द्धनको खाँचो छ।

लामा-विष्णुको अध्ययन क्षेत्र जुम्ला जिल्ला र वरपरको सङ्क्षिप्त भौगोलिक परिचय

उचाइको हिसाबले जुम्ला जिल्लामा मोटामोटी २००० मिटरदेखि ४,६७९ मिटरसम्मका भूभाग पर्दछन्। कर्णाली अञ्चलमा पर्ने जिल्लाहरू मध्ये यो जिल्ला दक्षिणी भेकमा अवस्थित छ। यो जिल्ला भूस्वरूपको दृष्टिले लेक, पहाड, डाँडा, नदी/खोलाले बनाएका उपत्यकाहरूले बनेको छ। सिँजा खोला उपत्यकाका एघार गा.वि.स.को भू-स्वरूप हेर्दा सबभन्दा बढी उचाइ भएको बुम्रमाडीचौर गा.वि.स.मा पर्दछ। त्यो स्थानको उचाइ ४१६० मिटर छ। त्यसैगरी एघार गा.वि.स.वा सिँजाखोला उपत्यकाको सबभन्दा कम उचाइ भएको स्थान महावैपाथरखोला गा.वि.स.मा पर्दछ जसको उचाइ २०३५ मिटर

---

२३. सौरभ, "अमान्य संज्ञा आदिवासी", कान्तिपुर, (काठमाडौं : वि.सं. २०६७, ४ कात्तिक)।

२४. स्थिरजङ्गबहादुर सिंह, पूर्ववत्, सं. १८, पृ..१५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । सिँजा खोला उपत्यकाको क्षेत्रफल ५११ वर्गकिलोमिटर वा ५१०६४.८५ हेक्टर छ ।[२५] जुम्ला जिल्लाको अग्ला लेक पाटनहरू वर्षा भएमा कात्तिक देखि चैत्र/वैशाख सम्म हिउँले ढाकेका हुन्छन् ।

भौगोलिक बनावट

भौगोलिक बनावटको आधारमा यस जिल्लालाई लेकाली प्रदेश, पहाडी प्रदेश र नदीले बनाएका उपत्यकाहरू (बेंसीहरू) मा वर्गीकरण गर्न सकिन्छ ।[२६]

लेकाली इलाकामा पर्ने मुख्य लेकहरूमा घुर्ची, मालिका, रिया, डोर, भुर चुला, ठाकुरज्यू, वछेरी पाटन, चुली, बाग्रे, माछाको लेक, दयापी, डाँफेजुँडा, खेष्म, ऋणमोक्ष, चाखुरे, चुचेमारा आदि हुन् । गर्मी महिनामा हिउँ पग्लन थाले पछि यी लेक र पाटनहरू नाङ्गा देखिन्छन् । यी अधिकांश पाटनहरूमा सुनवुकी घाँस र धेरै प्रकारका जडिबुटी पाइन्छन् । यिनै लेकहरू काटेर विभिन्न स्थानहरूमा यात्रा गर्ने गरिन्छ । यी नाग्नाहरूलाई भञ्ज्याङ भन्दछन् ।

यो इलाकालाई नदीले बनाएका साना उपत्यका बाहेक सबैतिर पहाडहरूले नै ढाकेका छन् । यहाँ पहाड (घाम लाग्ने) तिर गाउँहरू छन् । जुम्लाका अधिकांश बस्तीका गाउँहरू पहाडा तिर पहाडको फेदीमा छन् । सिँजाखोला उपत्यकाको परम्परागत बस्तीको बनावट अनुसार पहाडको फेदीमा घरहरू वरिपरि घडेरी अगाडि जिउलो (खेतीयोग्य जमीन) रहेको पाइन्छ । यो बस्ती व्यवस्थापनको वैज्ञानिक तरिका हो । यो परम्परागत विज्ञान हो । तर आजभोलि मौलिक ठाउँ सुहाउँदो बस्ती व्यवस्थापनको मापदण्डलाई वेवास्ता गर्दै जिउलामा जथाभावी घर घडेरी बनाउने क्रम तीव्र भइरहेको छ । आजको युग वैज्ञानिक युग भने तापनि परम्परागत बस्ती जस्तो व्यवस्थित नभएर अव्यवस्थित बस्तीको विकास भइरहेको छ । जुम्लाका महत्त्वपूर्ण नदहीरूमा तिला, जवा, हिमा जस्ता नदहीरूले उपत्यकाको निर्माण गरेका छन् । तिलाको उपत्यका हालको जुम्ला जिल्लाको सदरमुकाम खलङ्गा वा छिनासिमतिर पर्दछ । जुम्ला जिल्लामा तिलानदीले बनाएको उपत्यका सबैभन्दा चौडा छ । अर्कोतिर सिँजाखोला उपत्यका वा हिमा नदीले बनाएको उपत्यका पर्दछ । यो उपत्यकाको लम्बाइ झण्डै १४ कि.मी. छ तर तिला उपत्यका भन्दा यो उपत्यका कम चौडा छ । भूगोलविद् स्थिर जङ्गबहादुर

२५. Basu Upadhyay, Sinja Valley Tourism Development Master Plan, (JSDC, Jumla: 2011), p. 19.

२६. सूचना विभाग, पूर्ववत, सं. २, पृ. ४४१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिंहले नाग्म गमगडीको दुरी ४१.८४२९४४ कि.मी. वा २६ माइल छ भनेर आफ्नो कीर्तिमा उल्लेख गरेका छन् ।[२७] नेपालको सुन्दर ठूलो ताल रारादह जाने मोटरबाटो सिँजाखोला उपत्यका भएर गएको छ । बाटोको यो खण्डलाई नाग्मगमगढी सडक खण्ड भनिन्छ ।

जुम्लामा यी नदहीरूबाट निकालिएका राजकुलाहरू छन् । वि.सं. १७०४ को श्रीकृष्ण साइ देवचीनद्रसाइको आज्ञा भन्ने ताम्रपत्रमा सिँजाको लुड्कु गाउँलाई "दुहुकुल रोपनु" भन्ने उल्लेख छ ।[२८] लुड्कु गाउँको माथि डाँडामा दुईवटा कुला हाट्सिँजा गाउँतिर बगेको अझै देख्न सकिन्छ । यी दुई कुलाको माथि रारादह जाने नाग्म गमगढी सडक खण्ड पर्दछ । जुम्ला तिला, जवा, हिमा नदीले बनाएको बेंसी जग्गाहरूमा लामा लामा कुलाहरूबाट सिंचाइ गरिन्छ ।

नदीनालाहरू :

जुम्ला जिल्लाको देपालगाउँ क्षेत्रबाट प्रवेश गर्ने तिलानदी यस जिल्लाभरिमा सबैभन्दा ठूलो, लामो र महत्त्वपुर्ण नदी मानिन्छ । तिलाको सहायक नदहीरू मध्ये जवा नदीलाई प्रमुख नदी मानिन्छ । तिलानदीका अन्य सहायक नदी/खोलाहरू मध्ये जुगाड, भेरी खोला, गिडी खोला, राराखोला आदि मुख्य हुन् । नाग्मगाड नजिकै मिल्ने हिमा नदी नै तिलाको अर्को महत्त्वपूर्ण सहायक नदी हो । तीन जिल्ला जुम्ला, मुगु डोल्पाको संगम सिस्ने हिमाल तथा चिमारा लेकको बीचबाट उत्पत्ति भएको यो नदी बुम्रमाडिचौर हुँदै न्याउरीगाड भएर जान्छ । सुरुमा यसलाई न्याउरीगाड नदी भनिन्छ । हाटसिँजा पुगे पछि यसलाई हिमा नदी वा सिँजा खोला भनिन्छ । यसका सहायक नदहीरू (खोलाहरू) मध्ये धोवबाट खोला, मिहिन्द्रमल्ली खोला, वाणगंगा, चुलेलगाउँ खोला, ओदी खोला, पाथर खोला आदि मुख्य हुन् । हिमा नदीका सहायक नदी (खोला हरू मध्ये धोवाघाट खोला उत्तर तर्फ बगेको छ । जहाँ नेर धोवाघाट खोला हिमामा मिल्दछ, त्यहाँ नेर एउटा टाकुरा छ, जहाँ सिँजापति राजाको प्राचीन राजधानी, हालको कनकासुन्दरी, जालपा, कालिका, लामाज्यू र सूर्यनारायणको स्थान रहेको छ । ऐतिहासिक युगको पूर्वमध्यकालमा यस नदीको किनारमा स्थित हाटसिँजा गाउँ नजिकैका स्थानहरू सिँजा सभ्यताका केन्द्रबिन्दु

---

२७. स्थिर जङ्गबहादुर सिंह, पूर्ववत, सं. १८, पृ. २२ ।

२८. योगी नरहरीनाथ, इतिहास प्रकाश, २ (१), (काठमाडौं : वि.सं. २०३१), पृ. १५८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए ।[२९]

विश्वका कुनै पनि सभ्यताहरू नदी किनारबाट सुरु भएका तथ्यहरूलाई विचार गर्दा सिँजा सभ्यता पनि नदी किनारबाटै सुरु भएको मान्न सकिन्छ । अन्न उब्जनीको दृष्टिकोणले चौडा भए तापनि तिला उपत्यका जस्तै हिमा उपत्यका (सिँजा उपत्यका) लाई पनि महत्त्वपूर्ण मानिन्छ । तिला उपत्यकामा कालो मार्सी धान फल्दछ भने सिँजा उपत्यका लगायत कर्णाली प्रदेशका धेरैजसो स्थानहरूमा रातो चामल हुने सेतो मार्सी धान फल्दछ । कालो मार्सीको चामल सेतो हुन्छ । वास्तवमा यो मार्सी धान पोसिलो एवं विश्वकै अति चिसो खप्न सक्ने जातको रूपमा प्रसिद्ध भै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाली प्रजनन् तथा विकासमा प्रयोग भै रहेको पाइन्छ ।[३०]

हिमा नदीको मुख्य सहायक नदी धोबाघाट खोलामा विभिन्न १२ वटा पश्चिमबाट पूर्व तर्फ बहने खोलाहरू मिल्दछन् । हिन्दू धर्म-परम्परा अनुसार यदि कुनै नदी पश्चिमबाट पूर्वतर्फ बहन्छ भने त्यसको धार्मिक महत्त्व बढ्छ । यस्ता नदहीरू तीर्थस्थल हुन्छन् भनिएको छ ।[३१] यी साना खोला भएकाले यहाँ ठूलो तीर्थस्थल त छैन तर यस्ता नदीका सङ्गमलाई पवित्र मानिन्छ ।

ताल दह तथा झरनाहरु

तालको हकमा जुम्ला जिल्लाको उच्च पाटनहरूमा रहेका दहहरू नै महत्त्वपूर्ण छन् । नेपालको सबभन्दा ठूलो र सुन्दर ताल रारादह जुम्ला र मुगुको सीमाना नजिकै पर्दछ । त्यस्तै काञ्जिरोवा हिमालको काखमा अवस्थित गरूड नहानी दह, जुम्ला र मुगुको दोसाँधमा पर्ने ऋणमोक्ष दह, हुङ्के दह, गीडी दह, शङ्ख दह, बिष्टज्यू दह, जोगिनी दह, लामो दह, धौली दह जुम्लाका मुख्य दहहरू हुन् । सिँजाको पाण्डवगुफा भन्दा माथितर्फ पर्ने गरूड नहानी तीर्थस्थल छ । यहाँ मानिसहरू गौजो काट्न आउँछन् । त्यसैगरी जुम्ला सदरमुकामबाट लगभग १२.८ कि.मी. पश्चिममा तिला नदीको तटमा तातोपानीको मुहान छ । यो तातोपानी कर्णाली अञ्चल भरि मात्र प्रख्यात नभएर अन्य छिमेकी अञ्चलमा समेत प्रख्यात छ । जुम्लाका झरनाहरूमा सिँजा उपत्यकाको माथि कनकासुन्दरी गा.वि.स.मा पर्ने धौलीगाड झरना प्रख्यात छ । तर एकान्तमा भएकोले यसको प्रचार प्रसार हुन सकेको

२९. सूचना विभाग, पूर्ववत, सं. २, पृ. ४४३ ।
३०. नागरिक दैनिक, जुन २९, २०१० ।
३१. स्थिर जङ्गबहादुर सिंह, पूर्ववत, सं. १८, पृ. ३१-३२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन । अरू झनाहरूमा रूपी झडा, गानी छडा, पदाली खोला छडा, लाहा छडा, गीडी छडा आदि हुन् ।

हावापानी

अग्ला लेक र नदीले निर्माण गरेका उपत्यकाहरूमा हावापानी एकनासको छैन । मोटामोटी जिल्ला भरिको हावापानीलाई लिने हो भने यो जिल्ला शीतोष्ण हावापानीको प्रभाव भित्र पर्दछ ।[३२] नदीले बनाएका उपत्यकालाई छाडेर अन्य पहाडी तथा उच्च पहाडी क्षेत्रमा ज्यादै ठण्डा हुने गर्दछ । जुम्लामा जाडोको प्रभाव बढ्ता पर्ने हुँदा यहाँका बासिन्दाले जाडोकै बारेमा बढ्ता वयान गरेको पाइन्छ भनेर स्थिरजङ्गबहादुर सिंहले जाडोको लक्षण बताउने स्थानीय चुड्किला (लोकगीत) आफ्नो कीर्तिमा उल्लेख गरेका छन् ।[३३] तर यहाँ ती चुड्किलालाई सिँजाका बयोवृद्धको सहयोगमा केही कुराहरू परिमार्जन गरिएको छ ।

वैशाख जाडो पस्यो दुला
जेठको जाडो ब्यूका पुला (धानको बीउका मूठा)
आषाढ जाडो पुग्यो डोटी
साउनको जाडो कुइडा लोटी (जाडो कुहिरोसँग देखिनु)
भदुअ (भदौ) जाडो डाली र बोट (रूखका हाँगा र बोटमा)
असोज जाडो गाजिअ मेला (घाँस काट्ने पाखाहरू)
कात्तिक जाडो खला (धान माड्ने ढाउँ) र खेत
मङ्सीर जाडो गला रेट् (घाँटी रेट्ला जस्तो)
पुषको जाडो हाइ हाइ
माघको जाडो दाँता खाई (दाँतले टोकेको जस्तो)
फागुनका जाडोले राख्यो मान (सम्मान गरेको)
चैतको जाडो कान काट (अब कसैले जाडो भन्दैन)

जुम्ला जिल्लाको वर्षाको कुरा गर्दा जिल्लाको दक्षिणमा पर्ने दैलेख जिल्लामा गृष्ममा बहने मनसुनी हावाले जति पानी पार्दछ त्यत्तिकै अनुपातमा यहाँ पानी पर्दैन । किनभने यस जिल्लाको दक्षिणमा अग्ला लेकहरूले यहाँ गृष्ममा अधिराज्यको पूर्वी भागबाट बहने मनसूनी हावालाई छेकिदिन्छ । जिल्लाको विभिन्न भौगोलिक स्वरूपको आधारमा यस जिल्लाको हावापानी मोटामोटी दुई

३२. सूचना विभाग, पूर्ववत, सं. २, पृ. ४४४ ।
३३. स्थिर जङ्गवहादुर सिंह, पूर्ववत, सं. १८, पृ. ४७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकारका छन् ।[३४] (१) लेकाली (२) ठण्डा-शितोष्ण । तर जुम्लासँग जोडिएका कालिकोट र मुगुको खत्याड क्षेत्रमा भने अर्ध उष्ण हावापानी पाइन्छ ।

प्राकृतिक वनस्पति

हावापानी उचाइ र पहाडी ढाल अनुसारको प्राकृतिक वनस्पति पाइन्छ । प्राकृतिक वनस्पतिको दृष्टिबाट जुम्ला निकै सम्पन्न जिल्ला हो ।[३५] यस जिल्लाको अधिकांश भाग कोणधारी जङ्गलले ढाकेको छ । यस जिल्लामा पाइने प्राकृतिक वनस्पति र पशुपक्षीको बारेमा यस अध्यायको कर्णाली प्रदेशको भौगोलिक परिचय र कर्णाली अञ्चल र वरपरका क्षेत्रको भौगोलिक परिचयमा अगाडि चर्चा भइसकेको छ ।

३४. सूचना विभाग, पूर्ववत, सं. २, पृ. ४४६ ।

३५. उही, पृ. ४४७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो अध्याय
कर्णाली प्रदेशको ऐतिहासिक पृष्ठभूमि

कर्णाली प्रदेश वा खस प्रदेशको इतिहास र संस्कृति भनेको यी दुइ भिन्न जातहरूको 'खस' वा 'खसिया' र 'जाड' को इतिहास हो। पश्चिम नेपालको अर्थात् खसान र पश्चिम भोटको जडानको इतिहासमा कहिले जाडले कहिले खसियाले राज्य गरेको पाइन्छ र जाड र खसियाहरू भिन्न मूलका जातिहरू भए पनि यिनीहरू बीच अलग अलग पहिचान हुँदा हुँदै पनि लामो सङ्गतको कारण कतिपय भेषभूषा र चालचलन अनि भाषागत रूपमा एक अर्काको प्रभाव एक आपसमा परी एक मिश्रित संस्कारको रूपमा हुर्केको पाइन्छ। यही नै कर्णालीको जाड र खसियाको विशेषता वा पहिचान हो।[१] कर्णाली प्रदेशको इतिहासमा सिँजा र दुल्लुको स्थान महत्त्वपूर्ण मानिन्छ। दुल्लु सिँजापति राजा पृथ्वी मल्लको पालादेखि हिउँदे राजधानीको रूपमा देखा पर्दछ भने सिँजा पहिले देखि नै चर्चाको शिखरमा छ। तिब्बती स्रोतहरूमा पनि 'याचे' (Yatse) को नामले सिँजाको इतिहासको उल्लेख यत्रतत्र पाइन्छ। त्यसैले धेरैजसो लेखकहरूले सिँजा साम्राज्य भनेर खसियाले शासन गरेको विशाल राज्यलाई नामाकरण गरेको पाइन्छ।

खसानमा सिँजाको महत्त्व भए जस्तै जडानमा स्याङ्स्युङ गुगेको भूमिका त्यत्तिकै छ। यसै प्रसङ्गमा बरिष्ठ अनुसन्धाता तथा अध्येता छक्क बहादुर लामाको अनुसार, "जडानको सदरमुकाम पश्चिम भोटको कैलास मानसरोवर क्षेत्रको स्याङ्स्युङ् प्रदेशको 'गुगे' लगायतका ठाउँहरू जनाउँछ। खसानको केन्द्र हालको जुम्ला जिल्लाको 'सिँजा' मानिन्छ। जसलाई हालको नेपाली भाषा र संस्कृतिको उद्गम थलोको रूपमा लिइन्छ। खसानमा जुम्लाको सिँजाको भूमिका भएझैं जडानमा स्याङ्स्युङ् गुगेको महत्त्व त्यत्तिकै छ। यसरी परापूर्व कालदेखि नङ् र मासुको रूपमा रही रहेको 'जाड' र 'खस' वा 'खसिया' नै हुम्ला लगायत पश्चिम नेपालको कर्णाली प्रदेशका बासिन्दाहरू हुन्।"[२] यस अध्ययनको क्षेत्र 'लेकपर' लगायतका स्थान सिँजा क्षेत्रमा पर्ने भएकोले सिँजा

---

१ छक्क बहादुर लामा, "स्वर्गद्वारीको रुपमा हुम्ला सिमिकोट", बेन्नु (दशै टुसा), (काठमाडौं : वि.सं. २०५४), पृ. ६१।

२ उही।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुम्लाको ऐतिहासिक पृष्ठभूमिमा यो बढी केन्द्रित रहेको छ ।

यस अध्यायमा सिँजा साम्राज्य, वाइसी राज्य अन्तर्गत जुम्ला राज्य र जुम्ला विद्रोहको बारेमा सङ्क्षेपमा वर्णन गरिन्छ । जुम्ला राज्यको नामबारे कुनै दोधारे कुरा नभए पनि सिँजा राज्य र त्यहाँका राजाहरूलाई विभिन्न विद्वान्हरूले विभिन्न नामाकरण गरेको पाइन्छ । यस बारेमा डा. सूर्यमणि अधिकारीले सिँजा साम्राज्य भनेर प्रष्ट पार्नु भएको छ ।[३]

इतिहासकार तथा आध्यात्मिक व्यक्तित्व योगी नरहरिनाथले सिँजा राज्यलाई "अपाड राज्य" र त्यहाँका राजाहरूलाई "सेंजाधिराज" भनेर सम्बोधन गरेका छन् । त्यस्तै प्रा. रामनिवास पाण्डेले त्यहाँका राजाहरूलाई "पश्चिमी मल्लहरू" नाम दिएका छन् । संस्कृतिविद् सत्यमोहन जोशीले त्यो राज्यलाई "विशाल मल्ल राज्य र त्यहाँका राजाहरूलाई "सिजापति" भनेर उल्लेख गरेका छन् । त्यस्तै इतिहासकार धनवज्र वज्राचार्यले त्यो राज्यको इतिहासलाई कर्णाली प्रदेशको इतिहास र त्यहाँका राजाहरूलाई "खस राजा" भनेका छन् । यसै प्रसङ्गमा जिसेप टूचीले त्यहाँका राजाहरूलाई कहीँ "खस शक्ति" र कहीँ "मल्ल राज्य" भन्ने उल्लेख गरेका छन् ।

इतिहासकार मोहन बहादुर मल्ल[४] र इतिहासकार तथा साहित्यकार पूर्णप्रकाश नेपाल "यात्री"[५] ले प्रष्टरूपमा "सिँजा राज्य" त्यो राज्यलाई र त्यहाँका राजाहरूलाई "सिँजापति" भनेका छन् । तिब्बती स्रोतहरूमा सिँजालाई "याचे" भनेको पाइन्छ । सिँजालाई "खस" भनेको तिब्बती स्रोतमा उति पाइँदैन । पुरातत्त्वविद् उद्धव आचार्यका अनुसार : सुर्खेत सिँजा राज्यको सिमाना अन्तर्गत पर्दथ्यो; काँक्रेविहार सम्भवत खसमल्लद्वारा बनाइएको थियो ।[६] त्यस्तै प्राज्ञ रत्नाकर देवकोटाले पनि नागराजलाई "सिँजा साम्राज्य" का संस्थापक हुन् भनी उल्लेख गरेका छन् ।[७] त्यसैले यहाँ खस राज्यलाई "सिँजा राज्य" र

---

३ सूर्यमणि अधिकरी, खश साम्राज्यको इतिहास, (काठमाडौं : वि.सं. २०६१), पृ. १९५ ।

४ मोहन बहादुर मल्ल, सिँजा इतिहासको डोरेटो, (काठमाडौं : वि.सं. २०२३), पृ. ४३ ।

५ पूर्णप्रकाश नेपाल "यात्री", सिँजाको ऐतिहासिक रुपरेखा, (काठमाडौं : वि.सं. २०४२), पृ. ८१ ।

६ "सुर्खेत बुलुबुल ताल", नागरिक, १८ सेप्टेम्बर, २०१० ।

७ रत्नाकर देवकोटा, "त्रिकोणात्मक कर्णाली", बेन्नु (जुम्ला: वि.सं. २०५४), पृ. ३३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खसमल्लहरूलाई "सिँजापति" शब्द प्रयोग गरिएका छन् ।

यस अध्यायको ऐतिहासिक पृष्ठभूमिलाई विभिन्न उपशीर्षकमा विभाजन गरेर वर्णन गरिन्छ ।

सिँजा (खस) राज्यको उदय

सिँजा राज्यको उदय हुनु भन्दा अघि लिच्छविहरू शासक थिए भनेर धनवज्र वज्राचार्यले[८] भने तापनि यसलाई प्रमाणित गर्ने धेरै आधारहरू देखिँदैनन् । उनले आधार मानेका माटाका चक्की लिच्छविसँग सम्बन्धित नभएर लामा र लामा-विष्णु सँग सम्बन्धित छन्, जसको चर्चा पछाडिका अध्यायहरूमा गरिएको छ । संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार :[९]

"नेपाल उपत्यका देखि पश्चिममा शक्तिशाली मल्लहरू थिए भन्ने कुरो पाँचौ शताब्दीका राजा मानदेवको चाँगुको शिलालेखबाट पनि विदित हुन्छ । राजा मानदेवले पश्चिमका ती मल्ल राजाहरूलाई दमन गर्नको निमित्त सेना पठाएको कुरो त्यस शिलालेखमा उल्लेख गरिएको छ ।"

त्यस्तै डि. आर. रेग्मी (सन् २००७) का अनुसार कर्णाली प्रदेशमा दुईवटा शासकहरूले शासन गरेको कुरा उल्लेख गरेका छन् । ती शासक मध्ये एउटाले पुराङबाट जुम्ला र यस वरिपरिका क्षेत्र तल सुर्खेत सम्म र अर्कोले गुँगेबाट पश्चिमी तिब्बतको ठूलो भूभागमा शासन गरेको देखिन्छ ।[१०] केही समय पछि यी दुई राज्यहरू यौटै शासक अन्तर्गत रहेको पाइन्छ ।

यसै प्रसङ्गमा जिसेप टूची लेख्छन् :

"झानुझुम (Zanzum) सबै पश्चिमी तिब्बतको नाम थियो र गुँगे त्यसको एउटा भाग थियो । गुँगे दक्षिणी शतलज (satlez) को एउटा भाग थियो भने ताक्लाकोट राजधानी भएको दक्षिण-पूर्वको भाग पुराङ (पराङ) थियो"[११] । खसले आफ्नो अधिनमा पार्नु अगाडि सम्म गुगेको राजधानी तास्पराङ

---

८ धनवज्र वज्राचार्य, "कर्णाली प्रदेशको ऐतिहासिक रुपरेखा", कर्णाली प्रदेश एक विटो अध्ययन, भिमप्रसाद श्रेष्ठ (सम्पा.), (जुम्ला : वि.सं. २०२८), पृ. ११ ।

९ सत्यमोहन जोशी, कर्णाली लोक संस्कृति, खण्ड १, (काठमाडौं : वि.सं. २०२८), पृ. १९ ।

१० D.R. Regmi, Medieval Nepal, (Delhi: 2007), p. 710.

११ Tucci Giuseppe, Preliminary Report on Two Scientific Expenditios

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(Tsaparang) थियो। एघारौं शताब्दीमा हिमालय क्षेत्रमा गडबड भएको र केही हिमाली जातीय समूह पश्चिमी तिब्बत पसेर नयाँ राज्यहरू खडा गरी उनीहरूले आफ्नो नाम र आदत पनि तिब्बतिकरण गरेका थिए।[१२]

पश्चिम नेपालमा खशमल्ले निर्माण गर्न लाएका ढुङ्गे देवल, खम्बा, मुग्राहाहरूले त्यसबेला तिब्बतमा गड्बडी मच्चाउने सिँजापति नै थिए भन्न सकिन्छ। उनीहरूले ती साना-साना राज्यहरूमा गड्बडी मच्चाएर अधिनता कायम गरी पूर्वमा गण्डकी, पश्चिममा यमुना, उत्तरमा झानझुम (Zanzum) र दक्षिणमा गङ्गाबीचको विशाल भूभागका शासक बनेका थिए। टूचीका अनुसार : "सबै तथ्यहरू केलाउँदा लगभग एघारौं शताब्दीमा दुईवटा आर्य भाषा बोल्ने जातिले पश्चिम तिब्बतलाई फुटाएको देखिन्छ।"[१३] कर्णालीको इतिहासको सन्दर्भमा स्यू थोमसन लेख्छन् : भाषाको दृष्टिकोणबाट हेर्दा, सन् ५०० तिर लडन्ते इतिहास बोकेका आर्यहरू कर्णालीमा प्रवेश गरेर यहाँका बासिन्दा बनेका थिए।[१४]

सिँजा साम्राज्यको इतिहासलाई दुल्लुको कोटिस्तम्भले छर्लङ्ग पारेको छ। उक्त शाके १९७९ (सन् १३५७) को कीर्तिस्तम्भमा "अथ खारिप्रदेशस्यो यो जावेस्वरतामगात्तेन श्री नागराजेन सँजापुर्या स्थिति कृता" (अब खारि प्रदेशमा जो जावेस्वर (जुमलेस्वर) हुन गए, ती श्री नागराजले सँजापुरी (शिज्जा) सिँजा लामाथाडा राजधानीमा स्थिति गरे - राजधानी बनाएर स्थिति बाँधे)[१५] नागराजाकै पालामा गढवाल विजय भएको अनुमान गढवाल वाराहाटको बुद्धमूर्तिको पादपीठमा रञ्जना लिपिमा अङ्कित "चमवो नगरजइधुव-प" बाट गर्न सकिने कुरा डा. सूर्यमणि अधिकारीले उल्लेख गरेका छन्।[१६] यो अभिलेखको अर्थ भट्टारक नागराज मुनिको कृति हो।

दुल्लुको कीर्तिस्तम्भको दुवैपट्टिका सुरुका पहिलो हरफमा क्रमशः पवित्र बौद्ध मन्त्र "ॐ मणिपद्मे हुँ" र अग्रभागको दोस्रो हरफमा पवित्र हिन्दू

in Nepal, (Rome: 1956), p. 75.

१२ उही, पृ. १०९।

१३ उही, पृ. १०८।

१४ Sue Thompson, "The Kingdom of Khasa: A Historical Trek to Rara Lake" Shangri-La, (July-September: 1992).

१५ योगी नरहरिनाथ (सं.), इतिहास प्रकाश, २ (१), (काठमाडौं: वि.सं.२०१३), पृ.५९-६२।

१६ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ३, पृ. ३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्य "ॐ स्वस्ति" बाट सुरु गरेर त्यस हरफमै सेवेपदमोल्लसद्वक्त्रं र तेस्रो हरफमा क्रमशः दानशौण्डं विनायकं ॥ (कमलले शोभित मुख भएका मदजलले भिजेको सुँदो भएका गणेशको सेवा गर्छु ।) भन्ने अङ्कित गरेर सिँजाली राजाहरूले बौद्ध र हिन्दू दुवै धर्मप्रति श्रद्धा प्रकट गरेको देखिन्छ । नागराज तिब्बती मूलका भए संस्कृत नाम नागदेव या नागराज दिइने थिएन । उनका उत्तराधिकारीहरूको हिन्दू धर्मप्रति त्यति लगाव रहने थिएन खश (सिँजाली) भाषालाई राष्ट्रभाषा बनाइने थिएन भन्ने तर्क डा. अधिकारीले आफ्नो कीर्तिमा गरेका छन् ।[१७]

यी बाहेक, कीर्तिखम्बको एकापट्टि आदि पालबाट सुरु गरेर पुण्य मल्ल र उनका छोरा श्री मल्लमा टुङ्गयाएको छ । त्यस्तै कीर्तिखम्बको अर्कापट्टि नागराजका सन्तानहरूको बाबुदेखि छोरा सम्मको नाम वंशावलीको रूपमा अङ्कित गरिएको छ । यसरी नागराजदेखि प्रतापमल्ल सम्मको नाम उक्त खम्बमा अझै देख्न सकिन्छ । टूचीको अनुसार प्रताप मल्लका छोरा थिएनन् र उनी भिक्षु बनेको र अर्कै परिवारका पुण्य मल्ल राजा भएको बुझिन्छ ।[१८] यसरी एउटा एकिकृत सिँजा (खश) साम्राज्यको शासन हालको जुम्ला सदरमुकामबाट १८ कोस टाढामा रहेको धोवीगाड् खोला र हिमा नदीको दोभानमा रहेको सिँजा क्षेत्रबाट सञ्चालन भएको बुझिन्छ । सिँजालाई भोटेहरूले 'याचे' (Yatse) भनेर चीनदथे ।[१९]

कर्णाली प्रदेश वा सिँजाको इतिहास लेख्दा जडानको इतिहासलाई पनि समेट्नु पर्ने हुन्छ । परापूर्व कालदेखि नङ र मासुको रूपमा रही रहेको 'जाड' र 'खस' वा 'खसिया' नै हुम्ला लगायत कर्णाली प्रदेशका वासिन्दाहरू हुन् । कर्णाली प्रदेश वा खस प्रदेशको इतिहास भनेको यी दुई भिन्न जातिहरूको 'खस' वा 'खसिया' र 'जाड' को इतिहास हो ।"[२०]

कर्णालीको इतिहासको प्रसङ्गमा प्रा. रामनिवास पाण्डे लेख्छन् :

"नागराज पछि पश्चिम तिब्बतको शासन गर्ने खसिया मल्लहरूले आफ्नो नाम तिब्बतियनमा लेखाएर वंशावली तयार पारेका थिए । तिनीहरूले

१७ उही, पृ. ३३ ।
१८ जिसप टूची, पूर्ववत, सं. ११, पृ. ६८ ।
१९ डि. आर. रेग्मी, पूर्ववत्, सं. १०, पृ. ७११ ।
२० छक्कबहादुर लामा, पूर्ववत, सं. १, पृ. ६१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिब्बतियन समाजलाई अनुकूल गरेर आफ्नो विदेशी रैथानेपनलाई बिर्सेका थिए। विद्वान्हरूको विश्वासमा दुल्लुको संस्कृतमा लेखिएको कीर्तिखम्ब जस्तै अर्को खम्ब सिँजामा पनि हुनु पर्थ्यो, जसबाट ती खस मल्लहरूको बारेमा अझ स्पष्ट हुन्थ्यो।"[२१] प्रा. पाण्डेले भनेको ठीक हो, हाल सिँजामा रहेको कनकासुन्दरी मन्दिरको ढोकामा राखेको टुक्रिएको खम्बामा दुल्लुको कीर्तिखम्बमा रहेका धेरै विशेषताहरू पाइन्छन्। उक्त खम्बमा सुरुको हरफमा "ऊँ मणि पद्मे हुँ" रञ्जना लिपिमा अङ्कित छ; त्यस मन्त्रको तल आकर्षक स्तूप कुँदिएको छ। सिँजाको उक्त खम्ब बारे योगी नरहरिनाथ लेख्छन् :[२२] "दुर्ल्लघ्यराजधानीका कोटिस्तम्भ जस्तै बिशाल अभिलेखस्तम्भ सिँजा लामाथाडा राजधानी कनकसुन्दरी मन्दिरका ढोकामाथि नासादारुस्थानमा भाँचेर खोप खाप पारी ... भित्री गाराले टालेको छ। . . . यसमा पृथ्वीमल्लको कीर्तिखम्बकै जस्तो अथवा त्यसभन्दा पुरानु विशिष्ट विषयको उल्लेख गरेको थियो होला ... ७६ सालमा सर्कारबाट जुम्ला गौडा मार्फत् 'सिँजादराभरका रैतिका झाराले माइको मन्दिर बनाउनु' भन्ने हुकुम आउँदा उक्त ढुङ्गो सेराबाट ल्याएर आफु अन्सारको बनाइ जडान गरेको हो।"

सेरामा नै रिपु मल्लको अभिलेख पाइनु; सेराको नजिकै चौखीमा लामाको पाइलो र रिपु मल्लकै अर्को अभिलेख पाइनुले योगीले उल्लेख गरेको उक्त खम्ब महत्त्वपूर्ण थियो भन्न सकिन्छ। यसरी त्यो खम्ब रहेको भए ती खसिया मल्लको बारेमा धेरै कुराहरू स्पष्ट हुने थियो होला। सिँजामा कनकासुन्दरी माइको थान वरपर उत्खनन गर्न सकिएमा सिँजा (Yatse) को इतिहासबारेमा धेरै तथ्यहरू पत्ता लाग्ने सम्भावना छ। मात्र खाँचो छ राज्य, पुरातत्त्व विभाग र अरू सरकारी निकायहरूका सक्रियताको। कीर्तिखम्बको दक्षिणतिरको भागमा पालहरूको वंशावली अङ्कित गरिएको छ। उक्त वंशावली अनुसार पालहरूका नाम निम्न प्रकार छन् :[२३]

(१) आदि पाल	(११) सुखपाल
(२) जयपाल	(१२) विग्रहपाल
(३) विजय पाल	(१३) महिपाल

२१ Ram Niwas Pandey, "The Ancient and Meeval History of Western Nepal", Ancient Nepal, No. 10 (Kathmandu: 1970), p. 61.

२२ योगी नरहरिनाथ, पूर्ववत्, सं. १५, पृ. ७८-७९।

२३ रामनिवास पाण्डे, पूर्ववत, सं. २१, पृ. ६०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) श्रीवीरपाल (१४) विश्वपाल

(५) विक्रमपाल (१५) जिवपाल

(६) श्रीपाल (१६) पुण्यमल्ल (जसले शकुनमालासँग बिहे गरे)

(७) श्रीधिरपाल (१७) श्री मल्ल (पुण्य मल्लका जेठा छोरा)

(८) सोमपाल

(९) सूर्यपाल

(१०) समुन्द्रपाल

त्यस्तैगरी कीर्तिखम्बकै उत्तरतिरको भागमा नागराजको वंशावली उल्लेख गरिएको छ।[२४]

१. नागराज

२. चाप

३. चापिल्ल

४. क्राशिचल्ल

५. क्राधिचल्ल

६. क्राचल्ल

७. अशोक चल्ल

८. (अ) जितारी मल्ल (आ) आनन्द मल्ल (दुइ छोरा)

९. (अ) अक्षय मल्ल, आदित्य मल्ल (आ) रिपु मल्ल

कल्याण मल्ल – (१०) (आ) संग्राम मल्ल

(८ (आ), ९ (आ), १० (आ) स्पष्ट छैनन्।)

१० (अ) प्रताप मल्ल = उनका छोरा थिएनन् तर एउटी शकुनमाला नामकी छोरी थिइन जसलाई उनले गेलाका राजकुमार पुण्यमल्लसँग बिहे गरेका थिए।

(११) चन्द्रमल्ल (छोरी); पृथ्वी मल्ल

यसरी तिब्बती वंशावलीलाई दुल्लुका खम्बामा रहेको वंशावलीसँग दाँजेर प्रा. रामनिवास पाण्डेले नाम उल्लेख गरेका छन्।[२५]

दुल्लु कीर्तिखम्ब	तिब्बतियन वंशावली
१. नागराज	नागदेव
२. चाप	×

---

२४ उही।

२५ उही, पृ. ६१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. चापिल्ल	ब्चन-प्युग-ल्दे
४. क्राशिचल्ल	क्कसिस्-ल्दे
५. क्राधिचल्ल	ग्राग्स-ब्चन-ल्दे
६. क्राचल्ल	ग्ग्राग्स -पाल्दे
७. अशोकचल्ल	अशोग, आ-सो-ल्दे
८. जितैमल्ल	हद्जिन-दार र्मल
९. आनन्दमल्ल	आन-न्-रमल, आन-न्
१०. रिपुमल्ल	रेहु, रेहु-रमल
११. संग्राममल्ल	सङ-ध-र्मल्
१२. आदित्यमल्ल (संग्राममल्लका छोरा)	आहद्जिन-दार-र्मल्
१३. कल्याणमल्ल	क-लान-रमल्
१४. प्रतापमल्ल	प्र-ताव्-र्मल्
१५. पुण्यमल्ल (अर्को परिवारका)	पुन-रमल (पुरङका सोना-मल्दे)
१६. पृथ्वीमल्ल	प्रति-र्मल्

यसरी प्रतापमल्ल भिक्षु बने पछि गेलाका पुण्यमल्ल राजा भएको कुरा तिब्बती वंशावलीमा उल्लेख छ। सिँजापति राजा चापको बारेमा दुल्लु खम्बमा बाहेक अन्यत्र प्रमाणिक स्रोत फेला पर्दैन। तर अरू राजारुको नाम तिब्बतियन वंशावलीमा देखा पर्दछन्। नागराजा पछि उनका छोरा चाप गद्दिमा बसेको देखिन्छ। तिथिमितियुक्त इतिहास क्राचल्लको पालादेखि मात्र फेला पर्दछन्। क्राचल्लको कुमाउको सुइ भन्ने स्थानको बालेश्वर महादेव मन्दिरको अभिलेख एटकिन्सनले छपाएका छन्।[२६] क्राचल्ल बौद्ध धर्मका प्रवल अनुयायी भए पनि वि.सं. १२८० तिर कतपुर विजय पछि बालेश्वरको पूजा गर्न त्यहाँको भ्रमण गरी गुठी पनि राखिदिए। यसरी क्राचल्लको पालादेखि नै कर्णाली प्रदेशमा समन्वयात्मक संस्कृतिको प्रवर्द्धन भएको देखिन्छ। यो बाहेक, उनको कुमाउ यात्राको क्रममा ब्राह्मण पूजारीलाई भूमिदान गरेका थिए।[२७] यिनका पालामा पश्चिमी तिब्बतका दुईवटा मन्दिरको मर्मत गरी धार्मिक गुरुहरूलाई सहयोग गरेको कुरा रोवर्टो भिटालीले आफ्नो पुस्तकमा लेखेका छन्।[२८] भिटालीले

२६ E.T. Atkinson, Kumaun Hills, (Delhi: Cosmo Publication), p. 516-518, In सूर्यमणि अधिकारी पूर्ववत्, (सं. ३, पृ. २०७।

२७ रामनिवास पाण्डे, पूर्ववत्, सं. २१, पृ. ४६।

२८ Roberto Vitali, The kingdom of Guge puhrang, (Washington DC:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेला पारेको तिब्बती स्रोतमा स्थान स्पष्ट नपारे पनि पश्चिमी तिब्बतको त्यसबेलाको 'याचे (सिँजा) साम्राज्य' अन्तर्गत नै ती दुई मन्दिरको मर्मत भएको कुरा पक्का छ ।

अशोकचल्ल क्राचल्ल पछिका सिँजाका प्रख्यात राजा हुन् । उनको कार्यकालमा सिँजा साम्राज्य (याचे) को पश्चिमी सिमानालाई गढ्वालसम्म पुऱ्याएका थिए । अशोकचल्लको कार्यकाल कम्तिमा २३ वर्षको (वि.सं. १३१२ देखि १३३५ सम्म) देखिएको छ ।[२९] उनका गढ्वाल, उत्तरकाशी, बोधगया, दुल्लु र सिँजामा अभिलेखहरू भेटिएका छन् । डा. सूर्यमणि अधिकारीले सिंम्पाटी लामागुफामा बौद्ध मन्त्र अङ्कित माटाका चक्कीहरू प्राप्त गरेका थिए । उनले तिनमा अङ्कित बौद्धमन्त्र अशोक चल्लका पालाको बोधगयामा प्राप्त अभिलेखमा उल्लेखित बौद्धमन्त्र सँग दुरुस्त मिल्दछ भनेका छन् ।[३०] सिँजालगायतका कर्णाली प्रदेशमा रहेका ढुङ्गे खम्बहरूको अध्ययन हालसम्म भएको छैन । यी खम्बहरूको अध्ययनबाट थप तथ्य प्राप्त हुने आशा गर्न सकिन्छ ।

अशोकचल्लको गोपेश्वरमा रहेको १६ फिट अग्लो विशाल धातुको त्रिशुल गोपेश्वरका देवतालाई आदर स्वरूप प्रतिष्ठा गरेका थिए ।[३१] डा. सूर्यमणि अधिकारी लेख्दछन् :

"अशोक चल्लहरूलाई तिब्बती वंशावलीले पनि दक्षिणी-पश्चिमी तिब्बतका राजा मानेकै छन् । यस बाहेक, उनलाई "सपादलक्ष" वा सवालाख पर्वतदेशका राजाहरूका मुकुटमणि मानेको छ ।"[३२] अशोक चल्लले सिँजाबाट भिक्षुहरू बोधगया पठाएर विहार बनाउन लगाएका थिए । उनी महायान सम्प्रदायका अनुयायी, ठूला उपासक थिए ।[३३] सिँजाबाट बोधगया विहार निर्माणको लागि पठाएका व्यक्तिहरू निम्न थिए: काश्मीरी पण्डित भदन्त (भिक्षु), गुचपथी, राजगुरु पण्डित मुशल, पात्र (भारदार) शङ्कर-देव भट्ट, दामोदर भट्ट, पदुम बिष्ट र राघव ।[३४] अशोकचल्लको ठूलो दान लिएर भिक्षुहरू बोधगया गएका

1996), p. 445.

२९ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ३, पृ. ४७ ।

३० उही, पृ. २१४ ।

३१ Bhagawan Lal Indraji, "An Inscription of Gaya", The Indian Antiquary, Vol. X (1881), pp. 345-46.

३२ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ३, पृ. ४८ ।

३३ धनवज्र वज्राचार्य, पूर्ववत्, सं. ८, पृ. २१ ।

३४ उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए, जहाँ उनीहरूले सुन्दर विहार बनाएका थिए। अशोकचल्लले ठूलो दान दिएको कुरा प्रा. रामनिवास पाण्डे र लुसियानो पेटेकले उल्लेख गरेका छन्।[३५]

क्राचल्ल र अशोकचल्लको पालासम्म कुमाउ र गढवाल सिँजा साम्राज्यको अधिनमा थियो। धेरैजसो विद्वान्हरूले सुर्खेतको काँक्रेविहार मन्दिर पनि अशोकचल्लकै पालामा बनेको अनुमान गरेका छन्। समन्वयात्मक संस्कृतिको अनुपम नमूना यस मन्दिरमा देख्न सकिन्छ। यो हाल पुननिर्माणको क्रममा छ।

जितारीमल्ल अशोकचल्लका जेठा छोरा तथा रिपुमल्लका काका थिए। यिनले आफ्ना बाबु बाजेको थर "चल्ल" छोडी "मल्ल" पद धारण गरे। उनले पूर्वतिरको सिमाना बढाउने काम गरेका थिए। जितारीमल्ले तीनपटक क्रमशः वि.सं. १३४४, १३४५ र १३४६ मा नेपाल उपत्यकामा आक्रमण गरेका थिए।[३६] पहिलो र दोस्रो आक्रमणमा उनी सफल नभए पनि तेस्रो आक्रमणमा सफल भएको कुरा गोपाल वंशावलीमा स्पष्ट उल्लेख छ। यसै प्रसङ्गमा इतिहासकार मोहनबहादुर मल्लको भनाइ छ :[३७]

"उपत्यका विजयपछि उपत्यकाले (काठमाडौंले) जितारीको संवत् चलाए भनेर गोपाल वंशावली लेख्दछ। तर करद बन्यो भनेर लेखेको छैन, यो जानाजानी दबाएको छ। "राष्ट्र सर्व बने सिवितं खसिया तेन पलायितं" (प्रजा सबै बन पसे त्यसैले खस भागे।) यहाँ विजयी खस फर्के भनेर, लेख्न पर्नेमा लेखकले भागे भनेर नमिल्दो कुरा लेखेको छ। जितारीको संवत् त्यसै उपत्यकाले चलाएको छैन, यही नै उपत्यकाले सिँजालाई मानेको प्रमाण छ। ... मलय बर्मनले काष्ठमण्डपको मन्दिर समेत बनाएका थिए।"

तत्कालीन नेपाल उपत्यकालाई जितारीमल्ले केवल करद देशको रूपमा मात्र लिनुपर्ने कारण बारे संस्कृतिविद् सत्यमोहन जोशीको तर्क प्रस्तुत गर्न सान्दर्भिक देखिन्छ।[३८]

"जितारिमल्लले नेपाल उपत्यकामा हमला गरेर पनि त्यस ठाउँमा शासन कायम नगरी केवल तीर्थयात्राको रूपमा देवदेवीहरूको दर्शन गरी स्वदेश फर्केबाट उनको धावा बोलाइमा अर्के हेतु थियो भन्ने विदित हुन्छ। ...

---

३५ रामनिवास पाण्डे, पूर्ववत्, सं. २१, पृ. ४७; Lusiyano Petech, "Yatse Guge Purang: A New Study", Cenral Asiatic Journal, XXIV, p. 92.

३६ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ३, पृ. ६३-६४।

३७ मोहन बहादुर मल्ल, पूर्ववत्, सं. ४, पृ. २०।

३८ सत्यमोहन जोशी, पूर्ववत्, सं. ९, पृ. ५९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जितारीमल्ललाई त्यो बेला कर्णाली प्रदेशको विशालतामा अनि सिँजाको केन्द्रीय शासनको महत्त्वको दाँजोमा नेपाल उपत्यकाले लोभ्याउन नसकेको हुनुपर्छ। एक त त्यो बेलाको कर्णाली प्रदेशको मल्ल राज्यको दवदवा महाकाली पारिका इलाकाहरूमा मात्र होइन तिब्बतको गूगे पुराङ प्रदेश मानसरोवर अञ्चलसम्म पनि कायम थियो।" यसरी नेपाल एकिकरणको सुरुवात सिँजापतिहरूले गरेको देखिन्छ।

दुल्लु कीर्तिस्तम्भ अनुसार अशोक चल्लका दुईजना छोरा थिए - जेठा जितारीमल्ल र अर्का आनन्दमल्ल। तर यसै बीचमा जालन्धरीको चर्चा पनि सिँजा उपत्यका र विभिन्न विद्वान्हरूको लेखोटबाट थाहा हुन्छ। सत्यमोहन जोशी लेख्छन् :[३९]

"सिँजाखोजा उपत्यकाका ठकुरीहरू आजतक पनि आफ्ना प्राचीन पुर्खाहरूमा सर्वप्रथम स्थान जालन्धरी राजालाई दिन्छन्। ... स्थानीय पारिवारिक वंशावली र कागजपत्रहरूमा जालन्धरी राजा नै प्रमुख पूर्वपुरुष भैं मानिएको पाइन्छ।" त्यस्तै सिँजामा जालन्धरी राजा र लामाको कहानी पनि धेरै सुन्न पाइन्छ। लामाको पडेलीमा पनि यो कुरा झल्केको छ। लामाको र जालन्धरी राजाको बारेमा पछिल्ला अध्यायहरूमा चर्चा गरिएको छ ।

जालन्धरीको बारेमा डा. सूर्यमणि अधिकारी लेख्छन् : ". . . अरू प्रमाणले अन्यथा सिद्ध नभएमा, जालन्धरीमल्ल भनिने अत्यन्त प्रभावशाली राजकुमार आनन्दमल्लका छोरानातिलाई, "जालन्धरी खलक" भन्ने गरिएको र पछिकाले त्यही नामबाट खश सम्राटहरूलाई याद गरेको प्रतित हुन आउँछ।"[४०] जालन्धरीको बारेमा थप अध्ययन गर्न आवश्यक देखिन्छ।

सिँजापति जितारीमल्लका भाइ आनन्दमल्लका छोरा, राजा रिपुमल्ल वि.सं. १३६९ फागुनमा काठमाडौं उपत्यकामा गएर १८ दिन बसी, पशुपति स्वयम्भू आदि देवताको पूजा गरी प्रजाहरूलाई भोज पनि खुवाएको कुरा मोहन बहादुर मल्लले उल्लेख गरेका छन्।[४१] यो कुरा गोपाल वंशावलीमा पनि परेको छ। यसबाट रिपुमल्लले उनको पुर्खाहरूको जस्तो आक्रामक नीति लिएको पाइदैन। यिनका अभिलेखहरू सिँजाको सेरा, चौखी तथा अशोकस्तम्भमा सम्राट अशोकको अभिलेख भन्दा माथि गरी विभिन्न स्थानहरूमा फेला परेका छन्।

३९ उही, पृ. ८२।
४० सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ३, पृ. ५६।
४१ मोहनबहादुर मल्ल, पूर्ववत्, सं. ४, पृ. २२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेराको "लेखेको ढुङ्गा" भन्ने सुरेशकुमार उपाध्याय र मनकामना उपाध्यायको स्वामित्वमा रहेको सुवाडो (गडो) मा रहेको रिपुमल्लको अभिलेखमा "रि पुमल्लले लोकेस्वरको पाउको ध्यानको कुरा भएको 'लघुरत्नत्रय' भन्ने सबै कुरा सिद्ध गर्ने विद्या सार्नु भयो" भन्ने कुँदिएको छ।[४२] उक्त लेखेको ढुङ्गामा अझै त्यो अभिलेख सुरक्षित छ।

रिपुमल्लको अर्को अभिलेख चौखी खोला, जहाँ लामाको पाइलो छ, त्यसको नजिकै छ। ढुङ्गामा रहेको लामाको पाइलो र उक्त ॐ मणि पद्म हुँ . . . श्री रिपुमल्ल लेखेको अभिलेख अझै देख्न सकिन्छ। रिपुमल्लकै पालाको वि.सं. १३७० मा सुर्खेतमा सारिएको 'अभिसमयालङ्कार' भन्ने पुस्तक भोटको श-शाक्य (SPosk) भन्ने मठमा सुरक्षित रहेको कुरा पेटेकले लेखेका छन्।[४३]

रिमुमल्लको शासनकालबारे एकिन गर्न इतिहासकारहरूले सकेका छैनन्। रिपुमल्ल पछिको नेपाल उपत्यका आक्रमणबारे धनवज्र वज्राचार्य लेख्छन् :

"रिपुमल्ल नेपाल आएको नौ वर्ष पछि वि.सं. १३७८ मा खसहरूले नेपाल उपत्यकामा पसी उपत्यकाको राजधानी त्रिपुरको प्रसिद्ध किल्ला 'राजवास' भत्काएको वर्णन गोपाल वंशावलीमा परेको छ। आक्रमण गर्ने राजाको नाम त्यहाँ परेको छैन। यसपटक राजा सामेल नभएर खससैन्य मात्र यहाँ पसेको देखिन्छ।"[४४]

आदित्यमल्ल जितारीमल्लका छोरा हुन्। माथि उल्लेखित तिब्बती वंशावली अनुसार 'आहद्जिन-दार-रमल' लेखिएको छ। यिनका बाबु जितारिमल्लको नेपाल उपत्यकामा आक्रमण जस्तै यिनको आक्रमण पनि भयङ्कर थियो। यिनको आक्रमणबारे धनवज्र वज्राचार्य लेख्छन् :

"ललितपुर पुलवहिलमा २२ दिन सम्म घेरा हालेर बसे। त्यति गरेपछि मात्र चैत्र शुक्ल पूर्णिमाको दिन ललितपुर भित्र पस्न समर्थ भएका थिए। यसबारे गोपाल वंशावलीमा उल्लेख छ।[४५] यो कुरा वि.सं. १३८४ तिरको हो।

कल्याणमल्ल आदित्यमल्लका छोरा हुन् भनेर धनवज्र वज्राचार्यले स्पष्ट पारेका छन्, जुन टूचीकोमा छैन। उनको पालामा के भयो भन्ने कुरा थाहा पाउन सकिएको छैन। ऐतिहासिक सामग्री प्राप्त भएमा उनको बारेमा थप

४२ योगी नरहरिनाथ, पूर्ववत्, सं. १५, पृ. ८०।
४३ Lusiano Petech, Medieval History of Nepal, (Rome: 1958), p. 108.
४४ धनवज्र वज्राचार्य, पूर्ववत्, सं. ८, पृ. ३२।
४५ उही, पृ. ३३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथ्यहरू भविष्यमा प्रकाशनमा आउने नै छन् ।

कल्याणमल्ल पछि उनका छोरा प्रताप मल्ल सिँजाको राजसिंहासनमा बसेका थिए । यी राजा निःसन्तान थिए, त्यसैले यिनी धर्म-कर्मतिर बढ्दा झुकाव राख्न थालेका थिए । प्रतापमल्लको बारेमा सत्यमोहन जोशी लेख्छन्[४६] :

"यिनले आफू मर्नुभन्दा अगाडि आफ्ना भैयाद गेलावंशी पुराङका पुण्यमल्ललाई खारिप्रदेशबाट सिँजामा बोलाए र उनलाई नै सिँजाधिपतिको राजसिंहासनमा राखे र आफू खोजरनाथको स-शाक्यविहारमा भिक्षु हुन पुगे । अनि नागराजको वंश स्वतः टुङ्गिन पुग्यो ।"

पुण्यमल्लाई पुराङबाट ल्याएर सिँजाको राजसिंहासनमा राखेबाट टूचीको निष्कर्ष छ की, पुण्यमल्लका पुर्खाहरू पुराङका शासक थिए भने नागदेवका पुर्खाहरू गुगेका थिए ।[४७] पुण्यमल्लको पालामा वि.सं. १३९१ भाद्र महिनामा खस सैन्यले नेपाल उपत्यकामा पसी लडाइँ गरेको कुरा उल्लेख छ ।[४८]

पुण्यमल्लको शासनकाल पछि सिँजाको राजसिंहासनमा पृथ्वीमल्ल बसेका थिए । दुल्लुको प्रख्यात कीर्तिखम्ब, जुन वि.सं. १४१४ मा स्थापना गरिएको थियो । आज पनि पृथ्वीमल्ल र उनका पुर्खाहरूको सम्झना गराउँदै खडा नै छ ।

"यी राजाको पालामा श्री शाके १२७८ मा लेखिएको कनकपत्रमा वर्णन गरिए अनुसार सेंजानगर (सिँजा) को त्यो बेलाको श्रीशोभा चरम सिमामा पुगेको देखिन्छ । त्यसबेला सिँजा (सेंजानगर) नै राजधानी थियो । तर यी राजाले पछि दुल्लुमा हिउँदे राजधानी बनाएको विदित हुन्छ" भनेर सत्यमोहन जोशीले वर्णन गरेका छन् ।[४९]

पृथ्वीमल्लको श्रीशाके १२७८ श्रावण सुदी १० को कनकपत्रमा नेपालको कर को इतिहासमा पहिलोपटक ३६ कर को कुरा उठाइएको छ । यसबाट बुझिन्छ, कर्णाली प्रदेश त्यसबेला सामरिक रूपले मात्र बलियो थिएन, आर्थिक रूपले पनि सम्पन्न थियो । अर्को तर्फ सिँजाली भाषा (वर्तमान नेपाली भाषाको माउ भाषा) मा लेखिएको यो कनकपत्र नै विस्तृत अभिलेख हो ।[५०] सिँजाली

४६ सत्यमोहन जोशी, पूर्ववत्, सं. ९, पृ. ७३ ।
४७ जिसेप टूची, पूर्ववत्, सं. ११, पृ. ७०-७१ ।
४८ सत्यमोहन जोशी, पूर्ववत्, सं. ९, पृ. ७८ ।
४९ उही ।
५० पृथ्वीमल्लको कनकपत्रको विस्तृत विवरणको लागि : योगी नरहरिनाथ, पूर्ववत्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषामा लेखिएका अन्य अभिलेखहरू पृथ्वीमल्लको अभिलेख भन्दा पहिले नै उल्लेख भैसकेको छ। त्यसैले धेरै, दृष्टिकोणबाट यो कनकपत्र महत्त्वपूर्ण छ। योगी नरहरिनाथले यो कनकपत्र जुम्ला पाँचसयदरा (पानसयदरा) सेरीढुस्काका मुखिया धनञ्जय रेग्मीका घरमा सुरक्षित छ भनेर आफ्नो पुस्तक 'इतिहास प्रकाशमा' उल्लेख गरेका छन।

पृथ्वीमल्ल पछि अभयमल्लले शासन गरेको देखिन्छ। यसबारे धनवज्र वज्राचार्यका अनुसार :[५१]

"वि.सं. १४१५ सम्मका पृथ्वी मल्लका अभिलेख पाइएका छन्। अनि यसको अठार वर्ष पछि वि.सं. १४३३ को एक ताम्रपत्र पाइएको छ। यो ताम्रपत्र राजा अभयमल्लको हो।"

वज्राचार्य अगाडि लेख्छन् :[५२]

"क्याम्बोज, बनायुज, बाल्हीक, पारसिक आदि देशका घोडाहरू प्रशस्त भएको, बलिया सामन्तहरूलाई कज्याएको आदि वर्णन अभयमल्लको प्रशस्तिमा परेको हुनाले उनको पालासम्म यो राज्य बलियै थियो; टुक्रिएको थिएन भन्ने थाहा पाइन्छ। . . . उनीपछि उनका वंशहरूको हातमा राज्यधिकार रहेन।"

त्यसपछि पश्चिम नेपालको सिँजालाई केन्द्र बनाएर नागराजले स्थापना गरेको सिँजा साम्राज्य (खश साम्राज्य) टुक्रिन थाल्छ र बलिराज जुम्ला राज्य र सिँजा राज्य दुवैमा राजाको रूपमा देखा पर्छन्। तर यस प्रसङ्गमा सत्यमोहन जोशीको भनाइ फरक छ :

"यिनी अभयमल्ल आफ्नै पिताका पालाका सेती नदीका किनारमा उदम्बरपुरी (डुम्राकोट-बझाङ, सुवेदी, राजाराम) मा अधिराज भएर बसेका थिए भन्ने कुरो उनको शाके १२९८ (वि.सं. १४३३) फागुनको ताम्रपत्रले दर्शाउँछ।[५३] यसै बीचमा धेरै सामन्तहरूले आफूलाई स्वतन्त्र राजा घोषणा गर्ने क्रम चलेको थियो। तिनीहरू मध्ये मेदिनी बर्माले सिँजाबाट वि.सं. १४५० मा ताम्रपत्र जारी गरी स्वयंलाई 'महामण्डलेश्वर' घोषणा गरेका थिए।[५४] त्यस्तै दुल्लुका संसार बर्माले स्वयंलाई महाराजधिराज

सं. १५, पृ.४९-५२।

५१ धनववज्र वज्राचार्य, पूर्ववत्, सं. ८, पृ. ४२।

५२ उही, पृ. ४३।

५३ सत्यमोहन जोशी, पूर्ववत्, सं. ९, पृ. ८०।

५४ योगी नरहरिनाथ, पूर्ववत्, सं. १५, पृ. १०३-१०४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घोषणा गरेका थिए।[५५] त्यस्तै बलिराज, मलय बर्मा पनि महाराज घोषणा गर्ने सामन्तहरूमा पर्दछन्। यसरी विशाल सिँजा साम्राज्यको विघटन हुने क्रम सुरु हुन्छ।

पृथ्वीमल्लका पालामा डोटीका सामन्त निरयपालले सिञ्जाको केन्द्रीय सत्ता विरुद्ध विद्रोह गरेर वि.सं. १४०९ र १४१९ मा जारी गरेका दुईवटा दानपत्र आदेशमा आफूलाई "श्रीराजधिराज" लेखाएको कुरा डा. सूर्यमणि अधिकारीले उल्लेख गरेका छन्।[५६] सुदूरपश्चिम क्षेत्रका केही विद्वान्हरूले प्राचीन सिँजा साम्राज्य (खश साम्राज्य) वा याचे (Yatse) लाई डोटी साम्राज्य भनि नेपाली भाषाको उद्गम स्थान पनि सुदूरपश्चिम हो भन्न समेत पछि परेका छैनन्। एकजना "डोटेली बृहत शब्दकोश" लेख्ने विद्वान्ले त सिँजा साम्राज्यको नक्सालाई डोटी राज्य भन्न समेत भ्यायका छन्। हुन त सुदूर पश्चिम र कर्णाली प्रदेश बीच धेरै कुरामा समानता पाइन्छ र सबैले "मष्टो संस्कृति" अँगालेका छन्। कर्णाली प्रदेश भनेर केही सुदूर पश्चिमका क्षेत्रलाई पनि जनाउँदछ। यसको अलावा कर्णाली प्रदेशलाई अलि विस्तृत रूपमा प्रस्तुत गर्दा हाल सुदूरपश्चिममका केही भूभागलाई पनि केही विद्वान्हरूले समेटेको पाइन्छ। केही समय अगाडि कर्णाली पनि सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्दथ्यो। यी दुई प्रदेश बीच राम्रो सम्बन्ध रहँदै आएको छ।

सुदूर र मध्यपश्चिमको एकरूपता बारेमा मनवशास्त्री डा. सौभाग्य शाह लेख्छन्:

"...मध्य युगमा यसै भूखण्डमा खस साम्राज्य फैलिएको थियो। यो साझा भौगोलिक र ऐतिहासिक इकाइ सांस्कृतिक रूपले पनि त्यतिकै जीवन्त छ। मष्टमाण्डु र मलिकाको सनातनी लोकआस्था र ठाडी भाका र देउडाको फेरोले यस भेकलाई भाषा र भावनाको एकरूपता पनि दिएको छ।"[५७] यसरी कर्णाली र सुदूरपश्चिमको सम्बन्ध नङमासु जस्तै रहे पनि, इतिहास प्रमाण र ऐतिहासिक तथ्यको आधारमा लेखिनु पर्दछ न कि पहुँच र शक्तिको आधारमा। त्यसैले नेपाली भाषाको उद्गम स्थल पनि जुम्लाको सिँजा हो र मध्यकालीन खस साम्राज्यको केन्द्र पनि सिँजा हो। त्यसो भए तापनि नेपाली भाषा विकसित

५५ उही, पृ. १०६-१०७।

५६ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ३, पृ. ८१।

५७ सौभाग्य शाह, "अस्ताउँदो नेपाली राष्ट्र र उदाउँदा राज्यहरु : कर्णाली सभ्यताका सम्भावनाहरु", समय, भदौ २६, वि.सं. २०६५, पृ. १२-१५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुमा गण्डकी प्रदेशको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ ।

बाइसे राज्यहरू र 'जुम्ला राज्य' को उदय

माथि उल्लेख गरिएका सामन्तहरूका क्रियाकलापहरूले सिँजा राज्यलाई केन्द्रबाट नियन्त्रण गर्न कठिन भयो र अन्ततः उक्त विशाल राज्य बाइसे राज्यहरूमा विघटन हुन पुग्यो । यस अध्यायमा केही बाइसे राज्यहरूको सङ्क्षिप्त वर्णन गरी 'जुम्ला राज्य' को बारेमा अलि बढी वर्णन गरिन्छ । बाइसे राज्यहरूमा सामरिक र आर्थिक दृष्टिकोणले महत्त्वपूर्ण भएकाले जुम्ला राज्यको बारेमा जान्नु मनासिब देखिन्छ ।

बाइसी राज्यहरूमा जुम्ला, सल्यान, डोटी, बझाङ, जाजरकोट, बाजुरा, रूकुम, दुल्लु, दैलेख, दाङ आदि मुख्य राज्यहरू थिए । ती राज्यहरू मध्ये जुम्ला, सल्यान, डोटी, बझाङ, जाजरकोट आदिले मध्यकालको इतिहासमा सक्रिय भूमिका खेलेका थिए । जुम्ला राज्य पछि यस क्षेत्रमा अर्को महत्त्वपूर्ण राज्य सल्यान थियो । खसहरू ज्यादा भएकोले ह्यामिल्टनले सल्यान राज्यलाई ' खशान्त' भन्ने संज्ञा दिएका थिए । यो राज्य जुम्ला जस्तो धनी थिएन ।[५८] पृथ्वी नारायण शाह सुपुत्री बिलास कुमारीको विवाह सल्यान राज्यका राजकुमारसँग भएको थियो ।

यस क्षेत्रको अर्को ऐतिहासिक महत्त्वको राज्य डोटी थियो । यस राज्यको फैलावट महाकालीदेखि पूर्वतिर कर्णालीसम्म थियो । धेरै रजौटाहरूले डोटीका राजाहरूलाई नजराना तिर्दथे । यो राज्यमा मुसलमानहरूले दुई पटक हमला गरेका थिए ।[५९] यहाँका राजाहरूका पुस्ताहरूमा १८२ पुस्ता देखिएको छ । यहाँका राजाहरूमा भूपति मल्ल (ई.सं. १५५८), रूद्र शाही (ई.सं. १६३७), पहाडी शाही (ई.सं. १६४९), ज्यूहरी शाही (ई.सं. १७१८) सँग सम्बन्धित ऐतिहासिक सामग्रीहरू पाइएका छन् । दीप शाही कै शासनकालमा डोटी राज्य बृहत नेपाल अधिराज्यमा गाभिएको हो ।[६०] आजभोलि पनि डोटी महत्त्वपूर्ण स्थानको रूपमा रहेको छ । 'डोटेली' भाषाले भाषिक रूपमा धेरे विकास गरेर नेपाली भाषामा योगदान दिएको छ ।

५८ सूचना विभाग, श्री ५ को सरकार, मेचीदेखि महाकाली (काठमाडौं : वि.सं. २०३१), पृ. १६ ।

५९ उही ।

६० उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बझाङ राज्य पनि बाइसी राज्यहरू मध्ये शक्तिशाली राज्य थियो। यहाँका राजा यो राज्य बृहत् नेपालमा गाभिसकेपछि एक रजौटाको रूपमा रहेका थिए। बझाङका राजा मध्ये जयपृथ्वीबहादुर सिंह वि.सं. १९४७-७३, १९७९-८१ मा वडा ख्याती प्राप्त शासक थिए। सल्यान जस्तै बझाङको शासक परिवारसँग नेपालका राज परिवार र राणा परिवारको वैवाहिक सम्बन्ध थियो।[६१]

मध्यकालमा जाजरकोट पनि यस क्षेत्रको प्रभावशाली राज्यहरूमध्ये एक थियो। यस राज्यसँग सम्बन्ध राखेको खण्डमा फाइदा हुने देखेर पृथ्वी नारायण शाहले जाजरकोटका राजा हरिशाहसँग ई.सं. १७४३ मा सन्धि गरेका थिए। गोर्खाका ढुङ्गाले जाजरकोटका दर सन्तानमा अधर्म नचिताउनु भन्ने सन्धि ई.सं. १७४३ मा गोर्खा र जाजरकोट बीच भएको थियो। त्यसैले जाजरकोटका राजा गोर्खाको विजय पश्चात् नेपाल अधिराज्य भित्र एक रजौटताको रूपमा रहन गएको देखिन्छ।[६२]

बाइसी राज्यहरू मध्ये अरू भन्दा महत्त्वपूर्ण, प्रभावशाली र आर्थिक रूपले सम्पन्न जुम्ला राज्य भएकोले अनि लामा विष्णुको अध्ययन क्षेत्र जुम्लाको सिँजा उपत्यकाको लेकपर गाउँ र वरपरका क्षेत्र पनि यसै क्षेत्रमा पर्ने भएकोले जुम्ला राज्यको बारेमा तल विस्तृत चर्चा गरिन्छ।

जुम्लालाई मध्यकाललमा यसको जनसङ्ख्यालाई मूल्याङ्कन गरेर "बाईस हजार जुम्ला" भनेर जुम्ला राज्यको अधिल्तिर प्रत्यय जोड्ने गरिन्थ्यो। त्यसैले जुम्ला राज्यको अध्ययन नेपालको इतिहासको लागि पनि महत्त्वपूर्ण छ।[६३]

जुम्ला राज्यको स्पष्ट नक्सा हातसम्म प्राप्त हुन नसके पनि वर्तमान कर्णाली अञ्चल र यसका वरपरका क्षेत्रहरू : उत्तरमा तिब्बतको ताक्लाकोट, दक्षिणमा दुल्लु-दैलेख, पश्चिममा अछाम-बाजुरा र पूर्वमा कालीगण्डकी यसका सिमाना हुन्। जुम्ला राज्य बारेका नयाँ सामग्रीहरू प्राप्त भएका छैनन्। त्यसैले यहाँ दोस्रो स्रोतको प्रयोग गरेर छोटो इतिहास प्रस्तुत गरिएको छ। यसको अलावा राष्ट्रिय अभिलेखालयबाट सङ्कलन गरिएका केही अप्रकाशित अभिलेख पनि परेका छन्।

जुम्ला राज्यका स्थापनाकर्ता बलिराज (वि.सं. १४५५-६०) सिँजाका

६१ उही।

६२ उही, पृ. १७।

६३ डि. आर. रेग्मी, पूर्ववत, सं. १०, पृ. ७३२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तिम राजा अभयमल्लका सामन्त थिए । प्रा. रामनिवास पाण्डेका अनुसार[६४]: "योगी नरहरिनाथलाई विरेन्द्रबहादुर शाहीबाट प्राप्त वंशावलीले बलिराज आइतबार, मङ्सिर १५ (शाके १३२६, सन् १४०४) का दिन राजा भएको उल्लेख गरेका छन् । उक्त वंशावली अनुसार बलिराज रजपुत रघुवंशीय सिसौदिया थिए; उनकी आमाको नाम गौरी थियो । यसै प्रसङ्गमा डा. सूर्यमणि अधिकारीले "बाइसे राज्यको इतिहास" पुस्तकमा लेख्छन् :

"आत्मोर्षको भावना लिएर पश्चिम नेपालका तमाम राजारजौटाहरूले समेत 'शुद्ध' क्षत्रीय मानिएका रजपूतहरूसँग आफ्नो वंशको हाँगो जोडेर वंशावली लेख्न लगाए । त्यसै क्रममा जुम्लाका कल्याल राजाहरूले पनि आफ्नो पुख्यौंली सिसौदिया वंशमा लगेर जोडे"[६५] त्यस्तै कर्णाली प्रदेशका ब्राह्मण-क्षत्रीहरूले आफ्नो वंशावलीमा कन्नौजबाट आएको भनेर आफूलाई जोडेको पाइन्छ । यस्तो जोडाइ बारेमा डा. विपिन अधिकारीको भनाइ यस्तो छ :

"मुगल साम्राज्यको डरले भागेर शरणार्थी भई आएका आमआप्रवासीहरूलाई नेपाल पहाडमा शरण दिएको कुरा पनि कुनै ऐतिहासिक स्रोतमा उल्लेख छैन । ... त्यस्तै मुस्लिम आक्रमणबाट नेपाल आएका पीडितहरूले पनि आफ्नो कथा अवश्य लेख्ने थिए होलान् । भारतीयहरूसँग उनीहरूको पारिवारिक सम्बन्ध हुनुपर्ने थियो । ... त्यसै पनि भारतमा मुसलमानहरू देखिनु भन्दा हजारौं वर्ष अघिदेखि नै खसहरू नेपालमा रहेको स्पष्ट नै छ । वास्तविकता के हो भने खसहरू मध्येकै ठूलावडाले नेपालको विकट भौगोलिक परिस्थितिमा आफूलाई खस नभइ सभ्य हिन्दू भनी देखाउन आमआप्रवासको तर्क अघि सारेका हुन् ।[६६]

पहाडिया हिन्दू मष्टो परम्परा मान्ने प्रकृतिपूजक हुन् भने तराईका हिन्दू कट्टर हिन्दूहरू हुन् । त्यसैले कर्णाली प्रदेशका खसहरूको आफ्नै सनातन मौलिक परम्परा रही आएको छ । नेपालको बसाइँ सराइको प्रकृतिबारे डा. अधिकारी अगाडि लेख्छन :

"नेपालको बसाइँसराइको प्रकृतिले पनि एक खण्डमा भोटेली/बर्मेली समूह पूर्वउत्तर क्षेत्रबाट तथा खसहरूको पश्चिम-उत्तर तर्फबाट बसाइँसराइ

---

६४ Ram Niwas Pandey, "The Kallala Dynasty of the Jumla Valley", Ancient Nepal, No. 12 (Kathmandu: July, 1970), p. 46.

६५ सूर्यमणि अधिकारी, वाइसे राज्यको इतिहास, (काठमाडौं : वि.सं. २०६०), पृ. २९ ।

६६ विपिन अधिकारी, नेपालका खस जाति, (काठमाडौं : वि.सं. २०६८), पृ. २७-२९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको देखाउँछ । तर दक्षिणबाट उत्तरतर्फ समानान्तर बसाइँसराइ भएको कुनै प्रमाणिक आधार छैन ।"[६७] यसबाट खसहरू सदीयौदेखि कर्णाली प्रदेशमा रहँदै आएका हुन् र खसशास्त्र, खस संस्कृति, खस भाषाको उत्पत्ति कर्णाली प्रदेशबाट भयो ।

वलिराजको वि.सं. १४५७ को अभिलेखमा राधानीको रूपमा "जुम्लास्थाने सुवर्नहार नाम नगरे" अर्थात् जुम्ला सुनार गाउँको उल्लेख भएको छ ।[६८] सुनारगाउँमा हालसम्म पनि ढुङ्गे खम्बहरू, मुग्राहाहरू देख्न सकिन्छ । कल्याल राजवंशावलीमाः "बलीराज, जक्तिसिंह, सिवर्सम, देवास, चौतुवा कठाईत जुम्ला आया सुनार गाउँ देवान लाग्यो । गोठी चौड देवल लाग्यो ..." उल्लेख छ ।[६९] यसरी देवलको निर्माण, सुनारगाउँको बारेमा कल्याल वंशावलीमा उल्लेख छ । गोठीचौरमा बलिराजले बनाएका देवल, मुग्राहा र ढुङ्गे खम्ब अझै पनि देख्न सकिन्छ । वलिराजका सहयोगीहरूमा : नियापानीका देवास जैसी, चौडिलागाउँका शिव शर्मा थिए । बलिराजले बनाएको दरवारको वास्तुपूजाको पुरोहित रामदास पाध्या थिए ।[७०]

बलिराजको प्रसङ्गमा डा. सूर्यमणि लेख्छन् :

"बलिराजको कीर्ति चीनसम्म फैलिएको थियो । चीन सरकारले उनलाई सात धार्नी सुन, कोइचीन पटम्बर, असल जातका घोडा आदि दिन कबूल गरेको तथा चीन र जुम्ला बीच धार्मिक सन्धि भएको र शाक्य मठका लामाको अनुरोधमा बौद्ध धर्मप्रति सम्मान गरियोस् भनिएको बुझिन्छ ।"[७१]

बलिराजको महत्त्वपूर्ण प्रसङ्ग भनेको उनको सिद्ध योगी चन्दननाथसँगको भेटघाट काश्मिरतिरबाट मानसरोवरको तिर्थाटन निमित्त आएका सिद्धयोगी चन्दननाथसँग बलिराजको जुम्लामा भेट भयो । त्यसताका शैव धर्मावलम्बी सिद्धको जनतामा ठूलो प्रभाव थियो । बलिराजलाई राजतिलक चन्दननाथले नै लगाएको विश्वास गरिन्छ ।[७२] चन्दननाथले कालोमार्सी धान काश्मिरबाट जुम्ला

---

६७ उही, पृ. ३१ ।

६८ सूर्यमणि अधिकारी, पूर्ववत, सं. ६५, पृ. ३१ ।

६९ सूर्यमणि अधिकारी, पश्चिम नेपालको ऐतिहासिक अन्वेषण (काठमाडौं : वि.सं. २०४३), पृ. ३० ।

७० योगी नरहरिनाथ, पूर्ववत, सं. १५, पृ. १६५ ।

७१ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ३३ ।

७२ नरभूपाल शाह, कल्याल वंशावली, वि.सं २०१३, पृ. ७ को उही, पृ. ३२ मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्र्याएर बिउ राख्ने समयदेखि भित्र्याउने विधि पनि सिकाएको कुरा उल्लेख छ। यसरी बिउ मगाई जुम्लामा धानखेती गर्न लगाए। अहिले पनि सिँजा भेकतिर सेतो मार्सी र जुम्ला भेकतिर कालोमार्सी धानको खेती गरिन्छ। पृथ्वी मल्लको कनकपत्रमा धानसँग सम्बन्धित मानु, मुठो भन्ने शब्दहरू परेकाले यस भेकतिर सेतो मार्सी तथा कालो मार्सीको खेती त्यसबेला थियो कि त भन्ने तर्क सारिएको छ। स्तम्भकार सौरभका अनुसार:

"...खेतसँग सम्बन्धित यो शब्दलाई नियाल्ने हो भने नरेन्द्रदेवको समय, छैठौ शताब्दीदेखि मात्रै नेपालमा धानखेति सुरु भयो र चन्दननाथले जुम्लामा ७ सय वर्ष अघिमात्रै चामल ल्याए भन्ने हाम्रा ऐतिहासिक लेखाइहरू सबै कोरा गफ हुन्। मार्सीमध्येको एउटा प्रजाति (कल्टिभार) कालो मार्सी उनले ल्याए, त्यति नै हो।"[७३]

जे होस् गुरु चन्दननाथलाई पनि सिँजाभेकतिर धानको वा अन्य अन्न सम्बन्धी वा अरू शुभकार्य सुरु गर्नु पर्दा "गुरु चन्दननाथ भैरवनाथ तुमि दाइना भया"...ढँडार मष्टा तुमि दाइना भया, बाह्र भाइ, मष्टा नौ दुर्गा भवानी तुमि दाइना भया" भन्दै अरू देवीदेवतालाई पनि सम्झने गरिन्छ। बलिराजले गुरु चन्दननाथका पदचीनह शिलामा अङ्कित गराई मन्दिर बनाई शिला स्थापना गरेर पूरा गर्ने चलन चलाए।[७४]

मेदिनी बर्मा सिँजा लामाथाडाका सामन्त थिए। बलिराजले उनकी छोरी मल्लदेवीसँग विवाह गरेका थिए। विवाहपछि लामाथाडामा उनी बस्न रुचाएनन्, नयाँ राजधानीको रूपमा सुनारगाउँमा बस्न रुचाए। तैपनि लामाथाडा राजधानीको रूपमा रहीरह्यो किनभने मेदिनीवर्माले, (जो बलिराजका ससुरा थिए), लामाथाडाबाटै शासन गरेको देखिन्छ। बलिराजले पनि ससुराको राजधानी खोस्न चाहेनन्।[७५] योगी नरहरिनाथले बलिराज र मेदिनी बर्माको पछाडि थरमा राउलो लेखेका छन् वा राउलो प्रत्यय लाएका छन्।[७६] योगीले मेदिनीबर्मा राउलो र बलिराजको संयुक्त आदेश छापेका छन्। उक्त अभिलेखमा पनि दुवैलाई राउलो नै भनेको छ। अभिलेखले पोरी जुम्ला र वरि जुम्ला भन्ने

उद्धरित।

७३ सौरभ, "अमान्य संज्ञा 'आदिवासी', कान्तिपुर, ४ कात्तिक २०६७, पृ. ७।

७४ उही।

७५ रामनिवास पाण्डे, पूर्ववत्, सं. ६४, पृ. ५०।

७६ योगी नरहरिनाथ, पूर्ववत्, सं. १५, पृ. १०९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुम्लाको चलनलाई उजागर गरेको छ। त्यसमा "दुहु जुम्लाका अधिकारी" अर्थात् वरि जुम्ला = सिँजा, परि जुम्ला = चौधान वा खलङ्गा भनेको छ।[७७]

बलिराज पछि उनका जेठा छोरा वत्सराज जुम्लाका राजा भए। वंशावलीमा उनलाई वक्षराज भनिएको छ। तर योगी नरहरिनाथले छापेको अभिलेखमा "श्रीवत्सराजनरेश्वर इति (सा) मन्त संवृत्त जाच विश्वयाधिया जाचाधिपोयं" भन्ने उल्लेख भएकोले सिँजाभेकको जाँच नजिकै नराकोटलाई आफ्नो नयाँ राजधानी वत्सराजले कायम गरेको कुरा उल्लेख छ।[७८] यसबाट सिँजाको नराकोट छोटो समयको लागि राजधानीको रूपमा रहेको देखिन्छ।

तिब्बतका केही वंशावलीमा सिँजा राज्यको विघटनपछि याचे वा सिँजाका राजाहरूमध्ये एकजना हस्तिराजको नाम देखा पर्दछ। वत्सराजलाई नै तिब्बतीहरूले गलत उच्चारण गरी "हस्तिराज" भन्ने हुनु पर्छ भनी डा. सूर्यमणि अधिकारीले लेखेका छन्।[७९] यसबारेमा थप खोज गर्नु आवश्यक छ। यसैबिच मल्लदेवीका छोरा भएकाले यिनले पुरानो लामाथाडाको राजधानीलाई निरन्तरता दिएका थिए। यसबाट यो प्रष्ट हुन्छ कि नराकोट पनि रजस्थान थियो र राजा त्यहाँ बस्ने गर्दथे। वत्सराजको पालामा पनि सिँजा समृद्ध देखिन्छ। यिनको ताम्रपत्रको लेखनशैली र सिँजापति राजाको लेखनशैली बीच समानता पाइन्छ। त्यस्तै अर्को ताम्रपत्रबाट वत्सराजका प्रशासकहरू, अधिकारीहरूबारे थाहा पाउन सकिन्छ।[८०]

जुम्लेश्वर वंशावली अनुसार भानशाही जुम्लाको राजाको रूपमा देखापर्दछन्। योगी नरहरिनाथका अनुसार उनले छिनासिम र तिब्रिकोटबाट शासन गरेको बुझिन्छ। मोतिपुरका २ आला - वकसि दियाँछौ... भन्ने अभिलेखमा उल्लेख छ।[८१] भान शाहीका पालामा जुम्ला राज्यको प्रतिष्ठामा ठूलो बृद्धि भएको थियो। नेपालका राजाहरूमा सर्वप्रथम श्री ५ को पदवी लिने भान शाही नै थिए।[८२] भान शाहीका पालादेखि अभिलेखहरूको भाषाको स्तर खस्केको विद्वान्हरूले उल्लेख गरेका छन्।

---

७७ उही, पृ. १०९-१११।
७८ उही, पृ. ११५।
७९ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ३५।
८० योगी नरहरिनाथ, पूर्ववत्, सं. १५, पृ. ११६।
८१ उही, पृ. १२२-१२३।
८२ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ४०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भान शाहीको मृत्युपछि शालिम शाही जुम्लाको राजाको रूपमा देखा पर्दछन् । उनको शाके १५१३ को ताम्रपत्र देखिन्छ । कर्णाली प्रदेशको ऐतिहासिक सामग्रीको प्रकाशनमा शालिम शाहीका जम्मा ५ वटा सामग्री फेला पर्दछन् । ती ऐतिहासिक सामग्रीहरू जुम्लाको छिनासिमबाट जारी भएका छन् र तिनमा जग्गादान र अन्य यस्तै कुराहरू छन् ।[८३]

विक्रमशाही जुम्ला राज्यको इतिहासमा प्रभावशाली राजाको रूपमा देखापर्दछन् । प्रा. राम निवास पाण्डेले बाबुराम आचार्यको र कल्याल वंशावली अनुसार शालिमशाही पछिका राजा विक्रम शाहीलाई नै मानेका छन् ।[८४] उनको पहिलो ताम्रपत्र शाके १५२४ मा छिनासिमबाट र अर्को रास्कोटी राजा शाइमल शाहीसँग संयुक्त ताम्रपत्र शाके १५४२ मा धौल्यात्रीबाट जारी भएका छन् ।[८५] विक्रम शाही र साइमल शाही मामाचेला र फुपुचेला हुन् । जनश्रुति अनुसारः विक्रम शाहीकी विख्यात सौन्दर्या सुनकेशा रानीलाई धौल्यात्री राजधानीका राजा झप्पनले लग्यो । एक्लै लडाइँ गर्दा नसकि साइमल शाहीको मद्दतबाट रानी फर्काउन सफल भएको कुरा योगीले प्रकाश पारेका छन् ।[८६] सिँजा-जुम्ला क्षेत्रमा रानी सुनकेसाको बारेमा दन्त्यकथा सुन्न पाइन्छ । राजा विक्रम शाहीले बौद्ध गुम्बाहरूको संरक्षणमा पनि अभिरुचि लिएका थिए । उनले डोल्पा गुम्बातारास्थित थाङसा गुम्बाको संरक्षणमा सहयोग गरेका थिए ।[८७] यसबाट विक्रम शाहीको बुद्ध धर्मप्रति देखाएको सद्भाव स्पष्ट हुन्छ ।

योगी नरहरिनाथका अनुसार विक्रम शाहीले शाके १५५३ सम्म शासन गरेको देखिन्छ । शाके १५०३ को दानपत्रमा ठाकुर सुर्तिशाही उल्लेख छ । यसबाट राजा सुर्तिशाहीले सिँजा लामाथाडाबाट शाहे १५४० मा शासन गरेको देखिन्छ । उक्त दानपत्रबाट तातोपानी नजिकैको सुनार गाउँ बलिराजको पालामा मात्रै राजधानी रहेको बुझिन्छ । माथिको दानपत्रको मितिले अन्यौल सृजना गर्दछ । सुर्तिशाहीलाई भानशाहीका छोरा र भानशाही पछि राजा भएको कुरा

---

८३ योगी नरहरिनाथ, पूर्ववत्, सं. १५, पृ. १२५ र १२८ ।

८४ Ram Niwas Pandey, "The History of the Kallala Dynasty", Ancient Nepal, No. 15, (Kathmandu: 1971), p. 42.

८५ योगी नरहरिनाथ, पूर्ववत्, सं. १५, पृ. १३१-३२ ।

८६ उही, पृ. १३५ ।

८७ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ४५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्याल वंशावलीले देखाउँदछ ।[८८]

सुर्तिशाहीको शाके १५४७ र १५४८ तिरका दानपत्रमा सिँजा शनीगाउँका शोभाखर बुढालाई जग्गा दान दिएको कुरा परेको छ । यो बाहेक, ती दानहरूमा "बाँव भवानी मष्टा र कनकासुन्दरी देवी" शब्दहरू परेका छन् ।[८९] मष्टा र कनकासुन्दरी देवीको बारेमा शब्दहरू अभिलेखमा उल्लेख छन् । त्यसैगरी मष्टाको प्रसङ्ग झल्काउँदै दुल्लुको कीर्तिस्तम्भमा "भिक्षुणां द्विजधर्मभाणकाणां भनेर लामाभिक्षु, ब्राह्मण र मष्टाका धामीहरूलाई यथोचित सम्मान गरेको छ ।[९०] यी नै 'मष्टा' शब्द भएका पहिला अभिलेख हुन् ।

सुर्तिशाही पछि बहादुर शाही र वीरभद्रशाहीले जुम्लामा राज्य गरेका थिए । उनका वि.सं. १७२६ देखि १७६१ सम्मका ४ वटा अभिलेख प्राप्त भएका छन् । यसबाट उनले ३५ वर्षभन्दा बढी समयसम्म राजकाज चलाएको देखिन्छ ।[९१] वीरभद्र शाहीका पिता बहादुर शाहीको १७०४ को ताम्रपत्र नै पछिल्लो हो भनेर डा. सूर्यमणि अधिकारीले उल्लेख गरे पनि उनको शासन बारेमा त्यति स्पष्ट हुँदैन ।

कल्याल वंशावलीमा पृथ्वीपति शाही देखापर्दछन्, तर उनको शासनकालका विश्वसनीय अभिलेखहरू प्राप्त भएका छैनन् । वि.सं. १७६० को अभिलेखमा "श्री वीरभद्रशाहीपिर्थिशाही सहित" भन्ने शब्द परेकाले पृथ्वीपति शाही वीरभद्रशाहीका छोरा र उत्तराधिकारी थिए भन्ने स्पष्ट भएको छ ।[९२] पृथ्वीपतिशाही र पर्वतका राजा मलैबम (द्वितीय) मामाचेला-फुपूचेला पर्दथे ।[९३] मलैबम जुम्लाको अधिनस्त राज्य मुस्ताङलाई आफ्नो अधिनमा ल्याउन चाहन्थे । यही कारणले गर्दा जुम्ला र पर्वतबीच ठिनीमा युद्धसमेत भएको थियो । चौबिसे राज्यहरूमा पर्वत शक्तिशाली थियो । पर्वतले मुस्ताङलाई स्वतन्त्र गराउन जुम्लासँग लड्यो तर सकेन । उसले जुम्लासँग हारेपछि डोटीलाई उक्साउने

---

८८ रामनिवास पाण्डे, पूर्ववत्, सं. ८४, पृ. ४० ।

८९ योगी नरहरिनाथ, पूर्ववत्, सं. १५, पृ. १३७ ।

९० भिम प्रसाद श्रेष्ठ (सम्पा.), (जुम्लाः वि.सं २०२८), परिशिष्ट, पृ. ।

९१ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ५० ।

९२ उही, पृ. ५२ ।

९३ योगी नरहरिनाथ, इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, भाग १, (वि.सं.२०२२), पृ.५४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रणनीति बनायो ।[९४] वि.सं. १७७१ को पृथ्वीपति शाहीको अभिलेख प्राप्त भएको र उनका छोरा सुरथ शाहका वि.सं. १७७६ देखिका अभिलेख पाइएकाले पर्वत र जुम्ला बीचको युद्ध पृथ्वीपति वा सुरथ शाहका पालामा लडिएको देखिन्छ ।[९५]

पृथ्वीपति शाहिको मृत्यु पछि सुरथ शाही वा शाहले जुम्ला राज्यमा शासन गरेको देखिन्छ ।[९६] उनका लालमोहरहरू त्रिपुराकोट, छिनासिम र लामाथाडाबाट जारी भएका छन् । ऐतिहासिक दस्तावेजले रोल्पा र बाजुरा पनि जुम्ला राज्य अन्तर्गत रहेको देखाउँछ । माथि भनिएझैं जुम्ला राज्य सुरथशाहको पालमा आर्थिक र सामरिक दृष्टिकोणबाट सम्पन्न थियो । सुरथ शाह जगन्नाथजीको दर्शन गर्न जाँदा केही समय गोर्खाका राजा नरभूपाल शाहका अतिथि भै गोर्खा दरबारमा बसेका थिए ।[९७] यो बसाइबाट त्यसबेला जुम्ला र गोर्खाको राम्रो सम्बन्ध भएको देखाउँछ । सुरथ शाहको अन्तिम अभिलेख सिँजा लामाथाडाबाट जारी भएको छ । लामाथाडालाई मुख्य राजधानी मानेता पनि यिनले त्रिपुराकोट र छिनासिमलाई पनि प्रशासनिक इकाइको रूपमा उपयोग गरेको पाइन्छ ।[९८] सुरथ शाहको मृत्युपछि जुम्लाको राजसिंहासनमा को बस्यो भन्ने बारेमा स्पष्ट नभए पनि रामनिवास पाण्डेले सुरथशाहलाई सुदर्शन शाहका बुबा मानेका छन् ।[९९] तर योगी नरहरिनाथले स्पष्टसँग सुरथशाहका लामाथाडाबाट शाके १६४६ मा जारी स्याहामोहर छापेका छन्, जसमा लामाथाडा रजस्थाने भनिएको छ ।[१००]

सुरथशाह पछि उनका छोरा सुदर्शन शाह जुम्लाको राजसिंहासनमा बसेका थिए । उनकै पालामा शाके १६६७-१६७३ मा छिनासिममा भव्य दरवारको निर्माण भएको थियो । जुम्लेश्वर - कल्याल - महलको निर्माणको ताम्रपत्रमा दरवार बनाउनु भन्दा अगाडि गरिने पूजाविधि, त्यसमा प्रयोग हुने सामग्रीहरू

---

९४ टेक वहादुर श्रेष्ठ, पर्वत राज्यको ऐतिहासिक रुपरेखा, (काठमाडौं : वि.सं. २०५९), पृ. १९७-९८ ।

९५ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ५४ ।

९६ रामनिवास पाण्डे, पूर्ववत्, सं. ८४, पृ. ४७ ।

९७ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ५४ ।

९८ रामनिवास पाण्डे, पूर्ववत्, सं. ८४, पृ. ४८ ।

९९ उही, पृ. ५० ।

१०० योगी नरहरिनाथ, पूर्ववत्, सं. १५, पृ. १४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र अन्य विविध जानकारी प्रदान गरेको छ ।[१०१]

सुदर्शन शाहको मृत्यु पछि सूर्यभान शाह जुम्लाका राजा हुन्छन् र यिनी कल्याल वंशका अन्तिम राजा हुन् । सूर्यभान शाही/शाह अलमोडा-गढवालका दिपचन्द्र र काठमाडौं उपत्यकाका पृथ्वीनारायण शाह र रणबहादुर शाहका समकालीन हुन् ।[१०२] सूर्यभान शाहको पालामा पनि जुम्ला राज्य अरूभन्दा शक्तिशाली र सम्पन्न थियो ।

अङ्ग्रेज खोजकर्ता ह्यामिल्टनले गोर्खाली आक्रमणको बेला जुम्लाका राजा शोभान शाही थिए भनेका छन् । उनले जुम्लाको सिमानाबारे लेखेका छन् : "एउटा ठूलो देश, जसलाई युमिला भनेर चिनिन्छ । यसको पश्चिमी सिमाना गर वा गरवाल हो; पूर्वमा मुस्ताङ, उत्तरमा नारायणीको कागाकोटी हो । युमिलाका राजा सूर्यवंशी जातिका हुन ।[१०३] ह्यामिल्टनले जुम्लालाई युमिला, कागकोटलाई कागकोटी, सूर्यभान शाहीलाई शोभान शाही पढेका छन् । पश्चिमा खोजकर्तालाई भाषा, साहित्य, खसशास्त्रको उद्गमस्थल सिँजा क्षेत्र र कर्णाली प्रदेशको बारेमा छोटो अवधिमा जानकारी नहुनु स्वभाविकै हो । पूर्वीय सभ्यता, संस्कृति, भाषा, समाजको अध्ययन गर्न पूर्वियालाई जति सहज हुन्छ त्यो अरूलाई नहुन सक्छ ।

जुम्लाको अन्तिम राजा सूर्जभान शाही थिए; शुभान्शाही वा शोभन शाही थिएनन् ।[१०४] योगी नरहरिनाथले पनि सुर्ज्यभान (सूर्जभान) शाहीको शाके १६८१ को छिनासिम रजस्थानबाट जारी भएको लालमोहर छापेका छन् ।[१०५] उक्त अभिलेखमा मुगुको रुम गाउँका शाउन्या बोहोराले खान्या आलो काल्याकलिभान्या टमटालाई बक्स्याको कुरा र अन्य कुराहरू उल्लेख छन् । शुर्ज्यभान शाहको अन्तिम जानकारीमा आएको छिनासिमबाट जारी भएको लालमोहर पुस २२, शाके १७०० को हो ।[१०६]

सिँजा राज्यको विघट्न पछि पश्चिमको कर्णाली प्रदेशमा बाइसे र

---

१०१ उही, पृ. १४९ ।

१०२ रामनिवास पाण्डे, पूर्ववत्, सं. ८४, पृ. ५२ ।

१०३ Francis Hamilton, *An Account of the Kingdom of Nepal and of the territories Annexed to the Domination by the House of Gorkha* (Delhi: 1819, A.D.), pp. 282-88.

१०४ रामनिवास पाण्डे, पूर्ववत्, सं. ८४, पृ. ५२ ।

१०५ योगी नरहरिनाथ, पूर्ववत्, सं. १५, पृ. १५६ ।

१०६ रामनिवास पाण्डे, पूर्ववत्, सं. ८४, पृ. ५४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गण्डकी प्रदेशमा चौबीसे राज्यहरूको कारण त्यसबेलाको अवस्था राम्रो देखिँदैन। यसै बीच गोर्खाका महत्त्वाकांक्षी, दूरदर्शी राजा पृथ्वी नारायण शाहले पुर्खाको राज्य विस्तारको अभियानलाई निरन्तरता दिँदै 'फुटाउ र बसमा पार' को नीति लिएको देखिन्छ। बाइसे राज्यहरूमा कुनै राज्यहरू पृथ्वीनारायण शाहको पक्षमा थिए भन्ने कुनै थिएनन्। जाजरकोटका राजा हरी शाह र पृथ्वीनारायण शाह बीच काशी तीर्थ गएको बेला मनीकर्नीकामा धर्मसन्धि भएको थियो। तिनीहरू बीच एकअर्कालाई बाधा नपुऱ्याउने धर्म गरेका थिए।[१०७] त्यस्तै गोर्खाका राजा र सल्यानका राजा कृष्ण शाह बीच सन्धि भएको थियो। यस बाहेक, पृथ्वी नारायण शाहकी छोरी बिलासकुमारीको बिहे सल्यानका राजकुमार रणभीम शाहसँग भएको थियो। यसको साथै गोर्खाका राजाले त्यस भेकमा नामचलेका सिद्ध भगवन्तनाथसँग मित्रता गरी कर्णाली प्रदेशका राजाहरूसँग सम्बन्ध बढाइदिने काम लगाए।[१०८] यो सबै गोर्खाको चालबाजी जुम्लालाई एक्ल्याउने र नाकाबन्दी गर्ने थियो। यता तत्कालीन नेपालमा पृथ्वीनारायण शाहको मृत्युपछि राजा रणबहादुर शाहको पालामा यिनका माहिला छोरा नायव बहादुर शाहले राप्ती नदीको पश्चिमतिरका भागहरूलाई एकिकरण गर्ने अभियानलाई निरन्तरता दिए। गोर्खालीहरूले जुम्ला विरुद्ध सूचना सङ्कलन गर्न सल्यान र जाजरकोटसँग राम्रो सम्बन्ध बनाइसकेका थिए। तापनि जुम्लामा आक्रमण गर्नु त्यति सहज थिएन।

शुभान शाही वा शोभन शाहीको राजा सूर्जभान शाहीसँगको सम्बन्ध बारे लेखकहरूबिच विवाद देखिए तापनि उनी काजीको रूपमा देखापर्दछन्। तर विष्णु अधिकारीले स्थानीय भाषामा लेखेको कवितामा "शुभन शाही कजाइ भयो" वाक्य परेकाले उनी काजी हुन् भन्ने आधार बलियो छ।[१०९] यसै प्रसङ्गमा सत्यमोहन जोशी लेख्दछन् :

"... त्यो बेला सुदर्शन शाहको सिंहासनमा उनका छोरा सूर्यभानशाही बसेको प्रमाणित हुन्छ। ... त्यसबेला शुभानशाही चाहि सिँजा लामाथाडाको सिंहासनमा थिए कि त भन्ने कुरो विदित हुन्छ।"[११०] सिँजाको प्रसिद्ध उखान "तेरा लाग्दा शोभन शाहीअ लामाथाडा भङ्ग" ले पनि गोर्खाली आक्रमणको बेला

१०७ योगी नरहरिनाथ, पूर्ववत्, सं. ९३, पृ. ४१०।
१०८ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ५८।
१०९ उही।
११० सत्यमोहन जोशी, पूर्ववत्, सं. ९, पृ. १०३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लामाथाडा गुमाएको आरोप लगाएको छ । त्यसो भए तापनि उनले जुम्ला राज्य फर्काउन हरसम्भव प्रयास गरेको देखिन्छ ।

वि.सं. १८४६ मा काजी शिव नारायण खत्री र प्रवल राणाको नेतृत्वमा जुम्ला माथि धावा बोलिन्छ । जुम्ली राजाले आफ्नो २२,००० झाराली सेना मार्फत् प्रतिरोध गरेका थिए । गोर्खाली सेना फर्केर तिब्रिकोट गए तापनि उचित समयको पर्खाइमा थिए । दशै पनि नजिक आएको र यस क्षेत्रमा बाली भित्र्याउने समय पनि यसै बखत पर्ने भएकोले गोर्खालीले यसैबेला आक्रमण गर्ने योजना बनाएको देखिन्छ । झाराली सेनाहरू पनि आ-आफ्नो घर गएको मौका पारी नवमी तिथिको रात आक्रमण भएको थियो । तत्कालीन जुम्लाराज्यबासीले भोलिपल्ट दशमीको तिथिमा कर्णाली प्रदेशमा मनाइने "ज्वारे पिठाहा" वा विजयादशमी पर्व जुम्ला राज्यका जनताको रूपमा मनाउन पाएनन् । यसरी जुम्ला राज्यको अन्त हुन्छ । गोर्खालीले जितनु भन्दा ३ वर्ष अगाडिदेखि नै अनेक बिस्तीर्ण प्रचार र प्रयास गरेका थिए । अर्को शब्दमा, तीन वर्षको अनेक उद्योगपछि मात्र वि.सं. १८४६ मा जुम्ला विजय गर्न गोर्खाली सैन्य समर्थ भयो ।[१११]

गोर्खालीको विजय पछि पनि जुम्लाका सांस्कृतिक र धार्मिक परम्परामा बाधा पुऱ्याएको, धामीको लठ्ठो (सुन चाँदीको सुतरीले बाँधेको लामो टुपी) काट्ने, मष्टाका थान (माडु) भत्काएको प्रमाण कतै पाइँदैन । यसबाट गोर्खालीहरू धार्मिक तथा सांस्कृतिक दृष्टिकोणबाट उदार थिए भन्ने बुझिन्छ । यसै प्रसङ्गमा डा. रमेश ढुङ्गेलका अनुसार :

"विजेताले पराजितको संस्कृतिलाई आत्मसात गर्दछ र देशको नाम पनि पराजितको नै कायम राख्दछ । पृथ्वीनारायण शाह यस्ता राजा हुन्, जसले नेपाल मण्डलका ३ वटा राज्यहरूलाई गोर्खामा गाभेका थिए । तापनि उनले नेवारहरूको सांस्कृतिक परम्परा र संस्कृतिलाई अझ जोगाएर लैजाने र संरक्षण गर्ने उद्घोष गरेका थिए ।"[११२]

डा. ढुङ्गेल अगाडि लेख्छन् :

"पृथ्वीनारायण शाहले आफूद्वारा पराजित शासकका शालिकहरूलाई

---

१११ धनवज्र वज्राचार्यको भनाइ, उही, पृ. १०२ मा उद्धरित ।

११२ Ramesh Dhungel, "Understanding Nepali History in the Context of Changing Political Situation", *Cotributions to Nepalese Studies*, 37 (2), p. 181.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थप जलप थपेर टल्काउँदै दरवारहरूको सजावट गर्ने र कला संस्कृतिको सम्भार गर्ने उदार चलन चलाएका थिए। मल्ल राजाले चलाएको कुमारी प्रथालाई निरन्तरता मात्र नदिई आफैं समर्पित भई नेवार शाक्य परिवारकी कन्यालाई ढोग्दै आशीर्वाद लिन उनी नै पुगेका थिए।[११३] तर सांस्कृतिक र आर्थिक रूपले गोर्खा गरिब भएर नै नेपाल उपत्यकाका सबै कुरालाई आत्मसात् गर्न बाध्य भएको हो भन्ने तर्क पनि छ। यो तर्क पनि मनासिब देखिन्छ। विश्वको विगत २-३ सय वर्षको उदाहरण हेर्ने हो भने फ्रान्स, जर्मनी र अन्य युरोपियन देशहरूको राष्ट्र निर्माणको क्रममा स्थानीय स्तरका सबै भाषा, संस्कृति र विविध चालचलनहरू नामेट पारेर सिङ्गो फ्रान्स वा जर्मनी निर्माण गरिएको थियो।[११४]

जुम्ला आक्रमण गर्दा पृथ्वीनारायण शाहको मृत्यु भै सकेको थियो। उनका छोरा बहादुर शाहको अगुवाइमा जुम्ला आक्रमण भएको थियो। जुम्ला विजयपछि पराजित राजालाई कहाँ राखियो वा के गरियो भन्ने बारेमा विभिन्न मतहरू पाइन्छन्। ह्यामिल्टनका अनुसार जुम्लाका राजालाई शाहीबन्दीको रूपमा दिनको २ रूपैयाँ उनको व्यक्तिगत खर्च बापत् दिएर उनको मृत्यु हुँदासम्म राखियो।[११५] सत्यमोहन जोशीलाई एकथरी स्थानीय जान्ने बुझ्ने मानिसहरू चाहीं गोर्खाली सैन्यका मानिसहरूले छिनासिममा पक्राउ गरेर जुम्लाका राजालाई मारे भन्छन्।[११६] सूर्जभान (सूर्यभान) शाहका बालक छोरा पृथ्वीनारायण शाह (जुम्लो) लाई नेपाल सरकारले हालको रुकुम जिल्लामा पर्ने मुसीकोटमा छाप र घरवास दिई रजौटाका रूपमा रहन दियो। त्यसैले त्यस स्थानलाई जुम्ली खलङ्गा भनिन्छ।[११७]

जुम्ली राजा सुर्जभान शाहीका नाति नरनारायण शाह र तिनका कविलालाई जग्गा दिएको कुरा राष्ट्रिय अभिलेखालयको एउटा अभिलेखमा यसरी लेखिएको छ :

११३ रमेश ढुङ्गेल, "इतिहासमा नभेटिएको जातीय राज्य अपव्याख्याको खेती र राष्ट्रिय वर्वादी", मानवअधिकार वार्षिक प्रकाशन, (काठमाडौं : वि.सं. २०६७), पृ. ३।

११४ New Spotlight, Vol. 28, No. 17, Jan. 02, 2009. available at : http://www. nepalnews. com/main/indexphp/-interviewarchieve/2941.

११५ ह्यामिल्टनको उद्धरण, रामनिवास पाण्डे, पूर्ववत्, सं. ८४, पृ. ५४ मा उद्धरित।

११६ सत्यमोहन जोशी, पूर्ववत्, सं. ९, पृ. १०५।

११७ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"आगे पिउठानाका सुवा प्रति जुमीलाका सुर्जभान शाही राजाका नाती नरनारायण शाही तिनका कविलालाई षेत कमाउन जग्गा वाफीकोटका अम्मल मध्ये ठहऱ्याउने मानिस पढाइ जगा नुवाइ घर बनाइ दि बाँकी रानी र साहेवलाई पेट खर्च रोजीना रूपैया १ एक वक्स्यौ दिन्या गर जाजरकोटबाट जुम्ली राजा प्यूठान आया देखि रोजको आठ आना (॥) दि ताहाको आम्दानी मध्ये मोजरा पर्ला ... १८५० साल जेष्ठ वदी ११ रोज ३ शुभम्।"[११८] यो अभिलेखबाट जुम्ली राजालाई जग्गा दिएको र बाफीकोटमा बस्न दिएको कुरा अवगत हुन्छ।

सिँजा/जुम्ला विद्रोह र शुभान शाही

गोर्खालले जुम्ला राज्य विजय गरिसकेपछि पनि जुम्लीले गोर्खाको अस्तित्व सहज स्वीकार गरेको देखिँदैन। कर्णाली पछाडि पर्नुमा ऐतिहासिक कारण पनि धेरै कारणहरू मध्ये एउटा महत्त्वपूर्ण कारण हो भन्नेहरू पनि धेरै छन्। यसै प्रसङ्गमा

डा. शौभाग्य शाहका अनुसार :

"जुम्ला राज्य अर्थात् वर्तमान कर्णाली अञ्चल गोर्खाको विस्तार अभियानलाई सहज स्वीकार नगर्ने थोरै राज्यहरूमा पर्दछ। अन्तिम पटकको लडाईमा पराजित भएपछि जुम्लाका राजा र अन्य भारदारहरू तिब्बतको ताक्लाकोटमा शरण लिन पुगेका थिए जुम्लीहरूको अन्य नेतृत्व वर्ग पनि तितरवितर हुन गयो। थुप्रै पटक महँगो प्रतिरोध सहनु परेकाले गोर्खालीहरूको उनीहरूप्रति वक्रदृष्टि पर्नु स्वाभाविकै थियो। यस घटना पछि कर्णाली राजनैतिक र सांस्कृतिक नेतृत्वविहिन अवस्थामा रह्यो।"[११९] यसरी कर्णालीमा नेतृत्वविहिन अवस्थाको स्थिति कायम रह्यो। नेपालका ठूला विद्रोहहरूमध्ये जुम्ला विद्रोह पनि एउटा हो। त्यही विद्रोहबाट त्रसित भएर होला अझै पनि कर्णालीका दरा-कन्दराहरूमा गाउँलेहरू सरकारी कर्मचारी र बाहिरियाहरूलाई 'गोर्खाली' भनेर चीनदछन् र आफ्नो परिवारको पेट बाँधेर भए पनि 'सरकारी खर्च पालो' लगाउन बाध्य भएको महशुस गर्दछन्।[१२०]

११८ राष्ट्रिय अभिलेखालय, माइक्रोफिल्म नं. इ. २४४१/२, पृ. ५०।

११९ सौभाग्य शाह, "कर्णाली: पीडा र मुक्तिका उपाय", हिमाल, १६-३२ जेठ, वि.सं. २०५७, पृ. १३।

१२० उही।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोर्खालीप्रति कर्णालीमा नकारात्मक भावना विकास हुनुमा वि.सं. १८४६ पछि चलेको विद्रोह र यस विद्रोहलाई दबाउने क्रियाकलापहरू नै हुन सक्दछन् । विद्रोह दवाइसके पछि पनि बडाहाकिमको अर्धऔपनिवेशिक प्रशासन कर्णालीमा कायम थियो भने विद्यालयहरू पनि सुदूरपश्चिम भन्दा धेरै पछि मात्र खुलेको देखिन्छ । गोर्खाको जुम्ला घेर्ने रणनीतिलाई निस्तेज पार्न जुम्ली काजी शुभान शाहीले अनेकन प्रयास गरेको देखिन्छ । बाइसे राज्य उपर आफ्नो प्रभूतव देखाउन गोर्खाली नायव बहादुर शाह र जुम्ली काजी शुभान शाही बीच प्रतिस्पर्धा नै थियो । यसै बीचमा दुवैले एउटा सन्धि गरे र बहादुर शाहले पर्वत विजय गर्नुभन्दा पहिले जुम्लासँग सन्धि गरी जुम्लालाई तटस्थ रहन राजी गराएका थिए । त्यसबाट ठूलै भूभाग पाइएला भन्ने जुम्लाको आशा थियो तर उसलाई ठिनी भन्ने एउटा सानो गाउँ मात्र मिल्यो । यसबाट शुभान शाहीले ज्यादै चित्त दुखाएका थिए भनी इतिहास शिरोमणि बाबुराम आचार्यले लेखेका छन् ।[१२१]

जुम्ला राज्यको प्रसङ्गमा डा. सूर्यमणि अधिकारी लेख्छन् :

"पर्वत र प्यूठानको पतनपछि शुभान शाही नराम्ररी झस्किए । उनले पर्वत, प्यूठान, दाङ, धुर्कोट, कुमाउँका पराजित राजाहरूलाई मिलाएर नेपाललाई अघि बढ्न नदिन एउटा बृहत्तर गुट निर्माण गर्ने प्रयास गरे ।"[१२२]

यसबीचमै नेपाल र तिब्बत बीच सम्बन्ध बिग्रिएको थियो र दलाइ लामाले शुभान शाहीसँग मद्दत मागेका थिए । शुभान शाहीले पनि सहयोगको आश्वासन दिएको देखिन्छ ।[१२३] नेपालले हारेको भए शुभान शाहीको शक्ति मजबुत हुने थियो होला, तर परिस्थिति उल्टो भयो । सल्यान नेपालसँग नजिक भएकोले दाङ, रुकुम र जाजरकोटलाई मिलाएर शुभान शाहीले सल्यानमाथि आक्रमण गर्ने योजना बनाएको कुरा नेपाल दरबारको वि.सं. १८४३ को पत्रबाट ज्ञात हुन्छ ।[१२४] यसरी सल्यानसँगको नेपालको सम्बन्ध, प्यूठान नेपालको अधिकारमा

---

१२१ बाबुराम आचार्यको उद्धरण, सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ६० मा उद्धरित ।

१२२ उही ।

१२३ भद्ररत्न वज्राचार्य, बहादुर शाह : द रिजेन्ट अफ नेपाल, (नयाँदिल्ली: इ.सं. १९९२), पृ. ९२ ।

१२४ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ६५, पृ. ६० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएको र जुम्लाको दक्षिणतर्फ अति बलियो राज्यसँग पृथ्वी नारायण शाहका पालामा नै सन्धि भई नेपालले बाइसे राज्य विजय गर्दा जाजरकोट थामीदिने आश्वासन दिएको परिस्थितिमा जुम्लालाई अप्ठ्यारो स्थितिको सामना गर्न परिरहेको थियो। पश्चिमतिर ठूलो रक्तपातपछि अछाम नेपालमा गाभियो।

नेपालले जुम्लामाथि आक्रमण गर्नुभन्दा पहिले नै बझाङका राजा समुन्द्र सिंहले नेपालको आश्रय स्वीकार गरिसकेको देखिन्छ।[१२५] केरुङको सन्धिपछि तिब्बतले जुम्लालाई सघाउने परिस्थिति देखिएन। वि.सं. १८४६ लाग्दा नलाग्दै बाफी (रुकुम) र आठबिसमा विद्रोह भयो, यसमा नेपालतर्फका रछान बिष्ट, जैधन बिष्ट लगायतका केही सैनिक मारिए। यो विद्रोहमा जुम्लाको हात थियो।[१२६] त्यसपछि नेपाललाई जुम्ला हान्ने निहुँ चाहिएको थियो। अन्तत १८४६ श्रावण ८ गते २५ घडी रात जाँदा साइत गरेका नेपाली सेनाले १८४६ आश्विन २३ गते जुम्लाको राजधानी छिनासिममा अधिकार गरे।[१२७]

डा. सूर्यमणि अधिकारीका अनुसार :

"अकस्मात आक्रमण भएकाले शुभानशाहीले प्रतिरक्षाका लागि कुनै व्यवस्था गर्न भ्याएनन्। हड्बड्मा आफ्नो छोरा मनशूर शाहीलाई साथ लिएर उनी सिञ्जा हुँदै गमगढीमा पुगेर अडिए।"[१२८]

कर्णाली प्रदेशमा सबै प्रकारको बालीनाली, घाँसपात भित्र्याउने समय र दशैँ (ज्वारे पिठाहा) चाड पनि परेको मौकामा अकस्मात आक्रमण भएकाले शुभान शाहीले तत्काल कुनै प्रतिरक्षा गर्न नसकेको बुझिन्छ। तर पछि झारली सैनिक जम्मा गरी विद्रोहको व्यापक तयारी गरेको देखिन्छ। नेपाली सेनाको तर्फबाट कमाण्डर शिवनारायण खत्री र प्रवल रानालाई मुगुमा भएको विद्रोहको कारण जुम्ला जोगाउन मुस्किल पऱ्यो। जुम्लाबाट विद्रोह दबाउन सम्भव नदेखेर हुम्लाबाट दबाउने निर्णय गरे। वाफिकोट रुकुममा रहेका नेपाली भारदार लक्ष्मीपति पाठकलाई विद्रोह दबाउन तत्काल सहयोग मारियो। जाजरकोटीले घाट तर्ने व्यवस्था नगरेकाले ढिला भयो। चाँडै जुम्ला पुग्दैछौं भनी लक्ष्मीपति पाठकले काठमाडौंमा पत्र

१२५ उही, पृ. ६३।
१२६ पूर्णिमा, पूर्णाङ्क ६५, वि.सं. २०४२, पृ. २१।
१२७ सूर्यमणि अधिकारी, पूर्ववत्, पूर्ववत, सं. ६५, पृ. ६५।
१२८ उही।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पठाए । यता काठमाडौंबाट विद्रोह दबाउन भूपनारायण शाही र भक्ती थापालाई जुम्लाको सुवाङ्गी दिई सेनासहित जुम्ला पठाइयो ।[१२९]

गमगढीमा सोझै आक्रमण नगरी हुम्लातिरबाट आक्रमण गरियो । तर खासै सफलता हात लागेन । सैनिक सङ्ख्या र हतियार कम भएको भन्दै काठमाडौं पत्र पठाइयो । त्यसको जवाफमा बहादुर शाहले लेखे :

"बैरिले चारैतर्फ हङ्गामा गर्दा भारदारले हान्या सल्लाह ठहराउँदा त्यस्तै बीचमा तँ पुगदा षातिर कालको मुष गम नपठाई हुमलुका मुष हानी बैरी काटया छौ ... तेस मुलकको सर नभयाको जमीन सर गर. सन्धि सर्पन हेरी ठाना हाल ... झार जङ्गल पस्याकालाई कुर हान. रसद खोल. बाह्र वर्ष देखि उभोकालाई साफ गर. जहान बच्चालाई बस्तिमा बसाव ..."[१३०]

माथिको अभिलेखबाट शुभानशाहीको विद्रोह दबाउन ठूलो नरसंहार गरिएको बुझिन्छ । त्यसपछि पनि वनमा लुक्न गएकालाई ढुकेर खतम गरिदेउ, बाह्र वर्ष नाघेका पुरुष जतिलाई बाँकी नराख, काटी देउ भन्ने आदेश भएको छ । तर रसद रोक्ने र महिला तथा बालबच्चालाई बस्तिबाट उठिबास लगाउने कामचाहिँ नगर्नु भनिएको छ ।[१३१] नेपाल चीन युद्ध भै नेपालीहरूलाई विदेशी सङ्कट परेको अवस्थामा भेरी पार एकछत्र विद्रोह भएको थियो । यसै मौकामा जुम्लामा पनि छिनासिममा रहेका गोर्खालीहरूलाई धपाउन विद्रोह भयो । भक्ति थापा पुगेर विद्रोहीहरूको दमन गरे ।[१३२] नेपाल सरकारका तर्फबाट नियुक्त गरिएका जिम्मावाल रोकायाले मौका पारी मुगुमा १८५० पछि पनि विद्रोह गरेका थिए ।[१३३]

जुम्ला विद्रोह सम्बन्धी केही अप्रकाशित अभिलेखहरू यो लेखकद्वारा राष्ट्रिय अभिलेखालयबाट सारेर यहाँ सङ्क्षिप्त रूपमा चर्चा गरिएका छन् । गोर्खाका राजाले जनजातिहरूलाई मात्र दबाउ भन्नेहरूका लागि यी प्रमाणहरू मार्फत् खस क्षेत्रमा पनि ठूलो विद्रोह भएको थियो भन्ने जानकारी दिनु हो । वि.सं. १८५० साल.जेष्ठ बदी ११ रोज ३ को अभिलेखमा :

---

१२९ पूर्णिमा, पूर्णाङ्क, ६५, वि.सं. २०४२ पृ. २२; उही पृ. ६६ ।

१३० पूर्णिमा, पूर्णाङ्क, वि.सं. २०३३, पृ. ४२; उही ।

१३१ उही ।

१३२ भिमप्रसाद श्रेष्ठ, "जुम्लाः क्षेत्रीय प्रशासनको डिलवाट", कर्णाली प्रदेश एक विटो अध्ययन, भिमप्रसाद श्रेष्ठ (सम्पा.), (जुम्लाः वि.सं. २०२८), पृ. ६६ ।

१३३ उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"संवत् १८४९ सालमा सुभान शाही जुम्लामा पसि कुल गर्दा जुमलीले रनजित कुँवर माथि कुल गर्दामा तिनका कविता मासी लीषायाको छ। . . . फिर्ता गरी देऊ" भन्ने उल्लेख छ।[१३४] त्यस्तै अर्को अभिलेखमा : आगे रंजित कुँवर प्रति पचास सालमा जुमिलीले कुल गऱ्या भनी जुमिला भरी डंड गऱ्याछौ जुमिली हाम्रा हजुर आइ फेराद गर्न आया अघिका डंडमा जो लिनु लियो जुमिलामा बर्स्यानी धारस र्भार गर्दा षास्नामा उजार भयाको छ र बस्ती बसाउनानिमित्ते त्येरहल डंड माफ गरी बक्स्यौ बाँकी कुल्याहालाई बार वर्ष देषी उभोकालाई काटनु कविला नइमासनु कुरिया राषनुभनी पश्चिम जान्या सभ भारदारलाई सवाल लिखी बक्स्याको हो।. . . अन्यायसित ल्यायाका कमारा कमारी घोडाघोडी फिर्ता गरिदेउ . . . मिति १८५१ श्रावण सुदी ३ रोज ३ शुभम्।"[१३५]

यी माथिका अभिलेखहरूबाट जुम्लामा विद्रोह दबाउँदा बस्ती नै उजाड भएको, कमारा, कमारी र घोडाघोडीहरू पनि गोर्खालीले लिएर गएको, बाह्र वर्ष देखि माथिकालाई काटनु भन्ने जस्ता वाक्यहरू छन्। गोर्खालीले लिएर गएका कमारा, कमारी र घोडाघोडीहरू फिर्ता गरिदेऊ भन्ने पनि अभिलेखमा परेको छ।

वि.सं. १८५१ साल श्रावण सुदी ३ रोज ३ को अर्को अभिलेखमा : "आगे सुवा रनजति कुँवरधनजित राना सुवेदार तिलंगा उम्राद लैन गैर सव सिपाही जुमीला जान्या प्रति कुल्हया बार वर्ष देखि उभोकालाई काट्नु जाहां नमास्नु घरवारीमा राख्नुभनी मोहर सवाल जगजित पाँडे जादामाहा सर्वत्रका अमालीदारलाई पठायाको हो तहा वडो जुमलीले कुल गऱ्या भनी जाहांमा पसी ल्यायाछौ जाहां छोडीदेउ भनी मोहर पठायौ कसैले छोडयौन छौ जुमीलीको जहान जसजसले ल्यायाको, छ मोहोर गयादेखी वडोको सबैले छोडी देऊ नछोड्या अपसरिया हौला।"[१३६]

त्यस्तै मुस्ताडी राजालाई लेखेको कुरा अनुसार :

"आगे मोस्तांगी राजाप्रति जुमिला तिर कलधुल हुदा कतैबाट बैरी बचही आउँदा जुमिलामा सुवाछेउ सामिल भै सुवाले अऱ्हाया माफिक चाँजामा चल्नु

१३४ राष्ट्रिय अभिलेखालय, माइक्रोफिल्म नं. ई. २४३०।२, पृ. ८६।
१३५ राष्ट्रिय अभिलेखालय, माइक्रोफिल्म नं. ई. २४३१, २, पृ. २९२।
१३६ उही।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोटतिरको समाचार पनि हाम्रा हजुरमा बिन्ति पनि गर्दै रहनु मिति भाद्र सुदी ११ रोज ६, १८५१ साल"[१३७]

सुभान (शोभान) शाही जुम्लाको दोसाँध आइबसेको कुरा थाहा पाए पछि नेपालका तर्फबाट यस्तो लेखेर पठाएको थियो :

"आगे सुवा भयहरन थापा प्रति सुभानशाही जुम्लाका दोसाध सम्म आइ बसछ तेसकन कलछल गरी हाम्रा मुलुकमा झिकुल हाम्रा मुलुकमा आयापछि पत्री बाकला मानिसँग लाई हाम्रा हजुर पठाउनु ईती गर्दा हाम्रा सोझा निमित्ये तिमीले माथि कौनै कुरा बोल्या पनि तिमीलाई माफ छ यस करारमा षातिर्जामासँग रही लेष्या बमोजिम मफिकको काम गर्नू हामीले हुकुम दियौ ईति काम गरी फर्‍याया रिझाया रिझ माफिक रिझ बक्सौला ईति सम्वत १८५३ साल मिति आषाढ सुदी ११"[१३८] माथिको अभिलेखबाट स्पष्ट हुन्छ कि सुभान शाही जुम्लाको सिमानामा लुकेर बसेका रहेछन्, काठमाडौंबाट उनलाई पक्रन आदेश पठाएको रहेछ ।

त्यसैगरी वि.सं. १८५० असारमा नेपाल दरवारबाट गजेन्द्रबहादुर शाहलाई पठाएको पत्रमा उल्लेख छ :[१३९]

"सुभान शाही हुमला पसी जुम्ला चाल्हो उठाउँदा . . . त्यस्तै बीचमा पश्चिमबाट आउन्या फौज पुग्दा जुम्लो थामियाको हो ।" जाजरकोटको एउटा वंशावली अनुसार, "१८५० मा जुम्ली सुभान शाहीले हुम्ली उठाया, गोर्खाका सिपाहीलाई कतल गर्न लाग्याको बुझी जार्कोट्या राजा गजेन्द्र शाहले आफ्ना मानिस पठाया ... षर्च ... फाँको सिदा सामल पठाइ हुम्ली दवाया, गोर्षाली काजी भक्ति थापो, रंजित कुँवरलाई हुम्लीले पत्री काट्नै लाग्दा जार्कोटया साहेवज्यू काजी सिरना साहाले छुटायी गोर्षाको सोझो गर्न्या हुदा गोर्षाराज रणबहादुर साह औधि भै जार्कोटी राजा गजेन्द्र शाहलाई क्यावात गर्‍या"[१४०] यस अभिलेखबाट गोर्षालाई जाजरकोटले गरेको सहयोग र विद्रोहबारे थाहा हुन्छ ।

खस जाति लडाकु जाति हो भन्ने विभिन्न स्रोतहरूबाट भन्न सकिन्छ ।

---

१३७ राष्ट्रिय अभिलेखनालय, माइक्रोफिल्म नं. ई. २४३१,, २, पृ. ३८३ ।

१३८ राष्ट्रिय अभिलेखालय, माइक्रोफिल्म नं. ई. २४३०/२, पृ. ८६ ।

१३९ पूर्णिमा, पूर्णाङ्क ६५, वि.सं. २०४२, पृ.२३; सूर्यमणि अधिकारी, पूर्ववत्, सं.६५, पृ. ६७ ।

१४० राजाराम सुवेदीको लेख, उही, पृ. ६८ मा उद्धरित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस जातिको बहादुरीबारे हरिवंश पुराण (२:८५:१८ र १९) र भगत पुराण (२:८५ :१८-१९) र भागवत पुराण (९:२०:३०) मा स्पष्ट उल्लेख गरिएको छ।[१४१] त्यस्तै खस योद्धाहरूले महाभारत युद्धमा दुर्योधनका पक्षमा लडेको र कलकीपुराणमा त खस तथा काम्बोज सैन्यहरूलाई "भयङ्कर बलशाली" भनिएको छ।[१४२]

यसरी कर्णाली प्रदेशमा पटक-पटक विद्रोह भएको थियो। पछिल्लो पटक नेपालको दशवर्षे द्वन्दमा पनि सिँजा उपत्यकामा व्रिदोही विरुद्ध विद्रोह भएको कुरा सौभाग्य शाह र कियोको ओगुराले लेखेका छन्। शाहका अनुसार, "जुम्ला जिल्लाको सिँजा उपत्यकामा धार्मिक मुद्दालाई लिएर जनता तत्कालिन विद्रोही विरुद्ध उठेका थिए तर जनताको उक्त विद्रोहलाई तत्कालीन विद्रोहीहरूले सफतापूर्वक दबाउ।"[१४३] कियोको ओगुराले पनि सिँजाको कनकासुन्दरी मन्दिरमा तत्कालिन विद्रोहीले अवरोध पुऱ्याएपछि गाउँलेहरूले विद्रोही विरुद्ध ठूलै प्रतिरोध गरेको कुरा लेखेकी छन्। यो नै त्यसबेलाको विद्रोही विरुद्धको नेपालकै ठूलो र पहिलो प्रतिरोध हुन सक्छ।[१४४] यसो भए तापनि विद्रोहीको जाँड रक्सी बन्द गर्ने उर्दीलाई भने जनताले स्वागत गरेका थिए।

नेपालको हिमाली प्रदेश मानव सभ्यताको उत्पत्ति स्थल हो। हिमालयको काख मानवको उत्पत्ति स्थल हो।[१४५] त्यसैले कर्णाली प्रदेशमा प्राचीन सभ्यताको उद्गम स्थल भएकाले धेरै इतिहास पाइने सम्भावना छ।

शुभान शाही बारेमा धेरै कुराहरूको चर्चा भयो। शुभान शाहीको छोराको बारेमा पनि लेखकलाई एउटा अभिलेख प्राप्त भएको छ। उक्त अभिलेखमा लेखिएको छ :

१४१ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. ३, पृ. २७।

१४२ उही।

१४३ S. Shah, "Revolution and Reaction in the Himalayas: Cultural resistance and the Maoist "New Regime" in Western Nepal", *American Ethnologicst*, Vol. 35, No. 3, 2008, p. 487.

१४४ Kiyoko Ogura, "Moist people's governments, 2001 - 2005; The power in wortime", *In Local Democracy in South Asia: Micro Procss of Democratization in Nepal and its Neighbours, David N. G. and K.H. (eds), (London: 2008)*, pp. 179-81.

१४५ दीर्घराज प्रसाई, "नरहरिनाथः इतिहास निर्माणका योद्धा", राजधानी, १४ फागुन, वि.सं. २०६६, पृ.७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"आगे बिजै सीं बुढा प्रति सुभान्साहीको छोरा जुँहार, दार्मा, ब्यास भोटका दोसाँधमा बसी डाँकु जस्तो भै छन् रैयतहरूका गाउँका माल लुटी लैजांछ गरे आफ्ना साध देखि पुडो गैकन हातपात गर्न्या र बेजाइ गरी आफ्ना रन दाउन्या काम कत्ति नगर्नु गऱ्या अपसरिया होला इ सुभान्साहीको छोराले हाम्रा मुलुकमा आइ हातपात लुटपिट गऱ्यो भन्या तैले पनि मानिस वरदला गरी मोषे त्यसलाई पक्रनु पक्रन्या वार परेन भन्दा उसका साथका लुटाहा र मांछ समेत माफ गरी दिनु हाम्रा मुलुकका रैयतलाई लुटन नदिनु ... इति संवत १८६७ साल चैत्र बदी ८ रोज १ शुभम् ।"[१४६]

यस अभिलेखबाट शुभान शाहीको छोराले पनि तिब्बतको सीमातिर लुट्पाट मच्चाउँदै नेपाललाई हैरान पारेजस्तो देखिन्छ । मनसुर शाहीको बारेमा सत्यमोहन जोशीका अनुसार: "शुभान शाहीका छोरा मुनसुर शाही ताउलाखार जाडहरूकहाँ शरण लिन पुगे, अनि उनी (सुभान शाही) स्वयं आफू चाहिँ ल्हासामा शरण लिन पुगे भन्ने कथन छ ।"[१४७] यसरी जुम्ला विजय भएको धेरैपछि अर्थात् वि.सं. १८६७ सम्म पनि शुभान शाहीको छोराले कर्णाली प्रदेशमा गोर्खालीलाई दु:ख दिने काम गरेको देखिन्छ । कर्णाली प्रदेशको लागि बहादृ'र शाह र रणबहादुर शाहको कार्यकाल कठिन परिस्थितिबाट गुज्रेको देखिन्छ ।

कर्णालीमा कठिन अवस्थाको सृजना भए तापनि कुनै जातिको पनि बहुमत नभएको धेरै जाति भएको मुलुकको एकीकरण गर्नु कठिन काम हो । नेपालका शाह राजाहरूले अङ्ग्रेज शक्तिलाई समेत पराजित गरेर एकीकरण गरेकाले उनीहरूको नेपालीले उच्च मूल्याङ्कन गर्नु पर्दछ । हेनरी किसिन्जरले अन चाइना भन्ने पुस्तकमा "गोर्खालीहरूले अङ्ग्रेजलाई रोकेका कारण चीनको मानचित्र यो रूपमा रह्यो । चीनले त नेपाली गोर्खालीलाई जति सम्मान गरे पनि पुग्दैन ।"[१४८] यसरी नेपाल एकीकरणबाट नेपाललाई मात्र होइन चीनलाई पनि फाइदा भएको छ ।

वास्तवमा नेपालको भूगोल पृथ्वीनारायण शाह र उनका माईला छोरा बहादुर शाहले रचेका हुन् । पृथ्वीनारायण शाहको कल्पना अनुसार नेपाल पूर्वमा

१४६ राष्ट्रिय अभिलेखालय, माइक्रोफिल्म नं. ई २४५१/१, पृ. ८ ।

१४७ सत्यमोहन जोशी, पूर्ववत्, सं. ९, पृ. १०५ ।

१४८ पेशलकुमार निरौलाको अन्तर्वार्ता, साप्ताहिक जनसत्ता, (काठमाडौं : वि.सं. २०७३), पृ. ३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिष्टा र पश्चिममा काङ्डासम्म पुऱ्याएका बहादुर शाह दरबारका रानी र भारदारको षडयन्त्रमा परेर मारिए ।

नेपालका शाह राजाहरूको नेतृत्वमा एकीकरण भए तापनि नेपाल राष्ट्रको निर्माणमा सबै नेपालीहरूको समान भूमिका र योगदान छ । यसै सन्दर्भमा सबभन्दा पहिले ब्राह्मण ज्योतिषीहरूले नेपाल राष्ट्रको निर्माणको लागि शुभ साइत हेरे । त्यसपिछ ठकुरी, खस, मगर, गुरूङ तथा राई, लिम्बू यी खुँडा हान्ने लडाका जातिहरू कुममा कुम जोडेर हातमा खुँडा र खुकुरी लिई नेपाल राष्ट्रको निर्माणका लागि अघि बढे । नगार्चीहरूले लस्करको अघि-अघि नगरा बजाए; नेवारहरूले व्यापार व्यवसायबाट आर्थिक समुन्नति गरे : विश्वकर्माले ढाल, तरवार, खुकुरी बनाए; गन्धर्वहरूले वीरगाथा गाएर योद्धा बटुले । युद्धोपरान्त सबै जातिले आ-आफ्नो तर्फबाट नेपाल राष्ट्रको निर्माणमा सघाउ पुऱ्याए ।[१४९]

उता शोभान शाहीको बारेमा देविचन्द्र श्रेष्ठ लेख्छन् :

"काङजीमा आएर शोभन शाहीको मृत्यु भएकोले यहीं कर्नालीको किनारमा उनको दाहसंस्कार भयो । सोही दाहसंस्कार गरिएको चौखटे ढुङ्गोलाई खोजी गर्दै आज पनि यता (मानसरोवर, कैलास) आउने यात्रीहरू आफ्नो इतिहासको सम्झना गर्छन्, पुख्यौंली उधिन्छन् ।[१५०] यसरी सिँजाखोला उपत्यका र कर्णाली प्रदेशमा शोभान शाहीलाई सम्झने गरिन्छ ।

अन्तमा इतिहासकार मोहन बहादुर मल्लका अनुसार :

"अरू भूमिमा बग्ने नदी झैं सानो ठूलो हुँदै अन्तमा मरुभूमिमा बिलाए झैं सिँजा राज्य बिलाएर जान्छ परन्तु यसलाई हामीले भुल्न सक्तैनौं किनकी यसले हामी नेपालीलाई धेरै चीज दिएर गएको छ ।"[१५१] हुन पनि हो कर्णाली प्रदेशले नेपाललाई भाषा, संस्कृति, सभ्यता दिएको छ । गोर्खालीहरूको नेतृत्वमा नेपालको राजनीतिक एकीकरण हुनु भन्दा ८०० वर्ष पहिले नै कर्णाली प्रदेशले राष्ट्र भाषा र जातीय संस्कृति दिएर नेपालको साँस्कृतिक एकिकरण कार्यको

---

१४९ जगमान गुरुङ, "नेपाली संस्कृति र राष्ट्रियता", मिलनबिन्दु, १ (१) (काठमाडौं : वि.सं. २०७०), पृ. ८ ।

१५० देविचन्द्र श्रेष्ठ, हुम्ला बोल्छ मानसरोवरमा, (काठमाडौं : वि.सं. २०३७), पृ. ५८ ।

१५१ मोहन बहादुर मल्ल, पूर्ववत्, सं. ४, पृ. ६० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थालनी गरेको थियो ।[१५२]

आजभोलि सिँजा/जुम्ला जाँदा लाग्छ यो मरेको शहर हो । यसै प्रसङ्गमा पूर्णप्रकाश नेपाल 'यात्री' को भनाइ अनुसारः "कुनै समयमा विराटपिठाधिपति बसेर विश्वमामिला सम्बन्धमा बिचार गरिने गरेको लामाथाडा नगरको श्री हीन मोहडालाई देख्दा कता कता महेंजोद्डो (मरेको शहर) को याद आउँछ । साँच्चै नै नेपालका लेखी यो मरेको सहर हो । नेपालीको महेंजोद्डो ! अथवा नेपालीको लुप्तप्रायः कोणाकं (सहर, प्राचीर) ।[१५३] यसरी मृत शहर सिँजा र सम्पूर्ण कर्णाली प्रदेशमा अन्वेषण, संरक्षण र खोजको आवश्यकता छ ।

---

१५२ सूर्यमणि अधिकारी, "काक्रे विहारदेखि रारासम्म" मधुपर्क, वर्ष २२, अङ्क ४, (भदौ-२०३६), पृ.१०५ ।

१५३ पूर्णप्रकाश नेपाल 'यात्री', राराको सौराइ, (काठमाडौं: वि.सं. २०५७), पृ. ५६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो अध्याय

कर्णाली प्रदेशको सांस्कृतिक जीवन

यस अध्यायमा सांस्कृतिक जीवनबारे वर्णन गर्दा पहिले समग्र कर्णाली प्रदेशको सांस्कृतिक जीवन बारे चर्चा गरी बृहत् सिँजा (याचे) क्षेत्रको बारेमा प्रकाश पारिएको छ । यस प्रदेशको सांस्कृतिक जीवनको चर्चा गर्नु भन्दा पहिले यस स्थानमा मानव बस्ती कहिले सुरु भयो भन्ने बारेमा छोटो चर्चा गरिन्छ ।

भूगोलविद् स्थिर जङ्गबहादुर सिंहले आफ्नो कीर्तिमा जी. टुचीको सन्दर्भ सामग्री उद्धरण गर्दै लेखेका छन्:[१] "टुचीले तिब्रीकोटस्थित रिमी उपत्यका गाउँ वरपर काठका मूर्तिहरू र खेतका डील अनि भित्तामा ठडयाइएका ढुङ्गामा कुँदेका मूर्तिहरू देखेर प्रभावित भई त्यसबेलाको संस्कृतिलाई 'पाषाणयुगी संस्कृति सिवाय अर्को के हुन सक्छ' भनेका छन् ।"

सिँजा खोला उपत्यकामा श्रद्धालुले चढाएका काठका धौल्या (मूर्ति) हरू प्रशस्त पाइन्छन् । मष्टा र अन्य देवदेवीका थानहरूमा तथा अन्यत्र यस्ता धौल्या र पाषाणका मूर्तिहरू पाइनुले कर्णाली प्रदेशको पुरातन सभ्यताको झझल्को दिन्छ । यसै सन्दर्भमा सिंह अगाडि लेख्छन्:[२] "जी. टुचीले रिमी उपत्यकामा देखे जस्ता काठका र पाषणका मूर्तिहरू सिँजाखोलामा पनि ठाउँ ठाउँमा पाइन्छन् । अतः यिनको भनाइ अनुसार यहाँ मानिसको बसोबास आठ हजार वर्ष पूर्व नै भइसकेको देखिन्छ ।" यसरी यस प्रदेशको प्राचीन सभ्यताको प्रभाव यहाँको सांस्कृतिक जीवनमा परेको पाइन्छ ।

हाम्रो देश नेपाल जस्तै कर्णाली प्रदेश पनि भौगोलिक सांस्कृतिक, भाषिक र जातीय विविधताको दृष्टिकोणले विविधतापूर्ण तथा आकर्षक छ । यहाँ पनि नेपालको अरू क्षेत्र जस्तै उत्तरतिर हिमाली इलाकामा तिब्बती क्षेत्रको सांस्कृतिक परम्परा भएका जातिहरू, मध्य पहाडी भागमा ककेशियाली र मङ्गोली शारीरिक पृष्ठभूमि भएका जातजातिहरू छँदैछन् तर त्यसका साथै राउटेको अस्तित्व पनि यथावत कायम छ ।[३] यहाँको जनसङ्ख्याको बनावट

---

१ स्थिर जङ्गबहादुर सिंह, कर्णाली लोक, संस्कृति, खण्ड २, (काठमाडौं : वि.सं. २०२८, पृ. १८४ ।

२ उही, पृ. १८५ ।

३ सूचना विभाग, श्री ५ को सरकार, मेचीदेखि महाकाली, भाग ४ (काठमाडौं :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभिन्न जातजातिहरू मिलेर बसेको भए तापनि यिनीहरू बीचको सम्बन्ध अत्यन्त घनिष्ठतापूर्ण र मधुर भएकोले कतिपय कुराहरूमा समानता पनि पाइन्छ। नाउ तार्ने पेशामा लागेको र हाल कृषिकार्यमा लागि सकेको राजी जातिको पनि यस प्रदेशमा अस्तित्व छ। विश्वमा अन्त कतै अस्तित्व नभएको प्रकृतिमा आधारित मस्टो परम्परा कर्णाली प्रदेशको पहाडी तथा उच्च पहाडी भागको एउटा व्यापक इलाकामा पाइने भएकोले यहाँका बासिन्दामा त्यसको सांस्कृतिक छाप परेको छ।

मष्टोपूजकहरू जुन भक्तिभाव तथा विश्वासले त्यस अलौकिक, निराकार तर धामीको जिउमा अवतरण भई आफ्नो भक्तजनसित दोहोरो सम्वाद गर्ने मष्टो नामक शक्तिको आराधना गरिन्छ। त्यसबाट यसलाई यस क्षेत्रको उत्तरी इलाकाको एउटा अत्यन्त आदर योग्य विशिष्ट धार्मिक परम्पराको रूपमा लिन सकिन्छ।[४] मष्टो परम्परा एक प्रागऐतिहासिक परम्परा भएकोले यिनीहरूको विधि विधान लिखित रूपमा नभै मौखिक रूपमा हुने हुनाले कर्णाली प्रदेशमा "धामीको आगत, मुखियाको कागत" भन्ने लोकोक्ति प्रख्यात छ।

कर्णाली प्रदेशको उत्तरी क्षेत्रको अतिरिक्त मष्टो परम्परा वा धामी डाङरी परम्परामा पनि तिब्बती प्रभावका उदाहरण पाइन्छन्। मष्टा देवताका नौं बहिनी भवानीमध्ये पुंग्याल्नी चाहिं तिब्बती भाषाको पोनपो ग्यालको स्त्रीरूप हो, जसको अर्थ अधिकारिनी रानी भन्ने हुन्छ। त्यस्तै ठिंग्याल्नी देवीको नाम पनि जाड भाषामा छ जुन ठिंग्यालको स्त्रीरूप हो। यसरी खसानका खसहरूको सांस्कृतिक परम्परामा जडानका जाडहरूको धर्म र संस्कृतिको एउटा हाँगो मिसिएको छ।[५] ठिंग्याल्नी र पुंग्याल्नी नाम कसरी रहन गयो भन्ने सन्दर्भमा खत्याडदरा जाम गाउँका बयोवृद्ध श्री धनपति उपाध्यायका अनुसार ठिंगे सल्लाको झुल (छहारी वा गोइलो) मा बस्ने भएकोले यिनलाई ठिंग्याल्नी देवी भनिएको हो भने उहिले राक्षसहरूले नौ दुगा भवानीलाई (बहिनीलाई) लखेट्दा दौड्ने क्रममा पहिला पुग्ने पुंग्याल्नी देवी हुन त्यसैले उनका नाम पुंग्याल्नी भयो भन्ने लोकोक्ति पाइन्छ।

धामीपन्थ र बोन धर्मको सम्बन्ध रहेको कुरा हुम्लाका बुद्धिजीवी तथा अन्वेषक

वि.सं. २०३१), पृ. २४।

४ उही, पृ. २६।

५ वासुदेव उपाध्याय, "सांस्कृतिक समन्वयको प्रतीक लामा-विष्णु: एक अध्ययन", मिलनविन्दु, ३ (३), (काठमाडौं: वि.सं. २०७२), पृ. ८०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छक्क बहादुर लामाको कीर्तिमा उल्लेख छ ।[६] "हुम्लामा अरू लामा भै 'बाह्रथपाल्या' (निन्वा) हरू बौद्ध धर्मको निङमापा (गुरू पद्म सम्भवको धार्मिक मत) मान्नुका साथै आफ्ना सनातन धामी पन्थी बोन धर्म पनि मान्ने गर्दछन् ।" हुम्लाका व्यासीहरूमा खस संस्कृतिको प्रभाव परे पनि यद्यपि मृत्यु भएको अवस्थामा काजक्रिया गर्न आफ्नो छुट्टै लामा (पुरोहित) पनि भएको पाइन्छ । हुम्लाकै स्याडा गाउँमा व्यासीहरू छन् । दार्चुला ब्यासबाट आएर बसेका हुनाले उनीहरू व्यासी भए । मौलिक रूपमा बौद्ध संस्कार पाइन्छ तापनि उनीहरू अचेल हिन्दू र बौद्ध संस्कृतिमा हुर्केका हुन्छन् ।[७] यसरी कर्णाली प्रदेशमा धार्मिक सहिष्णुता र समन्वयात्मक संस्कृतिको अभ्यास सदियौं देखि हुँदै आएको छ ।

जाड र खस भिन्न मुलका भएर पनि यिनीहरूको लामो सङ्गतको प्रभावले कतिपय भेषभूषा र चालचलन र भाषागत रूपमा एकअर्काको प्रभाव एकआपसमा परी एक मिश्रित संस्कारको रूपमा हुर्केको पाइन्छ । यही नै कर्णालीको जाड र खसियाको विशेषता वा पहिचान हो ।[८] भेषभूषाको प्रसङ्गमा सिँजाखोला उपत्यकामा बुढापाकाहरूले ल्हाम बोखु (कपालदेखि तल सम्म हुने), पुरूतका बोखु (एक प्रकारको राम्रो गुणस्तरको बख्खु), ल्हाम (एक प्रकारको महँगो जुत्ता), दोचा (एक प्रकारको स्थानीय कच्चा पदार्थबाट तयार पारिने जुत्ता) लगाउने चलन केही वर्ष अगाडि सम्म ब्यापक थियो र हाल आएर झण्डै लोप हुने अवस्थामा पुगेको छ । तर गहनाको हकमा भने केही गहनाहरूको प्रचलन 'जाड' 'खस' दुवैमा रहेको पाइन्छ ।

'जाड' शब्दबारे छक्क बहादुर लामाको मत छः[९] "हिजोका अवस्थामा 'जाड' शब्द सम्मानजनक भएपनि आजको सन्दर्भमा यो शब्दलाई अपमानजनक शब्दको रूपमा प्रयोग गरेको पाइन्छ । 'जाड' भन्नाले पानी जम्ने जडक्षेत्रमा बसोबास गर्ने बासिन्दा भन्ने बुझिन्छ । जाड बस्ने ठाउँलाई जडान भनिन्थ्यो । त्यस्तै अर्को भनाइ अनुसार 'जाँड' वा मादकपदार्थ सेवन गर्ने चलन भएका मानिसहरूलाई 'जाड' भनी हेप्ने गरेको भन्ने पनि गरिन्छ । त्यसैगरी 'खस' लाई पनि 'खसिया' भनेर गालीको रूपमा लिएको पाइन्छ ।"

---

६ छक्क वहादुर लामा, "स्वर्गद्वारीको रुपमा हुम्ला सिमिकोट", बन्नु, दशै टुसा, (काठमाडौं : वि.सं. २०५८), पृ. ६४ ।

७ देवचिनद्र श्रेष्ठ, हुम्ला बोल्छ मानसरोवरमा, (काठमाडौं : वि.सं. २०३७), पृ. १८ ।

८ छक्क वहादुर लामा, पूर्ववत, सं. ६, पृ. ६१ ।

९ उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुम्लाका बाह्र थपाल्या भोटया (जाड) जस्तै मुगुका जाड (मुगाल) पनि कर्णाली प्रदेशको उत्तरी भेकका बासिन्दा हुन्। तिब्बतको खारी प्रदेशबाट एघारौं शताब्दीमा नागराजले कर्णाली प्रदेशमा राज्य स्थापना गर्दा कर्णाली प्रदेश र खारी प्रदेश बीचमा व्यापार गराउन खातीर खारी प्रदेशको मेखम गाउँबाट साठी जना भोटेहरू मानसरोवरको तीर्थ गर्न आएका बखत तिनी साठी जना तीर्थ गर्न आएका व्यापारी भोटेहरूलाई प्रभावमा पारी मानसरोवर बाटै मुगुम् (घोक्यो) मा ल्याई बसोबास गराइ व्यापार गर्न सुरु गरे। त्यही समयदेखि यिनीहरू मुगुमा बसोबास गरेको अनुमान गरिन्छ।[१०] यो जनजातिको आफ्नो छुट्टै कुल (गोत्र) छ।

डोल्पा जिल्लामा मनाइने चाडहरू मध्ये चैती पनि एउटा महत्त्वपुर्ण चाड हो। यस जिल्लाको दुनै गा.वि.स. वडा नं. २ र ३ तिप्ला गाउँमा हिन्दू धर्मावलम्बी भए पनि बौद्ध धर्मावलम्बीको महान् चाड चैती सबैले मिलेर धुमधामसँग मनाउँदछन्।[११] चैतीको अतिरिक्त डोल्पामा परम्परागत सांस्कृतिक रितिरिवाज पनि जिवित छ। बोन- पो धर्म अस्तित्वमा छ। यसको अलावा, धामी-डाङरी परम्परा पनि अझै कायम छ। कर्णाली प्रदेशमा रहेका खसहरूको जाडसँगको सङ्गतले जाँड (मद) खाने भएका होलान्। यस प्रदेशका त्यस्ता स्थानहरू, जहाँ खस गाउँहरू जाड गाउँसँग जोडिएका छन्, त्यहाँका खसहरू मतवाली छन्। मानवशास्त्री डोर बहादुर बिष्टले भने जस्तो सबै क्षेत्रीहरू मतवाली छैनन्। यिनीहरू जनै लगाउँछन र मद् खाँदैनन्। साथै चौधवीस दराका मतवाली क्षेत्री (पावै) हरूको विपरित सिँजाका क्षेत्री (थर) हरू जाँड, रक्सी सेवन गर्दैन र कुखुरा खाँदैनन्। जाड र खसको सदियौं देखिको नङ मासुको सम्बन्धले मिश्रित समन्वयात्मक संस्कारको विकास भएको हो।

यस प्रदेशमा खसहरूले जस्तै जाडहरूले पनि लामाको प्रयोग गर्दा खर्चिलो हुने हुनाले खसका धामी डाङरीको प्रयोग गर्दछन्। सर्वसाधारण भक्तजनका साथै धामी र डाङरी पनि कैलासको दर्शन र परिक्रमा गर्दा बौद्ध धर्मका गुरू लामाको कैलास बारेको अवधारणा र मान्यतालाई मान्ने

---

१० कृष्ण बहादुर शाही, मुगाल जनजाति, (काठमाडौं : वि.सं. २०५८), पृ. ३

११ सुकवीर रोकाया, "महान् चाड चैती", कर्णालीको उत्सुक पाइला, टङ्ग महत (सम्पा.), (जुम्ला: वि.सं. २०५७), पृ. ३४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र सम्मान गर्ने गर्दछन् ।[१२] जुम्ला चोत्रका रोकाया क्षेत्रीहरू ल्होसार र दशैँ दुवै मान्दछन् । ल्होसार धुमधामसँग मनाउँछन् भने दशैँ ठिक्कै मनाउँछन् । जुम्लाकै चौधविस दरामा भएका क्षेत्रीहरूमा खम्मा (खाम्मा) जाडको प्रभाव पाइन्छ । त्यै प्रभावले गर्दा उनीहरू जाँड कुखुरा खाने मतवाली क्षेत्री कहलिएका होलान् ।

कर्णाली प्रदेशमा रहेका जातजातिको चर्चा गर्दा चौधविस दराका खम्माहरू, मुगु जिल्लाका मुगालहरू, उत्तर-पश्चिम हुम्लाका थपाल्या जाडहरू र उत्तर दार्चुलाका तथा हुम्लाका व्यासीहरू तिब्बती संस्कृतिबाट प्रभावित छन् । यिनीहरूको भाषा, भेषभूषा र शारीरिक बनावटमा तिब्बती प्रभाव देख सकिन्छ ।[१३]

यस प्रदेशको ठीक दक्षिणको इलाकादेखि बाहुन, ठकुरी, क्षेत्री र अन्य व्यवसायिक जातहरू (कामी, दमाई, सार्की, सुनार आदि) का बसोबास छ । यी व्यवसायिक जातहरू पहिले उद्योगपति थिए । छुवाछुत थिएन् । आजभोलि यी सिपालु व्यवसायिक जातहरूलाई आयातित शब्द प्रयोग गरेर 'दलित' भन्न थालिएको छ ।

कर्णाली प्रदेशको पश्चिममा पाइने ब्राह्मण क्षेत्रीका थरहरू पूर्वी क्षेत्रतिर पाइँदैनन् । तर सिँजा/जुम्ला भेकतिर ब्राह्मण क्षेत्रीका धेरैजसो थरहरू देखिन थाल्दछन् । स्थान विशेष ठकुरी र क्षेत्रीमा केही विभिन्नताहरू पाइन्छन् । जस्तो कि, जुम्ला हुम्ला र मुगुका धेरैजसो ठकुरीहरूमा जीवनयापनको विभिन्न क्षेत्रमा महिलाहरूले पुरुष सरहको भूमिका निर्वाह गर्नुको साथै विधवा विवाह र जारी प्रथाले स्वतन्त्र समाजको आभास प्रदान गर्दछ तर बझाङ, बाजुरा र डोटीका ठकुरीहरूमा यी सामाजिक व्यवस्थामा भिन्नता पाइन्छ ।[१४]

कर्णाली प्रदेशको मध्य पहाडी भागको समानान्तर रूपले पश्चिम सीमाना सम्मका जिल्लाहरूमा बस्ने गुरुङ, मगर तथा नेवारहरूले व्यापार व्यवसाय तथा सुरक्षा फौजमा सेवा पुऱ्याउँदै आएका छन् । हिमाली भेकमा यी जातिहरूको बसोबास पाइँदैन बरू बसाइसराइले गर्दा फाट्टफुट्ट हिमाली बाहेकका इलाकाहरूमा यिनीहरूको बसोबास रहेको पाइन्छ ।

कर्णाली प्रदेशको सुर्खेत, बर्दियातिर थारूहरूको बसोबास छ यहाँका

१२ छक्क वहादुर लामा, पूर्ववत, सं. ६, पृ. ६८ ।
१३ सूचना विभाग, पूर्ववत्, सं. ३, पृ. २५ ।
१४ उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल निवासी भनेर थारूलाई चिनिन्छ । सुर्खेतका स्थानीयहरूको भनाइअनुसार कोहोला थारू पहिले आएर सुर्खेतमा बसेका थिए रे । सुर्खेतका थारूहरूमा दाङबाट बसाइँसराई गरेर आएकाहरू पनि छन् । औलो सहन गर्ने क्षमता थारूमा भएकाले उनीहरू नै सुर्खेत लगायतका क्षेत्रमा पहिले देखि नै बसोबास गरिआएको मानिन्छ । यिनीहरूले काला बञ्जरलाई सदियौं पहिले फडानी गरी कृषियोग्य बनाई मानिसको बसोबास योग्य बनाउने काम गरेका थिए ।

थारू जस्तै सुर्खेत आसपास राजी जातीहरूको पनि बसोबास थियो । यिनीहरूले ढुङ्गा चलाउने पेशा अपनाएका थिए । थारूहरू आफ्नो थारू भाषा बोल्दछन थारूहरूमा डगौरा, राना र कठरिया मुख्य प्रकारहरू हुन् ।

यी माथि वर्णन गरेका जातिहरू बाहेक सारङ्गी बजाउने गाइने जातिको पनि यस प्रदेशमा बसोबास छ । गाइने जातिको बाहुल्यता भएको क्षेत्र नेपालको पश्चिमाञ्चल क्षेत्र हो । कर्णाली प्रदेशमा गाइने जस्तै वादी नामक अर्को समूह पाइन्छ, जसको मुख्य व्यवसाय नाचगान गर्ने हो र जसलाई (गाइनेहरू) गन्धर्व ऋषिका सन्तान हुन भनी ठान्दछन् ।[१५] माथि उल्लेख गरिएका राजी जातिहरू आज व्यवस्थित रूपले कृषक भइसकेका छन् । पहिले राजीहरू थारूहरूको बस्तीभन्दा पश्चिमतिर जङ्गलमा बस्ने र जङ्गली वस्तुहरू बटुली खाने तथा काठका आरीहरू बनाइ गाउँलेहरू सित कपडा र अनाजसँग साट्ने जाति थिए ।[१६]

कर्णाली प्रदेशका जातीय समुन्द्रभित्र एउटा बेग्लै तर विशिष्ट प्रकृति र संस्कृति अँगालेको जाति हो राउटे जाति । यो जाति एशिया महाद्वीपको अन्तिम फिरन्ते, शिकारी तथा खोजी खाने जातिहरूमध्ये एउटा हो । एक्काइसौं शताब्दिको यो चरम विकसित युगमा समेत नेपाली जङ्गलहरूमा विचरण गर्दै प्राचीन जङ्गल – संस्कृति बोकी अस्तित्वको चरम सङ्कटको अवस्थामा यो जाति रहेको छ ।[१७] उनीहरू गुना, बाँदर र मृगको शिकार गर्दछन् । मुण्डी भाषा समूहको मिश्रण भएका भाषा उनीहरूको छ । यिनीहरू कुनै पनि स्थानमा एकदेखि दुई हप्ताभन्दा बढी बस्दैनन् र त्यसपछि नयाँ ठाउँमा गै छाप्रोहरू बनाइ बस्दछन् । राउटेहरू कर्णाली प्रदेशमा आदिकाल देखि नै बसोबास गरिराखेका

१५ उही, पृ. २७ ।

१६ उही ।

१७ गणेश ओली, "राउटे जातिको सामाजिक जीवनः उत्थान र संरक्षणको नीति तथा कार्यक्रम", मिलनविन्दु, १ (१) (काठमाडौं : वि.सं. २०७०), पृ. १३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसहरू हुन् भनिन्छ ।

यिनीहरू शिकारको अतिरिक्त जङ्गलमा कन्दमूल आदि बटुल्नु, काँचो काठका कोसी (आरी), बटुको (कचौरा), सन्दूस आदि बनाई गाउँलेसित अनाज साटी खानु हो ।[१८] यिनीहरू फिरन्ते जातिकै रूपमा आफूलाई चीनाउन चाहन्छन् र गाउँलेसँग आवश्यकता भन्दा बढी सम्बन्ध कायम गर्दैनन् । कर्णाली प्रदेशका खस जातिहरूले जस्तो राउटेले पनि मष्टोलाई कुलदेवताको रूपमा मान्दछन् । दैनिक जीवनमा भइपरिआउने बाधा व्यवधानहरू हटाउनका लागि मष्टोको आराधना गरिन्छ । यिनीहरू शिकारका देवता भुयाँर पनि मान्दछन् । अन्य हिन्दूहरू जस्तो यिनीहरू मूर्तिपूजा गर्दैनन् ।

माथि उल्लेखित जनजीवनका विभिन्न पक्षको जानकारीको आधारमा नेपाल विभिन्न जातीय समूहहरूको एउटा विविधता भएको सम्मिश्रण स्थलका रूपमा देखिन्छ । यति सानो भू-खण्डमा यति धेरै जाति, जनजाति र भाषाभाषीको अस्तित्व भएको सुन्दर देश अन्यत्र सायदै पाइएला । त्यसैले होला राष्ट्र निर्माता पृथ्वीनारायण शाहले घोषणा गरे झैं चार वर्ण छत्तीस जातको साझा फूलबारीको रूपमा यो भूभाग आज सम्म अखण्ड छ ।

कुनै पनि क्षेत्रको भौगोलिक संरचना अनुसार आवश्यकताहरूमा विभिन्नता पाइन्छ । ती विविध आवश्यकताहरूलाई उक्त भूभागबाट प्राप्त हुने स्रोतसाधनले पूरा गर्न सक्दैन । त्यसैले व्यापार विनिमयको माध्यमबाट आपसी सम्पर्कमा आउनै पर्ने बाध्यता सृजना हुन्छ । कर्णाली प्रदेशको सेरोफेरोमा हिन्दूस्थानको नुन यहाँ प्रवेश गर्नु भन्दा अगाडि जाडहरू चीनको सीमानामा गई भोटे नुन साटेर ल्याई आफ्नो भेडा बाखा माथि लाधी खत्याडखोला, सिँजा खोला, जुम्ला खलङ्गा, रकाल दरा, वारविस दरा, अछामतिर आई रातो चामल र उवासँग नुन साट्ने, वस्तुविनियम पद्धतिमा आधारित व्यापार हुन्थ्यो ।

मार्सी धानको रातो चामल उत्पादन गर्ने कृषक र नुन ल्याउने "नुन व्यापारी" बीच विश्वास हासिल गरी खाद्य र नुनको वस्तुविनिमय बजारलाई स्थायी रूपमा सुरक्षित बनाउन कैलास र मानसरोवरलाई साक्षी राखी मितेरीको साइनो जोड्ने चलन थियो । मितेरी लगाउँदा दुवै पक्षबाट धोखा नहोस् भनेर सबै धर्मको आस्थाको केन्द्र कैलास र मानसरोवरलाई साक्षी राख्ने चलन

---

१८ सूचना विभाग, पूर्ववत, सं. ३, पृ. २८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो ।[१९] यसरी सम्बन्ध कायम राख्ने चलन यद्यपि छँदैछ । कर्णाली प्रदेशतिर "दही चामल" (अक्षता) लाई कैलास र कलशको पानीलाई मानसरोवर ठानी तिनको प्रयोगबाट विशिष्ट किसिमको धार्मिक सम्बन्ध स्थापित गरिन्छ र त्यसको मान्यता जुग-जुग सम्म पालन गर्ने चलन कर्णाली क्षेत्रमा छ । मितेरी 'साइनो' गाँसेपछि दुवै पक्षको शरीर एउटै शरीरमा परिणत हुन्छ भन्ने मान्यता यहाँ पाइन्छ ।[२०] यसरी जाड र खस बीचको सम्बन्ध सदियौं देखि नङ्ग मासु जस्तै रहँदै आएको छ ।

मार्सी धानको रातो चामलसँग नुन साट्दा विभिन्न प्रचलित नापोको प्रयोग भएको पाइन्छ ।

(१) सरी : यसमा दुई नुनमा दुई चामल
(२) बत्यायो : दुई नुनमा तीन चामल
(३) चौपाँचो : चार नुनमा पाँच चामल
(४) दोपाँचो : दुई नुनमा पाँच चामल
(५) दून्या : दुई नुनमा चार चामल

यस प्रकारको नापोमा नुन र चामल वस्तु विनिमय पद्धति अनुसार कारोवार गरेको पाइन्छ ।

कर्णाली प्रदेशमा नुनको कारोवारको चर्चा गर्दा विस्तारै हिन्दूस्थानको आयोडिन युक्त नुनले नेपाल भित्र प्रवेश पाएसँगे उता भोटमा पनि चिनियाँहरूको प्रवेश सँगसँगै भौतिक हेरफेर पनि भयो । ताक्लाकोटमा पनि रातो चामलको सट्टा चीनबाट आएको चामल र मैदाको प्रयोग बढ्न थाल्यो । यसरी परम्परागत नुनको व्यापार लगभग ओरालो लाग्यो । यसो भए तापनि वस्तु विनिमयको स्थान मुन्द्राले ओगटयो र जाड र खसको परम्परागत सम्बन्ध आजसम्म पनि नङ्ग र मासु जस्तै छ । यो सम्बन्धलाई मानसरोवर कैलास जत्तिकै कञ्चन र अटल राख्नु पर्दछ ।

कर्णाली प्रदेशका बासिन्दा सम्पर्कको दृष्टिले दक्षिण तर्फको हिन्दूस्थानमा पनि जाने गरेको पाइन्छ । सिलाजित, जडीबुटीहरू, उनी कम्बल तथा अन्य वस्तुहरूको व्यापारका साथै न्यून ज्यालादरमा अदक्ष कामदारको रूपमा

१९ छक्क बहादुर लामा, 'कर्णाली क्षेत्रको खाद्यान्न, आपूर्तिमा 'क्याराभानको भूमिका', कर्णाली दर्पण, १ (४), (जुम्ला : वि.सं. २०५७), पृ. ४ ।

२० उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिउँदमा मजदुरी गर्ने परम्परा आजसम्म पनि कायमै छ। भाषा, संस्कृतिको दृष्टिकोणबाट सरल र सहज पहुँच भएकोले हिन्दूस्तान पनि आकर्षक गन्तव्य मानिन्छ। यस प्रदेशका बासिन्दाहरू घोडा व्यापारको लागि जोल्जिवी (बैतडी जिल्ला) जाने सदियौ देखिको परम्परा अझै कायम छ। घोडा व्यापारको लागि राजापुर, दाङ, त्रिवेणी, सल्यान जाने प्रचलन फाट्टफुट्ट अचेल पनि छ। यी ठाउँहरूमा घोडाको अतिरिक्त कम्बल र जडिबुटी पनि बेच्ने सदियौ देखिको प्रचलन थोरे भए पनि कायमै छ। कर्णाली प्रदेशको च्याखुरा (एक प्रकारको चरा) काठमाडौंको सोह्रखुट्टेमा बेच्ने परम्परा थियो।

एक्काइसौं शताब्दीको यो चरम विकसित युगमा यातायात र सञ्चारको तीव्र विकास भएको छ। जसबाट एउटा भौगोलिक इलाकाको अर्को भौगोलिक इलाकासितको आपसी आर्थिक निर्भरता बढ्न गई विश्व एउटा गाउँ जस्तो भएको छ। अर्को शब्दमा, यसरी भएको विकासले आपसी आदान प्रदानलाई ह्वात्तै बढाइदिएको छ। यसले गर्दा विभिन्न जातजातिको जनजीवनमा त्यसको प्रभाव परेको छ। मौलिक संस्कृति बोकेका कर्णाली प्रदेश जस्ता स्थानहरूमा सांस्कृतिक अतिक्रमण बढेको छ। तापनि यहाँका मानिसहरूले आफ्नो संस्कृतिप्रति त्यत्तिकै आस्था राख्दछन्। यहाँका बासिन्दाको अमिट छाप र अगाध श्रद्धाले नै यहाँको परम्परा आजसम्म जेनतेन जोगिएको छ। आजभोलि पनि कर्णाली प्रदेशमा श्रद्धापूर्वक पूजिने मष्टोलाई राउटे जातिले पनि आफ्नो कुल देवताको रूपमा पूज्दछन्। त्यस्तै धार्मिक आस्थाको केन्द्र मानसरोवर कैलासलाई सबै धर्मावलम्बीले त्यत्तिकै श्रद्धा देखाएकै छन्। यी कर्णाली प्रदेशका सांस्कृतिक आदान प्रदानका केही उदाहरण मात्र हुन्।

बृहत् सिँजा क्षेत्र (याचे) को सांस्कृतिक जीवन

लामा-विष्णुको अध्ययनको क्षेत्र सिँजाखोला उपत्यकामा पर्ने भएकोले यस भेकको सांस्कृतिक जीवनलाई प्रकाश पारिएको छ। सिँजाको सांस्कृतिक जीवनको चर्चा गर्दा जाडको संस्कृतिबारे चर्चा नगर्दा त्यो अधुरो हुने भएकोले बृहत् सिँजा क्षेत्र अन्तर्गत सिँजाको सांस्कृतिक सेरोफेरोलाई प्रकाश पार्दै वर्तमान कर्णाली अञ्चलको जडान क्षेत्रको सांस्कृतिक जीवनबारे सङ्क्षिप्त चर्चा गरिन्छ।

यस क्षेत्रको भाषा भेषभूषा, संस्कृति र जातीय क्षेत्रमा नेपालका अन्य क्षेत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तै विविधता पाइन्छ । उत्तरतिरका जाडको आफ्नो भाषा, भेषभूषा, संस्कृति छ । ती जाडहरूमा हुम्लाका व्यासी, थपाल्या, मुगुका मुगाल बीच विभिन्नता छ भने खसहरू बीच पनि सिँजा खोला, रकाल खोला, खत्याड खोला, पोरी जुम्ला (खलङ्गा), चौधबीस दरा, हुम्ला गल्फा दरा, आदि स्थानपिच्छे भाषा, भेषभूषा, संस्कृतिमा सामान्य भिन्नता पाइन्छ । यहाँको कठिन भौगोलिक वातावरणमा विकास हुन गएका धार्मिक परम्परा खेतीपाती सम्बन्धी प्रविधिको निपूर्णता, भाषामा प्रयोग हुने वाक्य र शब्दावलीको सम्पन्नता र यी सबैभन्दा पनि यहाँको इतिहासको गौरवमय गाथाको साथै यहाँका विभिन्न ऐतिहासिक स्थलहरू, पुराना शिलालेख, मुग्राहा, ढुङ्गे देवल, वीर स्तम्भ तथा ताम्रपत्रहरू आदिले वर्तमान जुम्ली जनजीवनलाई यहाँ फष्टाएको एउटा प्राचीन सभ्यताको प्रतीकको रूपमा लिन सकिन्छ ।[२१]

यस क्षेत्रको जातजातिलाई खस र जाडमा विभाजन गरिसकेपछि खसलाई भौगोलिक विशेषताको आधारमा जिउल्याल र डाँडापाखामा बस्ने मानिसहरू 'थर' अर्थात् 'पावै' (हाल 'पावै' भन्ने शब्द अपमानजनक शब्दको रूपमा लिइन्छ) मा विभाजन गरिन्छ । यस क्षेत्रमा पाइने कथित उपल्लो जातमा ब्राह्मण, क्षेत्री, ठकुरी र अन्य जातहरू पर्दछन् । त्यसैगरी व्यवसायिक जातहरूमा ढोली, ओड (सिकर्मी), सुनार, सार्की, लुवार (कामी), कुलाला, टमटा आदि यहाँ पाइने जातिहरू हुन् । यिनीहरू पहिले उद्योगपति थिए तर हाल आयातित शब्द 'दलित' प्रयोग गरेकाले दलित कहलाउँछन् । यिनीहरूलाई दलित भन्नु भन्दा व्यवसायिक जात भन्नु उपर्युक्त हुन्छ होला ।

पृथ्वीमल्लको वि.सं. १४१३ को दानपत्रमा 'साहनी' भनेर सम्बोधन गरिएको छ ।[२२] साहनी भनेका कुलाला हुन् । हाल मुगुको पिना गाउँमा साहनी छन् । सिँजा लुङ्कुको साहनी बाडा भन्ने बाडो छ तर साहनी छैनन् । पहिले साहनी भएको र पछि सन्तान नहुँदा उनीहरूको वंश निरन्तर भएन । जुम्लाका संस्थापक बलिराजको दानपत्रमा बेटवा दमाई दृष्टसाक्षी रहेका छन् ।[२३] मध्यकालमा दमाईलाई दृष्ट साक्षीको रूपमा लिइएकाले यिनीहरूको स्थान उपेक्षित नभएको बुझिन्छ । त्यसैगरी सनातन वैदिक धर्म (हिन्दू) को मूलस्रोत वेदमा छुवाछुत बारे

२१ सूचना विभाग, पूर्ववत, सं. ३, पृ. ४६२ ।

२२ योगी नरहरिनाथ, इतिहास प्रकाश, २ (१), (काठमाडौं : वि.सं. २०१३), पृ. ५२ ।

२३ सूर्यमणि अधिकारी, खस साम्राज्यको इतिहास, (काठमाडौं : वि.सं. २०६१), पृ. ११७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लेख छैन भनेर धेरै विद्वान्हरूले प्रकाश पारिसकेका छन् ।

यस इलाकाको उत्तरतिर वा जडान (जड क्षेत्र) तिर व्यासी, थपल्या, मुगाल खम्मा (खाम्मा) जस्ता जाडहरूको बसोबास छ । तिब्बती वा भोटे मूलका मानिसहरूलाई खस भाषामा जाड भन्ने चलन छ । कर्णालीका खस राजाहरूको इतिहास र पश्चिम नेपालको खस सभ्यताको इतिहासमा जडान र खसान क्षेत्रको विशेष उल्लेख पाइन्छ ।

यस भेकमा विभिन्न थरका बाहुन क्षेत्रीहरू छन् । क्षेत्रीका थरहरूमा भण्डारी, बिष्ट, सेजुवाल, राउला, कठायत, बुढाथापा, खड्का, रावल, बोहोरा, धरालो, पहाडी, महरी, बुढा (बुढो), महतारा, कुँवर, बुढाथोकी, बटाला, महत, भाम, पछाइ, बडुवाल, रोकाया, धामी, भक्री, बानिया, ऐडी, साउद, धामी, बुमी, लम्पाल, रानाबुढा, फार्स्या, हितान आदि हुन् । यहाँका क्षेत्रीहरूलाई स्थानीय भाषामा 'थर' वा 'थरी' भनिन्छ ।

यस क्षेत्रमा भएका ब्राह्मणका थरहरूमा न्यौपाने, पण्डित, अधिकारी, चौलागाइँ, जोइसी, देवकोटा, ढकाल, काफ्ले, गौतम, भट्ट, आचार्य, तिवारी, सञ्ज्याल, खाती, धिताल, प्याकुरयाल, दाहाल, घोडासैनी, धमाला, रिजाल, पाण्डे, सिम्खाडे (सिंम्खाडा), नेपाल आदि । सामान्यतया उपाध्याय बाहुनले आफ्नो नामको पछाडि उपाध्याय वा पाध्या लेख्ने चलन छ, कसै कसैले शर्मा पनि लेखेको पाइन्छ ।

यहाँका ठकुरीहरूको थर अन्यत्र जस्तै शाह, शाही, मल्ल, बम, सिंह लेखेता पनि यिनीहरूको वास्तविक थरको नामहरू रासकोटे, बारकोटे, कलेल, रकाल, छन्त्याल, बारेकोटया आदि हुन् । यी ठकुरीहरूका गोत्र पनि फरक-फरक हुन्छन् जस्तो कि कलेल शाहीको रवी गोत्र, बारकोटे शाहीको रैका गोत्र, छन्त्याल मल्लको आतस्य गोत्र आदि ।

जीवनचक्र

सिँजा उपत्यकाका बासिन्दाको जीवनचक्रमा सबभन्दा पहिलो अवस्था बच्चाको जन्मबाट सुरु हुन्छ । जीवनचक्रमा सुरुमा जिउलाको, त्यसपछि डाँडापाखाको र अन्तमा जाडको वर्णन गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. जिउलाको जीवनचक्र

जन्म संस्कार : पहिले सुत्केरी आइमाई गाई गोठमा राख्ने चलन थियो। मानिस बस्ने तलाको मुनितिर गाईवस्तु राखिन्छ; गाईवस्तुलाई यहाँ लक्ष्मी भनिन्छ। गाई गोठमा हरेक वर्ष नाग पञ्चमीमा पूजा गरिन्छ। नाग खुसी भएमा घरमा शुभ लक्षण आउँछ भनिन्छ। लक्ष्मीलाई नागको वरदान मानिन्छ। त्यसैले सुत्केरी आइमाई गोठमा राख्दा भूतप्रेतले प्रभाव पार्न नसकुन् भनेर माछा मार्ने जाल, खुकुरी, तरवार, खुँडा आदि साथमा राख्ने चलन छ। स्थानीयहरूको भनाइ अनुसार यहाँका कुलदेवताले सुत्केरीलाई घरमा राख्न छुट दिएकाले गोठमा राख्ने चलन लगभग हराएको छ।

सुत्केरीलाई घरमा राख्दा पूजा कोठा बाहेकको सबभन्दा सुरक्षित कोठा जस्तो भण्डार कोठा, भान्सामा राखिन्छ। घरमा राखेपनि ती महिलाको साथमा माछा मार्ने जाल, खुकुरी, तरवार, खुँडा राख्ने गरिन्छ, यसो गर्दा भूत, प्रेत, डङ्गिनीले विगार्न सक्दैनन् भन्ने विश्वास रहेको पाइन्छ।

बच्चा जन्मेपछि 'नाइ बेडाउने' (नाभि काट्ने) र नूहाइधुवाइ गर्ने चलन छ। धेरै पहिले घडी नहुँदा दिनमा सूर्यको, रातमा चन्द्रमाको र औंसी परेमा झरो (सल्लाको दियालो) वा बत्ति बालेर छायाँ पाइलामा टिपेर राख्ने अनि त्यसैको आधारमा ज्योतिषीले कुन साइतमा जन्मेको भन्ने पत्ता लगाउँदथे। यसरी खुट्टाका पाइलाले छायाँ नाप्दा यदि आखिरी पाइलो पूरा भयो भने छोरा अनि यदि पाइलो आधा भयो भने छोरी हो भनेर अनुमान गरिन्थ्यो रे ! यसरी बच्चाको लगन टिपेपछि छोरा जन्मेको भए बन्दुक पट्काउने गरिन्छ। बन्दुक ठकुरी, क्षेत्रीकोमा प्रायः पट्काउँछन् भने बाहुनकोमा अलि कम पट्काइन्छ। बच्चा जन्मने बित्तिकै दमाहा, सहनाइ, झ्याली जस्ता बाजा पनि बजाइन्छ। वरपरका मान्यजन र बाजे बज्यैलाई दूबो, फूल लगाउने चलन छ। पहिले-पहिले सुरुमा बच्चा जन्मदा बच्चाको बुबा लुक्ने चलन थियो। मंगलेरी (मंगल गाउँने) हरूले प्रत्येक दिन षष्टी पूजासम्म माँगल गाउँदछन्।

बच्चा जन्मेको छ दिनमा मैतालु (नाता गोताका छोरी बहिनीहरू) बाट भोटो काँठो (बच्चाको लुगा र घाँटमिा लाउने काँठो) ल्याउने गर्दछन्। भोटो काँठो प्रायः छैठौं दिनमा हुने षष्टी पूजामा ल्याउने गरिन्छ। त्यसलाई यहाँ 'भोटो काँठो लाउने" भनिन्छ। षष्टी पूजामा हवन गरिन्छ र बच्चालाई आमाबाट समातेर बच्चाको फुपू वा सुत्केरीको नन्दले जग्गेमा ल्याउँदछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुत्केरीलाई उनी बसेको स्थानमा नै दहीचामल लगाउने र पैसा दिने गरिन्छ। बच्चालाई गोठबाट वा सुत्केरी बसेको कोठाबाट जग्गेसम्म ल्याउँदा भूतप्रेम, डङ्किनीले बिगार्न नसकुन् भनेर खुकुरी अगाडि लाएर ल्याइन्छ। यस क्षेत्रमा सुत्केरीलाई घरको सुरक्षित कोठामा राख्ने र सुत्केरीको साथमा माछा मार्ने जाल, खुकुरी, खुँडा, तरवार राख्ने चलन हिजो आज पनि छ। षष्टी पूजामा बालकको दिर्घायु होस् ग्रह राम्रा रहुन् भनेर चण्डी पाठ गर्ने चलन पनि छ। जग्गेमा चण्डी लगायत वेद मन्त्र पनि पाठ गरिन्छन्। हवन गर्दा लामालाई पनि सम्झने गरिन्छ।

कसै कसैले सुरुमा बालक जन्म्यो भने छैट खेलाउने पनि गर्दछन्। यस्तो खेलमा आईमाई-आइमाई र लोग्ने-लोग्नेले चुड्किला (माया प्रेम बाहेकका गीत) बाट खेल सुरु गर्दै अरू सबै सन्दर्भहरू गीतमा परेका हुन्छन्। यस क्षेत्रमा माया प्रेमका गीत केटाकेटी (ठेटा छोट्टी) बीच मात्र गाइने गरिन्छ। पहिले-पहिले मान्यजनका अगाडि 'गीत' भन्ने शब्द पनि उच्चारण गरिँदैन थियो। 'गीत' भन्ने बित्तिकै लुकिछिपी छोट्या छोट्टी बीच गाइने मायाप्रेमका गीतलाई प्रायसः जनाउँदछ।

छैठ खेल्नेमा बालक जन्मेको दिनदेखि एक दुई घण्टा खेल्दै छ दिन भएको दिन रातभरि खेलेर रात बियाउने गरिन्छ। यसरी ६ दिनको रातबाट खेलेर सात दिनको बिहान ९।१० बजे सम्ममा टुङ्ग्याइन्छ। यस्ता खेलहरू कम्तिमा दुई वटा देखि पाँच/सात वटा सम्म हुन्छन्। छैंट खेल्न टाढा टाढाबाट मानिसहरू (खास गरी सिपालु खेलाडीहरू) आएका हुन्छन्। आइमाई-आइमाईको छुट्टै खेल हुन्छ। प्रत्येक खेलमा दाउरा अनि रूखका मुडा बालेका हुन्छन्। यी खेलमा आ-आफ्नो समूहमा दुईतिर लागेर खेलिन्छ। यसरी टाढा-टाढाबाट छैंट खेल्न आएकाहरूलाई कतै-कतै खाना खुवाउने चलन पनि छ। सगुन त सबै खेल्लेउडा (खेलका सहभागी गायकहरू) लाई बाँडिन्छ। यस्ता खेलमा सिपालु गायकको खुब प्रशंसा र मान हुन्छ।

यसरी प्रत्येक खेललाई जात हेरेर राँगा वा खसी दिने चलन छ। खेलमा कुनै जातीय भेद्भाव हुँदैन। व्यवसायिक जातका मानिसहरू ब्राह्मण क्षेत्री जस्ता कथित उच्च जातसँग खेलमा कुममा-कुम, हातमा हात मिलाएर लागेका हुन्छन्। तर जात हेरेर राँगा खानेले राँगाको भाग र खसी खानेले खसीको भाग लिन्छन्। ती खेल्लेउडाले मासुको भाग लिन्छन् भने गाउँलेलाई बिलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(भागभन्दा सानो इकाइ) दिइन्छ । भोटो काँठो ल्याउने मैतालुलाई उनीहरूले सगुन ल्याएको छाप्रीमा कपडा, ओढ्ने खास्टो आदि राखेर फर्काइन्छ ।

षष्टी पूजामा फुपूले बच्चालाई काखमा राख्दा काँसको थाल वा वटुको च्यापेकी हुन्छन् । पछि त्यो थाल वा वटुको फुपूको हुन्छ । धेरै फुपू भएमा जेठी फुपूको रेख हुन्छ । फुपूले काखमा बच्चा राखेर किन काँसको भाँडा काख मुनि राखिन्छ भन्ने बारेमा एउटा छोटो कहानी यहाँ प्रस्तुत गरिएको छ ।[२४]

बच्चा जन्मिसकेपछि छाप्री लिएर दुईवटी बच्चाकी फुपू मध्ये धनी सरासर माइत तर्फ आइछन् भने गरिब चाहिँ विस्तारै आइछन् । ती फुपू विस्तारै आउने क्रममा बाटोमा दुई जनाले पत्थर निकाल्दै गरेको देखिछन् । अनि ती फुपूले पत्थर किन निकाल्न लागेको भनेर सोधी छन् । अर्की धनी सरासर हिँडेकीले त्यो देखिनछन् । ती पत्थर निकाल्ने मानिसले भनेछन् : "त्यो भोटो काँठो लिन लागेको घरको बच्चा छैटी (षष्टी पूजा) मा मर्ने छ । बच्चा मरिसकेपछि त्यसका बुबा आमाले धेरै पीर गर्ने छन् । उनीहरूको पीडा कम होला भनेर बाबाको मुटु थाम्ने यो ठूलो पत्थर र आमाको मुटु थाम्ने यो सानो पत्थर निकाल्न लागेका हौ ।" यस्तो नरमाइलो कुरा सुनेपछि ती फुपूले आत्तिएर बच्चा बचाउने उपाय भए बताउन अनुरोध गरिछन् ।

बच्चा बचाउने जुक्ति बताउँदै एकजनाले भनेछन् : "बच्चालाई टोकेर मार्न तीनवटा भँवर (भुँवरा) आउने छन् । ती भँवर मध्ये एउटालाई ताईमा भुट्ने; अर्कोलाई बच्चाकी आमाले खुट्टामुनि च्याप्ने र बाँकी रहेको भँवर आकाशतिर जाने छ । बच्चा आमाबाट आफूले लिनु । बच्चा फुपूले काखमा लिएपछि बाँच्ने छ ।" जुक्ति सहित तिनी बच्चा जन्मेको घरतिर लागिछन् षष्टी पूजा गर्ने बेला पुगे पनि फाटो लुगा लगाएकीले उनी भित्र नगएर घर बाहिरै बसिछन् । भित्र घरमा बच्चा आमाको काखमा मर्न लागेछ । ती घर बाहिर बसेकी गरिब फुपूले बच्चा म बचाउँछु भनीछन् तर विश्वास कसैले गरेनछन् । अनि उनी जिद्दि गरेर घरभित्र पसिछन् । भित्र पसिसकेपछि बाटोमा पत्थर निकाल्नेहरूले भनेको उपाय अपनाइछन् । उनले बच्चा आफ्नो काखमा लिन्छन् । त्यसपछि बच्चा रून थालेछ । मान्छेहरू जिल्ल परे । तिनी बच्चाकी फुपू वा बच्चाकी आमाकी नन्दले बच्चा मैले बचाएँ भनेर बच्चा फिर्ता गर्न नमानेको र अन्तमा भाउज्यूले सुन, चाँदी, पैसा दिए पछि बच्चा आमालाई फर्काएको कुरा

---

२४ सिँजा लुङ्कु निवासी, श्रीमती अशंक उपाध्यायबाट प्राप्त सूचनामा आधारित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहानीमा छ ।

आजभोलि पनि षष्टी पूजा गर्दा बच्चाकी फुपू वा बच्चाकी आमाकी नन्दले बच्चा काखमा लिएर मुनितिर काँसको थाल वा बटुको राखेकी हुन्छन् र त्यो थाल वा बटुको पछि ती फुपूले लिएर जाने चलन हुन्छ । भाउज्यूले बच्चा माग्ने अनि नन्दले बच्चा दिन इन्कार गर्ने र अन्तमा भाउज्यूले "सिउती सेरो लैजाउ नन्द, धन पेटारो (तामाको सानो वाकस) लैजाउ नन्द, ल्हास घोडो लैजाउ नन्द, मेरो बालो देउ" भन्ने गरिन्छ । नन्दले पनि भाउज्यूलाई "बाँचीजुडी रहया भाउज्यू, भरीपूरी भया" भनेर आशिष् दिने चलन छ । त्यसपछि भाउज्यूले नन्दलाई रूपैयाँ, पैसा, सुन दिएर खुसी पारे पछि बच्चा भाउज्यूलाई फर्काउने गरिन्छ ।

हिजोआज पनि जौ वा गहुँको पीठो मुछेर तीनवटा भँवर बनाइन्छ । एउटालाई ताईमा भुट्ने; अर्कोलाई भाउज्यू (सुत्केरी) ले खुट्टा मुनि च्याप्ने र बाँकीलाई आकाशतिर फ्याँक्ने गरिन्छ । आजभोलि पनि पीठो मुछेर साना चक्का बनाएर एउटालाई बाबाको छातीमा अर्कोलाई आमाको छातीमा टाँसिन्छ । यसरी पीठाका चक्का छातीमा टाँस्नेलाई "छाती पत्थर लाइन्या" भनिन्छ ।

आजभोलि पनि भोटो ल्याउने बेला फुपूको भोटो काँठोको मान्यता गरिन्छ । धेरै फुपू भएमा जेठी फुपूको रेख हुन्छ । बालकलाई भोटो लाउँदा मावलीको भोटो भित्र त्यस बाहिर फुपूको भोटो लगाउने चलन छ । मैतालु (माइतीमा छाप्री लिएर आएका चेलीहरू) ले ल्याएको छाप्री फर्काउँदा सकभर सबैलाई नभए जेठी फूपूलाई डौंटो (एक प्रकारको बुट्टा भएको आइमाईले ओड्ने लुगा) दिने गरिन्छ । डौंटोमा पनि "पर्कावादी डौंटो" लाई राम्रो मानिन्थ्यो । आजभोलि ओर्ना हाल्ने चलन छ ।

बालक छ दिन पुगेको राती बालो (बालकको नमूना भएको पुतली) बनाएर नचाउने चलन छ । बालो नचाउने बेला "गृह उज्यालो पारेस् बाला, भाग्यमानी भयस् बाला, कुलको इज्जत राखेस् बाला" आदि भनेर आशिष् दिइन्छ । मंगलेरीहरूले सबै दिन मङ्गल (माँगल) गाउँछन् । छोरा जन्मदा र बालोको नाउँमा दान गर्दा छुट्टा छुट्टै माँगल (मंगल कार्यको बेला गाइने माँगल) गाउने गरिन्छ । बालोलाई हातमा लिएर एकै ठाउँमा बसेर नचाउने गरिन्छ । न्वारान जन्मेको नौ दिनमा गरिन्छ । त्यसलाई यहाँ "न्वाँन्नी गर्न्या" भनिन्छ । त्यस दिन ब्राह्मणले कानमा बच्चाको नाम फुक्ने गर्दछन् । त्यसबेला जग्य गरी ग्रहदान गरिन्छ । ग्रहले खोजे अनुसारको वस्त्र र धातु दान गरिन्छ । गाउँका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरेक परिवारको एकजनालाई भोज खुवाइन्छ ।

अन्नप्रासन गर्दा छोरालाई सामान्यतया जोडा महिनामा जस्तो ४, ६, ८ र छोरीलाई बिजोडा (३, ५ ७) महिनामा गरिन्छ । अन्न प्राशन गर्ने दिन सरसफाइको काम पश्चात् ब्राह्मणले अन्नप्राशनको श्लोक पढ्छन् र जुन व्यक्तिको राश जुरेको छ सो व्यक्तिले बच्चालाई चाँदीको सिक्का वा सुनको टुक्राले खीर, टाटया लगायतका धेरै परिकार चखाउने गर्दछन् । यसरी सकभर धेरै परिकार बनाउने हुनाले यहाँ "पञ्च परिकार, छत्तिस ज्यूनार र चौरासी व्यञ्जन" भनिन्छ । त्यसपछि घरको वा गाउँको सबभन्दा पाको मान्छेले लट्ठी टेकेर बच्चालाई पिठ्यूमा बोकेर बाहिर ओटालो (आँगन) सम्म घुमाएर ल्याउँछन् । यसलाई "देश डुलाउने" भनिन्छ । यसरी सबभन्दा पाको मान्छेले लट्ठी टेकेर बच्चा बोक्नुको अर्थ त्यो बच्चा पाको उमेरसम्म, लट्ठी टेकुञ्जेल बाँचोस् भन्ने हो ।

यस क्षेत्रमा छोरी, बहिनी पहिलो पटक रजस्वला भएमा सात दिन पछि टीका लगाउने पैसा दिने गर्दछन् । घरका तर्फबाट छोरी बहिनीलाई सुन, चाँदीका गहना बनाइदिने गरिन्छ । छुइ (रजस्वला) हुने पनि शरीरमा हुने धेरै परिवर्तन मध्ये एउटा हो । यस्तो समयमा यहाँ छुट्टै बस्ने, तातो खाना दिने, पूजा कोठा, भान्सा कोठा नछुने गरिन्छ । यहाँ छुइलाई भान्सामा नलगाउने हुँदा आराम गर्न दिइन्छ । यति सम्म कि तिन दिनदेखि मात्रै नुहाउने गर्दछन् । पहिले महिलाहरूले सेनीटरी नेपकीन प्रयोग गर्ने चलन थिएन । तर आजभोलि टी.भी.मा सेनीटरी नेपकीनको व्यापक प्रचार, तालिम आदिले यस क्षेत्रका महिलालाई पक्कै पनि सजिलो त बनाएको होला तर यसले गर्भासयको रोग निम्त्याएको सुनिन थालेको छ । अझ असुरक्षित गर्भपतन सेवा, अस्थायी साधन आदिले एकातिर जनसङ्ख्या नियन्त्रण त पक्कै भएको छ भने अर्कोतिर यस्ता साधनबाट प्रवाह हुने रसायनले यस क्षेत्रमा क्यान्सर र यस्तै अरू नयाँ रोगहरू देखा पर्न थालेका छन् । त्यसैले कथित रूढिवादी चलन, व्यवहार तथा परम्परा विकासेको दावा भन्दा ठ्याम्मै उल्टो, प्रकृति तथा मानिसको लागि कम घातक पो थियो कि त ! भन्न सकिन्छ । यसो भए तापनि कुरीति त्याग्नै पर्दछ ।

चूडाकर्म :

छोराको हकमा दाँत साटे पछि अर्थात् छ वर्ष देखि १२ वर्षको बीचमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चूडाकर्म गर्ने चलन यस क्षेत्रमा थियो । तर आजभोलि यो उमेरमा भन्दा अलि बढीमा व्रतबन्ध गर्ने चलन छ ।

चूडाकर्म (व्रतबन्ध) को सुरुमा चिउरा कुट्ने, पीठो कुट्ने (घरको ओखलमा कुटेको चामलको पठिोमा चीनी राखेर ढिँडो बनाउन), सरसफाइ गर्ने गरिन्छ । यो ढिँडो यहाँको मौलिक परिकार हो । व्रतबन्ध लगायत शुभकार्यमा ढिँडो बाड्ने चलन हुन्छ ।

चूडाकर्म (व्रतबन्धको) सुरुमा 'नान्यमुखी' गरिन्छ । नान्यमुखीमा सात वटा ओखर, दही, जनै, सुपारी आदिको आवश्यकता पर्दछ । माँगल गाउँने अनि ओखरका गेडाले पिण्ड दिएजस्तै गरेर तीन पटक विधि गरिन्छ । यसमा पितृलाई सम्झने गरिन्छ । कलशको पूजा पनि गरिन्छ । नान्यमुखी गर्ने प्रमुख कारण व्रतबन्धको मिति तय भइसकेपछि कुल गोत्रमा कसैको मृत्यु भयो भने यस्ता शुभकार्यमा बाधा नहोस् भन्ने नै हो । तर एकाघरका कसैको मृत्यू भएमा भने व्रतबन्ध विवाह छेकिन्छ ।

पहिले-पहिले विवाह व्रतबन्ध गरेर कम्तिमा ब्याउलो (दुलाहा) ले तीन रात जग्गेमा बिताउनु पर्दथ्यो । एक/दुई दिन ग्रहशान्ति मै बित्दथ्यो अनि मात्र व्रतबन्ध बिहेका विधि विधानहरू पूरा गरिन्थे । यसरी तीन रात जग्गेमा बिताउनु पर्ने हुनाले "तीनराते ब्याउलो" भन्ने गरिन्थ्यो । तीन रात अनिदो बस्नु पर्ने हुनाले ब्याउलोले हाईहाई गर्दथे रे । तर आजभोलि एक रात व्रतबन्ध अनि अर्को रात विवाह गरिन्छ । यदि विवाह र व्रतबन्ध छुट्टाछुट्टै समयमा गरियो भने एक एक रात ब्याउलाले जग्गेगोठमा बिताउनु पर्ने हुन्छ ।

व्रतबन्धमा नान्यामुखी दुई/चार दिन अगाडि नै गरिसकेको हुन्छ। त्यसपछि ओड्ना छेक्ने (लुगा छेक्ने) गरिन्छ । "ओड्ना छेक्ने" अन्तर्गत आफ्ना कुल देवता मष्टा, भवानी र अन्य देवदेवी लगायत पितृलाई पनि सम्झदै रातो सेतो धजा (कपडा) चीर्ने, ब्याउलालाई आँगो (तल देखि माथि सम्म हुने सेतो जामा जस्तो लुगा) सिलाउने, झालरी (रातो, सेतो कपडाको टाउको पछाडि लगाउने झल्लरी) बनाउने गरिन्छ ।

यस क्षेत्रमा ब्राह्मणको व्रतबन्ध हुँदा नान्यमुखी गर्नुभन्दा अगाडि अरू जातिले भात खान बोलाउने चलन छ । व्रतबन्ध गरिसकेपछि आफ्नो भात-भान्सा बाहेकमा खान नमिल्ने हुँदा त्यसो गरिएको हो । यसरी बिहे भन्दा अगाडि ब्याउलीलाई पनि भात खान बोलाउने चलन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज राति व्रतबन्ध गर्नु छ भने बेलुका पख "स्याउलीदार" (सल्लाका रूखका हाँगा वा झुप) ल्याउने, दूवो कोर्ने गरिन्छ। स्याउलीदार ल्याउने बेला दमाहा बजाउने सहित साथीभाइ जान्छन् भने दूवो भएको स्थानमा दूवो र माटो लिएर आउँछन् र जग्गे स्थापना गर्दछन्। दूबो-माटो लिएर आउनेलाई "दूबो कोर्ने" भनिन्छ। दूबो कोर्ने बेला बाजा बजाउने एउटा मान्छे, ब्राह्मण र साथीभाइ जाने चलन छ। ब्राह्मणले उपर्युक्त स्थानको माटो ल्याउन धर्को हाले पछि दूवो र माटो ल्याउने गरिन्छ। यसरी जग्गे स्थापना गरिसकेपछि गाईगोठमा व्रतबन्ध (चूडाकर्म) प्रारम्भ गरिन्छ। गुरूले मन्त्र सुनाउनु भन्दा अगाडि ब्याउलाको जिब्रो जौंको पीठो र गाईको गोबरमा सुन वा चाँदीले छोएर डाम्दछन्। ठट्टा गर्दै व्रतबन्ध गसिकेकाहरूले नगरेकालाई जौंको पीठो र गाईको गोबरका लड्डु खानु पर्छ है तिमीहरूको व्रतबन्ध गर्दा भन्ने गरेको पाइन्छ। सुन चाँदीले जिब्रो डाम्दा गाईको गोवर र पवित्र अन्न जौं को पीठोले त्यस पूर्व नखाने वस्तु खाएको रहेछ भने पनि शुद्ध पवित्र बनाउँदछ भन्ने मान्यता छ।

गाई गोठमा अरू विधिहरू सहित गायत्री मन्त्र सुनाउने र गुरूले उपदेश दिने गर्दछन्। यसभन्दा अगाडि ब्याउलाको कपाल खौरने र नुहाउने गरिन्छ। कपाल खौरदा मामाले खौरने चलन यहाँ छैन। कपाल खौरनेलाई फेटा दिने चलन छ। त्यसपछि केही विधि पूरा गरेपछि ब्याउलाले पहँलो बस्त्र पहिरेर, झोली, मेखला, सहित कपालमा पनि पहँलो वस्त्र बाँधेर जोगी बन्नु पर्दछ। जोगीले जग्गे गोठमा बसेका मानिसहरूसँग भिक्षा माग्दछन्। जोगी बनेर भिक्षा माग्दा ब्याउलाले बेतको लठ्ठी पनि टेकेका हुन्छन्। यसरी भिक्षा माग्ने क्रममा सुरुमा ब्याउलाकी आमाले एक पाथी चामल दिनु पर्दछ। जोगी घुम्ने क्रममा दोस्रो पटक दुई माना चामल र तेस्रो पटक भिक्षा माग्दै जग्गे घुम्ने क्रममा आमाले एक माना चामल भिक्षा हाल्ने चलन छ। त्यसैगरी अरू परिवारका सदस्य र अन्य छिमेकीहरूले पनि भिक्षा हाल्ने गर्दछन्।

भिक्षाको क्रमसँगै ब्याउलाले देशान्तर जाने जिद्दि गर्दछन्। बुबा आमा र गुरूको सुरुमा नपठाउने मनसाय हुन्छ। तर पछि जिद्दि गरेपछि गुरूले राम्रो ज्ञान हासिल गर्नु, धर्म गर्नु, कुल धर्म नछोड्नु, मातापिता गुरू र राजाको आज्ञा पालन गर्नु, विद्या पढ्नु, साधुसन्तको कुरा सुन्नु, देवी देवताको पूजा दर्शन गर्नु, अरूलाई दुःख नदिनु, सधैं सकारात्मक धारणा राख्नु भनेर उपदेश दिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसलाई यहाँ देशान्तर सुनाउने भनिन्छ । देशान्तर जाने बेलामा "नजा बाबा देशान्तर" भनिन्छ भने मङ्गलेरीले पनि "नजा बाबा गोविचन्द" भन्ने गरेको पाइन्छ । गुरूले बुवा भनेका शङ्कर भगवान् हुन; आमा पार्वती हुन्; गुरू केदार हुन्, बन्धुवान्धव तीर्थस्थल हुन् छोडेर नजाउ भनेका हुन्छन् ।

जिद्दि गरेर देशान्तर जाने क्रममा गुरूले पुस्तक पढ्नु ज्ञान हासिल गर्नु भनेर पुस्तक दिएका हुन्छन् । आमाले दूध चिउराका तीन वटा पोका बनाएर देश डुल्नेबेला खानलाई दिएकी हुन्छिन् । त्यसपछि ब्याउलालाई बाहिर ल्याएर सूर्यनारायणको दर्शन गराउँदछन् र चार दिशा हेर्न लगाउँदछन् । देश डुल्न जाने बेला ब्याउलो जत्रो भए पनि आमाको दूध चुसेर मात्र बाहिर जाने चलन छ । देशान्तरबाट मामा, बोव (बाजे) वा अन्य मान्यजनले फर्काउँदछन् । अर्थात् मान्यजनले गोठ बाहिरबाट जग्गेमा ब्याउलालाई फर्काउँदछन् यसलाई "देशान्तरबाट फर्केको" भनिन्छ । देशान्तरबाट फर्केपछि ब्याउलाले गुरूलाई एउटा पोको र पुस्तक दिन्छन् । अर्को पोको मङ्गलेरीलाई दिन्छन् भने बाँकी पोको साथी भाइलाई दिन्छन् । यी तीन पोकामा आमाले दूध चिउरा हालेर आफ्नो दूध चुसाएर ब्याउलालाई देश डुल्न जाने बेला दिएकी हुन्छन् । ब्राह्मण (मन्त्र सुनाउने गुरू) ले देशान्तरबाट के विद्या सिकेर आयौ ? के के गऱ्यौ भनेर सोध्दछन् । उनले पनि यो-यो गरे भनेर जवाफ दिन्छन् । गुरूले फेरि माथि जस्तै उपदेश दिन्छन् । जोगीका लुगा राखेर ब्याउलाले लगाउने लुगा फेर्दछन् । ब्याउलाले आँगो, झ्यालरी, माथमा सेतो फेटा, गलामा, गौरीशङ्कर (एक प्रकारको रूद्राक्षलाई सुनले बाँधेको गहना), डोरी चाँदीको भएको बीज (सुनको गहना) लगाउँदछन् । यी गहनाहरू र लुगा विवाहको बेला पनि लगाउने गरिन्छ । यी लुगा गहनाका अतिरिक्त, अँचला (एकातर्फ रातो वा सेतो एकातर्फ पहँलो कपडा काखीको दुवै पट्टि बाँध्ने), सेतो पटुका अनि पटुकामा आर्सो (पनिउँ जस्तो अलि चाकलो तामाको वस्तु) राखिन्छ । आर्सोमा अष्टदलको चीनह हुनु अनिवार्य मानिन्छ । यदि अष्टदलको चीनह छैन भने त्यो ब्याउलाको पटुकाको अगाडितिर कोच्ने आर्सोमा 'अष्टदल' रातो पहँलो रङले बनाउनु पर्ने हुन्छ, यसलाई यहाँ "आर्सो सिँगार्ने" भनिन्छ । आर्सो सिगार्ने बेला ब्याउलोलाई पनि सिँगार्ने गरिन्छ । सिँगार्ने बेला वरिपरि पहँलो बीचमा रातो भएको "गाभेटीका" निधारमा लगाइदिने चलन छ । ब्याउलोलाई बोकेर जग्गेगोठबाट घर सम्म पुऱ्याउने चलन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसपछि घरपैसो (घरपैंचो) गर्ने काम हुन्छ । ब्याउलाले ढोकामा दैचावल (दही-चामल) लगाउँदै भित्र गलैंचा ओछ्याएको स्थानमा बस्दछन् । त्यहाँ ब्याउलालाई घरका र छिमेकीले टीका लगाउँदछन् । टीका लगाउँदा आशीर्वाद पनि दिने गरिन्छ । टीका लगाउने बेला ठकुरी लगायत ब्राह्मण, क्षेत्रीमा ब्याउलालाई "रिटाउने वा रिताउने" दिने चलन हुन्छ । रिटाउनेमा दिएको जग्गा, गाई, घोडा वा अन्य वस्तुमा अंशवण्डाको बेला भाग लाग्दैन । रिटाउने खास गरेर घरका बुबा, आमा र अरू परिवारले दिने चलन छ । ब्याउलो देशान्तरबाट फर्किएर आएकाले यो रिटाउने दिने चलन चलेको हो भनिन्छ ।

व्रतबन्धको हरेक चरणमा मङलेरीले माँगल गाउँने क्रम निरन्तर रहन्छ । व्रतबन्धको अर्को दिन वरपरका गाउँले र आफन्तलाई भोज खुवाइन्छ । ब्याउलोलाई सिँगारेर थाडा (घरको छत) मा राखेका हुन्छन् । भोज खान आउनेले ब्याउलोलाई रूपैयाँ पैसा उपहार दिने चलन छ । व्रतबन्धमा पनि मैतालु (छोरी, बहिनी र नाता गोताकी छोरी बहिनी) ले ल्याएका छाप्रीमा लुगा, कपडा हालेर फर्काउने चलन छ । व्रतबन्धमा बोलाएकी मैतालु मात्र आउँदछन् । यसरी मैतालु पठाएपछि व्रतबन्धको कार्यक्रम समाप्त भएको मानिन्छ ।

विवाह :

सिँजा भेकको जिउलातिरको व्रतबन्ध बारेमा माथि वर्णन गरियो । यहाँ जिउला भेक कै विवाहको बारेमा चर्चा गरिन्छ । मितव्ययिताको दृष्टिले प्रायः व्रतबन्ध र विवाह एकैपटक गर्ने गरेको पाइन्छ तापनि समय परिस्थिति हेरेर फरक-फरक वर्षमा व्रतबन्ध र विवाह गरिन्छ ।

यस भेकको जिउला इलाकातिर 'भ्या' (विवाह) धेरै प्रकारले गर्ने गरेको पाइन्छ । यसो भए तापनि यस क्षेत्रमा प्रायः "भ्या गर्न्या" भन्नाले समाजले स्थापित गरेका विवाह संस्कारका चरणहरूलाई बुझाउँदछ । अरू प्रकारका विवाहलाई यहाँ भ्या भने तापनि अगाडि वा पछाडि केही शब्द जोडिएका हुन्छन् । उदाहरणको लागि "जारीक्या उरालेर ल्यायाको भ्या" (जारी तिर्ने गरी ल्याएकी आइमाई), "टिपेर गर्न्या भ्या" (केटी चोरेर गर्ने विवाह) र "उफ्फल उरालेर गर्न्या भ्या" (कन्या केटी भगाएर गरिने विवाह) । यी भ्याहरूमा पनि सबै विधिको प्रयोग नभए पनि धेरैजसो वा केही विवाहका चरणहरूको प्रयोग भएको पाइन्छ । यस्ता विवाहमा प्रयोग हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधिका चरणहरूलाई केही छोट्याइएको हुन्छ । उदाहरणको लागि 'जारीक्या उरालु" ल्याएको छ भने घरको ढोकाभित्र पस्ने बेला दहीचामल लगाउने, घरपैसो गर्ने विधि लगायतका प्रक्रिया मै भ्या समाप्त हुन्छ । त्यसैगरी "उफ्फल उरालु" (मायाप्रेम बसेर ल्याएको) छ भने ब्याउलाको घर मै विवाह गरिन्छ । यदि माइती पट्टिकाले समयमै थाहा पाएर खुसी भै ब्याउलाका घरमा भ्या नगर्न अनुरोध गर्दै जन्ती वा बटौरु (सानो आकारको जन्ती) लिएर आउन भन्दछन् । यस्तो भ्या मा अरू विधिहरू सबै लागू भए पनि कुटिरो ख्वाउने, भ्या माग्ने जस्ता विधिहरू कार्यान्वयनमा आउँदैनन् ।

"टिपेर गर्न्या भ्या" मा केटी पक्षका सबैको मञ्जुर नभएर परिवारका केही सदस्यको आडमा केटी टिप्ने (चोर्ने) गरिन्छ । अर्थात् परिवारका केही सदस्य मात्र मञ्जुर भएको अवस्थामा टिप्ने गरिन्छ । यसरी टिपेर लिएकी केटीलाई केटाको घरमा भ्या गर्ने चलन छ । केटी टिपिसके पछि केटी पक्षकाले ठीकै छ भने ब्याउला पक्षलाई जन्ती वा वटौरू ल्याएर माइती मै भ्या गर्न अनुरोध गर्न सक्दछन् । अपवादको रूपमा टिपेकी केटीलाई केटी राखेको स्थान पत्ता लगाइ तुरून्तै फिर्ता ल्याएर अर्कैको भ्या गर्ने गरेको पनि पाइन्छ । कहिलेकाहीं केटी टिपिसकेपछि केटी पक्ष र केटा पक्ष बीच झगडा पनि हुन सक्दछ ।

"उफ्फल उरालु" र टिपेर केटी ल्याइ गरिने विवाहमा कुटिरो ख्वाएर सानैमा केटी माग्ने; वर्षौंसाल केटीलाई लुगा, तागा, सगुन दिनु पर्ने; भ्या माग्नु पर्ने, भ्याको डालो खुवाउनु पर्ने जस्ता प्रक्रियाहरू पूरा गर्नु पर्दैन ।

सिँजाखोलाको जिउलामा गरिने विवाह संस्कारको विधि

सुरुमा केटा पक्ष र केटी पक्षको कुरा मिल्यो भने 'कुटिरो' ख्वाउँने चलन छ । कुटिरोमा कला (साना केराउ), चुरा, डोरी, सिँदूर आदि एउटा टालोमा हालेर सिलाइएको हुन्छ । केटी माग्ने कुरा बच्चा जन्मने बित्तिकै षष्टी पूजा, न्वारन, अन्नपास्नी (अन्नप्राशन) र अरू यस्तै शुभकार्य जस्तै रूद्री, कथा अनि केटीको घरका कुनै सदस्यको विवाह, व्रतबन्ध परेको अवसरमा चलाइन्छ । पहिले-पहिले यस क्षेत्रमा केटीको सङ्ख्या कम भएको हुँदा र कहिलेकाहीं केटाको घर राम्रो सम्पन्न छ भने पनि केटी माग्ने गरिन्थ्यो । केटी माग्ने अनि कुटिरो ख्वाउँने चलन आजभोलि पनि फाट्टफुट्ट छँदैछ । तर अहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केटी सानैमा माग्ने चलन कम भएकाले यस क्षेत्रमा केटीको सङ्ख्या बढ्न गई लायक केटा पाउन मुस्किल हुने नयाँ परिस्थितिको सृजना भै रहेको छ । केटी पक्षकाले यदि कुटिरो बुझेनन् भने वा यहाँको भाषामा "कुटिरो खाएनन्" भने केटी नदिने पक्का भयो भन्ने थाहा हुन्छ ।

कुटिरो यदि केटी पक्षले खाए भने छोरी दिन मन गरे भन्ने पक्का हुन्छ । कोही केटीको आमालाई १, २ वर्ष पछि डौटो (एक प्रकारको ओर्ना) दिन्छन् तर सबैले त्यो स्वीकार गर्दैनन् । त्यसपछि मात्र छोरी माग्न जाने चलन छ । छोरी माग्न जाँदा गाउँको जान्ने बुझ्ने मान्छे र साथमा सगुन बोक्ने अरू मान्छे पठाउँदछन् । छोरी माग्न जाँदा लिएर जाने सगुनको डालोमा लड्डु, कला (साना केराउ), दही, डोरी, चुरा, पछ्यौरा, सिँदूर, जनै आदि हुन्छन् । यस क्षेत्रमा कुनै पनि शुभ कार्य वा अन्य कार्य प्रारम्भ गर्दा आफ्नो कुल देवता मष्टो, भवानी र अन्य देवी देवतालाई सम्झने र धजा प्रसाद चढाउने गरिन्छ । यसरी हरेक देवतालाई सगुन छुट्याइएको हुन्छ । त्यसलाई यहाँ "देउताको भाग फट्काउन्या" भनिन्छ । देवी देवतालाई सुरुमा छुट्याएर मात्र अरू क्रियाकलाप सुरु गरिन्छन् ।

कुटिरो खाइसकेपछि कोही-कोही छोरी माग्न नगएर सिधै भ्या माग्न जाने गर्दछन् । भ्या माग्न जाँदा "भ्याको डालो" सगुन लिएर जाने चलन छ । यसरी छोरी मागिसके पछि प्रत्येक वर्ष दशैँमा पिठाहा र तागासङ्क्रान्ति (वैशाख १ गते) मा 'तागा' भ्या नभएसम्म केटीकोमा पुऱ्याउनु पर्ने हुन्छ । दशैँमा फिनी, अर्सा, लाड् (लड्डु) केटीको माइतीमा दिनु पर्ने हुन्छ । त्यसैगरी तागा सङ्क्रान्तिमा सगुन र लुगा दिनु पर्दछ ।

केटाकेटीको उमेर क्रमशः बढ्दै गयो भने भ्या माग्ने तयारी गरिन्छ । भ्या माग्दा केटीका दाज्यू र दिदीको विवाहसँग जुध्नु हुँदैन किनभने यहाँ एकै सालमा छोरा वा छोरी जो भए पनि एउटाको मात्र भ्या (विवाह) गर्ने चलन छ । त्यसैले केटा पक्षकाले आफ्नो घरमा र केटीको घरमा भ्या माग्दा अर्को भ्यासँग साल जुधाउनु हुँदैन । त्यसैगरी दुवै घरमा जूठो सूतकको पनि ख्याल गरेर भ्या माग्ने गरिन्छ ।

दुवै तिर भ्या माग्ने पक्का भइसकेपछि "भ्याको डालो" लिएर गाउँका भलाद्मी र उनका सहयोगी ब्याउली (केटी) को घर जान्छन् । भ्याको डालो लिएर जाँदा र केटीकोमा उक्त डालो खोलेर सगुन खाने क्रममा मंगलेरीले माँगल भन्ने (गाउँले) चलन छ । यताबाट गएको डालो माइतीको थाडा वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओटालो (घरको छत वा आँगन) मा त्यो गाउँका धामी, डाङरी, भलाद्मी, जानमान र सबै गाउँले बसी खोलेर सगुन बाँडेर खान्छन्। त्यहाँ ज्योतिष पनि हुन्छन् र उनले भ्याको दिन पक्का गर्दछन्। भ्याको डालोमा अर्सा, फिनी, लड्डु, भए सम्म दिउलको दाल, ओर्ना, डौटो दही आदि हुन्छ। यी डालोमा भएका सगुन मध्ये आधा आफूले राख्छन् भने बाँकी आधा गाउँलेलाई बाँड्दछन्। भ्या माग्ने दिनमा भ्या को दिन तोक्ने, कति जना जन्ती जाने ? जन्ती जाने कि बटौरु (सानो आकारको जन्ती) ? कहाँ भ्या गर्ने ? जस्ता प्रश्नहरूको छिनाफाना हुन्छ।

व्रतबन्ध र भ्या सँगै गर्नु पर्ने रहेछ भने पीठो कुट्ने, ओड्ना छेक्ने (लुगा छेक्ने), चिउरा कुट्ने काम प्रायः सम्पन्न भै सकेको हुन्छ। पीठो कुट्ने क्रममा पीठो एक आपसमा खन्याएर रमाइलो पनि गरिन्छ। यदि व्रतबन्ध केहीसमय अगाडि भइसकेको रहेछ भने फेरि पीठो कुट्ने, चिउरा कुट्ने, ओड्ना छेक्ने (लुगा छेक्ने) काम हुन्छ।

जन्ती वा बटौरु जानु भन्दा अघिल्लो रात "अन्नी जाक्न्या" काम गरिन्छ। अन्नी भन्नाले अर्सा, फिनी, लाडु (कसार) आदि सगुन भन्ने बुझिन्छ। अन्नी जाक्न्या बेला सर्वप्रथम ब्याउलाका घरका कुलदेवता र अन्य देवतालाई फट्काउने (छुट्याउने) अनि ब्याउलीका घरका देवतालाई फट्काउने गरिन्छ। यस बेला गाउँका प्रत्येक घरका एकजना अनि धामी, डाङरी आदिलाई बोलाइन्छ। मङलेरीले माँगल गाउँदछन्। अन्नीको डालो अन्तर्गत मङ्गलामुखी (ब्याउली तर्फका मङलेरीलाई), सँगिनी पोको (केटीका वा ब्याउलीका सखीहरूलाई), गुणेल पोको (ब्याउलीका गाउँका केटाहरूलाई), घरपैंसोको डालो (घरपैंचोको लागि सगुन), केटीका घरकाले कमाउने (प्रयोग गर्ने) प्रत्येक व्यवसायिक जात जस्तो लुवार (कामी), दमाइ, सार्की, ओड (सीकर्मी) र सुनारलाई पनि छुट्टाछुट्टै अन्नीका पोका बनाउने गरिन्छ। यी व्यवसायिक जातका तर्फबाट भ्या गर्नेघरकी छोरीलाई आफ्नो पेशा अनुसारको दाइजो जस्तो लुवारले फलामका सामान, ओडले काठको बेच्छउटो (सन्जोगे) दिने चलन छ। दाइजो पुऱ्याउन आउँदा भतेरमा यी सिपालु व्यवसायिक जातहरूलाई भोज पनि खुवाइन्छ।

अन्नीका माथि उल्लेख गरिएका पोका बाहेक "छाकछुके" पोको बनाइन्छ। बाटोमा कसैले रूमाल थाप्यो वा अरू यस्तै सांयोगिक परिस्थितिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृजना भयो भने त्यो "छाकछुके पोको" प्रयोग गरिन्छ । यी पोकाहरू जन्ती, ब्याउलाको भलाद्मीले सम्बन्धित पक्षलाई सिधै बुझाउने चलन छ ।

अन्नी जाक्ने बेला नै ब्याउली पक्षले भनेको सङ्ख्या (जुन भ्या माग्ने बेला तय गरिएको हुन्छ) मा धेरै तल माथि नपर्ने गरी जन्ती तोक्ने काम हुन्छ । यदि जन्ती ठूलो रहेछ भने प्रत्येक घरका टोपी लाउने जन्ती जानु पर्दछ भनेतापनि एक घरबाट २/३ जना सम्म जाने गरेको पाइन्छ । जन्तेड यदि वटौरू (सानो आकारको) हो भने प्रत्येक पट्टिबाट १ जना गरेर जन्ती छनोट गरिन्छ । ती जन्ती मध्येबाट ब्याउला-ब्याउली दुवैको घर गाउँको बारेमा राम्रो जानकारी भएको, अप्ठ्यारो पर्दा उचित निर्णय लिन सक्ने, पाको, सक्षम व्यक्तिलाई 'भलाद्मी' को रूपमा छनोट गरिन्छ । उनलाई भ्याको सुरुदेखि अन्तसम्म (हदेली पखाल्ने सम्म) का सम्पूर्ण वैवाहिक क्रियाकलापमा संलग्न हुँदै पूर्ण अधिकार प्राप्त हुन्छ ।

जन्तीजाने दिन बिहान लग्नको कागत (लगनको कागज) लेखिन्छ । यो लग्नको कागत पण्डित (ब्राह्मण) ले लेख्दछन् । यो कागतमा तलको संस्कृत श्लोक लेखिएको हुन्छ ।[२५]

ॐ श्रीमङ्गल मूर्तय नमः
आदित्यादि ग्राहाः सर्वे
ज्योतिषचक्र निवासिन :
दीर्घमायू प्रयच्छन्तु
यस्यषां लग्नपत्रिका ।।

लग्नको कागत, लग्नको डालो (कोसेली, ब्याउलीलाई एक जोर लुगा, एउटा गहना (पहिले चाँदी र पोतले बनेको 'चरियो' भन्ने गहना लिने चलन थियो), ब्याउला पट्टिका ज्योतिषले यो बेला बरुनी गर्ने, यो बेला दियो बाल्ने, यो बेला घरपैसो गर्ने भन्ने समयतालिका भएको कागत (कागज) लिएर २।३ जना मान्छे जन्ती जानु भन्दा धेरै समय अगाडि ब्याउलीको घरमा जान्छन् । माइती तर्फका ज्योतिषले पनि बरूनी (वरणि) गर्ने, घरपैंसो (घरपैंचों) गर्ने लगायतका विधिको आफ्नो क्षमता अनुसार तालिका तय गरेका हुन्छन् । यसरी ब्याउला-ब्याउली दुवै पक्षका जोतिषको

---

२५ यो लग्न लेख्ने तरिका सिँजा, सिम्पाटी गाउँ निवासी श्री शालीग्राम पण्डितसँग २०७३।१२।२१ मा दूरभाष यन्त्रमा गरिएको कुराकानीमा आधारित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तालिकामा कत्तिको एकरूपता आयो हेरिन्छ र दुवै तर्फका जोतिष मध्ये कुन चाहिँ सिपालु रहेछन् भनेर परीक्षण गरिन्छ। लग्नको छाप्री वा डालोलाई पिठायाको छाप्री (डालो) पनि भनिन्छ।

लग्नको छाप्री लिने बेला गएका जन्ती मध्येका व्यक्तिहरू ब्याउलीको घरमा लग्नको कुरा छिनोफानो गरेर बाटोमा अरू जन्ती वा ब्याउलो भेट्न फर्कन्छन्। कोही-कोही त ब्याउलाको घर पुगिसकेका हुन्छन् र फेरि जन्ती ब्याउलो सँगै ब्याउलीको घरमा फर्कन्छन्।

ब्याउलाको घरमा जन्ती जाने तयारी हुन्छ। जन्तीलाई खसी काटेर भात भान्सा तयार गरिन्छ। पहिले-पहिले भ्या गर्ने घरमा तरकारी दाउरा आदि सबैले दिने चलन थियो। आजभोलि प्रत्येक घरबाट १ पाथी चामल, दाल, तरकारी दाउरा ब्याउलाको घरमा दिने चलन चलेको छ। यो चामल उठाउने चलन डाँडापाखाका थरहरूमा वा 'पावै' (आजभोलि 'पावै' शब्द अपमानजनक शब्दको रूपमा लिइन्छ) को चलन हो। अत्यन्त सकारात्मक र ब्याउलाको घरलाई आर्थिक भार नपर्ने भएकोले यो चलन डाँडापाखाबाट जिउलातिर सरेको छ। हुन त छोरीको बिहेमा जिउलामा पनि बिहानको खाना प्रत्येक घरमा जन्ती बाँडेर खुवाउने चलन सदियौं देखिको हो।

यसरी जिउलामा चामल लगायत अरू सामग्री पनि उठाउने र ब्याउलाको घरमा सबैले भात खाने चलन छ। जन्ती लगायत सबैले भात खाइसकेपछि ब्याउलो सिँगार्ने काम हुन्छ। ब्याउलोलाई निधारमा "गाभे टीका" लाउने र निधारको दायाँ बायाँ बाट घुमाएर आँखाको मुन्तिर राता सेता र पहेँला थोप्लाको दुई हरफ बनाएर जोडिन्छ। ब्याउलाले आँगो, झालरी, सेतो फेटा, सेतो पाउडो (पटुका) र अँचला (एकातर्फ रातो वा पहेँलो र अर्कातर्फ सेतो कपडा काखीको दुवै पट्टी बाँध्ने) लगाउँदछन्। झालरीको पछाडि "मंगलम् भगवान विष्णु : मंगलम् गरूडध्वज। मंगलम् पुण्डरीकाक्ष : मंगलाय तनोहरी॥" मन्त्र लेखेर माथि एकातिर चन्द्र र अर्कोतिर सूर्यको चित्र बनाउने चलन छ। ब्याउलाले गलामा सुनको गौरीशङ्कर (एक प्रकारको रूद्राक्षलाई सुनले बाँधेको गहना) लगाउने गर्दछन्। अष्टदलको चीनह सिँगारेको आर्सो (पनिउँ जस्तो समात्ने भएको तामाको गोलो वस्तु) लाई ब्याउलाको पाउडो (पटुका) मा अष्टदल अगाडि पारेर कोचीनछ। व्रतबन्धको ब्याउलो र भ्याको ब्याउलो सिँगारने तरीकामा धेरैजसो समानता भए पनि थोरै भिन्नता भने छ। विवाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र व्रतबन्धमा ब्याउलाले अगाडि पाउडोमा कोच्ने बाहेक अरू बेला आर्सोको प्रयोग हुँदैन । यहाँका क्षेत्री ठकुरीले आर्सोको ठाउँमा विवाहमा खुकुरी कोच्ने गरेको देखिन्छ ।

धामी डाङरी जस्तै यहाँका ब्याउलाले पनि धेरै जसो सेतो वस्त्र धारण गर्दछन् 'बोन्पो' संस्कृति अनुसार सेतो रङलाई एउटा शुभ चीनहको रूपमा लिइन्छ । धामी डाङरीको सेतो वस्त्रको वर्णन चौथो अध्यायको मष्टो परम्परा-एक विवेचना भन्नेमा गरिएको छ ।

जन्तीको सङ्ख्या धेरै छ वा त्यो 'जन्ती' वा 'जन्तेड' हो भने दमाहा, सहनाइ, नरसिङ्गा बजाउनेको साथै हुड्के पनि जन्तीसँगै ब्याउलीको घरमा जान्छन् । यदि सानो जन्ती वा 'बटौरु' छ भने बाजा बजाउँदै तल बाटोसम्म कलश अगाडि लगाएर ब्याउलालाई पठाएर बाजा बजाउँदै फर्कन्छन् । यहाँ भरी कलशलाई मानसरोवरको प्रतीक मान्ने चलन छ । उक्त कलशलाई दिदी वा बहिनीले समाउने गर्दछन् । ब्याउलोलाई सकभर घोडामा चढाएर एउटाले छाता ओडाएर जन्तीसँग अगाडि लगाएर जाने गरिन्छ । छाताको वरिपरि रातो-सेतो कपड़ाको झल्लर बनाइएको हुन्छ । पहिले-पहिले डाँडीडँडेरा (डोले) ले डोला (डोली) लिएर जाने चलन थियो । राराका ठकुरीहरू ताम्दान (विशेष प्रकारको डोली) मा ब्याउली बोक्दथे । आजभोलि घोडामा चढाउने गरिन्छ ।

जन्ती ब्याउलीको गाउँतर्फ लाग्दछन् । यदि ठूलो जन्तेड (ठूलो सङ्ख्याको जन्ती) छ भने बाटोमा र दुलही (ब्याउली) को घरमा पुग्ने बेला बन्दुक पट्काउने चलन छ । यहाँ 'जन्ती' वा 'बटौरु' जे भए पनि जन्त जाने व्यक्तिलाई जन्ती नै भन्दछन् । जन्ती जाने बाटोका गाउँमा पक्कै पनि इष्ट मित्रहरू हुन्छन् । तिनीहरूले बाटोमा जन्तीलाई पर्छने (स्वागत गर्ने) गर्दछन् । ब्याउलीको घर पुग्नु भन्दा अलि तलबाट दुई जना जन्ती दहीको सानो ठेकी र साग लिएर "दैसागे" को रूपमा अगाडि जान्छन् । दैसागेलाई माइतीले स्वागत गर्दछन् अनि उनीहरूले लिएको दही र साग आफ्नोसँग मिसाएर खान्छन् ।

यता ब्याउलोको घरमा माँगल भन्ने झोडा खेल्ने गरिन्छ । झोडामा आइमाई दुवैतिर लागेर चुड्किला खेल्दछन् । यी चुड्किला (गीत) हरू विवाह, आशिर्वाद, देवीदेवतासँग सम्बन्धित हुन्छन् । जन्ती गएको रात ब्याउलाको घरमा आइमाईहरू जम्मा भएर ठट्टा र उटपट्याङका खेलहरू पनि खेल्दछन् । रतेडी (रत्यौली) मा गीत गाएर खेल्ने पनि गरिन्छ । अरू गाउँका आइमाई पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएका छन् भने छुट्टै खेल लगाएर देउडा खेल्ने पनि गरिन्छ । लोग्ने मान्छेको उपस्थिति यहाँ देखिँदैन । पुरुषहरू टाढा बसेर महिलालाई स्वतन्त्रता दिएका हुन्छन् । यस क्षेत्रमा गाइने रत्यौली गीतको नमूना यस प्रकार छ ।[२६]

हे दाँवल (दाम्लो), दाँवल
गाइकन गलाउती (घाँटीमा) छैन
भैसीका दाँवल ।।
मुडमा (टाउको) मा लाल् फेटा पैरी
खेल मेरो छाँवल (साथी) ।
शिरमा रातो सिँन्दूर पैरी
खेल मेरा छाँवल ।।

उता ब्याउलीको घरमा दैसागे पुगे लगत्तै जन्ती पनि ब्याउलीको घरमा पुग्दछन् । हाँसो-ठट्टा स्वरूप माइती तर्फका छोट्टी (केटी) हरूले जन्तीलाई हल्का पानी फ्याँकेर स्वागत गर्दछन् । जन्तीलाई टीका पनि लगाइन्छ । ब्याउलोलाई बरूनी (वरणि) गर्ने स्थानमा माथि एउटा चौखी (पिर्का) तल गलैंचा, फेरूवा ओछ्याइएको हुन्छ । चौखीमा ब्याउलालाई उभ्याएर माथिबाट मानिसहरू (ब्याउलीका तर्फका) ले कपडा समाएर अरूले नदेख्ने गरी ढाकी बरुनी गरिन्छ । 'बरुनी' भन्नाले वरणि वा स्वागत भन्ने बुझिन्छ । बरणि गरिसकेपछि बेलुकाको खाना खाने तयारी गरिन्छ । जन्ती ठूलो हो भने ढोली नाच्ने गर्दछन् ।

ब्याउलीको घरमा खसी काटेर जन्तीलाई भतेर तयार पारेर राखेको हुन्छ । बरूनी गरिसकेपछि जन्ती भतेर खान सुरु गर्दछन् । ब्याउलो र भलाद्मीले खान सुरु गरे पछि मात्र अरू जन्तीले खान सुरु गर्दछन् । ब्याउलाले खाना खाने बेला आफ्नो थालबाट थोरै भात र अरू खानेकुरा अर्को थालमा अग्रास (अगाडि) छुट्याउँदछन् । जन्तीको भलाद्मीलाई विशेष प्रकारको थाल कचौरा (वटुको) मा खाना दिने गरिन्छ । सम्मान र ठट्टा गर्दै ब्याउलाको जेठो दाइ र भलाद्मीलाई मासुको ठट्टेउलो परिकार दिने चलन छ । मासुको यस्तो विशेष परिकार वा ठट्टेउलो परिकारमा खसीको आँखा र खुट्टा पर्दछन् । यहाँ "आँखा मान, खाना कान" भन्ने लोकोक्ति 'भ्यामा' सम्झने गरेको पाइन्छ ।

---

२६ प्रदीप रिमाल, कर्णाली लोक संस्कृति, खण्ड ५, (काठमाडौं : वि.सं. २०२८), पृ. ७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खानलाई कान मिठो हुन्छ तर सम्मान भने आँखा हालेमा पाइन्छ भनिन्छ । यो लेखक कालिकोटको चिल्खाया गाउँमा भाइको जन्त जाँदा जेठो दाइको नाताले मासुमा आँखा हालेर सम्मान गरेका थिए । त्यहाँ भलाद्मीलाई खसीको खुट्टा हालेका थिए । यो लेखकको आज सम्मको अनुभवमा जन्त जाँदा कालिकोटको चिल्खाया गाउँको जस्तो सम्मान, आतिथ्य अन्त कतै पाइएको छैन । ठाउँ दुर्गम भए पनि यत्तिको संस्कार यो वस्तुबादी दुनियाँमा अन्त पाइँदैन ।

ब्याउलीको घरमा जन्तीले खाना खाइ सकेपछि ठकुरी र व्यवसायिक जातहरूमा खेल (देउडा) खेल्ने चलन छ भने बाहुनको भ्यामा यस्तो खेल खेल्ने गरेको पाइँदैन । जन्तेड ठूलो छ भने ढोली हुड्के नाच्ने गर्दछन् । जन्ती मध्ये कोही इष्टमित्रको घरमा सुत्न जान्छन् भने कोही भ्याको विधि हेरेर बस्छन् । जग्गे गोठमा बसेका जन्ती र माइती पक्ष बीच ठट्टा रमाइलो अनि छेड्छाड पनि हुन्छ ।

जग्गे गोठमा यज्ञ मण्डप बनाइएको हुन्छ । यो गोठ अरू गोठ भन्दा ठूलो हुन्छ । जात कर्म अनुसार भ्या गरिन्छ । ब्याउलीका बुवाले कपाल भद्देका (मुण्डन गरेका) हुन्छन् । ब्याउलीका गोडा धोएर कन्यादान नगरे सम्म खाना खाँदैनन् । विवाहमा धेरै विधि अन्तर्गत ब्याउला-ब्याउलीको अँचला (आँचल) गाँस्ने गरिन्छ । दुवैको लुगाको फेरको वरपर ताल बाँधेर तीन पटक जग्गे घुम्ने गरिन्छ । अँचला गाँस्ने (आँचल गाँस्ने) भनेको सम्बन्ध गाँस्ने भन्ने हो । जग्गेमा ब्राह्मणले "जो गत तिम्रो सो गत हाम्रो, राधा कृष्ण शिव पार्वती जस्तो" जीवन होस् भनेर आशिर्वाद दिन्छन् । यसै बीचमा धेरै विधिहरू हुन्छन् । घृतपूजा, मह पूजा, हलेदो पूजा गरिन्छ । ब्याउलाले पनि ब्याउलीको घरबाट दिएका लुगा लगाउँदछन् भने ब्याउलीले पनि मुकुट (माउट) लगायत नुहाइ-धुवाइ गरी ब्याउलाको तर्फबाट ल्याएका लुगा गहना लगाउँछिन् । 'माउट' ब्याउलाले ब्याउलीलाई लगाइदिन्छन् । माउटमा पनि ब्याउलाको झालरीमा लेख्ने मन्त्र लेखिएको हुन्छ । ब्याउलीले पाटको घाग्रो र साटनको चोलो लगाउने चलन थियो । घाग्रो (घाघर), चोलो (चोली) भन्ने बुझिन्छ ।

यसैबीच ब्याउला, ब्याउली भाँव रिँग्दछन् । "भावँ रिँग्ने" भन्नाले माथि भने जस्तै आँचल गाँसेर कम्मरमा बाँधेको ब्याउलीको टालो ब्याउलाले समाएर तीन पटक जग्गे घुम्दछन् । भाँव रिंग्ने क्रममा ब्याउलीकी फुपूले ब्याउला ब्याउलीलाई रोकेर 'फुपूचार' माग्दछिन् । फुपूचारमा पहिले-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिले चाँदीका चार रूपैया (रोखडा) दिने चलन थियो। त्यसैले 'फुपूचार' भनेको हो। आजभोलि फुपूलाई रोखडा बराबर रूपैया दिने गर्दछन्। फुपूचार भन्दा अगाडि ब्याउलीकी दिदीले फिनी हाल्ने 'पाटफलियो' (फिनी बनाउने पिर्का) राख्दै ब्याउला ब्याउली, भाँव रिंग्ने बेला "चौखी ढाकने टालो" अर्थात् त्यो पिर्का ढाक्ने कपडाको माग गर्दछिन्। जन्तीको भलाद्मीले यी सबै कुरा मिलाउँदछन्। सिँन्दूर पूजा पनि गरिन्छ। ब्याउलाले सिँन्दूर हाल्ने काम हुन्छ। यसैबीच ब्याउला ब्याउलीका गोडा धुने काम पनि हुन्छ। ब्याउला-ब्याउलीका गोडा धुन बाँकी रहेकाले बिहान घरपैसो गरिसकेपछि धुने गर्दछन्।

भ्या गरिसके पछि बिहान घरपैसो (घरपैंचो) गर्दछन्। घरपैसो गर्ने बेला (अन्नी जाक्ने बेला घर पैसोको छुट्टै डालो बनाएका हुन्छन्) घरपैसाको डालो अगाडि मंग्लेरीले माँगल भन्ने (गाउने) अनि बाजा सहित ब्याउला ब्याउलीलाई लगिन्छ। घरको मूल ढोकामा दायाँ बायाँ पानीका गाग्रा (गाग्री) राखेका हुन्छन् भने ढोकाको माथि तीन ठाउँमा गाईको गोवर टाँसेको हुन्छ। ब्याउला ब्याउलीले गोवर टाँसेको स्थानमा दही चामल लगाउँदछन् अनि भित्र घरको अगेना भएको स्थान 'वोर्सा' मा बस्दछन्। बोर्सामा अर्सा, फिनी, चिउरा, दही सगुनको रूपमा राखेको हुन्छ। ब्याउला ब्याउलीलाई गोडा धुन छुटेकाले पूनः गोडा धुने पैसा दिने काम गर्दछन्। यहाँको चलनमा आइमाईले गोडा धुँदा ब्याउलीको गोडा पूरै समात्ने तर ब्याउलाको गोडा समात्ने गर्दैनन्। ब्याउलाको गोडामा माथिबाटै पानी हालेर हल्का पानी चाखे जस्तो गर्दछन्। वरपरका साग (साख) ले दाइजो हाल्दछन् भने घरकाले पनि एकसरो आवश्यकताका सामान खासगरी भाँडाकुँडा दाइजो हाल्ने चलन छ। पहिले ओड्ने ओछ्याउने दिने चलन थिएन यो आजभोलि थपिएको छ। यहाँको दाइजोमा तड्क भड्क हुँदैन। हुनेले घोडा दाइजो दिने गरेको पाइन्छ। त्यसैगरी गाई, बाखा पनि दाइजो दिने चलन छ। यदि घरमा छैनन् भने घोडा, बाखा दिनु पर्दैन। जन्तीका भलाद्मीले अन्नी जाक्ने बेला तयार गरेका पोकाहरूलाई बुझाउने काम गर्दछन्। त्यस दिन जन्तीको बिहानको खान ब्याउलीका घरकाले खुवाउनु पर्दैन। उनीहरूले ब्याउलो र भलाद्मीलाई मात्र आफ्नो घरमा खाना खुवाउँछन्। यदि ठूलो 'जन्तेड' छ भने गाउँभरी जन्तीलाई बाँडिन्छ। प्रत्येक घरमा एक वा दुई जना जन्तीले खाना खान्छन्। यसो गर्दा माइतीलाई आर्थिक भार पर्दैन। यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"सानो जन्तेड" वा 'वटौरू' छ भने जन्तीलाई साखहरूले खाना खुवाउँदछन् भने बढी भएमा मात्र गाउँलेले खुवाउँदछन्। ठूलो जन्डेड वा 'जन्ती' छ भने साथमा बाजागाजा हुड्के सबै हुन्छन्। आँगो लाएका दुईतिर बाँडिएका दमाहा बजाउनेको ढोली नाच आकर्षक हुन्छ। दमाहा बजाउनेको पनि नाइके हुन्छ। नाइकेको आदेश अनुसार अरूले पनि सुर ताल मिलाउनु पर्ने हुन्छ। उनीहरूको नाचसँगै हुड्केको नाच पनि अर्को आकर्षण हुन्छ।

दाइजो सबै जम्मा पारी सकेपछि ब्याउली हिँडाउने तयारी गरिन्छ। ब्याउली हिँड्नु भन्दा अगाडि आमाको दूध चुसेर मात्र हिँड्ने चलन छ। यदि आमा छैनन् भने कान्छी आमा वा सागकी आमाका दूध चुस्ने चलन छ।

यहाँ ब्याउला ब्याउलीका गोडा घुम्ने बेला रूने चलन छ भने विदाइमा नरूने कुरै भएन। रूँदै गीतको लयमा आफ्ना मनका कुरा, केटाको घरको स्थिति बारेमा र अन्य प्रसङ्ग पनि ब्याउलीले व्यक्त गर्दछिन्। ब्याउलीका साथीहरूले भ्या को धेरै दिन अगाडि देखि रूने अभ्यास गराएका हुन्छन्। ब्याउलीको स्वर र कलाको त्यसबेला परीक्षण हुन्छ। यसरी ब्याउली रूनेलाई "रून धुन गर्ने" भनिन्छ। ब्याउली यदि सिपालु अनि स्वर राम्रो छ भने जन्तीका आँखा "रूनधुन गर्ने" बेला रसाउने गर्दछन्। त्यसपछि रूँदै करूण रसको तलको जस्तै गीत ब्याउलीले गाउँदछिन्।

मेरा सिन्या (सुत्ने) मैडा खाट भकारी ठोक्या
मेरा खान्या थाल पाहुनालाई दिया
बिहान लायाका गाई गोरू साँझ फर्कनान् मु
फर्कुन्या नाइ
मेरा माइतीका सुनका सगाड, रूपका दुवार
फेरि भौडयाइअल्यास।

[अर्थ : मेरो सुत्ने अर्गेना वरिपरीको न्यानो ठाउँमा आज देखि धान वा अरू अन्न राख्ने भकारी वा खाट बनाउनु। मेरो भात खाने थाल आजदेखि पाहुनालाई दिनु। बिहान चर्न छोडेका गाई गोरू साँझ घर फर्केलान् तर म फर्कने छैन। मेरो माइतीको सुन जस्तै ढोकाको चौकोस अनि चाँदी जस्तै ढोकाको द्वार वा पल्ला फेरि मलाई अवश्य बोलाउनु]।

ब्याउलीले रूनधुन गर्ने बेला माइतीलाई गुनासो गर्दै आज देखि अर्काको घरमा पठायौं भनेर तलको छोटो गीत जस्तै भन्ने गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आग्रीको परेवा मुल्क्याजन गर्‍यौ ।
खुँडीको चाखुडो मुल्क्याजन गर्‍यौ ।
धुरीको भिँगडो मुल्क्याजन गर्‍यौ ।
कैलु गाई मुल्क्याजन गर्‍यौ ।

[अर्थ : परेवालाई आग्रीबाट (परेवा बस्ने ठाउँ) बाट बाहिर छोडे जस्तै गर्‍यौ । च्याखुरोलाई पिँजडाबाट निकाले जस्तै गर्‍यौ । घरको धुरीबाट भँगेरालाई धपाए जस्तै गर्‍यौ । कुनै देवतालाई चढाएर दान दिएकी गाई जस्तै मलाई पठायौं]

ब्याउलीले माइतीलाई गरे जस्तै गुनासो पोइलीलाई पनि रूने बेला गर्दछन् । रूने बेलाका यी गीतहरू (खास गरी यी रूने धुने गीत) निकै मर्मस्पर्शी हुन्छन् ।

ब्याउली हिँडाउने बेला माइतीतर्फबाट छोरीलाई टीका लगाउने दान दिने चलन छ । ज्वाइँलाई पनि हुनेले घोडा छैन भने जे भए पनि टीका लगाएर दान दिने गरिन्छ । जन्ती पर्छने (स्वागत गर्ने) बेला र जन्ती ब्याउली लिएर घर फर्कंदा दही चामल लगाउने चलन छ । यहाँ दही चामल लगाएर जन्तीलाई पैसा दिने चलन छैन ।

ब्याउलालाई पर्छे पछि बरुनी सकेर जग्गे गोठ लिने बेला ब्याउलीका दाइ (यदि धेरै भाइ छन् भने जेठोले) ले काँध हालेर लिने गर्दछन् भने ब्याउलीलाई पनि माइतीबाट घर तर्फ जाने बेला सुरुमा जेठा दाइले बोकेर तलसम्म पुऱ्याउने गर्दछन् । केही वर्ष अगाडि ब्याउली डोलामा बोक्ने चलन थियो ।

ब्याउली घर पठाउने बेला सुरुमा गाई लगाइन्छ । गाई अगाडि लगाउँदा साइत हेर्नु पर्दैन भन्ने धारणा रहेको पाइन्छ । यदि घोडा दिएका रहेछन् भने गाई भन्दा पछाडि घोडा लगाइन्छ । घोडा पछि हुड्डो (तामाको गाग्री जस्तै ठूलो भाँडो), खड्कुँडो (खड्कुँलो) लगाउँदछन् । त्यसपछि थालभाँडा भएको डोको बोकिन्छ । यदि जन्ती ठूलो हो भने यस बीचमा बाजा बजाउने ढोली हिँड्दछन् । त्यसपछि ब्याउलीलाई दाइले बोकेका हुन्छन् र साथीहरू तलसम्म पुऱ्याउन आएका हुन्छन् । ब्याउली पछाडि ब्याउलो र जन्तीहरू हुन्छन् ।

ब्याउलीका साथीले जन्तीबाट सङ्गिनी (सखी) छुटाउने भनेर पैसा माग्दछन् । ब्याउलीले सबै छोडेर आइसकेकी हुन्छन् तापनि सखीहरू तलसम्म पुऱ्याउन आएका हुन्छन् र उनीहरूसँग रूनुधुनु गर्छिन् । रूनुधुनु गर्दा उनले आमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुबालाई साथीमार्फत् रैवार गर्दिया भन्दै मर्मस्पर्शी शब्द व्यक्त गर्छिन् ।

कागजन कराउँदै गयाकी छ भन्दिया ।
सर्पजन बेउडिदै गया की छ भन्दिया ॥
फूलजन ओइलाउँदै गयाकी छ भन्दिया ।

[अर्थ : सखी हो ! मेरा बा आमा र घरकालाई कौवा जस्तै कराउँदै गइ भन्दिनु । सर्प जस्तै गुँडुलिएर गइ भन्दिनु । फूल जस्तै ओइलाएर गइ भन्दिनु]

सङ्गिनी छुटाउनी पैसा लिइसके पछि ब्याउलीका दाइ र सखीहरू छुट्टिन्छन् । ब्याउलीलाई जन्तीले पालै पालो पिठ्यूमा बोक्दछन् वा घोडामा चढाइन्छ । पर डाँडो पार नगरूञ्जेलसम्म सखीहरूले रूमाल हल्लाएर बिदाइ गरिरहेका हुन्छन् । यसलाई "ताल फर्काउने" भनिन्छ । ब्याउली जन्ती देखिन छोडे पछि सखीहरू आ-आफ्ना घर फर्कन्छन् । दाइजोका भाँडाहरू जस्तो गाग्री ताउलाहरूमा माइतीले थोरै धान वा चामल हालेका हुन्छन् रित्तो भाँडा शुभ मान्दैनन् ।

उता ब्याउलाको घरमा आइमाइ झोडा खेल्ने माँगल भन्ने काम गर्दछन् । पानी भरेको कलश र चामल भएको कुँडे (तामाको सानो बाटा) तयार गरिन्छन् । यी दुई मानसरोवर र कैलासका प्रतीक हुन् भनेर अगाडि चर्चा गरियो । ब्याउला ब्याउली पुग्ने बेला तलसम्म सिँगारेको कलश र कुँडे लिएर दिदी वा बहिनी जान्छन् यदि घरकी दिदी बहिनी छैनन् भने सिँन्दूर भएकी जेठी भाउज्यू पर्छो गर्न (स्वागत पार्न) जान्छन् । जन्ती यदि ठूलो जन्तेड हो भने ढोली साथमै हुन्छन् । बटौरु हो भने कलशसँगै बाजा बजाउने पनि सँगै तल सम्म जान्छन् र ब्याउला ब्याउली अनि जन्तीलाई लिएर आउँदछन् । कलश ब्याउलाको अघि-अघि ल्याएर भित्र्याइन्छ ।

जन्ती घर पुग्ने बेला घरपैसोको तयारी हुन्छ । मूल ढोकाको तीन ठाउँमा गाईको गोवर टाँसेको हुन्छ । बाहिर ओटालामा "जेठी छुवाउने" काम हुन्छ र खसी पनि काटिन्छ । जेठाज्यूले बुहारीलाई त्यस दिन बाहेक कहिल्यै छुनु हुँदैन भन्ने धारणा रहेको छ । त्यसैले गाउँका जेठाज्यू नाता पर्नेलाई तानेर ब्याउलीलाई छुवाउने गरिन्छ । जेठी छुवाउने बेला कसको बल कति रहेछ भनेर मापन गर्ने गरिन्छ । ब्याउला ब्याउलीले गोवर टाँसेको ठाउँमा दही चामल लाएर भित्र पस्दछन् ।

भित्र पस्दा गाग्रा (गाग्री) लाई ढोगेर पस्दछन् । ढोकामा पानीका भरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाग्रा राखेका हुन्छन् । ढोकाभित्र पस्ने वित्तिकै नौ मुठी चामल, नौं वटा जौका पीठाका बत्ती बनाएर बालेका हुन्छन् । त्यसबेला ढोका भित्र ब्याउलीकी नन्द दहीको अंखोरा लिएर बसेकी हुन्छन् र त्यो अंखोरा भाउज्यूलाई दिन्छन् । भाउज्यू (ब्याउली) ले पनि नन्दलाई रूपैयाँ वा औंठी दिनु पर्दछ । औंठी चाँदीको वा रूपैयाँ दिए पनि हुन्छ । ब्याउलीले ती नौ वटा चामलका स-साना थुप्रा माथि राखेका जौंको पीठोका बत्तीलाई टेक्दै भित्र पस्दछिन् ।

भित्र बोर्सा (अगेनो भएको मान्छे कुरा गरेर बस्ने मूल कोठा) मा फिनी, अर्सा, लाडु (कसार), दही सगुनको रूपमा राखेको हुन्छ । त्यहाँ दही चामलको "दैचामले बटुको" (दही चामल बनाएर राखेको बटुको) पनि तयार गरेर राखेको हुन्छ । ब्याउली पुऱ्याउन उनका दाइ, भाइ, साग गरेर २/३ जना आएका हुन्छन् । तिनीहरू पनि ब्याउलीसँगै बसेका हुन्छन् । नेपालको अरू ठाउँमा ब्याउलीलाई बिहे गरेर पठाउने चलन छ भने यहाँ दाइ भाइ पुऱ्याउन जाने चलन छ ।

भित्र सगुन, कलश, कुँडे राखेको ठाउँमा ब्याउला ब्याउली बस्दछन् । ब्याउला ब्याउली बस्ने मैडाको भित्तामा हातका बाइसवटा छापा लगाएका हुन्छन् । ब्याउला-ब्याउली आउनु भन्दा धेरै अगाडि चामलको पीठोमा पानी हालेर दिदी वा बहिनी (ब्याउली) ले हातका पञ्जाका छापा लगाउने गर्दछन् । छापा लाउँदा सुरुको हरफमा एक छापा, दोस्रोमा दुई, तेस्रोमा तीन, चौथोमा चार, पाँचौमा पाँच गर्दै तल छैटौँबाट फेरि तल चार अनि सातौँमा तीन हरफ छापा लगाएर जम्मा बाइस छापा लगाइन्छ । यी सेता छापालाई शुभ चीनहका रूपमा लिइन्छ । मैथली संस्कृतिमा पनि हातका छापा लाउने चलन छ ।

ब्याउला ब्याउली घरभित्र पस्ने बेला ब्याउलीले कुल्चने आटा (जौ) को पीठोको नौ वटा दियोलाई "स्वाँलागेडो" भनिन्छ । ब्याउला ब्याउली बाइसवटा छापा भएको स्थानमा बसिसके पछि सासू बुहारीले चुल्ठो गाँस्ने, पाँथो (पाथी) भर्ने गर्दछन् । पाँथो भर्दा सासूले भर्ने बुहारीले ढाल्ने अनि बुहारीले भर्ने सासूले ढाल्ने गर्दछन् । त्यै बेला चाँदीको रोखडा (सिक्का) चामलमा लुकाएर राखेको हुन्छ अनि त्यो जसले पहिला भेटायो उही क्षमतावान मानिन्छ । यसरी सासू र बुहारीको क्षमता परीक्षण गरिन्छ । त्यो रोखडो अन्तमा बुहारीको हुन्छ ।

अर्को दिन गाउँले तथा वरपरका इष्टमित्रहरूलाई भोज खुवाइन्छ । उनीहरूले ब्याउला ब्याउलीलाई टीका लगाएर पैसा दिने चलन छ । विवाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्रतबन्धको अवसर पारेर गाउँमा भएका आपसि द्वन्द्व र मनमुटावहरूलाई सहजै समाधान गरेर द्वन्दरत पक्षहरू विवाह व्रतबन्धमा सक्रिय रूपमा लाग्दछन् ।

भ्या (विवाहको) अन्तिम दिन हदेली (हलेदो) पखाल्ने गरिन्छ । ब्याउलाको लुगाको पछाडि हदेलो लागेको हुन्छ । त्यसलाई यो दिन पखालिन्छ । हदेलो लगायत अरू लुगाहरू पनि पखाल्ने गरिन्छ । यसरी लुगा पखाल्दा ब्याउलाले पानी हाल्ने ब्याउलीले धुने चलन छ । मडलेरीहरूले माँगल पनि भन्दछन् र कलश अनि पूजाका भाँडाकुडा पखालेर भ्या समाप्त भएको सङ्केत दिइन्छ ।

ब्याउलीले सुरुको दिन ब्याउलाको घरमा खाना खाँदा ब्याउलाले खाएको थालमा खाने र जूठो खाएको हुनाले उक्त थालको मुनितिर राखेको रोखडो रूपैयाँ (चाँदीको सिक्का) ब्याउलीको हुन्थ्यो । माइती तर्फबाट आएको दाइजोको आधारमा ब्याउली फकँदा कोसेली (सगुन) पठाउने चलन छ । ठूलो दाइजो दिनेलाई बढी सगुन र सानोलाई त्यसैअनुसार पठाइन्छ । यो निर्णयमा भलाद्मीको प्रमुख भूमिका रहन्छ । ब्याउली पठाएसँगै जन्तीका भलाद्मीको पनि भूमिका अन्त हुन्छ । माथि नै उल्लेख गरियो कि भ्याको हरेक प्रक्रियामा भलाद्मीको अहम् भूमिका हुन्छ ।

ब्याउली माइत (माइती) फर्कनु भन्दा अगाडि अन्निपन्नि (सगुन) राखेको भण्डारमा एउटा भाँडा लिएर जाने अनि एक पटकमा जति सगुन भाँडामा आउँछ त्यो ब्याउलीले ल्याउने चलन छ । त्यो सगुन ब्याउलीले माइतीमा लिएर साथीलाई बाँड्ने गर्दछिन् । माइतीमा साथीहरू सगुन खान ब्याउलीको प्रतिक्षामा हुन्छन् । यहाँ सगुन भन्नाले अर्सा, फिनी, लाडु (कसार), चिउरा, ढिँडो (चामलको पीठोमा गुलियो, भाङका गेडा आदि हालेर मुछेको) आदिलाई जनाउँछ । यहाँको अर्सा प्रख्यात छ, नेपाल भर जुम्ली अर्साको नामले चिनिन्छ । फिनी पनि यहाँको अन्तको जस्तो छैन, टाटया जस्तै गरेर वरिपरि ढिक बटारेको हुन्छ ।

ब्याउली पुऱ्याउन आएका माइतीहरू अन्निपन्नि (सगुन), ब्याउली र ब्याउलाको घर तर्फबाट पठाएको मान्छे समेत माइतीमा फर्कन्छन् । ब्याउली फकँदा पनि माँगल भन्ने गरिन्छ । ब्याउलो ब्याउलीसँग माइतीमा जाने चलन प्रायः यहाँ छैन । बिहे भएको धेरै पछि मात्र दुलाहा दुलही माइत सँगै जाने चलन छ ।

यसरी माइतीमा गइसकेपछि उपर्युक्त दिन, बार हेरेर ब्याउली आफ्नो घर आउने चलन छ । यसलाई यहाँ "दुरगिनी फिराउने" वा "दुर्गिनी फर्काउने"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ । ब्याउली दोस्रो पटक पतिको घर आउँदछिन् । त्यसबेला माँगल भन्ने दैंचावल (दही चामल) गर्ने गरिन्छ । त्यसपछि घरमा सासूले बुहारीलाई प्रत्येक काम अह्राउँदा टीका लगाउने अनि उपहार दिने चलन छ । उदाहरणको लागि सुरुमा बुहारीलाई घाँस दाउरा पठाउँदा दही चामलको टीका लगाउने पैसा दिने गर्नु पर्दछ । ब्याउली यस पटक (दुर्गिनी पाला) थोरै बसेर माइत फर्कन्छिन् । यहाँ सुहागरात पनि यसबेला मनाइन्छ । जिउलाको बाहुन क्षेत्री समुदायमा दुर्गिनी फर्काइसके पछि ब्याउला ब्याउली माइतसँगै जाने चलन छैन । तर ठकुरी तथा डाँडापखाका 'थर' (पावै) हरूमा सँगै जाने चलन छ । पाहारिलो पाखामा बस्ने भएकाले 'पावै' भनिएको हो । आजकल (पावै) शब्दलाई अपमानजनक शब्दको रूपमा प्रयोग गरेको पाइन्छ ।

भ्या (विवाह) गरेको, बच्चा जन्मेको र व्रतबन्ध जस्ता शुभ कार्य भएको सालको धान रोपाइँमा आफूसँग भएका खेत मध्येको ठूलो खेत (जसलाई यहाँ डाव भनिन्छ मा चोपाइ गरिन्छ । बच्चा जन्मेको छ भने उसलाई सेतो फेटा टाउकोमा बेरेर दही चामल लगाउने अनि खेतको बीचमा भएको 'पुल्ती' वरिपरि घुमाएर गालामा थोरै हिलो र बीउका पुला (मुठा) बाट थोरै बीउका पात चुडेर (जमरा जस्तै) लगाइदिने चलन छ । सुरुमा रोप्दा जसको हातबाट जुर्छ, उनले रोपाइँ सुरु गर्छिन् । यसलाई यहाँ डाङ्ली सार्ने भनिन्छ ।

पुल्ती भन्नाले डावको बीचमा चार ठाउँमा चारवटा बीउका पुला चारकुने गरेर सिङ्गो रोप्ने अनि एउटा पुलो (मुठो) बीचमा त्यस्तै गरेर (सिङ्गो) रोप्ने गरिन्छ । यी पञ्चपुलालाई जोडेर जोड चीनह जस्तो बनाएर रोप्ने गरिन्छ । यसरी बीउका पञ्चपुलाको बीचमा जोड चीनह परेको हुन्छ । यदि रोप्दा रोप्दै बीचमा पुतली उडेर आयो भने त्यहींनेर बीउको पुलो (मुठो) बनाएर रोप्ने चलन छ । रोप्ने क्रममा सेतो रङको बीउको बोट आयो भने पनि त्यसलाई पुतली मानेर बीउको मुठो रोप्ने गरिन्छ । "पुल्ती हाल्ने" (बीउको पुतली बनाउने) लाई छुट्टै सगुन दिने गरिन्छ । 'पुल्ती' घरकी छोरी भए छोरीले नभए बुहारीले हाल्ने चलन छ । चोपाइ नगर्ने भए पनि तीन मुरी (भारी) देखि माथिका खेतमा पुल्ती हाल्ने गरिन्छ । पुल्तीको बीचमा रातो सेतो धजा निगालोमा कोच्ने चलन छ ।

खेतमा धान रोप्ने बेला हालिने पुल्ती शुभ कार्य भएकाले मग्लेरीले माँगल गाउँदछन् । माँगलमा चोपाइ गर्ने घरका प्रत्येक लोग्ने मान्छेको जेठो देखि कान्छो क्रम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिलाएर नाम उच्चारण गर्दै "तिम्री रानीले भकारी भर्नीन्" भनिन्छ । यदि त्यस घरका छोरा वा भाइको विवाह भएको रहेनछ भने मग्लेरीले "तिम्री आगनमाला (आउने वाली) ले भकारी भर्नीन्" भनेको पाइन्छ । पुल्ती हाल्ने स्वास्नीमान्छेले बीउका पुला हातमा लिएर नाच्ने गर्दछन् र चोपाइ गर्ने घरका आइमाईलाई गालामा थोरै हिलो लाउने चलन छ । पुल्ती बारेमा अर्को रोचक प्रसङ्ग भनेको धान गोड्ने समयमा पुल्ती भएको ठाउँ (मालो) जसलाई पऱ्यो उसले सबै धान गोड्ने आइमाईलाई विशेष खानेकुरा ख्वाउँनु पर्ने हुन्छ । त्यसैले धान गोड्ने बेला आइमाईहरू "पुल्ती भएको मालो" गोड्न आलटाल गर्दछन् ।

बच्चा जन्मेको 'चोपाउनी" जस्तै ब्याउला ब्याउलीलाई पनि पुल्तीको वरिपरि तीन पटक घुमाएर ब्याउलालाई हलीले हिलोमा पछार्दछन् । अनि ब्याउलीलाई थोरै गालामा हिलो मात्र लगाएर खेत बाहिर ल्याउँदछन् । त्यसपछि 'चोपाउनी' सुरु भएको मानिन्छ । चोपाइ गर्दा आइमाईले आइमाईलाई र लोग्ने मान्छेले लोग्नेलाई हिलोमा पछार्ने गर्दछन् । यसमा बलियोको खुब प्रशंसा हुन्छ । चोपाइ सकिए पछि नुहाइ धुवाइ गरिन्छ । सबै जम्मा भएर दही चामल लगाउने, सगुन बाँड्ने काम हुन्छ । सगुनमा टाटया (पुरी), हलुवा, खीर, चिउरा आदि बाँडिन्छ । चोपाउनी गरेको बेलुका घरमा फुलौरा हाल्ने (बनाउने), वरपरका मान्यजनलाई खान बोलाउने गरिन्छ । यहाँ रोपाइँ सकिएको दिन, धान दाइँ हालेर पराल लगाएको दिन पनि फुलौरा हाल्ने (बनाउने) र हलीलाई सम्मान गर्दै खाना खान बोलाउने गरिन्छ ।[२७]

मृत्यु संस्कार :

यस क्षेत्रमा कुनै पनि मान्छे मर्न लाग्यो भने तीर्थको जल, प्रसाद खुवाउने, घाँटीमा तीर्थको तोरण, धजा (ध्वजा) बाँध्ने; रूद्राक्षको माला गलामा लगाइदिने, शङ्खलाई सिरानमा राख्ने र गोदान पनि गरिन्छ । यसको अतिरिक्त तुल, पहँलो वस्त्र, गजिनु (सेतो जाली जस्तो पातलो कपडा), श्रीमद् भगवदगीता जस्ता धार्मिक ग्रन्थ सिरानमा राख्ने गरिन्छ । जुम्ला उपत्यकातिर मान्छे मर्न लाग्यो भने गाई गोठमा लिने गरिन्छ । गाईलाई यस क्षेत्रमा लक्ष्मी

२७ माथि विवेचना गरिएको विवाह संस्कारको विवरण सिँजा दियारपाटाकी श्रीमती ध्रुव काफ्ले, सिँजा लुङ्कुका श्री तुङ्गनाथ उपाध्याय, श्री लाल प्रसाद उपाध्याय, श्री भानुभक्त उपाध्याय, श्री कपुरी प्रसाद उपाध्यायसँगको प्रत्यक्ष कुराकानी तथा दूरभाष मार्फत् प्राप्त भएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानेर पूज्दछन् ।

मान्छेको मृत्यु पश्चात् लासलाई नुहाइ धुवाइ गर्ने चलन छ मुर्दाका लुगा यदि फोहोर छन भने सफा लुगा लगाइदिने गरिन्छ । यदि लोग्ने छँदै आइमाईको मृत्यु भयो भने सिउँदोमा सिँदूर हाल्ने गरिन्छ । लोग्ने मान्छेको मृत्यु भएको हो भने नयाँ लुगा लगाइदिने, फेटा (पगरी) बेराइ दिने चलन छ । यहाँको 'अस्तु' नेपालको अरू ठाउँकोसँग मेल खाँदैन । मान्छे मरिसके पछि मुखमा पञ्चधातु (सुन, चाँदी, तामा, मुगा, मोती) को 'अस्तु' बनाएर राख्ने गरिन्छ । सामान्यतया 'अस्तु' भन्नाले गङ्गा आदि ठूला नदीमा सेलाइने मुर्दाका खप्परको हाडलाई जनाउँदछ । उक्त पञ्चधातुको अस्तुलाई आफ्नो तीर्थाटनको अवसरमा रिडी गण्डकी, काशी (बनारस जस्ता तीर्थस्थलहरूमा सेलाउने गरिन्छ । मृतकको छोराको यात्रा जहिले यी तीर्थस्थलमा हुन्छ, त्यसैबेला त्यो पञ्चधातुको अस्तु सेलाउने यस क्षेत्रको मौलिक परम्परा हो ।

मुर्दाको मुखमा अस्तु राखिसके पछि घाटतिर लैजाने तयारी गरिन्छ । मृतकको सिरानमा राखेको शङ्ख घरबाहिर गएर एकोहोरो फुक्दै गाउँलेलाई जम्मा हुन सङ्केत गरिन्छ । नजिकका छिमेकीहरू त पहिले नै मृतकको घरमा जम्मा भै सकेका हुन्छन् ।

क्षेत्री, ठकुरी जातिले 'चौपाल' गर्ने र मृतकलाई त्यसमा बसाइ बाजागाजा सहित घाटतिर लैजाने गर्दछन् । चौपाल भन्नाले मृतकलाई राख्ने फूल माला, रातो, पहँलो, सेतो कपडा, पताका, आदिले सजाइएको काठले बनेको, दुई वा चार मान्छेले बोक्न मिल्ने सिंहासन जस्तोलाई जनाउँदछ । बाहुन जातिले प्रायः 'च्यारी' को प्रयोग गर्दछन् । 'च्यारी' भन्नाले दुईवटा डाँडी भाट्टा जोड्ने गरेर वरपर स-साना भाटा (काठका डन्डा) हालेर भाटालाई बाबियोका डोरिले बाँधेको र मुर्दालाई त्यसमा बाँधेर दुई वा चार जनाले बोक्न मिल्ने स्टेचर जस्तोलाई बुझाउँदछ । बाहिर ओटालो (आँगन) मा मृतकको औकात अनि जातीय संस्कारको आधारमा च्यारी वा चौपाल तयार पारिन्छ । यस इलाकामा व्यवसायिक जात मध्येको ओड (सिकर्मी) ले चौपाल बनाउने हुनाले उनीहरू लगायत अरू व्यवसायिक जातले चौपालको प्रयोग सहित च्यारी पनि प्रयोग गर्ने प्रचलन छ । यहाँ लोग्नेलाई च्यारीमा र आइमाईलाई एउटा मात्र डाँडी भाट्टोमा तुल पितामबर राखेर मशानघाटमा लैजाने गर्दछन् । कोही-कोही आइमाईको चौपाल र अलि सानो 'कोठरी' पनि बनाएर घाटमा मुर्दा लिने चलन छ । आइमाईको विवाह गर्दा एउटा मात्र डाँडी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डोलीमा प्रयोग भएको कारणले यहाँ स्वास्नीमान्छे मर्दा प्रायः एउटा मात्र "डाँडी भाट्टो" प्रयोग गर्दछन् ।

पुरेत ब्राह्मण आएर मुर्दा तथा अन्यत्र गाईको गहुँत छर्दछन् । घरको ढोका भित्र गाईको गोवरले लिपपोत गरिन्छ । कपाल मुण्डन गर्दछन् । पुरेतले मन्त्र उच्चारण गर्दछन् अनि आवश्यक विधि पुऱ्याउँदछन् । यहाँ कोही-कोही मृत्यु भएको स्थानमा पनि जौ को पीठोको पिण्ड दिने अनि मात्र द्वार पिण्ड दिने गर्दछन् । कतै-कतै द्वार पिण्ड मात्र दिने चलन छ ।

यसरी पिण्ड दिँदा मान्छे मरेको स्थानमा जौ को पीठोको १ जडी (लाम्चो पिण्ड) १ पिण्ड र १ पिण्ड १ जडी द्वारमा दिने चलन छ । त्यसैगरी १ जडी १ पिण्ड वृक्षमा दिइन्छ यसलाई "वृक्ष पिण्ड" भनिन्छ । जौको पीठोका ४ पिण्ड (२ जडी, २ पिण्ड) मसानमा दिइन्छ यसलाई यहाँ "मसान पिण्ड" भनिन्छ । यी सबै (जम्मा ५ जडी ५ पिण्ड गरेर १०) जौ को पीठोका पिण्डलाई मृतकको छाती माथि राखिन्छ । जौलाई यहाँ पवित्र अन्न मानिन्छ ।

त्यसपछि मुर्दा घाट तर्फ लैजाने तयारी गरिन्छ । मृतकका छोराहरू धेरै भएमा जेठोले किरिया बस्ने गर्दछन् । मुर्दा मरेको स्थानबाट उठाउनु भन्दा अगाडि ढोका नेर लिपेको ठाउँमा भोजपत्र (भुजपात) राखेर जौको पीठोका द्वार पिण्ड दिइन्छ । बाहिर ओटालो (आँगन जस्तै) मा 'च्यारी' वा 'चौपाल' तयार हुन्छ । मुर्दालाई गहुत छर्केर विधि पुऱ्याइ 'च्यारी' वा चौपालमा राखिन्छ । भोजपत्रमा दिएका जौका पिण्डलाई मृतकको छातीमा राखिन्छ । यहाँ सिँजा तिर "छातीमा राखी ल्हिन्या छस् क्या" भन्ने गरिन्छ । आखिर मत्यु भै सके पछि लिएर जाने भनेको जौ का पिण्ड मात्र हुन् भन्ने अर्थ यो उक्तिको हो ।

लास खस्छ कि भनेर बावियाको डोरी, पटुका आदिले बाँधिन्छ । मृतकको लास मरेको स्थानबाट घर बाहिर ल्याउने बेला घरका, साग (साख) का र गाउँका आइमाईहरू ठूलो स्वरले रूने-धुने गर्दा गीत जस्तै लयमा रूने चलन छ । त्यस बेलाको क्षण ज्यादै हृदयविदारक हुन्छ । लास उठाउनु भन्दा अगाडि बाङ् (सेतो पातलो कपडा (गजिनु) लाई निगालाले च्यापेको अन्दाजी २०/३० मिटर लामोलाई समातेर मलामी हिँड्दछन् । यहाँ लोग्ने मान्छे मात्रै मलामी जाने चलन छ । बाङ् पछाडि गाईको बाच्छी हिँडाउँछन् । बाछी (बाच्छी) पछाडि पुरेत ब्राह्मण हुन्छन् । बाङ् प्राय धामी, डाङरी र अन्यले समाउँदछन् किनभने उनीहरूले मुर्दा छुँदैनन् । गाई, पुरेत सँगै शङ्ख फुक्ने १ जना अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँसीगेडा छर्ने १ जना व्यक्ति पनि हुन्छन् । आँसीगेडा भन्नाले धान, जौ, तिल, पैसा मिसाएको मिश्रणलाई बुझिन्छ, त्यसलाई आँसीगेडा समात्नेले शङ्ख फुके पछि प्रत्येक दोबाटोमा फाल्दछन् । ती भन्दा पछाडि लासलाई समातेका हुन्छन् भने लासको पछाडि किरियापुत्रीहरू हुन्छन् । अन्तमा मलामीहरू र पिरल (सल्लाका स्याउला) बोकेको मान्छे हुन्छ ।

प्रत्येक दोबाटोमा आँसीगेडा छर्दै, शङ्ख फुक्दै वृक्ष भएको ठाउँमा लासलाई राखेर "वृक्ष पिण्ड" दिने गरिन्छ । ती जौको पीठोका पिण्डलाई भोजपत्र सहित लासको छातीमा राखेर मुर्दा पुनः घाट तर्फ लगिन्छ । लासलाई वृक्षको तीन फन्का घुमाउने चलन पनि छ ।

मशानघाटमा चिता चीनने (बनाउने) काम हुन्छ । दाउराको व्यवस्था पहिले नै भइसकेको हुन्छ नभए गाउँलेहरूले एक-एक ओटा मुडा बोकेर मलामी जाने चलन छ । त्यो गाउँका आइमाईहरूले पनि मुर्दा पुऱ्याउनु भन्दा धेरै अगाडि घाटमा दाउरा फालेका हुन्छन् ।

मुर्दालाई मशानघाटमा पुऱ्याइन्छ । फेरि यहाँ पनि जौ को पीठोको २ जडी र २ पिण्ड जम्मा ४ पिण्डलाई "पिण्ड दिने" गरिन्छ । यहाँ पनि भुजपात (भोजपत्र) मा दिएका पिण्डलाई मुर्दाको साथमा राखिन्छ । त्यो भन्दा अगाडि मृतकले लगाएका लुगा, जनै, ढाँडमा भएको डोरी सबै निकाली पर्दाले ढाकेर नाङ्गै बनाइन्छ । नाङ्गो लासलाई पर्दा लगाएर चितामा राखिन्छ । चितामा लास राख्नु भन्दा पहिले नै मुखमा भएको "पञ्च धातुको अस्तु" लाई निकालेर सुरक्षित राखिन्छ । अरू विधि पुऱ्याए पछि गहुँत छर्केर लासलाई शुद्ध पारिन्छ । त्यसपछि घ्यूमा चोपेको ठूलो बत्तीले लासको मुखमा बातो दिने (दागबत्ती दिने) काम हुन्छ । यसबेला शङ्ख फुकिन्छ र सबै छोराहरूले बत्ती समातेर 'झकारो हाल्ने' चलन छ । 'झकारो हाल्ने' भन्नाले 'बावौ' भनेर अन्तिम दयालाग्दो स्वरले सबै छोराले सँगै कराउनेलाई बुझिन्छ । किरियापुत्री यदि एकजना मात्र भएमा उसले मात्र एक्लै झकारो हाल्दछ ।

लास जलाउन्जेल सम्म सबै मलामीहरू बस्दैछन्, केही फर्कन्छन् भने केही मात्र बस्दछन् । तर मृतक यदि धेरै लोकप्रिय छ भने धेरै मलासी अन्तसम्म बस्दछन् । लास जलाइसकेपछि च्यानघाट (मशानघाट) पखाल्ने भनेर पानीले जलाएको ठाउँ पखालेर बाँकी काठका मुडा हाडखोड नदीमा बगाउने गरिन्छ । यसरी पखालेको ठाउँमा गाईको दही खन्याउने गरिन्छ । बाङ् (गजिनु) का त्यहीं भएका निगालाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्येबाट एउटा निगालोमा पहँलो धजा (ध्वजा) राखेर लास जलाएको ठाउँमा गाडिन्छ ।

मशानघाटको काम सकेपछि मलामी, किरियापुत्री, पुरेत ब्राह्मण सबै जना किरिया गर्ने स्थानमा जान्छन् । त्यही दिन पर्याप्त समय छ भने 'सुमेरू' उठाउने गर्दछन् । सुमेरू उठाउने भनेर बालुवाको सानो पर्वत जस्तै बनाउनेलाई बुझिन्छ । सुमेरू उठाएपछि किरिया सुरु भएको मानिन्छ । त्यै बालुवाको सुमेरू भित्र अर्को पञ्चधातुको अस्तु बनाएर राख्ने गर्दछन् । त्यसपछि सबै जना घर फर्कन्छन् । घर फर्के पछि अरू विधि विधानहरू सम्पन्न गरिन्छन् ।

एक दिन देखि दश दिनसम्म दूध र चामल पकाएर १ पिण्ड १ जडी बनाइन्छ र जडीलाई ३ भागमा बाँडेर पिण्ड दिने गरिन्छ । दश दिन भएको दिनलाई "दशा फेड्ने" भनिन्छ र सुमेरू फिँजाएर गाईलाई कुल्चाउने चलन छ । यस दिन गाई छुट्टै दान गरिन्छ । किरीया बस्नेको घरमा दिन/रात गाउँलेहरू पालैसँग कुर्ने चलन छ । किरिया पुत्री सुत्दा खुट्टा खुम्च्याउने चलन छ ।

एघार दिन भएको दिन एकादशा गरिन्छ । त्यसदिन कुशको 'पुल्तो' तयार गरिन्छ । पुल्तोलाई मानिसको आकृति मानेर मिठा मिठा परिकार खुवाउने र ती परिकारहरू केही नदीमा बगाउने र केही पुरेतले लैजाने गर्दछन् । अरू दिन किरिया गर्ने स्थानमा नजाने महिलाहरू त्यस दिन अर्थात् "पुल्तो पूज्ने" दिन गएका हुन्छन् । उनीहरू पुल्तो खुवाउँन त्यहाँ गएका हुन् । ती आइमाईहरू त्यहाँ गीतको लयमा रूने-धुने गर्दछन् । मृतकलाई सम्झदै यसरी रूँदाको क्षण निकै कारुणिक हुन्छ ।

बाह्रदिन भएको दिन द्वादशा गर्दछन् । त्यसदिन पीपलको बोट लगाउने चलन छ । पछि वर्ष दिन सम्म पिपललाई पानी दिने, चन्दन अक्षता, पातीको टीका लगाउने गरिन्छ । विश्वले वर्षेनी वृक्षारोपणमा धेरै रकम खर्च गरिरहेको वर्तमान परिस्थितिमा सिँजा क्षेत्रको यो परम्पराले जङ्गल जोगाउन मद्दत पुऱ्याउने छ । द्वादशा कै दिनमा घरमा सपिण्डी मिलाउने गरिन्छ । मृतक मरेको स्थानमा नै यो विधि गरिन्छ । यदि १३ दिन पुग्ने दिनमा आइतबार पऱ्यो भने १२ दिनमै किरियाबाट उम्कने गरिन्छ । वास्तवमा किरियाबाट उम्कने भनेको १३ दिन भएकै दिनमा हो ।

तेह्रदिन भएको दिनमा गाई तर्पण गरिन्छ भने पुरेतलाई "शैय्या दान" गरिन्छ । शैय्या दानमा 'एकसरो' लगाउने र ओड्ने ओछ्याउने लुगा देखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृतकका घरको औकात हेरेर घोडा, गाई र अन्य बस्तुहरू दान गरिन्छ । त्यस दिन किरियापुत्रीले नुन खाने र सबै सेतो पहिरन लगाउने गर्दछन् । साखहरूले नुन दश दिनमा खान्छन् तापनि १३ दिन सम्म कुनै पनि शुभकार्य गर्दैनन् । छोरी बहिनीलाई त्यस दिन दान दर्पण गर्ने चलन छ ।

मान्छे मरेको २० दिन, ४५ दिन, ६ महिना र वर्ष दिन पुग्ने दिनको तिथि र प्रत्येक महिनाको एक तिथि गर्ने गरिन्छ त्यसलाई यहाँ 'मासिका' भनिन्छ । छ महिना अगाडि र बरेषी (वर्ष दिन पुगेको) को अघिल्लो दिन 'अनमासिका' गर्ने चलन छ । वर्ष दिनमा 'बरेषी' गरिन्छ । यसरी जम्मा १७ पटक पिण्ड दिने गरिन्छ । स्त्री मरेका लोग्नेले पनि वरेषी वार्ने चलन छ ।

बरेषीमा किरियापुत्रीले सेतो बस्त्र फ्याँकेर अरू सामान्य लुगा लगाउँदछन् । गाउँले साखलाई अगाडिका तिथिहरूमा ख्वाउँने गरिन्छ भने टाढा टाढाका मलामीलाई 'वरेषी' मा ख्वाउँने गरिन्छ । बरेखी पश्चात प्रत्येक वर्ष एकोद्दिष्ट र सोह्र श्राद्धको दिन मरेको तिथिमा श्राद्ध गर्ने चलन छ ।

यहाँ आइमाई पनि किरिया बस्ने प्रचलन छ । कुनै मान्छेको मृत्यु भएको बेला कुनै महिला रजस्वला भएकी रहिछन् भने किरिया बस्न हुँदैन । यदि किरियाको बीचमा रजस्वला भइन् भने किरिया रोकेर चोखो भैसकेपछि पुनः किरियालाई निरन्तरता दिइन्छ ।[२८] लोग्ने मरेकी स्त्रीले एकवर्ष सम्म सेतो लुगा लगाउँदछन् । गहना लागाउन हुँदैन ।

यहाँका व्यवसायिक जात (कामी, दमाइ, सार्की, ओड, सुनार) को किरिया विधि अरूको भन्दा छोटो छ । उनीहरू ८/१० दिनमै उम्कन्छन् । उनीहरू उम्कने दिनमा गाँडो चीन्ने (अप्ठ्यारो उक्लिने ठाउँ) गर्दछन् । त्यसको अतिरिक्त उनीहरू बाटोको दायाँ बायाँ चौतारी बनाउने गर्दछन् । पीपलको विरुवा रोप्ने चलन यिनीहरूमा पनि छ । उदाहरणको लागि विराट गा.वि.स.को लौडिसिम भन्ने च्यानघाट (मसानघाट) को चौरमा लाहार्ज लुवारवाडा गाउँका सुँडे लुवारले पीपलको विरुवा लगाएर चौतारो गाउँलेको सहयोगमा चीनेका थिए । आजभोलि पनि वृक्ष पिण्ड दिएर मुर्दा घुमाउँदा यही पीपल घुमाउने गरिन्छ । पहिले दियारको

२८ मृत्यु संस्कारको विवरण सिँजा दियारपाटाकी श्रमिती ध्रुव काफ्ले; सिँजा लुङ्कुका तुङ्गनाथ उपाध्याय, भानुभक्त उपाध्याय, कपुरी प्रसाद उपाध्याय, लोकेन्द्र प्रसाद उपाध्याय, सिँजा सिम्पाटीका शालिग्राम पण्डित र जामका पूर्णप्रसाद उपाध्यायबाट प्रत्यक्ष कुराकानी तथा दूरभाष मार्फत् प्राप्त भएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूख घुमाउने गरिन्थ्यो तर त्यो उहिल्यै ढलिसक्यो ।

व्यवसायिक जातका पुरेत उनीहरूका आफ्ना ज्वाइँ, भाञ्ज हुने गर्दछन् । यिनीहरूको विवाहमा जन्ती बटौरु दुवै हुने गर्दछ । विवाहको विधि छोटो भए तापनि अरू हुड्के, ढोली नाच्ने जन्त जाने सबै अरू जातसँग मिल्दछ । त्यसैगरी बच्चा जन्मदा छैठ खेलाउने बाजा बजाउने सबै अरू जात जस्तै गर्दछन् । कर्णाली प्रदेशका बाहुन, क्षेत्री, ठकुरी, कामी, दमाइ, सार्की, वादी, गाइने सबै खस जाति भएकाले धेरै जसो संस्कारमा एकरूपता पाइनु स्वभाविकै हो ।

२. डाँडा पाखाका बासिन्दा 'थर' (पावै) को जीवन चक्र

'पावै' शब्दलाई आजभोलि अपमानजनक शब्दको रूपमा प्रयोग गर्ने गरेको पाइन्छ यस्तो पहिले थिएन । यिनीहरू जिउलाभन्दा माथि धान नफल्ने ठाउँमा बस्ने अर्थात् पाहारिलो पाखामा बस्ने भएकाले पावै भनिएको हो । परिश्रमी र इमान्दार जाति भएकाले आजभोलि ज्यूल्याल भन्दा बढी खेत पावैसँग छन् । यिनीहरू इमान्दार हुने भएकोले "थरको छोरो माटाको भिट्टो" भन्ने उक्ति प्रयोग गरिन्छ तर आजभोलि परिस्थिति फरक भइसकेको छ । यहाँ धान नफले पनि गहुँ, एक वर्षमा पाक्ने बुढा जौ, फापर, आलु, सिमी प्रशस्त फल्ने हुनाले यहाँका मान्छेहरू ज्यूल्याल भन्दा मोटाघाटा देखिन्छन् । यहाँ जङ्गली फलफूल र सागपात प्रशस्त पाइन्छ । तर आधुनिकीकरणको प्रभाव यिनीहरूमा पनि परेको छ । प्राकृतिक खानेकुरा छोडेर तयारी खानेकुरा खाने चलन बढेको छ । यिनीहरू मद खाने जाति होइनन् । जाडसँग नजिक भएका खसान गाउँहरूमा मद खाने चलन चलेको छ । यो जाड र खसको नङ मासु जस्तै रहेको सम्बन्धले गर्दा हुने आपसी सङ्गतको प्रभाव हो । यो क्षेत्रमा लामो उठबसले मिश्रित संस्कारको विकास भएको छ ।

जीवनचक्रको विवेचना गर्दा जिउलाको र यहाँको जीवनचक्रका आधार भूत कुराहरूमा खासै भिन्नता नभए पनि विभिन्न संस्कारमा गरिने विधिहरूमा भिन्नता रहेको देखिन्छ ।

जन्म संस्कार :

सुत्केरी आइमाई कन्न (कन्न) लागेमा गोठमा लैजाने चलन छ । सुत्केरीको साथमा साथीहरू र सुडेनी पनि जाने गर्दछन् । गोठलाई सफा गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्यानो होस् भनेर स्याउला हालेका हुन्छन् । गाईलाई यहाँ लक्ष्मी मान्दछन् भने गाई गोठमा नागको पनि पूजा हुन्छ । त्यसैले बच्चालाई गाई गोठमा जन्माउने गरिन्छ । बच्चा जन्मिसकेपछि आँसी (हँसिया) ले "नाइँ बेडाउने" (नाभि काट्ने) गरिन्छ । नाइँ बेडाइ सके पछि खिर्‌रो (खिरिलो) धागोले बाँध्नु पर्दछ । यसरी नाइ बेडाउँदा बाँध्ने धागोका गाँठा हाल्दा (बनाउँदा) तीन वा पाँच हुनुपर्ने प्रचलन छ । गोठमा भूत, डङ्किनीको प्रभाव नपरोस् भनेर हातहतियार सुत्केरीसँग राख्ने गरिन्छ ।

सुत्केरी सुतेको सिरान पूर्व पारेर राखिन्छ । यहाँ पूर्व सिरानलाई शुभ मान्ने र पश्चिमलाई अशुभ मानिन्छ । सुत्केरीलाई नुहाइधुवाइ गरी बच्चालाई दूध लगाइन्छ (दूध चुसाइन्छ) अनि हदेलो (हलेदो) पानी, जीरे पानी, ज्वाँने पानी खुवाइन्छ । सुत्केरीलाई चरो चाखुडो (च्याखुरा र अन्य चराको मासु) खुवाइन्छ र उनी ४।५ दिनसम्म बाहिर देखाला नपर्ने (बाहिर देखा नपर्ने) प्रचलन छ ।

बच्चा जन्मेको छ दिनमा छैटी गर्ने चलन यहाँ पनि छ । तर जिउला जस्तो लामो विधि पूरा गर्नु पर्दैन । छोरा जन्मेको छ भने "छैट खेलाउने" चलन सबै जिउलाको जस्तै यहाँ पनि हुन्छ । छ दिन सम्म घरको थाडा (छत) मा १।२ घण्टा दैनिक चुड्किला (देउडा गीत) खेल्ने र छ दिनको राती "रात बियाएर" (रातभरि) सातौं दिनको बिहानसम्म खेल्ने गर्दछन् । तल घरभित्र बुढापाका मान्छे एकातिर र अर्कोतिर बुढीपाकी आइमाईले भक्तिभावना, देवीदेवता, आशिर्वाद सम्बन्धी चुड्किला (भक्तिभावनाका गीत) खेल्ने गर्दछन् । यहाँ पनि बालो बनाउने र नचाउँने गरिन्छ । जिउला जस्तै यहाँ पनि 'बालो' नचाउँदा "राउनीदाउ दाउ" भन्ने गीत गाउने गरिन्छ । छैट खेल्ने बेला बिहानीपख निगालाका भाट्टा प्रयोग गरेर देउडा खेल्ने वा चुड्किला खेल्ने गर्दछन् । त्यसलाई यहाँ "ढुटुवा लाउने" भनिन्छ । यो प्रचलन जिउलाको छैट खेल्ने बेला पनि देख्न सकिन्छ । प्रत्येक अगेठा (मुडा बालेको स्थान) मा एउटा खेल (देउडा खेल) हुन्छ र खेल पिच्छे खसी बोका काट्ने चलन छ । खेल समापन भयो भने खसी, बोका काटेर खेल्नेउडाले भाग लिएर जान्छन् भने गाउँलेलाई बिलो (भाग भन्दा सानो) बाँडिन्छ । व्यवसायिक जातको खेल छ भने राँगा पनि काट्छन् । खेलमा सगुन बाँड्ने, टाढाका खेल्लेउडा रहेछन् भने खाने सुत्ने व्यवस्था गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिउलाबाट ब्राह्मण पुरेत आएर बच्चाको बोलाउने नाउ राशि अनुसार जुराउद्छन्। मङ्लेइहरूले माँगल भन्दछन्। डाँडापाखाका मान्छे (थर) हरू मंग्लेरी वा मङ्लेरीलाई मङ्लेइ भन्दछन्।

बच्चा जन्मेको नौ दिनमा जिउलाका पुरेतले नाम राशि अनुसार पात्रो हेरेर राख्दछन्। मङलेइले माँगल गाउँदछन् वा भन्दछन्। वरपरका साग (साख) र गाउँलेलाई सगुन बाँडेर न्वारानको काम पूरा गरिन्छ। यसरी यहाँ जिउलाका न्वारानका विधिहरू जस्तो लामो नभए पनि अन्य आधारभूत विधिहरू समान छन्।

अन्नप्राशन : डाँडापाखा तिरको चलन अनुसार यति दिनमा अन्नप्राशन गर्ने भन्ने हुँदैन। प्रायः यहाँ नौ दिनमा बच्चाको ओठमा खानेकुरा ख्वाएजस्तो गरेर अन्नप्राशन गर्ने गरिन्छ। नौ दिनमा सुत्केरी गोठमै हुन्छिन्। यता घरमा धेरै थरीका खानेकुरा वा "पञ्चपरिकार" तयार गरिन्छ। सुत्केरीले बच्चालाई ल्याएर घरमा आउँछिन्। घरमा लिपपोत गरेको हुन्छ। त्यसपछि बालकको नाम कानमा उच्चारण गरेर "ए बालक तेरो पञ्च ज्यूनार तयार भयो, तेरा बाजे बज्यै लगायत घरकाले पञ्च ज्यूनार राखेको छ" भनेर बालकको ओठमा खानेकुरा छोइदिने गर्दछन्। यसरी बालकलाई बोलाउँदा घरको जीनोपाको (जेष्ठ मान्छे) मान्छेले बोलाउने यदि घरको नभए गाउँको जीनोपाकोले बोलाउने गर्दछन्। सानो बच्चाले खानेकुरा खाने कुरै भएन तापनि चखाएको जस्तो गरेर अन्नप्राशनको विधि पूरा गरिन्छ। मङलेइले माँगल भन्ने र सगुन बाँड्ने गरिन्छ।

व्रतबन्ध :

डाँडापाखाका मान्छे (थर) को व्रतबन्धको विधिलाई दुई भागमा विभाजन गर्न सकिन्छ। पहिलो आफ्नो देवताको थानमा धामी डाङरीको उपयोगद्वारा गरिने व्रतबन्ध र अर्को जिउलाका ब्राह्मण पुरेन बोलाएर गरिने व्रतबन्ध। यी दुवै विधि कम खर्चिला र अनावश्यक झण्झटबाट मुक्त छन्।

अ. देवी देवताको थानमा गरिने व्रतबन्ध

यहाँ पनि जिउला जस्तै आफ्ना कुल देवता हुन्छन्। जस्तै बोतालका केरीपाल, महादेव, मष्टा भवानी आदि। त्यस्तै लेकपरकाले लामा-विष्णु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महादेव, लाटो र दाड्या मस्टो, ओखरपाटाकाले भवानी, पुवाँले मस्टा, बाँटपाल, कुलदेउ, झ्यादेउ, महादेव मान्दछन् भने लुमकाले लामा, भवानी, कालोसिल्तो मस्टा मान्दछन्। त्यसैगरी बुडुमा बुडु मष्टा, भवानी, महादेव, ओदी गाउँमा लामा र विष्णु, बावमा बाव भवानी मस्टा आदि मान्ने गर्दछन्। यी देवस्थलहरूमा पूजा लागेको बेला व्रतबन्ध गर्ने प्रचलन छ। पूजा लागेको बेला हुनेले खसी काट्छन् भने नहुनेले जोला (जोडा) थाल सगुन लिएर जान्छन्। सगुनमा टाट्या (टाटे), भुटेको आलु, भुटेको मार्स्या (मार्से) लगायत देउताको थान बाहिर रोखडो रूपैयाँ (चाँदीको रूपैयाँ), काँशको थाल तयार गरिन्छ र दुइ जना कन्या केटी पनि तयारी अवस्थामा बसेकी हुन्छन्।

व्रतबन्ध गर्नेले आफूले जनै लिएको हुन्छ। त्यो जनै धामीले फुक्फाक गर्दछन् र व्रतबन्ध गर्नेलाई बिदो (सुख्खा चामलको टीका), रातो सेतो धजा (ध्वजा) लाइदिएर फुकेको जनै सहित थान बाहिर पढाउँदछन्। थानमा गरिने व्रतबन्धमा ब्राह्मण पुरेतको कुनै आवश्यकता पर्दैन मात्र उनीसँग पहिले नै जनै लिइसकेको हुन्छ। सिँजाखोलाको जिउलातिर ज्योतिषले हात हेराएर व्रतबन्ध गर्नेको कपाल खौरने चलन छ भने डाँडापाखातिरका थरहरूमा कपाल खौरन जान्नेले कपाल खौरने गर्दछन्। नेपालको अरू क्षेत्र जस्तो मामाले भान्जको कपाल व्रतबन्धमा खौरने चलन यहाँ छैन।

कपाल खौरन जान्नेले कपाल खौरदै गर्दा दुईवटी कन्या केटीले कपाल बाहिर पर्न नदिइ काँशको थालमा टिप्दछन्। मङलेइले माँगल भन्दछन्। चाँदीको रूपैयालाई व्रतबन्ध गर्नेको खौरेको टाउकाको टुपीनेर राखेर त्यसमाथि नयाँ टोपी लगाउने, फेटा बेर्ने, सफा लुगा फेर्ने र धामीले फुकेर दिएको जनै लगाउने गर्दछन्। धामी आफैले जनै दिँदैनन् त्यो त आफैले लिएर गएको जनैलाई फूक्दछन्। यसरी टुप्पीमा राखेको रोखडो रुपैयाँलाई लगभग ६।७ घण्टासम्म राख्नु पर्दछ। व्रतबन्ध गरेको व्यक्तिलाई कसैले पनि छुनु हुँदैन। त्यो रूपैयाँ व्रतबन्ध गर्नेको हुन्छ र उ सानो भएमा त्यो रूपैयाँ घरकाले राम्रोसँग राखिदिन्छन्। कपाल खौरने व्यक्तिलाई व्रतबन्ध गर्नेले निहुरेर ढोग गर्ने (ढोग दिने) चलन छ। त्यसैगरी खौरेको कपाल टिप्ने कन्यालाई पनि पैसा दिने गरिन्छ। त्यसबेला माँगल भन्ने (गाउँने) मङलेइहरूलाई पैसा सगुन दिने गरिन्छ। ती खौरेको केश टिप्ने कन्याहरू काँशको थाल लिएर केश खोलामा बगाइ थाल धोएर एक आपसमा बाँड्ने गर्दछन्। साग (साख) गाउँलेहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सगुन बाँडिसकेपछि व्रतबन्धको काम समापन गरिन्छ । त्यसदिन देखि व्रतबन्ध गर्ने व्यक्तिको द्वार खुलेको मानिन्छ । यसरी सहज, सुलभ तरिकाले व्रतबन्ध सकिन्छ ।

आ. ब्राह्मण पुरेतलाई घरमा बोलाएर गरिने व्रतबन्ध

डाँडापाखामा पुरेतलाई बोलाएर गरिने व्रतबन्धमा पनि जिउलाको जस्तो जोगी हुने, देशान्तर सुन्ने आदि धेरै विधिहरू गरिँदैनन् । देवी देवताको थानको सट्टा घरमा व्रतबन्ध गर्दा पनि धेरैजसो थानमा गरिने विधिहरू नै प्रयोग गरिन्छन् । तर जनै ब्राह्मण पुरेतले व्रतबन्ध गर्ने व्यक्तिलाई हालिदिने चलन छ । त्यसपछि रोखडो रूपैयाँ टुपीमा राखेर टोपी लाउने, फेटा बेर्ने, नयाँ लुगा लगाउने, सगुन बाँड्ने, मङ्गलेइले माँगल भन्ने जस्ता सबै विधिहरू गरिन्छन् । गाउँलेलाई सगुनपात दिएर व्रतबन्ध समापन गर्ने प्रचलन छ ।

सिँजाखोला कै लेकपरका तीनवटै गाउँकाले श्री कनकासुन्दरी भगवती लामाज्यूको स्थान (गडी माइको थान) मा चैते अष्टमी र ज्वारे पिठाहा (वडा दशैँ) मा व्रतबन्ध गर्ने प्रचलन छ । लेकपर गाउँबाट परिवारका सदस्य र आवश्यक मानिसहरू आएर राती थानमा बस्ने अनि थानका पूजारीले आवश्यक विधि पुऱ्याएर जनै हालिदिने गर्दछन् । थानमा गरिने यस्ता व्रतबन्धमा एकै पटकमा धेरै जनाको व्रतबन्ध सँगै गर्ने गरिन्छ । त्यसबेला हुनेले बोका पूज्ने पनि गर्दछन् । जिउलाकाले पनि कनकासुन्दरी मन्दिर (गडी माइको थान) मा व्रतबन्ध गर्ने, रूद्री, कथा लगाउने चलन छ । लेकपरेहरू थानमा काम सकेर गाउँ मै भतेर दिने गर्दछन् । यहाँका गाउँलेले लामाज्यू मान्ने भएकोले पनि लामाज्यू, कनकासुन्दरी, सूर्यनारायण, कालिका, जालपाको स्थान भएको यस स्थानमा व्रतबन्ध गर्ने प्रचलन परापूर्वदेखि चलेको हो ।

व्रतबन्ध कनकासुन्दरी भगवती भएको थान नजिकै रहेका लामाज्यूको थानको बाहिरपट्टि गरे पनि आफ्नो गाउँ लेकपरमा भएका लामा-विष्णुको स्थानमा र अर्को छुट्टै लामा माडुमा सगुन प्रसाद धजा (ध्वजा) चढाउने गरिन्छ । व्रतबन्धको सुरुवात गर्दा पनि सुरुमा आफ्नो देवतालाई धजा (ध्वजा) प्रसाद चढाएर मात्र जाने गरिन्छ । डाँडापाखामा मात्र होइन, जिउलामा पनि चाहे ती ब्राह्मण हुन् वा क्षेत्री, ठकुरी धेरैले मस्टाका स्थान र कनकासुन्दरी माइको स्थानमा व्रतबन्ध गर्ने गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाह संस्कार :

जन्ती जानु भन्दा अगाडि ब्याउलीको घरमा कति जन्ती ल्याउने, अरू कुराहरू कसरी एकआपसमा समाधान गर्ने भन्ने जस्ता समस्यालाई निराकरण गरेर 'निदाउरू' फर्कन्छन्। निदाउरू घर फर्के पछि मात्र जन्ती जाने तयारी गरिन्छ।

डाँडापाखाका थरहरूमा विवाह गर्दा सुरुमा ब्याउलोले नुहाइधुवाइ गर्ने, डाङरीले ब्याउलोलाई सिँगार्ने अनि ब्याउलोले खुकुरी भिरेर नयाँ लुगा लाएर सेतो फेटा बेर्ने गर्दछन्। जिउला जस्तै यहाँको ब्याउलाका लुगा सुलभ, सिलाउन सजिला, हेर्दा आकर्षक देखिने हुन्छन्। यहाँ डाङरीले ब्याउलोलाई जनै हालिदिने गर्दछन्। यदि पहिले नै व्रतबन्ध भएको हो भने धामीले फुकेर जनै दिने अनि त्यो जनै लगाउने प्रचलन छ। ब्याउलो लाई सिँगारी सकेपछि तल ओग्ल (ओखल) सम्म उनलाई काँधमा राखेर लिने अनि फर्काउने गरिन्छ। ब्याउलो काँधमा हाल्नेलाई दुईवटा लाडु (लड्डु) दिने गरिन्छ। ब्याउलो घर फर्केपछि लुगा फेर्ने र घरमै बस्ने गर्दछन्। यहाँ जन्तीसँग ब्याउलो सँगै जाने चलन छैन। ब्याउलोलाई घर मै राखेर जन्तीहरू ब्याउलीको घरतर्फ लाग्दछन्।

यहाँ पनि जिउला जस्तै ठूलो जन्तेड र सानो जन्तेड (बटौरु) गर्ने प्रचलन छ। ब्याउलीको घर पुग्ने बेला 'दैसागे' थोरै अगाडि जाने गर्दछन्। दैसागेले दहीको घाँडे (सानो ठेकी), सिमी, सुपारी वा ओखर, लिएका हुन्छन्। ब्याउलीका घरकाले दैसागेलाई पर्छो (स्वागत) गर्दछन्। त्यसको थोरै पछाडि जन्ती पुग्दछन्। जन्तीलाई पनि दैसागेलाई जस्तै 'पर्छने' गर्दछन्। ठट्टाको रूपमा जन्तीलाई माइती गाउँकी छोट्टी (केटी) हरूले ढिँडो (चामलको पीठो मुछेर बनाएको) घस्ने, पानी खन्याउने गर्दछन्। जन्तीहरू त्यसपछि खाना खाने खेलमाल (गीत गाउँने) गर्ने गर्दछन्।

बिहान उज्यालो हुने बेला ब्याउली रूवाउने गरिन्छ। ब्याउलीले गीतको लयमा रूनधुन गर्ने गर्दछिन्। ब्याउलीलाई घरबाट लिएको लुगाहरू लगाइदिने अनि डौटो (एक प्रकारको बुट्टा भएको ओर्ना) पनि ओडाइ दिने गर्दछन्। विवाहमा जिउला जस्तो त्यस्तो विधि विधान यहाँ पूरा गर्नु पर्दैन। यहाँको विधिहरू छोटा हुन्छन्।

बिहानको खाना ठूलो जन्तेड भएमा गाउँलेले खुवाउने र सानो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बटौरु भएमा साग (साख) माइतीले खुवाउने गर्दछन्। जन्तीका मुख्य मान्छे ब्याउलीको घरमै खाने गर्दछन्। खाना पछाडि ब्याउलाको तर्फबाट ल्याएको कोसेली (सगुन) खाने अनि लाखे, चम्फा (डोकाको चम्फा बनाएर डोकोभित्र पसेर नाच्ने) बनाएर नाच्ने चलन छ। फेरि ठट्टाको रूपमा पानी खन्याउने, ढिँडो खस्ने गरिन्छ। ब्याउलीलाई घर पठाउनु भन्दा अगाडि गोडा धुने प्रचलन छ। मडलेइहरू माँगल प्रत्येक पलमा भनी रहेका हुन्छन् (गाउँने गर्दछन्)।

यहाँ पनि जिउला जस्तै हुड्डो (तामाको ठूलो गाग्री जस्तो भाँडो)। खड्कुँडो (खडकुँली), काम्ला, आँसी (हँसिया), कोदालो, कुटो, बेछ्छउटो (मसला राख्ने धेरै पाला भएको काठको) आदि 'एकसरो' दाइजो हाल्ने चलन छ। सबै दाइजो जन्तीले बुझ्दछन् र घरतर्फ ल्याउने व्यवस्था गर्दछन्। ब्याउलीलाई माइतीले डोला (डोली) मा राखेर अलिक तलसम्म पुऱ्याउँदछन्। यसरी ब्याउलीलाई डोलीमा राख्नेलाई यहाँ "डोला हाल्ने" भन्दछन्। डोलाको वरपरको डाँडी घरकाले समाउने वा जन्ती तिरकाले समाउने गर्दछन् भने बीचमा माइतीले समाउने चलन छ। यसरी ब्याउलीलाई अलि तलसम्म बोके पछि डोलाबाट निकालेर मान्छेले बोक्ने वा घोडा भए घोडा चढाउने गर्दछन्। माइतीघरबार घर यदि धेरै टाढा छ भने ब्याउलीलाई अलि अलि हिँडाउने पनि गर्दछन्।

ब्याउलीलाई डोलाबाट निकालेर जन्ती पट्टिकाले घोडा चढाउने वा मान्छेले बोक्ने क्रममा सङ्गिनीहरूले घुँड छुटाउनी (सँगै सुत्ने साथीहरू छुटे बापत्) रू. २००/३००, पाउ दुखाउनी रू.२०० देखि ४०० सम्म माग्दछन्। माइती तर्फबाट जन्तीलाई खसीको "ब्याउली सवेट्टो (सपेटो)" दिने चलन छ। यदि सबेट्टो नभएमा भित्र कोइरो (मुला जस्तै रातो वा सेतो रङको गोलो गुलियो) बाहिर ढिँडो गरेर जन्तीलाई दिने गरिन्छ। ब्याउलीलाई जन्तीले बोकेर घर पुऱ्याउने गर्दछन्।

यता ब्याउलाको घरमा जन्ती पुग्नु भन्दा अगाडि देखि नै घरभित्र मडलेइले माँगल भन्ने अनि थाडामा झोडा (चुड्किला) खेल्ने गरिन्छ। घरभित्र गाउँका जिनापाका (जेठोबूढो) र मडलेइ बीच दोहोरी जस्तै चल्दछ। ब्याउलाको घरमा साग (साख) र गाउँलेहरूले ११ पाथी चामल उठाउने गर्दछन्। चामल बाहेक दाल, तरकारी, दाउरा पनि उठाउँदछन् र गाउँकाले पूरा सहयोग गर्दछन्। यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उठाउने चलन आजभोलि जिउलातिर पनि सरेको छ। भ्या (विवाह) गर्ने घरकालाई आर्थिक, जनशक्ति अनि अन्य भार नपरोस् भनेर यो उठाउने अनि पूरा मद्दत गर्ने चलन चलेको हो। यस्तो सामुहिक भावना, आपसी सहयोग, आत्मीयता विश्वको आजको व्यक्तिवादी र वस्तुवादी दुनियाँमा कतै पाउन सकिँदैन। आजेभोलिको राजनीतिले यस्ता संस्कारमा नकारात्मक प्रभाव पारेको छ। परम्पराको आधारमा एकत्रित हुने गाउँलेहरूलाई राजनीतिले फुटाउने गरेको छ।

चामल, तरकारी आदि उठाइसकेपछि घरकाले खसी काट्ने, दाल, भात, तरकारी, अचार आदि बनाउने गर्दछन्। गाउँका धामी, डाङरी, साग (साख) गाउँलेहरूलाई निम्ता गरिन्छ। ब्याउली आउनु भन्दा अगाडि घरमै बसेका ब्याउलाले नुहाएर लुगा लगाउने, सेतो फेटा बेर्न (गुत्ने), सेतो सुरुवाल लगाउने, ठेदुवाको सेतो पाउडो (पटुका) कम्मरमा बाँध्ने र पाउडोमा खुकुरी वा कटारो (खुकुरी जस्तै सानो) भिर्ने गर्दछन्। जिउलाको ब्याउलो सिँगारे जस्तै गरेर यहाँ पनि निधार तथा आँखाको तल राता पहेँला थोप्ला लगाएर दोहोरो घेरा जस्तो बनाउने प्रचलन छ। यहाँ जिउला जस्तो झालरी लाउने चलन प्रायः छैन।

यसरी ब्याउलो सिँगारी सकेपछि काँधमा राखेर (काँध हालेर) तल ओग्ल (ओखल भएको स्थान) सम्म लिने गरिन्छ। ब्याउलाको साथमा सिँगारेको कलश भरी पानी लिएर घरकी भाउज्यू नभए साखकी भाउज्यू सँगै जाने गर्दछिन्। माइतीबाट ल्याएकी ब्याउलीलाई घर पुग्ने बेला फेरि डोला हाल्ने चलन छ। यसबेला डोला हाल्दा माइतीले छुँदैनन्। ब्याउलाले ब्याउलीलाई 'आरा' (धान, जौ, फापर तीन अन्न मिसाएको) छर्दछन्। आरा छर्नुको मतलव आजबाट यिनी मेरी भइन् भन्ने हो।

भाउज्यूले कलश समातेर मङलेइ भएको ठाउँमा उनीहरूको अगाडि राख्दछिन्। कलश राखेपछि भाउज्यू घरको काम धन्दा तिर लाग्छन्। घरको थाडा (छत) मा आइमाई लोग्ने मान्छे छुट्टाछुट्टै चुड्किला (माया प्रेम बाहेकका गीतहरू) खेल्दछन्। ब्याउला ब्याउलीलाई घरको खाडा (घरको भुइँ तलाको अगाडि) ५ पटक भाँव रिंगाउने गरिन्छ। सबैले "भ्या भयो" भन्दछन्। लाहा (धान, फापर, जौ, गहुँ, भुटेको लावा) छर्ने गरिन्छ। जिउलामा धान भुटेर त्यसको लावाको लाहा बनाइन्छ र त्यो ब्याउलीको भाइले भर्दछ । भाइ नभए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
नजिकको भाइले भर्ने चलन छ ।

भाँव रिग्ने बेला ब्याउलाको बाबु, यदि बाबु नभए काका वा जीनोपाको मान्छे बीचमा दियो बालेर काम्लोको घुम हालेर बस्ने अनि ब्याउला ब्याउलीले त्यसैलाई घुम्दछन् । त्यसपछि उनीहरूले ढिँडो घसाघस गर्दछन् । खाने ढिँडोमा चामल पिसेर गुलियो मिसाइएको हुन्छ भने घस्ने ढिँडोमा चामलको पीठोमा पानी मात्र मिसाएको हुन्छ । त्यसबेला ब्याउलाले ब्याउलीलाई जूठो खुवाउने चलन छ । एउटै थालमा दुवै जनाले मह र दही वा 'मधुपर्क' सँगै राड्ने (चलाउने) गर्दछन् । यो 'मधुपर्क' राड्ने चलन जिउलातिर पनि छ ।

डाँडा पाखामा कोही जग्गे बरुनी (वरणि) पनि गर्दछन् भने कोही गर्दैनन् । जग्गे गर्दा जिउलाबाट ब्राह्मण पुरेत आएर सबै विधि पूरा गर्दछन् । यहाँको विधि जिउलाको जस्तो लामो छैन ।

ब्याउला ब्याउली घरभित्र पस्ने बेला ढोकाको वर पर दुइवटा पानीका गाग्रा भरेर राखेका हुन्छन् । ढोकाभित्र जौको पठिोको दिया बालेका हुन्छन् । त्यसबेला यहाँ बन्दुक पनि पट्काउने गरिन्छ । ब्याउली ती ढोकामा बालेका दिया टेक्दै घरत्रि पस्दछिन् ।

ब्याउला ब्याउली घरभित्र पसिसकेपछि ब्याउलाले 'भ्याका' लुगा फुकालेर सामान्य लुगा लगाउँदछन् । बुहारी (ब्याउली) ले भने सासूसँगै माना पाथी भर्ने चलन छ । पाथी भर्ने बेला चामलमा एक रोखडो रूपैया लुकाएको हुन्छ । कुडया (बाटा) मा भएको चाममललाई सासू बुहारीले भराभर गरेर चाँदीको रूपैयाँ (रोखडो) खोज्छन् । त्यो चाँदीको रूपैयाँ अन्तमा ब्याउलीको हुन्छ । त्यसपछिका केही छोटा विधिहरू सकिएपछि सबैले खाना खाने गर्दछन् । माइतीबाट ल्याएको दाइजो ब्याउलाको बाबुलाई बुझाए पछि त्यस दिनको काम पूरा हुन्छ ।

भोलिपल्ट ब्याउलीलाई ब्याउलाले माइती लैजाने चलन हुन्छ जसलाई यहाँ 'दुरगिन पाला' वा 'दुर्गिनी फर्काउने' भनिन्छ । ब्याउलाले फेरि 'भ्या' का कपडा लगाएर तल ओग्लसम्म जाने अनि त्यहाँ ब्याउला ब्याउलीले एक आपसमा टीका लगाउने, ब्याउलीले पाउ परेर ढोग गर्ने (ढोग दिने), सगुन बाँड्ने गरिन्छ । त्यसपछि ओग्लबाट ब्याउला ब्याउली घर फर्कने गर्दछन् । यसैबीच मडलेइले माँगल भन्ने (माँगल गाउँने) गर्दछन् । ब्याउलाले भ्याका लुगा फेरेर अरू लुगा लगाइसके पछि ब्याउला ब्याउली माइती तिर लाग्दछन् । त्यसबेला ब्याउली पुऱ्याउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएका पनि उनीहरूसँगै जान्छन् ।

उनीहरू सबै माइतीमा पुगेपछि मङलेइले माँगल भन्दछन् । ब्याउलाले सासूलाई डौटो र ससुरालाई फेटा लिएर गएका हुन्छन् । मङलेइलाई ब्याउलाले दहीचामल लगाँए पनि पैसा दिनु पर्दैन । यसरी माइतीमा ब्याउला ब्याउलीले सबैसँग ढोकाभेटी (ढोग भेट) गरे पछि खाना खान्छन् । अर्को दिन ब्याउला ब्याउली र एकजना पुऱ्याउने मान्छे फेरि ब्याउलाको घर फर्कन्छन् ।[२९]

मृत्यु संस्कार

मान्छेको मृत्यु भए पछि ओछ्याएको लुगा झिक्ने र गाईको गोवरले लिप्ने गरिन्छ । यदि रातमा मान्छे मरेमा रातभरि साग (साख) र गाउँलेहरू कुर्दछन् र बिहान मुर्दा मसानघाट लैजाने तयारी गरिन्छ । लोग्नेलाई च्यारी र आइमाईलाई एउटा डाँडी भाटोमा घाट लैजाने गरिन्छ । जिउला जस्तै यहाँ पनि कोही कोही चौपाल पनि गर्छन् । मुर्दा लैजाने बेला गीत जस्तै गाएर रूनधुन गर्ने प्रचलन छ । छोराहरू, भाइले हिउँ परेको भए पनि मशानघाट जाने बेला जुत्ता लगाउनु हुँदैन । जिउला जस्तो मृत्यु भएको बेला ब्राह्मण पुरेत आउने चलन यहाँ छैन तापनि ९ दिन भएको दिन आउने गर्छन् । मुर्दा लैजाँदा दोबाटोमा आँशीगेडा छर्ने चलन यहाँ पनि छ । तर यहाँका आँशीगेडामा जौ, धान, फापर, सिमी, गहुँ र पैसा मिसाउँने गरिन्छ । यसको अतिरिक्त मरेको मान्छेको जग्गाको माटो थोरै झिकेर चितामा राख्ने गरिन्छ ।

मुर्दा भन्दा अगाडि गाई लगाउने चलन यहाँ पनि छ । सुरुमा गजिनाको बाड लगाउँदछन् । सेतो बाड् देखेर भूत भाग्दछ भन्ने विश्वास भएर नै त्यो मुर्दा भन्दा अगाडि लाउँदछन् । मसानघाटमा गाउँलेहरूले दाउरा जम्मा गरेका हुन्छन् । चिता तयार भए पछि छोरा भए छोरा नभए भाइ वा साखले दागबत्ती दिने गर्दछन् । मुर्दा जलाइसके पछि किरियापुत्री लगायत नजिकका साखहरूले मशानघाट मै मुण्डन गर्ने, मुण्डन पश्चात् बाड गरेको सेतो पातलो कपडा (गजिनु) को टुक्रा टाउकोमा बेरेर घर फर्कने चलन छ । यदि छोरा धेरै छन् भने सबैले टाउकोमा यस्तो सेतो गजिनु वेर्दछन् । यो गजिनु ३ दिन सम्म टाउकोमा राखेर अन्तमा नुहाएर पिठ्युँबाट

---

२९ डाँडापाखा तिरको विवाह संस्कार, सिँजा ओखरपाटा गाउँका श्री लाल सीं वुढासँगको प्रत्यक्ष कुराकानीमा आधारित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फाल्ने गरिन्छ । खासगरी घरकाले ३ दिनसम्म नुन खाँदैनन् । तर कोही कोही ११ दिन सम्म नुन खाँदैनन् । किरियापुत्रीले ११ दिन सम्म नुन खाने चलन छैन । किरिया बसेको मान्छे (किरियापुत्री) ले सुत्दा खुट्टा पसारेर सुत्न मिल्दैन र एक दिन देखि आठ दिन सम्म दैनिक नुहाउने अनि अरूलाई छुन दिनु हुँदैन ।

जिउलाबाट ब्राह्मण पुरेत नौ दिन भएको दिन मान्छे मरेको घरमा आउँदछन् । दश दिन भएको दिन पुल्तो खुवाउने चलन छ । मृतकले जे खाने कुरा मन पराउँथ्यो त्यो परिकार बनाएर पुल्तोलाई खुवाउने गरिन्छ । मृतक यदि चुरोट मन पराउँथ्यो भने चुरोट पनि राख्ने चलन छ । छोरी बहिनीहरू पनि परिकार बनाएर पुल्तो खुवाउने स्थानमा जम्मा भएका हुन्छन् । उनीहरू पुल्तो खुवाउने बेला रूनधुन गर्दछन् । रूनधुनमा गीत गाए जस्तै गरेर मृतकको सम्झना गर्ने प्रचलन छ । मृतकको कपडा र पुल्तो (पुतली) लाई जम्मा गरेर खोलामा बगाइन्छ । एघारौं दिनमा किरिया समापन गरिन्छ । मृतकको स्मरणमा पीपलको विरुवा लगाउने र पानी हाल्ने गरिन्छ । एघारौं दिनमा पुरेतले सबैलाई गहुत दिन्छन् र घरतर्फ लाग्दछन् । पुरेतलाई औकात हेरेर दान दिइन्छ ।

यहाँ १५ दिन ३० दिन, ६० दिन, ९० दिन, ६ महिना र वर्ष दिनमा तिथि गर्ने गरिन्छ । तिथिमा पुरेत बोलाएर छोटो विधि गरिन्छ । बरेषी भन्दा अगाडि लाएका सेता लुगा त्यस दिन फुकाउने गरिन्छ । फुकाइसके पछि अरू बेला जस्तो लुगा लगाउँदछन् । माछा मासु पनि बरेषीबाट फुकाइन्छ ।[३०]

डाँडा पाखाका गाउँहरू (पावै वा थर वस्ने गाउँहरू, आजभोलि पावै शब्द अपमानजनक शब्दको रूपमा प्रयोग गरिन्छ) मा ब्राह्मणको प्रयोग संस्कार गर्नलाई गरिन्छ । उदाहरणको लागि लुम गाउँमा भट्ट ब्राह्मण, बोता गाउँमा दिहारपाटाका काफ्ले ब्राह्मण; चौघबीसमा आचार्यबाडाका आचार्य ब्राह्मण; सुर्की, सर्मी र जुम्लाकोट क्षेत्र कुडारीका भट्टराई ब्राह्मण; उमखोला श्रीढुस्काका रेग्मी ब्राह्मणको, पटमारा, मर्फान आचार्यवडाका आचार्यको र सिंम्खाडाका तिमिल्सिना ब्राह्मणको; सिप्टी मर्फान आचार्यवाडाका आचार्य र सिम्खाडाका तिमिल्सिना ब्राह्मणको, बुडु गाउँ भट्ट ब्राह्मणको प्रयोग गरिन्छन् । तर लुङ्कु गाउँका ब्राह्मणले भने पुरेत काम

३० डाँडापाखाको जन्म संस्कार, व्रतवन्ध र मृत्यु संस्कारको विवरण वोता मा.वि.का प्र.अ. श्री जयवहादुर रावत र श्रीमती काली रावतले दूरभाष मार्फत् उपलव्ध गराएका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दैनन् । यसरी जिउलाल र डाँडापाखाका थर (पावै) बीचको सम्बन्ध नङ मासु जस्तै परापूर्वकालदेखि रहँदै आएको छ ।

सिँजा क्षेत्रमा गहुत दिने देखि जन्म संस्कार, मृत्यु संस्कार सम्मका सम्पूर्ण विधिहरूलाई "खस शास्त्र" भनिन्छ माथि चर्चा गरिएका जिउलाल तथा थरका संस्कारहरू त्यही "खस शास्त्र" अन्तर्गत पर्दछन् । नेपालका अन्य क्षेत्रका ब्राह्मण, क्षेत्री, ठकुरी र व्यवसायिक जातहरूले गर्ने विभिन्न संस्कारहरू भन्दा यहाँका संस्कारहरू फरक अनि मौलिक छन् ।

सिँजा तथा वरपरको क्षेत्रका संस्कारहरू रमाइला भैकन पनि असाध्यै कम खर्चमा सबै गाउँलेहरूको सहयोगमा सहजै कार्यान्वयन गर्न सकिने अनि धेरैजसो स्थानीय स्रोत साधनामा आधारित छन् । न्यून आय तथा जनशिक्त कम भएका परिवारले पनि ऋण नकाढेर सहजै यस्ता संस्कारहरू चलाउँदछन् । यहाँको सामूहिक भावना, भाइचारा व्यवहार, हरेक संस्कारमा भएको लचिलोपना र 'मितव्ययिता' बाट व्यक्तिवादी तथा वस्तुवादी विश्वका कथित सभ्य देशहरूले गतिलो पाठ सिक्नु पर्ने देखिन्छ । यस्तो सामूहिक भावना अनि मितव्ययितालाई एउटा छुट्टै सिद्धान्त वा नमूना (मोडल) जस्तै "सिँजा संस्कार सिद्धान्त" वा "सिँजा संस्कार नमूना (मोडल)" को रूपमा विकास गर्न सकिन्छ ।

सिँजा क्षेत्रका चाडपर्वहरू

चाडपर्वको दृष्टिकोणबाट पनि यो क्षेत्र सम्पन्न मानिन्छ । यहाँ मान्ने धेरै जसो चाडपर्वहरू नेपालको अरू क्षेत्र जस्तै देवताको पूजाआजासित सम्बन्धित छन् । त्यस हिसाबले यहाँका चाडपर्वहरूलाई दुई किसिममा विभाजन गर्न सकिन्छ ।[३१]

एकथरी मष्टो र मष्टो सरहका देव-देवताहरूसँग सम्बन्धित र अर्को सामान्य चाडपर्वहरू ।

अ. मस्टो र मस्टो सरहका देव-देवताहरुसँग सम्बन्धित विभिन्न चाडपर्व

यस प्रकारका चाडपर्वहरूमा विभिन्न पुनी (पूर्णिमा) हरूमा हुने मष्टो तथा अन्य देवी देवताको पूजा र मेला पनि लाग्ने गर्दछ । यो पर्व जिउला तथा

३१ सूचना विकास, पूर्ववत, सं. ३, पृ. ४७० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डाँडापाखा सबैतिर मनाइन्छ । सिँजालहरू आफ्ना-आफ्ना कुलदेवताको पूजा गरेर रातो सेतो धजा, फलफूल र भेटी (पैसा) चढाउँछन् । मष्टो तथा अन्य देवी देवताका वन थान तथा घरथान हुन्छन् । साउन पुनी (पूर्णिमा) मा एकादशी देखि पञ्चमी सम्म विभिन्न तिथिमा पैठ गर्ने गरिन्छ ।

जिउलातिर चतुर्दशीमा ह्याँकर र लुङ्कु गाउँमा रहेको कैलासको थानमा पूजा पैठ लाग्दछ । पुनीमा रानीसैन र दियारपाटा गाउँको बीचमा रहेको खिच्चने चौरमा लाँखुडाको थानमा र लुङ्कु गाउँको लाँखुडाको थानमा पूजा/पैठ गरिन्छ । परेवा (प्रतिपदा) तिथिको दिन जाँच गाउँ नजिकै रहेको भ्र्यादेउमा पैठ/पूजा हुन्छ भने द्वितीया तिथिमा दियारपाटा गाउँ नगीच रहेको थार्प मष्टाको पूजा/पैठ लाग्दछ । त्यसैगरी तृतीयाको दिन जगनाथ महावैको र चौथीको दिन डाँडाकी देउतीको पैठ/पूजा हुन्छ । साउन पुनीको अन्तमा धाँपा गाउँ नगीचमा अवस्थित लाँखुडा मष्टाको थानमा पूजा/पैठ गरिन्छ ।

डाँडापाखाका थरहरू तिर सबभन्दा ठूलो पैठ बुङ्मा लाग्दछ । यहाँ चर्तुदशीमा महादेवको, पुनीमा भवानीको र परेवा (प्रतिपदा) मा बुङ् मष्टाको पैठ पूजा गरिन्छ । पैठ लागेको बेला बुङ् गाउँमा ठूलो मेला लाग्दछ । टाढा टाढाबाट जात्रुहरू आएका हुन्छन् । साउनपुनीमा लेकपर गाउँमा पुनी तिथिमा लामाको पैठ हुन्छ भने अघिल्लो दिन चतुर्दशीमा महादेवको पूजा हुन्छ । ओदी गाउँमा पनि लामा र विष्णुको छुट्टाछुट्टै पूजा गरिन्छ । लामा-विष्णुको मुख्य थान भने लेकपर गाउँको थारमालीमा रहेको थान नै हो । त्यसैगरी बोतामा साउन पुनीमा त्रयोदशी तिथिमा केरीपाल, चतुर्दशीमा गानी महादेव, जिँअ महादेव तथा पुनीमा महादेवको पूजा/पैठ गरिन्छ ।

साउनपुनीमा डाँडापाखा अन्तर्गतको मर्फान गाउँमा त्रयोदशीमा मष्टाको, चतुर्दशीमा मैयाको र पुनीमा इन्द्रवाराको पूजाँ/पैठ लाग्दछ । यस क्षेत्र अनि कर्णाली प्रदेशकै अर्को महत्त्वपूर्ण तीर्थस्थल केदार (बुद्बुदी) हो । साउनपुनीमा यस तीर्थस्थलमा सबैतिरका धामी डाङरी लगायत अरूहरू पनि तीर्थ गर्न जान्छन् । बारे गाउँमा अवस्थित यो तीर्थस्थलमा दर्शन गऱ्यो भने विदेशका यस्तै नाम गरेको तीर्थमा नजाँदा पनि खासै फरक नपर्ला । यस क्षेत्रमा पनि डाँडापाखाका क्षेत्री (पावै) वा थरहरूको बसोबास छ । प्रचार प्रसारको अभावमा प्रसिद्ध तीर्थस्थल केदार ओझेलमा परेको छ । आजकल पावै शब्दलाई गालीको रूपमा लिएको पाइन्छ तर पहिले यस्तो थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साउन पुनीको पैठ लगायत सबै पुनिका पैठमा अघिल्लो रात घरथानमा र भोलिपल्ट बनथानमा पैठ गरिन्छ र मेला लाग्दछ । के ठिटाठिटी, के बच्चा, के बुढाबुढी (जेठोबूढो) यो साउनपुनी पैठ भने पछि यहाँ सबै हुरूक्कै हुने गर्दछन् । किसानहरू आफूसँग भएको फलफूल बेच्न पाइन्छ भनेर, व्यापारीहरू आफ्नो सामान बिक्री हुने आशाले; ठिटाठिटीहरू मायाप्रेम साट्ने अनि ठाँटिएर आँखा जुधाउन पाउने भएकोले र सामान्य मानिसहरू आफन्तसँग भेटघाट गर्न पाउने भएर नै यो पर्वको यहाँ छुट्टै महिमा छ । अरू बेला बाहिर व्यापार/व्यवसायको लागि गएका सिँजालहरू साउन पुनीमा यहाँ पुगिसकेका हुन्छन् । त्यस्तै विभिन्न तीर्थ गएका धामी डाङरीहरू पनि पैठको बेला यहाँ पुग्दछन् । नेपालगन्ज राजापुरका बनियाँहरू सिँजाललाई फागुनमा घर फर्कँदा गरिने किनमेलमा "दाज्यू यो झ्यादेवका पैठ लगाउँला, यो खिच्चने पैठमा लाउँला किनेर लैजाउ" भनेर साउन पुनीको महत्त्व दर्शाउने भाव व्यक्त गर्ने गरेको पाइन्छ ।

साउन पुनी साउन वा भदौ महिनामा पर्ने भएकोले त्यसबेला सिँजा उपत्यकामा हावापानी न जाडो, न गर्मी ठिक्कको वा अनुकूल हुने गर्दछ । फलफूल प्रशस्त पाइन्छन् भने चारैतिर हरियालीले ढाकेको हुन्छ । धानका बाला भर्खर पसाउन (बाला निस्कने) लागेका हुन्छन् । यस क्षेत्रमा भ्रमण गर्ने यो नै सबैभन्दा उपर्युक्त समय हो ।

पैठ सकिएपछि खेल सुरु हुन्छ । खेलमा चुड्किला खेलिन्छ । यसलाई देउडा खेल पनि भनिन्छ । सिपालुको खुब् तारीफ गरिन्छ । देउडा खेल वरिपरि घेरा बनाएर खेलिन्छ भने चुड्किलामा चासो भएका जात्रुहरू उक्त खेलको घेरा भित्र बसेर उत्सुकतापूर्वक सुनिरहेका हुन्छन् । खेलमा मायाप्रेम बाहेक अन्य विभिन्न प्रसङ्गमा सवाल जवाफ चल्दछ । टाढा टाढाबाट सिपालु खेलाडीहरू (गायकहरू वा खेल्लेउडाहरू) साउनपुनीको मौका पारेर पैठ लाग्ने गाउँमा आएका हुन्छन् । त्यसबेला प्रत्येक घरमा लगभग पाहुना खाली हुँदैन ।

साउनपुनी पछि अनन्ते पुनीमा पैठ र पूजा लाग्दछ । साउनपुनी जस्तो नभए पनि यो पुनिमा पनि सिँजाका धेरैजसो गाउँका थानहरूमा पूजा र पैठ लाग्दछ । जिउलामा चतुर्दशीमा लुड्कु ढँडारमष्टाको लिङ्गो खडा गरेर पूजा पैठ गरिन्छ । लुड्कुको पैठ/पूजालाई तोयनाथ पन्तको पात्रोमा पनि उल्लेख गरिएको छ । पुनीको दिन रोकायावाडामा पुवाँले मष्टाको पूजा/पैठ गरिन्छ भने अघिल्लो राती साउन पुनीमा पैठ लाग्ने खिच्चनेमा लाँखुडाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैठ गरिन्छ। अनन्ते पुनीमा सिँजाका धेरै ठाउँमा पैठ/पूजा लाग्छ। ती मध्ये मोफ्ला गाउँको राहदेवको पैठ पनि प्रख्यात छ। यो पैठ अनन्तेपुनीको परेवा (प्रतिपदा) को तिथिमा गरिन्छ। अनन्ते पुनीमा जनैमा अनन्त (धागोको डोरो वा सुनको सूत) बाँध्ने चलन छ।

अनन्ते पुनीमा डाँडा पाखातिर पनि धेरै ठाउँहरूमा पैठ लाग्दछन्। ती पैठ मध्येको वाव भवानी मष्टाको पैठ/पूजा पुनीको दिन गरिन्छ। यस क्षेत्रको अनन्ते पुनीको यो पैठलाई प्रसिद्ध मानिन्छ। यो पैठमा जिउलातिरबाट पनि जात्रुहरू गएका हुन्छन्। अनन्ते पुनीमा बोता गाउँमा चतुर्दशीका दिन मष्टाको र पुनीमा भवानीको पैठ लाग्दछ।

अनन्ते पुनी पछिको ज्वारे पुनी (कोजाग्रत पूर्णिमा) मा लेकपर गाउँमा लामा-विष्णुको पैठ चतुर्दशीमा हुन्छ। यो पैठ पनि यहाँको प्रख्यात पैठ हो। यो पैठमा जिउलाबाट पनि जात्रुहरू रङ्ग हेर्न (पैठ हेर्न) गएका हुन्छन्। थारमालीमा गरिने यो पैंठमा लामा र विष्णु दुवैको पूजा गरिन्छ। त्यसबेला ओदी गाउँमा पनि लामा र विष्णुको छुट्टाछुट्टै पैठ हुन्छ। यहाँ चतुर्दशीको दिन लामाको र पुनीका दिन विष्णुको पैठ/पूजा लाग्दछ। त्यसैगरी ज्वारे पुनीमा बुम्र गाउँमा मष्टाको पूजा लाग्छ र पैठ गरिन्छ।

कात्तिक पुनीमा पनि जिउला तथा डाँडापाखाका दुवैमा पैठ तथा पूजा लाग्ने गर्दछ जिउलाको समलगाउँ (कुलालवाडा) मा यस क्षेत्रकै ठूलो पैठ लाग्दछ। कात्तिक पुनीमा हुने पैठहरूमा लाटो मष्टाको यो पैठलाई ठूलो मानिएको हो। कुलालाहरू पनि व्यवसायिक जात अन्तर्गत पर्दछन्। पहिले यिनीहरू झाराली सेनालाई आवश्यकपर्दा बोलाउने गर्दथे। झाराली सेनालाई 'बोलाउने' वा 'कुर्लने' भएको यिनीहरूलाई 'कुलाला' भनिएको हो।

त्यसैगरी डाँडापाखाको कात्तिक पुनीमा बुम्र गाउँमा त्रयोदशीमा महारूद्रको, चतुर्दशी तिथिमा मर्फान गाउँमा महादेवको र पुनी (पूर्णिमा) मा सिप्टी गाउँका महादेवको स्थानमा पूजा/पैठ लाग्दछ।

साउनपुनी तथा अरू पुनीहरूमा टाढाटाढाबाट पाहुनाहरू आएका हुन्छन्। देवी देवताको पूजा गर्ने बेला टाटे हाल्ने, खीर पकाउने, कतै कतै बोका काट्ने गरिन्छ। साउनपुनी तथा अरू पुनीहरूमा रमाइलो हेर्न, मेला भर्न अनि आफ्ना कुलदेवताको पूजा गर्न, जस लिन, वरदान माग्न, अन्याय परेमा न्याय माग्ने जस्ता उद्देश्य लिएर टाढा-टाढाबाट पाली तथा जात्रुहरू आएका हुन्छन्। साउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनी र अन्य पुनीहरूको पूजा/पैठ पश्चात् उनीहरू आफ्नो आफ्नो घरतिर लाग्दछन् ।

आ. सामान्य चाडपर्वहरु

यहाँका चाडपर्वलाई विभिन्न उप-शीर्षकमा तल वर्णन गरिन्छ ।

तागा सङ्क्रान्ति

विक्रम संवत सुरु हुने दिन अर्थात् वैशाख १ गतेलाई सिँजाखोला उपत्यकामा तागा सङ्क्रान्तिको रूपमा मनाउने गरिन्छ । विवाहित महिलाहरूले आफ्नो लोग्नेको सुस्वास्थ्य, दिर्घायुको कामना गर्दै 'तागा' हातमा लगाएर यो चाड मनाउने गर्दछन् । तागा भन्नाले रङ्गीन धागोबाट आफै तयार गरेको हातमा लगाउने मसिनु बाटेको छोटो रङ्गीन डोरीलाई बुझाउँदछ । आफ्नो साग (साख) भरिमा नायक पर्ने (जेठो) को घरमा आइमाईहरू नयाँ लुगा, गहना लगाएर जम्मा हुन्छन् । आफ्नो घरमा नुहाइ-धुवाइ गरेर शुद्ध भै नायकको घरमा जाने गर्दछन् । त्यहाँ सबैका तागा जम्मा गरेर पूजा गरिन्छ । मङ्लेरीले माँगल भन्दछन् । जेठानी देउरानी जोडा गरेर गाईको गोवरबाट बनाएका दियामा भएको पानी र दूधले नुहाए जस्तो गरेर पानी, दूध शरीरमा छर्कने गर्दछन् । दूबो, पाती पनि पूजामा राखेको हुन्छ । गोवरका दियाबाट पानीले नुहाउने बेला "क्या नहानी सरस्वती, क्या नहानी भागीरथी, क्या नहानी गंगा, क्या नहानी जमूना" भनिन्छ । त्यसैगरी दूधले नुहाउने बेला "दूध धारा नुहाइआयौ, दूधकुवा जाइ आयौ" भनेर नुहाइन्छ । त्यसपछि तागा हातमा लगाउने गरिन्छ । आफूभन्दा जेठीलाई ढोग दिने चलन छ । घरबाट लिएका परिकारहरू बाँडेर खाने अनि घर फर्कने चलन छ । घरमा त्यस दिन मीठा मीठा खानेकुरा पकाएका हुन्छन् । यो दिनलाई आइमाईले खाने लोग्नेले हेर्ने दिनको रूपमा चिनिन्छ । त्यसैले त यहाँ "तागा तागेश्वर भाग भागेश्वर, लोग्नेले हेर्ने आइमाईले खाने" भन्ने उक्ति सम्झने गरिन्छ ।

खाना खाइसकेपछि फेरि महिलाहरू एक ठाउँमा जम्मा भएर चुङ्किला खेल्दछन् । आइमाई दुइतिर लागेर देउडा खेल्ने गर्दछन् । तागा सङ्क्रान्तिका चुङ्किलाबाट खेल सुरु गरेर अरू सन्दर्भका गीत गाउँदै आपसमा दोहोरी पनि खेल्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तागा सङ्क्रान्तिको दिन लोग्ने मान्छेले धानको बीउ राखेको बेन्नाको आलीमा (इल्छामा) एउटा ढुङ्गो ठड्याएर पूजा गर्दछन् । बीउ राखेको बेन्नाबाट ७ पसिना (पसर) पानी बाहिर फ्याँक्ने गरिन्छ । ढुङ्गोलाई पूजा गर्दा पुवा (चामलको पीठोमा गुलियो र पानी हालेर तेलमा भुटेको) र लगड (चामलको पीठोमा पानी हालेर गीलो बनाइ थोरै तेल राख्दै रोटीपकाए जस्तै पकएको) चढाइन्छ र पछि प्रसादको रूपमा पुवा र लगड खाने चलन छ । पुवा र लगडमा बेसार हालेर पहेँलो बनाइएको हुन्छ । तागा लाउने महिलाहरू पनि त्यो खाने गर्दछन् । यसरी बेन्नाको इल्छामा ढुङ्गो ठड्याएर पूजा गर्नेलाई "पूरे पुज्ने" भनिन्छ ।

साउने सङ्क्रान्ति :

यो चाड यहाँ झरो (चोप भएको बल्ने सल्लाको काठ) जम्मा गरेर राँका हाल्ने (राँका बाल्ने) चाडको रूपमा प्रसिद्ध छ । घरको थाडो (छत) र ओटालोमा हालेका डाँडिल (ओटालो र थाडाको डीलमा पानीको निकासको लागि ओछ्याएका ढुङ्गा) मा झरो जम्मा गरिन्छ । झरो राख्नु भन्दा अगाडि भदुरी फूल राख्ने चलन छ । यसरी प्रत्येक डाँडिलमा फूल तल राख्ने र त्यसमाथि मसिनो बनाइएको झरोलाई स-साना थुप्रा बनाएर राख्ने गरिन्छ । केटाकेटी तथा ठूला मान्छेले निगालोमा झरो हाल्दै मदानी आकारको राँको तयार पार्दछन् । राँकोलाई डोरीले बाँधेको हुन्छ र यी सबै काम साउन १ गतेको दिनभरि गरिन्छन् ।

घरका आइमाईहरू राँको बाल्ने काममा उती सहभागी हुँदैनन् । उनीहरू खीर पकाउने टाट्या हाल्ने र अरू परिकार बनाउन लागेका हुन्छन् । त्यो दिन छोरी बहिनीहरू माइतीमा आएका हुन्छन् । राँका हाल्ने दिन चाहिने भदुरीका फूल छोरी बहिनीहरू बन जाने चुड्किला खेल्ने र बेलुका लिएर आउने गर्दछन् । घरका केटाकेटी पनि छोरी बहिनीसँग वन जाने अनि खेल पनि हेर्ने, भदुरीका फूल टिपेर ल्याउने पनि गर्दछन् ।

राँकाको तयारी पूरा हुन्छ । सिँजापति राजाको राजधानी रहेको टाकुरोमा अवस्थित कनकासुन्दरी मन्दिरमा सुरुमा राँका हालेपछि (आगो बाले पछि) मात्र अरूले राँका हाल्ने संस्कार छ । माइको थानमा राँका बाल्ने बित्तिकै सबैले राँका बाल्दछन् र एक गाउँकाले अर्को गाउँकालाई गाली गर्ने चलन छ । गाली गर्दा "काचा आरू लैजाउ, पाका आरू दिजाउ... लूतो पाउडो लैजाउ"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दछन्। राँकाको उज्यालो अनि एक आपसमा गरिने गालीले वातावरण रमाइलो बनाउँदछ। दौड्न सक्नेहरू मदानी आकारका राँका घरबाट सल्काउँदै दौड्दै "राँका फाल्ने ठौर" मा पुग्दछन्। त्यहाँ पनि सबैका राँका जम्मा गरेर आगो दन्केको हुन्छ। त्यसरी नै पल्लो गाउँका मान्छेहरू पनि गाउँदेखि थोरै टाढा आएर त्यसै गर्दछन्। यसरी दुई गाउँका मान्छे बीच आफ्नो आफ्नो राँका फाल्ने ठाउँबाट गाली गर्ने गर्दछन्।

गाउँबाट अलि पर राँका फाल्न गएकाहरू पनि फर्कन्छन् र घरका पनि डाँडिलमा भएका राँका निभिसके पछि घरभित्र पस्दछन्। बाहिर भने निस्पट्ट सुनसान हुन्छ। केटाकेटीलाई बाहिर जान दिँदैनन् भने अरू मान्छेहरू पनि सकभर आवत जावत गर्दैनन्। किनभने त्यस दिन भूतको जन्मदिन पर्ने र उनीहरू खुशियाली मनाउने हुँदा उनीहरूको आवाज नसुनियोस् भनेर गाली गर्ने गरेको भन्ने विश्वास एकथरीको छ। यसरी पूरै सिँजा तथा अरू भेकतिर राँका बालेर ठूलो स्वरमा गाली गरागर गरेर वातावरण गुञ्जायमान पार्ने भनेको भूतको स्वर मान्छेले सुन्न नसकुन् र भूतले विगार्न नसकोस् भन्ने विश्वास नै हो भन्न सकिन्छ। राँका हाल्ने बारेमा अर्को भनाइ अनुसार सीताको खोजीमा गएका हनुमानले लङ्का जलाएको सम्झनामा यो चलन आएको हो भनिन्छ।[३२] तर यो चलन परापूर्वदेखि चल्दै आए जस्तो देखिन्छ।

राँका फालेर घरभित्र गइसकेपछि खीर, टाटया, अन्य परिकार माइती आएकी छोरी चेली सबैले मिलेर खाने गर्दछन्। यस दिनमा टीका लगाउने गरिँदैन। यो चाडमा खीरको ज्यादा महत्त्व गरिन्छ। बलेको राँकोलाई टाउको वरिपरि घुमाएर लूतो फाल्ने चलन पनि छ। छोरी बहिनीलाई खीर टाटया ख्वाएर खुशी पारिन्छ भने दहीचामल लाउने पैसा दिने यो चाडमा गरिँदैन।

जात्रा :

साउन वा भदौ महिनामा जुम्ला खलङ्गामा गाईजात्रा, रोपाइ जात्रा, बाघभालु, जात्रा, पल्टन जात्रा, लाखे जात्रा हुन्छ। यसै महिनामा पर्ने कृष्णाष्टमी पनि जुम्लामा धुमधामसँग मनाइन्छ। नवमी तिथिको दिन लाखे जात्रा हुन्छ र त्यसैदिन लाखे काट्ने गरिन्छ।

---

३२ अदनसिंह कठायत, मेरो जीवन यात्रा र सेरोफेरो (जुम्ला : वि.सं. २०६७), पृ. १०६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यता जुम्ला जिल्लाको अर्को महत्त्वपूर्ण स्थान सिँजाखोला उपत्यकामा पनि विगत केही वर्ष देखि जात्रा लाग्ने गरेको छ। सिँजा क्षेत्रको महत्त्वपुर्ण मौलिक पर्व साउनपुनीलाई असर नपरोस् भनेर पञ्चमी तिथिमा धापा गाउँको पैठ समाप्त हुने बित्तिकै लड्कु गाउँ नजिकै पर्ने गोठिजिउला भन्ने स्थानमा जात्रा सुरु गरिन्छ। यो जात्रा "सिँजा जात्रा समिति, लुड्कुले" सञ्चालन गर्दै आइरहेको छ। पूरै सिँजा क्षेत्रलाई समेट्ने यो समितिको उद्देश्य भए तापनि हाल सम्ममा सबै जसो कलाकार लुड्कु गाउँ कै छन्। जात्रा समितिको सुरुका दिनमा श्री नवराज खत्रीले यसलाई नेतृत्व दिनु भएको थियो।

यहाँ लाग्ने जात्राहरूमा धामी जात्रा, समावेशी जात्रा र लाखे जात्रा प्रमुख हुन्। यी जात्राहरू खलङ्गाका जात्रा भन्दा फरक छन् तापनि लाखे जात्रामा अलिक समानता पाइन्छ। लाखे जात्रा भन्दा अघिल्लो दिन लुड्कु गाउँको कृष्ण मन्दिरमा पूजा गरिन्छ।

लाखे जात्रा अरू जात्राहरू मध्ये महत्त्वपूर्ण जात्रा मानिन्छ। यस दिन जात्रा हेर्न कालिकोट मुगु तथा अन्य टाढा टाढाका स्थानबाट मान्छेहरू आउने गर्दछन्। लाखेजात्राको बेलुका ५ बजेतिर लाखेलाई काट्ने गरिन्छ। लाखे काटेपछि जात्रा समापन भएको मानिन्छ।

हरितालिका तीज :

बाह्य प्रभावले नेपालको अरू क्षेत्रमा मनाइने जस्तो तीज मनाउने चलन आजभोलि केही चले पनि यहाँको तीज मनाउने तरिका फरक छ।

व्रत बस्ने महिलाहरू (आमा, बुहारी, भाउज्यूहरू) ले छोरी बहिनीका गोडा धुने, फलफूल पैसा आदि दिने गर्दछन्। पानी पनि नखाएर व्रतबस्ने चलन यहाँ छैन। आलु, फलफूल खाने गर्दछन्। यस क्षेत्रको पवित्र स्थल बाण गंगामा शिवजीको मन्दिरमा गएर पूजा गर्दछन् भने त्यहाँ देवी देवताका चुड्किलाबाट खेल सुरु गर्दछन्। दुवै पट्टि महिला मात्र देउडा खेल्ने गर्दछन्। आइमाईहरूको गहना देखाउने दिन भनेर हरितालिका तिजलाई भन्ने गरेको पाइन्छ। यो मेला हेर्न पुरुषहरू पनि गएका हुन्छन्। पुरुषलाई आफ्नी प्रेमिकाले फलफूल सुटुक्क दिने पनि गर्दछन्। आजभोलि तीजका गीत गाएर नाच्ने चलन हल्का चलेको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोह्र श्राद्ध :

पितृहरूको तिथिमा श्राद्ध गर्ने यहाँ चलन छ । जिउलामा ब्राह्मण पुरेत बोलाइन्छ भने डाँडापाखातिर जुन तिथि हो त्यस दिन नुहाउने, पहेँलो टीका लगाउने र भात खाने गरिन्छ । डाँडापाखामा पुरेतलाई श्राद्धमा बोलाइँदैन ।

जिउलामा छोरी बहिनीहरू र गाउँलेहरूलाई श्राद्धको भात खान बोलाइन्छ । यसलाई यहाँ "श्राद्धको भात भन्ने" भन्दछन् । यहाँ श्राद्धमा खोलामा पुरेतलाई लिएर पिण्ड दिएर श्राद्ध गर्ने गरिन्छ । यहाँ गाउँको जसले जसले श्राद्धमा बोलाएको छ त्यसलाई वा त्यही घरकालाई मात्र बोलाउने चलन छ । श्राद्धमा भात खाएको यदि फर्काएन भने ऋण हुन्छ भन्ने विश्वास यहाँ रहेको पाइन्छ । त्यसैले आफूलाई खुवाउनेलाई बोलाएर ख्वाउँने गरिन्छ । तर छोरी, बहिनी, चेलीमा यो चलन लागू हुँदैन । सिँजा क्षेत्रको "सोह्र श्राद्धको भात जेठको पडीम" भन्ने उक्तिले श्राद्धको भात जस्तै जेठ धान रोप्ने बेला आएकी गाउँकी रोप्नेरी (रोपाहार) को पैँचो फर्काउनु पर्दछ भन्ने झल्को दिन्छ । श्राद्धमा सिकर्नी बनाउने गरिन्छ ।

ज्वारे पिठाहा (दशैँ):

यहाँ दशैलाई "ज्वारे (जमरा) पिठाहा" को नामले बढी चीनने गरेको पाइन्छ । पिठायाको पहिलो दिन घटस्थापना हो । घटस्थापनामा ज्वारा (जमरा राखिन्छ भने फूलपातीको दिन कनकासुन्दरी माइ भगवतीको थानबाट एक जनालाई "फूलपाती पर्छने" बनाइन्छ । फूलपाती पर्छने (स्वागत गर्ने) ले कुनै पनि व्यक्तिको बारीमा बिना रोकटोक पसेर उसले चाहेको फलफूल तरकारी टिपेर फर्कने गर्दछन् । फूलपाती पर्छनेका सहयोगीहरूले फलफूल तरकारी बोकेर फूलपाती चौर (माईको मन्दिर अलि तल) सम्म पुऱ्याउँदछन् । यसरी फूलपातीलाई बाजा गाजा सहित भित्र्याउने गरिन्छ ।

त्यसपछि अष्टमी र नवमीको दिन राँगा बोका बलि दिने गरिन्छ । यी वलीहरू खासगरी कालीका देवीलाई लक्षित हुन्छन् । यहाँ पञ्चवली दिने पनि परम्परा छ । नवमी तिथिको दिन कनकासुन्दरी (गडी माईको स्थान) मा ठूलो मेला लाग्दछ । धेरैजसो बली नवमीको दिन दिइन्छ । बोका मन्दिर परिसर भित्र रहेको कालीकाको मन्दिर नजिकै बली दिइन्छ भने राँगालाई दशैँ घरको बाहिर रहेको मौलोमा बली दिइन्छ । मेलामा आउने केहीले घोडा चढेका हुन्छन् र घोडाको पुरानो गडीमा प्रदर्शन गरिन्छ । पञ्चवली दिने गाउँका मान्छेहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राँगोलाई फूल माला लाएर बाजागाजा सहित गडी माईको थानमा जाने गर्दछन् । घोडा नहुनेहरू बोका राँगा बली दिन, माईको दर्शन गर्न अनि मेला हेर्न, पैदल जाने गर्दछन् । केटाकेटी, आइमाई रमाइलो हेर्न माईको दर्शन गर्न भगवतीको स्थानमा जाने गर्दछन् । कनकासुन्दरी भगवतीको मन्दिर परिसरमा रहेको लामाज्यूको स्थान (थान) मा पनि के ब्राह्मण के क्षेत्री, के ठकुरी सबैले दर्शन गर्दछन् ।

कनका सुन्दरी देवीको थानमा दशैँको नवमीको दिन मेला लाग्छ र देवीको पूजा गर्न हजारौं मान्छेहरू भेला हुन्छन् । दमाईहरू बाजा बजाएर रमाइलो गर्दछन् । राँगा बोकाको बली दिएर सकियो भने 'पिरेपाठो' गर्ने चलन छ जिउभरि नुन, चूक, खुर्सानी दलेको पाठोलाई (बोका) लाई एक जनाले दशैँघरको छतमा समातेको हुन्छ भने अरू दमाईहरू 'हूम' गर्दै बोका समाउन अघि सर्छन् । बोका समात्नेले झुक्याउँदै फाले जस्तो गरे पनि बोकालाई फाल्दैनन् । तल दमाईहरू "थालकिय बहुकिअ बुटुकिउँदा मेवा, हामी सबै मिलिकन गडी माईको सेवा, "पञ्चवली चढाईकन गडीमाईको सेवा" हूम..... गीत गाउँछन् र हात बोका समाप्त लागे जस्तो गर्छन् । बोका फ्याँकिन्छ र जिउँदो बोकालाई टोकेर मार्दछन् । जात्रुहरू रमाउँदै तमाशा हेर्छन् । यसो गर्दा देवी प्रसन्न हुन्छिन् भन्ने विश्वास छ । यस्तो चलनले आदिमकाललाई सम्झाउँछ ।[३३] रंगे कुलालाको मृत्यु पछि पिरेपाठो गर्ने चलन बन्द भएको छ ।

मेलाबाट फर्केपछि घरमा पनि प्रत्येक परिवारले एकएक वटा खसी वा च्याङ्ग्रा काट्ने गर्दछन् । कोही-कोही एक आपसमा मिलेर खसी काट्ने गर्छन् । गाडी माईका थानमा काटेकोलाई प्रसाद स्वरूप देवीलाई चढाउने र खाने गर्दछन् । गाउँघरमा कसैका घरमा त्यो साल जुठो परेर चाड नमान्ने रहेछन् भने ती घरका केटाकेटीको लागि मासु बाँड्ने गरिन्छ ।

दशमीको दिन ज्वारा र पिठाह (चामलको पीठो र बेसार मिसाएर बनाएको धूलो) सुरुमा कनकासुन्दरी माईको थानमा चढाएर मात्र घरमा लगाउने गरिन्छ । यदि कोइ गडी माईको थानमा जान पाएन भने घरमा माईको भाग ज्वारा (जमरा) र पिठाहा छुट्याएर राख्नुपर्दछ । मान्यजनलाई पिठाहा र ज्वारा लगाउन छोरी बहिनीहरू र अरू कान्छाहरू आउँदछन् । यसरी उनीहरूले जेठालाई पिठाहा निधारमा दायाँबाट बायाँतर्फ तलबाट माथितिर दायाँ

---

३३ प्रदीप रिमाल, पूर्ववत, सं. २६, पृ. १२-१३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हातले धर्का लगाउने गरिन्छ । जेठालाई पिठाहाको साथै जमरा पनि लगाइदिने चलन छ । जेठाले कान्छालाई दही चामल (चामल र बेसारको टीका) र ज्वारा (जमरा) लगाइदिने गर्दछन् । छोरी बहिनीले पनि आफ्ना मान्यजनलाई पिठाहा र ज्वारा लाउँने अनि मान्यजनले छोरी बहिनीलाई दहीचामल र जमरा लाएर दक्षिणा दिने गर्दछन् । दहीचामल ओडोपुडो (दोहोरो) लाउने गरिन्छ भने पिठाहा आफू भन्दा जेठोबूढो (मान्यजन)लाई लाउँने यहाँको चलन छ । नेपालको अरू क्षेत्रको जस्तै अलि अलि जेठाबाट टीका थाप्ने चलन भित्रिएको छ । यहाँ गाउँघरकाले पनि "पिठाहा लाउने" भनेर जमरा, पिठाहा र सगुन लिएर मान्यजनकहाँ आएर लाउने गर्दछन् । जसले मान्यजनलाई पिठाहा लाउन आउँछ उसले आफ्नो घरबाट पिठाहा, ज्वारा (जमरा) सगुन ल्याउने चलन छ ।

आजभोलि दही चामल (चामल र बेसार मिसाएको अक्षता) मा रातो रङ्गको प्रयोग बढेको छ जसमा हानिकारक रसायन हुन्छ र सहजै उपलब्ध पनि हुँदैन । परम्परागत पिठाहा र चामल, वेसा, दही मिसाएको "दहीचामल" कम्तिमा मितव्ययी, सुलभ अनि पर्यावरण र प्रकृतिको दृष्टिकोणबाट हानिकारक छैन ।

ज्वारे पिठाहालाई दशैँ भनेर धुमधामका साथ मनाउने गरिन्छ । यसबेला अर्सा, फिनी, लाडु (लड्डु) बनाउने वा "अन्नि हाल्ने" गरिन्छ । घरकी छोरी बहिनी, साखकी छोरी बहिनी र वरपरकी छोरी बहिनीहरू पिठाहा लाउन आउँदछन् । उनीहरूले ल्याएको पिठाहाको छाप्रीमा सगुन र पैसा हाल्ने चलन छ । छोरी बहिनी बाहेक अरूले ल्याएको पिठाहामा सगुन मात्रै हालिन्छ पैसा हाल्नु पर्दैन

यदि त्यो घरका कसैलाई केटी (छोट्टी) मागेकी छ भने सगुन, ज्वारा, पिठाहा लिएर केटीको घरमा पिठाहा लाउन जाने चलन छ । लायक केटा छ भने छोरी सानैमा दिने चलन आजभोलि पनि छ । यसरी "छोट्टी माग्ने" चलन कायमै रहेको छ । पिठाहा लाउन आउने कोही टाढा छन् वा छुटेका रहेछन् भने पुनी (कोजाग्रत पूर्णिमा) सम्म पिठाहा लाउन आउँदछन् । यसलाई यहाँ "बासी पिठाहा" भन्दछन् ।

डाँडापाखातिर पनि दशैँलाई पिठाहाको रूपमा मान्दछन् । उनीहरू पनि कनकासुन्दरी भगवतीको पूजा गर्ने र बली दिने गर्दछन् । जिउला जस्तै यहाँ पनि अष्टमी र नवमीमा घरमा खसी काट्ने र माईको थानमा बोका पूज्ने गर्दछन् । घरमा खसी काट्नु भन्दा अगाडि पञ्चवली दिने चलन छ । घरभित्र पञ्चवली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिँदा काँक्रो, कोइरो, चोतो (गान्टेमूला), आलु, फर्सीमा साना काठका सुइराका सीङ बनाएर वली दिने गरिन्छ। यहाँ वनमा पाइने चाँउले फूल (सेतो एक प्रकारको फूल) देवीलाई चढाउने चलन छ। त्यसपछि खसी काटिन्छ। खसी पनि प्रत्येक घरकाले, नभए एक आपसमा मिलेर काट्दछन्। आन्द्रा, भूँडी, जूठो परेको घरमा बाँडिन्छ। दशमीको दिन यहाँ पनि जिउला जस्तै पिठाहा गर्ने चलन छ। यहाँको पिठाहामा फापरको पीठोमा बेसार मिसाउने गरिन्छ। जेठाबूढालाई पिठाहा निधारमा लाउने र ज्वारा (जमरा) लाउने गरिन्छ। छोरी बहिनीलाई दक्षिणा दिने गर्दछन्।

यहाँ नायकलाई (जेठालाई) जुन जग्गा ठूलो छ त्यो दिएका हुन्छन्। नायकलाई पिठाहा लाउन आउँदछन र पिठाहा लाए बापत् उनले सबैलाई पुष/माघमा भात खान बोलाउने चलन छ। सार्की, लुवार, दमाई जस्ता व्यावसायिक जातले आफ्ना लगीलाई दशैँमा गादो पाड्ने सुइयो (सियो) ल्याउने चलन छ। अनि उनीहरूलाई खाना खुवाउने र सगुन दिने प्रचलन छ। जिउलातिर नायकले ठूलो खेत पाए बापत् तागा सङ्क्रान्तिमा भाइहरूलाई भात खान बोलाउने चलन छ। पिठाहा लाउन छुटेका वा कोही टाढा भयो भने वासी पिठाहाका दिन पिठाहा लाउने गरिन्छ।

जुँजुते (जमदूती) वा तिहार :

जमदाड् नपरेर जुँजुते हुँदैन। यमको चाड भएकाले यसलाई जुँजुले वा यमजुते भनिएको हो। कात्तिककृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्मलाई यमपञ्चक भनिन्छ। लक्ष्मी पूजाको दिन गाईलाई आटो (दाना), खानेकुरा, नुन दिने गरिन्छ। गाईलाई टीका लगाएर पूजा गर्ने चलन छ। यहाँ यदि घोडाघोडी छन् भने पनि त्यस दिन नुन दिने टीका लगाउने गर्दछन्। लक्ष्मी पूजाभन्दा अगाडि फाट्टफुट्ट काग तिहारमा कागलाई भात दिने, कुकुर तिहारमा कुकुरलाई टीका लगाउने खान दिने गरिन्छ। लक्ष्मी पूजामा जौ को पीठोको दिया बनाएर बालिन्छ। यस दिन रूपैयाँ पैसाको पूजा गर्ने चलन छ। जुँजुते (भाइतिहार) मा बहिनीबाट टीका लगाएमा यमराज खुसी हुन्छन् भन्ने विश्वास रहेको पाइन्छ। त्यस दिन दिदी बहिनीले दाजुभाइलाई दहीचामल (बेसार, चामल, दही मिसाएका अक्षता) माला लगाइदिने उनीहरूले दिदी बहिनीलाई रूपैयाँ पैसा दिने गर्दछन्। यहाँ दिदी बहिनी नभएमा फुपूले पनि टीका लगाइदिने चलन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । दिदी बहिनीको यदि विवाह भएको रहेछ भने उनीहरू दाल, चामल, अर्सा, फिनी, लाडु आफ्नो घरबाट दाजुभाइलाई लिएर आउँछन् । माइतीमा भएका दिदी बहिनीले सगुन मात्र दिए हुन्छ । यहाँ साग (साख) का दिदी बहिनीहरू पनि आएर टीका लाउँने चलन छ । उनीहरूलाई पनि दक्षिणा सगुन दिइन्छ । यसरी आफ्ना मात्रै दिदी बहिनीले तिहारको टीका नलगाएर धेरै दिदी बहिनी अझ फुपूले पनि टीका लाउँने चलन छ ।

दक्षिणाको होडबाजी यहाँ नचल्ने भएकोले जतिसुकै दिदी बहिनी आए पनि समस्या हुँदैन । यहाँका चाडवाडहरू रमाइला र मितव्ययी छन् । यहाँ द्यौसी खेल्ने चलन छैन । यस बारेमा प्रदीप रिमाल लेख्छन् ।[३४] "अन्त जस्तो पञ्चकको लक्ष्मीपूजाको दिनमा यहाँ भैली गाउने चलन छैन ।" तर आजभोलि पञ्चकमा द्यौसी भैलो खेल्ने चलन बढेको छ ।

डाँडापाखा तिर तिहारमा लक्ष्मीपूजाको दिन गाईको पूजा गर्ने, आटो (दाना) दिने, टीका लगाउने गरिन्छ भने भाइ तिहार मनाउने चलन छैन । तर आजभोलि तिहार अलि अलि मनाउने चलन चलेको छ । मुगु जिल्लाको खत्याड र सोरुतिर ब्राह्मण, क्षेत्री, ठकुरीले तिहार मनाउन थालेको धेरै भएको छैन । अरूहरू तिहारभन्दा लक्ष्मी पूजा र गाईको पूजा गर्ने चलन व्यापक रहेको देखिन्छ । यहाँ पनि अन्त खेल्ने द्यौसी खेल्न सुरु भइसकेको छ । चाड मान्ने क्रममा मौलिकता जोगाउनु आवश्यक भै सकेको छ किनभने यही नै नेपालको विविधताको सुन्दरता हो । सबै ठाउँमा एउटै चाड मान्ने हो भन्ने नेपाल कसरी विविध रहन सक्छ । नेपाल अनेकतामा एकता भएको सुन्दर फूलबारी हो ।

भैलो :

नेपालको प्रायः सबै क्षेत्रमा खेलिने यो प्रसिद्ध समूह लोकगीत हो । भलो चिताउँदै खेलिने अर्थात् "भलोको लय" 'भैलो' सिँजा क्षेत्रमा मङ्सिर पूर्णिमाको दिन खेलिन्छ । यसलाई यहाँ सानी भैली भनिन्छ । 'भैले पुनी' भन्नाले मङ्सिर पूर्णिमालाई जनाउँदछ । सानी भैली सकिएको पन्ध्रदिन पछाडि अर्थात् आँउसी (आँसी) को भोलिपल्ट देखि पाँच दिनसम्म ठूली भैली खेलिन्छ । चार दिनसम्म खेलिने भैलोलाई 'भैलो' र पाँचौ दिनमा खेलिने भैलोलाई 'छाडा भैलो' भनिन्छ । छाडा भैलोमा सबैले भाग लिन्छन् र पाँच दिनसम्म ओखल,

---

३४ उही, पृ. ११ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
जाँतो, घट्ट आदि चलाइँदैन ।[३५]

सिँजा उपत्यकामा जिउला डाँडापाखा सबैतिर 'सानी भैली' भैले पुनीमा भनिन्छ (खेलिन्छ) भने ठूली भैली पूर्णिमाको पन्धदिन पछि औँसीको परेवा (प्रतिपदा) देखि पाँच दिन सम्म जुम्ला उपत्यकामा खेलिन्छ । ठूली भैली सुरु हुने औँसीलाई यहाँ भट्टे औँसीको रूपमा सिँजा-जुम्लामा मनाइन्छ । यो औँसी (भट्टे आँउसी) मा गाई गोरूलाई भट्ट पकाएर दिने गर्दछन् । कागलाई पनि खाना दिने गरिन्छ ।

सिँजा इलाकामा सानी भैली भैले पुनीमा खेल्ने वा भैलो भन्ने गरिन्छ । भैलोमा केटाकेटी, तन्नेरी, तरूनी समूहमा मिलेर घरको धेला धेला (दैलो दैलो) मा गई भैलो पुगाड्दछन् (भन्दछन्) । समूहका जान्नेले भैलो पुगाड्दछन् (भट्याउँछन्) भने बाँकी अरूले 'भैलो' भन्ने शब्द भन्दछन् । भैलो पुगाड्ले बित्तिकै 'भैलो' भनिहाल्नु पर्दछ । यहाँको भैलो मौलिक छ । यहाँ अन्त जस्तै यम पञ्चकको लक्ष्मीपूजाको दिनमा भैलो गाउँने चलन छैन । आजभोलि अलि-अलि द्यौसीको चलन चलेको छ । सिँजा क्षेत्रमा गाइने सानी भैली यस प्रकारको छ ।[३६]

(१) आइपुनीका बार - भैलो
(२) दर बुधवार - भैलो
(३) दरम्या खोली - भैलो
(४) बाँसैन झोला - भैलो
बाँसैन भित्त - भैलो
(५) आन्या न तान्या - भैलो
(६) पीपल डाल्या - भैलो
(७) पीपल पाती - भैलो
(८) रायाकी छाती - भैलो
(९) रायो जमाउनु - भैलो
(१०) बाखरी (खसी) खानु - भैलो
(११) भैलो बाइगो दाङ - भैलो
(१२) अरू क्यै नमाग - भैलो

---

३५ उही, पृ. ११-१२ ।
३६ उही, पृ. ११ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३) मोहर पैसी माग - भैलो
(१४) भैलो सुवाला - भैलो
(१५) डोड्ने हैनो, माग्ने हैनौ - भैलो
(१६) ऋतु जनाउन्या - भैलो
(१७) ऋतुका बात - भैलो
(१८) ऋतु जनाउने - भैलो
(१९) आकाश सिला - भैलो
(२०) पाताल जडा - भैलो
(२१) दूवाजन जेलिया - भैलो
(२२) पाथाजन भरिया - भैलो

उपुर्युक्त भैलोको छोटो अर्थ यस प्रकारको छः

भैलो माग्ने बेला आयो, पालो आयो। हामी दरा खोलाका मान्छे असल कपडाको झोला बोकी बाँस झाँगिएझैं हुल बाँधेर भैलो भन्न (भैलो गाउँन) आयौ। तिमी पीपलका हाँगा र पात जस्तै शुद्ध लच्छिनका छौं। तिम्रो असल होस्, भलो होस्। यो ऋतुको कुरा हो। हामी यो ऋतु आयो भनेर जनाउन आएका हौ। हामी माग्ने भीखारी हैनौ। अन्तमा घरकाले भैलो दिइसके पछि "तिमी बढेर आकाश छुने हुनु, दूबो जस्तै जेलिएको सम्बन्ध बढोस्। तिमी अन्न भरिएको पाथी जस्तै भरिपूर्ण भए" भनेर भैलो पुगाड्नेले आशिर्वाद दिने गर्दछन्।

भैलो धेरै घरमा खेल्नु पर्ने हुनाले माथि उल्लेख गरिएको भैलो खेलिन्छ। यदि समय पर्याप्त छ र परिस्थिति अनुसार भैलोको पूर्ण पाठ नै पुगाड्नु पर्ने पनि हुन सक्दछ। भैलोमा त्यसबेलाको सिँजा साम्राज्यको विभिन्न स्थानहरूको महत्त्वलाई "यो खान्की पायो" भन्दै दर्शाइएको र अन्तमा दाङ देउखुरी हुँदै भैलोलाई नेपाल (हालको काठमाडौं उपत्यका) सम्म पुऱ्याइएको छ। भैलोको भट्ट्याउने पूर्ण पाठ यसप्रकारको छ

काँ र जन्म्यो भैलो ? मानसरोवर कविलास भैलो।
ऐंर देखि भैलो ताक्लाखार आयो भैलो
ताक्लावारका भैलाले क्या को खान्की पायो ? ऐ.ऐ.
ताक्लाखारका भैलाले स्न खान्की पायो।
ऐंर देखि भैलो खोचेर आयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खोचेरका भैलाले मूर्ति खान्की पायो ।
ऐंर देखि भैलो हिल्सा सम्म आयो
हिल्साका भैलाले राज्य खान्की पायो ।
ऐंर देखि भैलो हुम्ला सम्म आयो
हुम्लाका भैलाले लिउ फेरूवा (ओछ्याउने) पायो ।
ऐंर देखि भैलो सोरू गल्वा (गल्फा) आयो
सोरू गल्वाका भैलाले मास गुराउँस पायो ।
ऐंर देखि भैलो मुगु/करान आयो
मुगु करानका भैलाले नुन । ऊन खान्की पायो ।
ऐंर देखि भैलो गमदरा आयो
गमदराका भैलाले मच्चा (खुर्सानी) खान्की पायो ।
ऐंर देखि भैलो घुच्ची सम्म आयो
घुच्चीका भैलाले बयाल (बतास) खान्की पायो ।
ऐंर देखि भैलो बोतासम्म आयो
बोताका मैलाले चोतो कोइरो पायो ।
ऐंर देखि भैलो सिँजा गडी आयो
सिँजा गडीका भैलाले राजधानी पायो ।
लामथाडो हल्लायो, सिउवाघ जुधायो ।
ऐंर देखि भैलो लुङ्कु लामाथाडा आयो
लुङ्कुका भैलाले राजगुरू पायो ।
ऐंर देखि भैलो लाहार्ज सम्म आयो
लाहार्जका भैलाले जम्मुवालीपायो ।
ऐंर देखि भैलो पाँ ओडार आयो
पाँ ओडार (पाण्डव गुफा) का भैलाले पाँचै पाण्डव पायो ।
ऐंर देखि भैलो देहारपाटा आयो
देहारपाटाका भैलाले पूजा पालो पायो ।
ऐंर देखि भैलो जाँच सम्म आयो
जाचका भैलाले धान खानी पायो ।
ऐंर देखि भैलो नराकोट आयो
नराकोटका भैलाले केदारनाथ पायो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐंर देखि भैलो जुम्ला चौधान आयो
जुम्ला चौधानका भैलाले चन्दननाथ पायो ।
मार्सी धान रोपायो ।
ऐंर देखि भैलो श्रीढुस्का आयो
श्रीढुस्काका भैलाले सत्र खम्ब पायो ।
ऐंर देखि भैलो पाँचसय दरा आयो
पाँचसय दरारका मैलाले बाइस पाटन पायो ।
ऐंर देखि भैलो रकालखोला आयो
रकाल खोलाका भैलाले बयाल (बतास) खान्की पायो ।
ऐंर देखि भैलो बारबीस आयो
बारवीसका भैलाले ओडार खान्की पायो ।
ऐंर देखि भैलो दुल्लू दैलेख आयो
दुल्लू दैलेखका भैलाले पञ्चकोशी पायो ।
ऐंर देखि भैलो सुर्खेत सम्म आयो
सुर्खेतका भैलाले काँक्रेविहार पायो ।
ऐंर देखि भैलो दाङ देउखुरी आयो
दाङ देउखुरीका भैलाले संसारै फिजायो ।
नेपालै पुऱ्यायो ।
मागन्या होइनौ डोड्न्या होइनौ । - भैलो ।
वर्ष दिनको ऋतु जनाउन्या हौ । - भैलो ।
भन्दै अन्ततिर माथि उल्लेख भएको आशिर्वाद दिन्छन् ।[३७]

कनकासुन्दरी (गडी माई) का पूजारी श्री प्यारी लाल काफ्लेका अनुसार यस क्षेत्रमा गाइने अर्को प्रकारको भैलो यस प्रकारको छ । यो भैलोमा पनि "आइपुनी बार दरबुधवार . . . सबै माथि उल्लेख भए जस्तै हो । अरू बाँकी भैलोमा केही फरक छ ।

यो भैलो कहाँ उठ्यो, मानसरोवर उठ्यो ।
मानसरोवरका भैलाले क्या खान्की पायो ?
मानसरावरका भैलाले कैलास जुहार्न (दर्शन गर्न) पायो ।

३७ सिँजा लुङ्कुका श्री नवराज खत्री, मधु शङ्कर उपाध्याय, भानुभक्त उपाध्याय, कपुरीप्रसाद उपाध्याय र लोकेन्द्र प्रसाद उपाध्यायले सिँजाका बयोवृद्धबाट सङ्कलन गरेको भैलोमा आधारित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ताँ बाट भैलो ताक्लाकोट आयो
ताक्लाकोटका भैलाले हाट लाउन पायो।
ताँ बाट भैलो खोचेर आयो
खोचेरका भैलाले मूर्ति जुहार्न पायो।
ताँ बाट भैलो हिल्सा आयो
हिल्साका भैलाले राज्य पायो।
ताँ बाट भैलो यारी आयो
यारीका भैलाले भन्सार पायो।
ताँ बाट भैला मुचु आयो
मुचुका भैलाले गुम्बा देख्न पायो।
ताँ बाट भैलो यालवाङ आयो
यालवाङका भैलाले चुली (आरू) बेच्न पायो।
हाटबजार पायो।
ताँ बाट भैलो सिमकोट आयो
सिमकोटका भैलाले अड्डै लाउन पायो।
ताँ बाट भैलो नल्ना आयो
नल्नाका भैलाले राज्य पायो, राजा हुन पायो।
ताँ देखि भैलो लाली पिउस आयो
लाली पिउसका भैलाले उवा अन्न पायो।
ताँ बाट भैलो रिप आयो
रिपका भैलाले तेल बेच्न पायो।
ताँ देखि भैलो दुल्ली आयो
दुल्लीका भैलाले चीनडो फुटाल्यो।
ताँ देखि भैलो लोती गाड आयो
लोतीगाडका भैलाले घाट लाउन पायो।
ताँ बाट भैलो सातथाप्ले आयो
सातथाप्लेका भैलाले सात थाडी (आइमाई) पायो।
ताँ बाट भैलो वाव (मुगु) आयो
वावका भैलाले ओखर बेच्न पायो।
ताँ बाट भैलो गमगढी आयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गमगढीका भैलाले ठाकुर (छायानाथ) भेट्न पायो ।
ताँ बाट भैलो घोडामौला आयो
घोडामौलाका भैलाले राक्षसै माऱ्यो ।
ताँ बाट भैलो लामाथाडा आयो
लामाथाडा भैलाले सिउवाध जुधायो ।
सिँजापति राज पायो ।

यसरी भैलो खेलिसके पछि समय मिलाएर घरबाट अलि टाढा गएर 'भैले भात' वा 'पाठा भात' खाने प्रचलन छ । पाठाभात खाइसके पछि नाचगान रमाइलो गर्ने गरिन्छ ।

चेल्या (चेले) तिहार

भैले पुनी (मङ्सिरको पूर्णिमा) को पन्ध्र दिन पछाडि आँउसी (आँसी) को द्वितीया तिथिमा यो तिहार मनाइन्छ । यो चेला (छोरा) हरूको तिहार हो भने माघेसङ्क्रान्ति छोरीहरूको तिहार हो । यो चाडमा छोरालाई दहीचामल (बेसार, चामल, दही मिसाएको) लाउँने, खानेकुरा पैसा दिने गरिन्छ । गाउँमा छोरा भएको घरमा जत्ति छोरा छन् त्यति टाट्या (टाटे वा पुरी) बाँड्ने प्रचलन छ ।

चेले तिहारभन्दा अगाडिको आँसीलाई जुम्ला उपत्यकामा ठूली भैली भनेर खेलिन्छ भने खत्याड, सोरू हुम्लाको गल्फा दरा लगायतका स्थानमा 'भुवो' खेल्ने चलन छ । भुवोलाई 'भोसो' पनि भन्दछन् । मुगुका तन्नेरीहरू मिलेर मङ्सिर आँउसी (आँसी) को रात झरो (दियालो) हातमा घुमाएर गीत गाउँदै यो खेल खेलिन्छ । भुवोलाई पुरुषहरूको 'रतेडी' को रूपमा पनि लिइन्छ । दुल्लू भेकमा लक्ष्मीपूजाको अघिल्लो दिन, आठबीस दरामा पंचमीको दिन र हुम्ला तथा बझाङ तिर मार्गशीर्षको पछिल्लो पक्षतिर भुवोको आयोजना गरिन्छ ।[३८]

सिँजामा खेलिने भैलो जस्तै भुवोको सृष्टि पनि मानसरोवर कैलासमा नै भएको गीतबाट प्रष्ट हुन्छ । भुवो गीतको अन्ततिर "जीतारी मल्ल राजाको माथो (शिर) दूवोले भरियो, पृथ्वी मल्लको माथो (शिर) दूबोले भरियो" भनेर

---

३८ पूर्ण प्रकाश नेपाल 'यात्री' भेरी लोकसाहित्य (काठमाडौं : वि.सं. २०४१), पृ. ३४९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
सिँजापति राजाको नाम गीतमा उल्लेख गरिएका छन्। सिँजा लुङ्कुमा 'भुवो ठाकुर' भन्ने ठाउँ छ, यसबाट ठाकुर (ठकुरी) हरूको भुवो खेल्ने ठाउँ रहेछ भन्ने थाहा हुन्छ। तर आजभोलि सिँजामा भुवो खेल्ने चलन छैन।

चेले तिहारमा सोरु, गल्फा अनि खत्याड दरा लगायतका स्थानहरूमा छोरी बहिनीहरू दाजु भाइलाई पिठाहा लाउँन आउने चलन छ। दाजु भाइले पैसा, सगुन दिने अनि दिदी बहिनीले पिठाहा लगाइदिने चलन छ। सिँजामा दशैमा लाउने पिठाहा जस्तै मुगु, हुम्लाका भेक लगायत कर्णाली प्रदेशका स्थानहरूमा चेले तिहारमा पिठाहा गर्ने चलन छ।

पुषको पुन्नुवा (पुसको पन्ध्र) :

प्रत्येक गाउँका केटाहरू दिनमा काठका मुडा बनबाट ल्याएर आफ्नो गाउँको जम्मा गर्ने स्थानमा राख्दछन्। त्यसैगरी प्रत्येक गाउँकी केटीहरू सल्लाका सिगुता (सिमटा), दाउरा जम्मा गर्दछन् भने आफ्नो-आफ्नो घरबाट तेल, पीठो, चामल, चिनी वा मह उठाएर एउटीको घरमा बेलुकाको खाना खाइसकेपछि जम्मा भएर टाटया, सेल, खट्टे आदि बनाउँछन्।

लुङ्कु गाउँका ठेटाहरू (केटा, तन्नेरीहरू) भने मुडा काटेर गाउँ माथिको पिरेपाखाको टुप्पामा जम्मा गर्दछन् अनि बेलुका तिर लोटाउँदछन्। मुडा लोटाइसकेपछि कसको मुडा पहिलो, दोस्रो, तेस्रो भयो हेर्दछन् र सबै मुडा जम्मा गरेर गाउँ नजिकै रहेको श्री क्षेत्रपाल मष्टाको थानमा रात बियाउने प्रचलन छ।

बेलुकाको खाना खाइसकेपछि केटाहरू मुडा जम्मा गरेको स्थानमा जम्मा भएर रातभरि आगो बाल्दछन र रमाइलो गर्दछन्। छोट्टी (केटी) हरूको छुट्टै भुवो (अगेंठो) हुन्छ भने उनीहरू एउटाको घरमा टाटे, सेल हालेर रात वियाउने पनि गर्दछन्। यसरी यस क्षेत्रमा पुषको पन्ध्रमा र अरू बेला मुडा बालेर र माइलो गरी रातभरि बस्नुलाई 'रात वियाउने' भन्दछन्। राती मुडा बालेर बस्दा साइतर हाल्ने (कथा भन्ने), बाघ बाखा, चुचे बाघ जस्ता खेल खेल्ने र केही केटाहरू अरू गाउँको भुवो (अगेठो) मा डुलेर पनि आउँछन्। त्यसरी अर्को गाउँको वा आफ्नै गाउँका केटीहरू रात वियाएको घरमा केटाहरू जान्छन् र घरको थाडा (छत) मा रहेको खोपाबाट रूमालमा पैसा बाँधेर लामो डोरी बनाइ तल टाटया, सेल हालेको ठाउँमा खसाउँछन्। घरमा टाट्या, सेल हालिरहेकी केटीहरूले रूमाल खोलेर पैसा लिन्छन् र टाट्या, सेल आदि बाँधे पछि छतबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केटाहरूले तान्छन् अनि आपसमा अन्नी बाँडेर खाने गर्दछन् । यसरी रूमाल खोपाबाट खसालेर अन्नी खानेलाई यहाँ "ताल छोड्ने" भन्दछन् ।

बिहान उज्यालो भएर घाम लागेपछि रात बियाउनेहरू आफ्ना-आफ्ना घरतिर लाग्दछन् । पश्चिमा तथा अन्य सम्भ्रान्तहरूले फायर क्याम्प गरेर ककटेल पार्टी गर्ने चलन कर्णाली प्रदेशको सिँजाक्षेत्रको 'रात वियाउने' 'अगेठो बाल्ने' बाट सिकेको हुनु पर्दछ ।

माघे सङ्क्रान्ति : चेले तिहार चेलाको चाड हो भने माघे सङ्क्रान्ति चेलीको चाड हो । यो चाडलाई यहाँ "पुस हालेका टाटया माघ खाने" चाडको रूपमा पनि चिनिन्छ । यो चाडमा छोरी बहिनीलाई माइत बोलाउने गर्दछन् । त्यस दिन छोरी बहिनीका गोडा धुने, दही चामल (चामल, बेसार, दही भएको टीका) लगाउँने, आलु, फलफूल, कन्दमूल, टाटया, सेल पैसा दिने गरिन्छ । छोरी बहिनीलाई खाना खान बोलाएका हुन्छन् । खानामा 'खुँडिया' बनाउने चलन छ । खुँडिया भन्नाले साना केराउको पीठो पकाएर नुन राखेर थालमा पस्कने । फाँडो चिसो भैसकेपछि आवश्यकता अनुसार काटेर खानासँग वा त्यसै खाने गरिन्छ । यहाँ भदुरी भन्ने कन्दमूलको पनि 'खुडिया' बनाइन्छ । गाउँभरि प्रत्येक घरमा जत्ति छोरी छन् त्यत्ति टाटया बाँड्ने चलन छ ।

पुस पुन्नुवा जस्तै माघे सङ्क्रान्तिको अघिल्लो रात मुडा जम्मा गर्ने, लोटाउने, रात वियाउने ताल छोड्ने सबै गरिन्छन् । माघे सङ्क्रान्तिमा रात वियाइसकेपछि बिहान नुहाउने गर्दछन् । यहाँ त्यसबेला माइनसमा तापक्रम हुने भएकोले नुहाएर तुरून्त भुवो (अगेठो) मा आगो ताप्न दौड्दै धाराबाट वा नाउला (जरूवा) बाट आएको देखिन्छ ।

श्रीपञ्चमी :

यस दिन बल्ल (गोरू) का काँधमा तेल लगाउने, बल्ललाई टीका लगाउने र हलो जोत्न सुरु गर्ने गरिन्छ यसलाई 'हलसारो गर्ने' भनिन्छ । हलसारो गर्ने दिन हलो जोत्नेलाई चामल दिने चलन छ । मडलेरीले "ऋतु रानाय (मौरीको रानु) भिट्टा (खेतको भित्ता) पाती पलाइ गयो ऋतु रानाय ॥ घाड मौरी ठंगी (बेगले उड्नु) गयो ऋतु रानाय, गाड प्याउली फुली गयो ऋतु रानाय, ऋतु ऋतु लागि गयो ऋतु रानाय ।" भनेर माँगल भन्दछन् । श्रीपञ्चमीबाट पाती पलाउन थाल्यो । मौरी उड्न थाले, प्याउली फुल्न थाले अब जाडो हट्यो खेती सुरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो भन्ने माँगलको अर्थ हो । यसै दिन विद्याकी देवी सरस्वतीको पूजा गरेर अक्षर चीनाउने गरिन्छ । श्रीपञ्चमीलाई यहाँ "बल्लका काँध तेल लाउने दिन" का रूपमा पनि चर्चा गरेको पाइन्छ । घरमा जम्मा भएका सबैलाई अनि मङ्लेरीलाई सगुन बाँडने गरिन्छ । यस दिन बच्चा बच्चीका कान नाक छेड्ने पनि गरिन्छ ।

श्रीपञ्चमी पछाडि जाँदी माँगी सङ्क्रान्ति पनि मुडा बालेर, रात वियाएर मनाइन्छ । अरू सबै पुस पुन्नुवाको जस्तै हो । माघको अन्तिम दिनको राती रात वियाउने गरिन्छ । जाँदी माँगी सङ्क्रान्तिलाई हेला गर्नु हुँदैन भन्ने अर्थमा "जाँदी माँगी कन क्या हेला गरौंला आफै हेला हौला" भन्ने उक्तिको प्रयोग गर्दछन् । माघको राती हालेका टाटया फागुनमा खाएर जाँदी माँगी मनाउँदछन् ।

बीच्छती (धानको बीउ छर्ने दिन):

चैत्र महिनाको बीस गतेलाई यस क्षेत्रमा वीच्छती भनेर मनाउने गर्दछन् । परम्परादेखि बीउ राखी आएकोमा चैत्र २० गतेका दिन तैयारी बेन्नुमा अङ्कुराएको धानको बीउ छरिन्छ । बीउ छरिसके पछि बेन्नुमा पानी टुटाउनु हुँदैन । यस दिन छोरी बहिनीलाई भात खान बोलाउने चलन छ । छोरी बहिनीलाई बीच्छतीमा कुटेका १ पाथी चिउरा दिने चलन छ । हिउँदका चाडमा 'खुँडिया' हाल्ने चलन छ । यहाँ चिउरा लगायत सबै कुराहरूमा सुरूमा देउतालाई 'सीक' चढाउने गरिन्छ अनि मात्र छोरी बहिनीलाई दिने गर्दछन् । यदि छोरी बहिनी टाढा छन् वा बीच्छतीको दिन भात खान आउन सकिनन् भने उनीहरूलाई चिउरा कुटीरो बनाएर पठाइदिन्छन् । दही चामल लाउँने सगुन बाँड्ने गरिन्छ ।

चैते अष्टमी:

यहाँ चैते अष्टमी तथा नवमीमा श्री कनकासुन्दरी (गडी माई) को थानमा थोरै सङ्ख्यामा राँगा, बोका बली दिने गरिन्छ । सिँजालहरू गडी माईको पूजा, पाठ दर्शन गर्दछन् । लोकपोर गाउँका मान्छेहरू कोही व्रतबन्ध गर्ने भएमा यसै बेला गर्दछन् । लेकपर बाहेक अरू ज्यूल्यालहरू पनि माईको थानमा आएर व्रतबन्ध गर्ने गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ धानको बीउ राख्ने बेला चढाएका चिउरा देवीको थानमा चढाउने गरिन्छ । चैते अष्टमीमा छोरी बहिनीहरूलाई खाना खान (भात खान) डाक्ने (बोलाउने) गर्दछन् । आइमाईहरू व्रत बस्ने अनि गडी माईको दर्शन गरेर प्रसाद टीका ग्रहण गर्दछन् ।

स्थानीय भेषभूषा :

यहाँको पोशाक र गहनाहरूमा मौलिकपन झल्किन्छ । यस क्षेत्रमा केही वर्ष अगाडि सम्म विदेशी पोशाकहरूको प्रयोग र प्रभाव बिलकुलै थिएन । तर आजभोलि विदेशी पोशाक लाउँने चलन चलेको भए तापनि मौलिक पोशाकको प्रचलन कायमै छ । सिँगारपटार गर्ने र लुगा गहना लगाउने ढाँचा पनि अन्यत्रभन्दा बेग्लै छ ।[३९] यहाँ ऊन पाइने भएकोले उनी कपडाको प्रयोग पनि भएको देखिन्छ । यहाँका परम्परागत लुगाहरूमा ठेटुवा (गाउँकै कपास कातेर तानमा बुनेको कपडा) र ऊनको ज्यादा प्रयोग गरिएको हुन्छ ।

बच्चा छँदा भोटो, काँठो र बच्छो लगाउने प्रचलन छ । आजभोलि बच्चालाई बाहिरका लुगा किनेर लाउने चलन चलेको छ तापनि बच्चा जन्मिदा फुपू लगायतले भोटो काँठो लिएर जाने गर्दछन् । केटाको उमेर केही बढ्यो भने कोछ्या (कुर्ता), जींगलो (सुरुवाल), कोट लगाउने अनि कम्मरमा पाउडो (पटुका) बाँध्ने चलन छ । सानो बच्चाहरूको सुरुवालमा तल्लो भागको एक घुँडा देखि अर्को घुँडाको बीचमा जोडेर सिउनुको बदला खुल्ला छोडिएको हुन्छ जसले गर्दा जाडो समयमा केटाकेटहिरूले मल मूत्र त्यागदा पुरै सुरुवाल छोडाउनु पर्दैन ।[४०]

उमेर बढ्दै गयो भने केटीहरूले घाग्रो, चोली, पछ्यौरा, सुरुवाल, कोट लगाउने गर्दछन् । ब्याउलीले साट्नको चोलो (पहँलो कपडाको चोलो) र पाट (एक प्रकारको कपडा) को घाग्रो अनि ओड्ने चाहिं मार्किनको कपडाको छेउमा रङ्गाएको हुन्थ्यो । यस क्षेत्रको विवाहको चलन अनुसार भ्या (विवाह) माग्ने बेला १ जोर, लग्नको कागत लिने बेला १ जोर र जग्गे गोठमा भ्या गर्ने बेला नुहाउँदा १ जोर गरेर जम्मा ३ जोर लुगा ब्याउलीलाई दिने चलन छ । घरमा यदि लुगा छैनन् भने पनि वरपरबाट विवाहको लागि मागेर काम चलाउने र

---

३९ प्रदीप रिमाल, पूर्ववत, सं. २६, पृ. ६८ ।

४० सूचना विभाग, पूर्ववत, सं. ३, पृ. ४७० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
पछि फिर्ता गर्ने गरिन्छ । यहाँको हरेक संस्कार सहज, सरल र मितव्ययि छ । ब्याउलाको लुगा बारेमा विवाह संस्कारमा चर्चा भइसकेको छ ।

विवाह पश्चात् आइमाईहरू मखमलको चोलो, ठेटुवाको फरिया, टँडेउल (एक प्रकारको कपडा जसलाई गुन्यू लगाउन प्रयोग गरिन्छ) र अरू कपडाका गुन्यू लगाउँदछन् । ठेटुवाको फरिया बनाउने यहाँको परम्परागत तरिका छ भने ठेटुवा बुन्ने तान पनि आफ्नै तरिकाको हुन्छ । यसलाई यहाँ सुता चाँद (सिँजाली तान) भनिन्छ । सिँजाको मोफ्ला र जोगी बाडा ठेटुवा बुन्ने प्रख्यात स्थानहरू हुन् ।

ठेटुवा छिप्ने तरिका मौलिक छ र त्यसमा स्थानीय कच्चा पदार्थ तथा रसायनको प्रयोग गर्ने गरेको पाइन्छ । फरिया वा गुन्यू बनाउँदा सुरुमा ठेटुवाको थान काटेर पाटा जोडेर सिलाउने गरिन्छ । सिलाइसकेपछि माडो गाड्ने (कपडाबाट माड् निकाल्ने) र पखाल्ने गरिन्छ । त्यसपछि फरियालाई राज्जेडा (एक प्रकारको जडीबुटी) को झोलमा डुबाइन्छ । सिम माटो पहिले नै ल्याएर राखेको हुन्छ । सिँजाको ठेटुवा छिप्ने सिम माटोको लागि रानीसैन गाउँ नजिक अनि समलगाउँ (कुलाल बाडा) र पारी बडुवालवाडाको बीचमा पर्ने 'वाडीयाला' को सिमलाई राम्रो मानिन्छ ।

राज्जेडाको झोलबाट निकालेर फरिया वा गुन्यूलाई छिपोले छिप्ने गरिन्छ । छिपो भन्नाले ठेटुवाको गुन्यूमा बुट्टा छाप्ने काठको साँचोलाई बुझाउँदछ । आफ्नो इच्छा अनुसार विभिन्न प्रकारका छिपाहरूको प्रयोग गरिन्छन् । यहाँ प्रचलित केही छिपोहरूमा घाग्रे छियो (+), पीपलपात छिपो (♥), नलीटिम्के छियो (⊙) र दँैचाउले छिपो (ॐ) आदि हुन् । सिम माटोले छिपेको ठाउँमा सुके पछि त्यसलाई चुट्ने गरिन्छ । गुन्यू वा फरियालाई २/४ दिन ओछ्यानमा हाल्ने, माड्मुड गर्ने गरिन्छ र तोरो (तोडो) लगाएर रङ्ग बसाल्ने गरिन्छ । त्यसपछि उक्त ठेटुवाको फरिया वा गुन्यूलाई धोएर मुजेठो (मजिठो) पकाएको झोलमा पकाइन्छ । यसरी गुन्यू मजिठोको झोलमा पकाइसके पछि सुकाइन्छ र ठेटुवाको गुन्यू वा फरिया तयार भएको मानिन्छ । यसका अतिरिक्त फरियाका मुजालाई बाँध्ने फुर्का (इजार) पनि बनाइन्छ । डाँडापाखाका थरकी छोट्टीहरू ऊनको रातो सुर्को (इजार) बुनेर तयार गर्ने र त्यसमा घुँधुरा राखेर लाउँने गर्दछन् ।

सिँजा र वरपरको क्षेत्रबा मानिसहरू जिङ्गलो (सुरुवाल), कोछ्या (दौरा), इष्टकोट, बेडन्या, फेटा, टोपी, कोट, बोखु (वख्खु), दोचा (स्थानीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तरमै बुनेका जुत्ता), ल्हाम, पौला (दैलेखमा उत्पादित जुत्ता) लगाउने गर्दछन्। यहाँ फेटा खास गरी लोग्ने मान्छेले ठूलो भए पछि बेर्ने (लाउँने) गर्दछन्। यी लुगाको अतिरिक्त कम्मरमा पाउडो (पटुका) बाँध्ने पनि गर्दछन्। केही वर्ष अगाडि सम्म विवाहमा जन्ती जाँदा फेटा बेर्ने, साटनका पहँलो लुगा लगाउने, छोटा लामा दुवै किसिमका बोखु (वख्खु), पुरूत (मसिनो खालको बख्खु) लगाउने र ल्हाम (एक प्रकारको भोटे जुत्ता) लाउँने चलन थियो। आजभोलि तन्नेरीले विदेशी लुगा लगाउँदछन् भने बुढापाकाले अझै यो पहिरन जोगाएकै छन्।

यी माथि उल्लेख गरिएका लुगाहरू धेरै जसो जाडले लाउँने लुगासँग ठ्याम्मै मेल खान्छन्। यसरी खस र जाडको सदियौं देखिको सम्बन्धले गर्दा लुगाहरूमा पनि धेरै समानता पाइन्छ। त्यसैगरी दोचा, ल्हाम पनि जाड र खस दुवैले प्रयोग गर्दछन्।

यस क्षेत्रका आइमाईहरूले गोजे चोलो, मखमलको चोलो, फरिया, ठेटुवाको फरिया वा गुन्यू (गुन्यू छोटो हुन्छ भने फरिया लामो हुन्छ), घाग्रो (मुजा भएको गून्यू जस्तै) लगाउने गर्दछन् भने लहरेको डौटो (पछाडि टाउका देखि घुँडा सम्म आउने ओढ्ने), आरू फुल्या डौटो, कुकुर पाइल्या डौटो, फर्कपाते डौटो, भुवादारी खास्टो, खास्टो, कालो काम्लो, चौखे काम्लो ओढ्ने गर्दछन्। खुट्टामा ल्हाम, दोचा लाउँने गर्दछन् भने आजभोलि जुत्ता मोजाको चलन चलेको छ। पाउडो वा पट्टनि (कम्मरमा बाँध्ने सेतो कपडा) कम्मरमा बाँध्ने अनि चोलाको तुनामा सुर्कने थैलो (सुर्के थैली) झुण्ड्याउने चलन छ। पहिले पहिले डौटोले घुम्टो जस्तो छोप्ने चलन थियो। तर आजकाल पनि काम्लो, ओर्नाले मुख छोप्ने चलन छ। त्यसैगरी खुट्टा पनि फरियाले तलसम्म छोप्ने गरिन्छ। आधुनिकीकरणका नाममा यी लुगाको प्रयोगमा क्रमशः कमी आएको थियो तर हालैका वर्षहरूमा ठेटुवाको फरिया, मखमलको चोलो र कालो काम्लो जस्ता लुगाहरू लगाउँने फेरि चलन चलेको छ।

गाउँ ठाउँको अवस्था अनुसारको भेषभूषा आफ्नो पुर्ख्यौंलीको सुझबुझले आत्मनिर्भरताको रूपमा स्पष्ट दर्शाएको हुन्छ। तर आधुनिकताका दृष्टिले अरू सरह देखिन खोज्ने मनोवृत्तिले सबै हराउँदै गएको छ र जसको ठाउँ प्रायः जुत्तामा कपडा, लुगामा पोलिस्टरले लिए बाट केही वर्ष भित्रै यसको दुस्परिणाम (चिसोमा झन् चिसो थपिदा) ले युवा अवस्थामा नै आँखा कमजोर हुने, कपाल दुख्ने, खोकी, दम, वात र सुनिने व्यथाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
रूपमा देखा परेको छ।[४१] हुन पनि आधुनिक लुगाहरू हेर्दा राम्रो, हलुका, सजिलो भए पनि परम्परागत भेषभूषा गाउँ ठाउँको अवस्था अनुसार उपर्युक्त देखिन्छन्।

यस क्षेत्रका गहनाहरू पनि मौलिक छन्। लोग्ने मान्छेहरू विवाहमा जन्ती जानु पऱ्यो भने वा यस्तै अवसरमा गौरीशङ्कर (घाँटीमा लाउने सुनले बाँधेको रूद्राक्ष) लाउँदछन्। ब्याउलाले पनि यो गहना लाउँने गर्दछन्। धामीहरू हातमा चाँदीका मर्दनावाला लगाउने गर्दछन्। यहाँ छोराछोरी दुवैले कानमा सुनका मुन्द्रा र हातमा चाँदीका वाला लगाउने प्रचलन छ। यहाँ तमाखु खाने हुक्काको नैचा, चिलिम र नली चाँदीले बाँध्ने चलन छ।

आइमाईले हातमा चाँदीका बाला खुट्टामा चाँदीका कल्ली, पैरा लगाउने गर्दछन्। नाकमा सुनको नथुनी, फूली, बुलाकी, कानमा कर्णफुली, चग्री (पाते मुन्द्रा) मुन्ना (मुन्द्रा), मारवाडी लगाउँदछन्। त्यसैगरी घाँटीमा एग्गेडे (ठूलो तूत्थो र मुगा भएको माला), दोलडी (साना मुगाका माला), चरियो (पोते र मुगाको मालामा चाँदीले बाँधेको), घिट्टेसी (साना मुगा र तूत्थोको माला), ठिंगुराको माला, बुन्नजाले (धेरै रङ्गका पोते मिलाएर बुनेको) मुगौतो (श्रीविन्दी जस्तै), तिलहरी, पोतका काँठुल्ला, पत्थरका काँठुल्ला, पटीया, पोतका गल्था (पोतेका झुप्पा), बीज (सुनको घाँटीमा लगाउने), नानी माला (अठन्नीका माला), ठूली माला (चाँदीका रूपैयाँका माला), चन्द्रमा लगाउने गरिन्छ। टाउकामा सुन वा चाँदीका उपरपातो, सुन फूल लगाउँदछन्। त्यसैगरी आइमाईहरू हातमा छाप (छापे मुन्द्रा), अरू मुन्द्रा (औंठी) लगाउने चलन छ। छातीमा साङ्लो झुण्ड्याउने र त्यसको टुप्पामा घुँघुरा राख्ने गर्दछन्। यो साङ्लो चाँदी वा स्टीलको हुने गर्दछ। डाँडापाखा तिर छोट्टीहरू (केटीहरू) घाग्रोमा बाँध्ने रङ्गीन फुर्का, गलामा कपुन्नेका माला, रङ्गीन पोतेहरू लगाउँदछन् अनि फुर्कामा घुँघुरा बाँध्ने चलन छ।

नेपालको दश वर्षे द्वन्द्वमा तत्कालिन विद्रोहीहरूले गहना लगाउन नपाउने उर्दी जारी गरेका थिए। आजभोलि पुनः परम्परागत पहिरनको चलनचल्ती व्यापक भएको छ। पर्यटकहरू केही नयाँ कुरा हेर्न आउँने हो यदि त्यो छैन भने पैसा तिरेर यति टाढा कोही पनि आउँदैन। एकातिर आफ्नो संस्कृति,

---

४१ भीम प्रसाद श्रेष्ठ, "जुम्ली चीनारी जोगाउने कि मिटाउने ?" वेन्नु (दशैं टुसा) (काठमाडौं : वि.सं. २०५४), पृ. १९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल्यमान्यता, संस्कार, पहिरन मास्दै जाने अर्को तिर धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने भन्ने कुरा मानिसहरूलाई भ्रममा पार्ने खेल मात्र हो । त्यसैले सिँजामा ती कथित पश्चगामी कुराहरू रहेनन् भने सिँजा घुम्न कुनै पनि पर्यटक आउने छैनन् ।

मनोरञ्जन :

यस क्षेत्रका मानिसहरूको मनोरञ्जनको रूपमा यहाँ विभिन्न समय अन्तरमा चाडपर्वहरू देखा पर्दछन् । यी बाहेक गाउँघरमा हुने विवाह, व्रतबन्ध, रूद्री, कथा आदि मनोरञ्जनका अवसरहरू हुन् । यहाँका केटाकेटी तन्नेरीको लागि हल्ली, नाडी, भूइँनाडी, आराम खेल, हिउँदमा फिङ्गो (पिङ) हाल्ने, रात वियाउने, पाठाभात (वनभोज) खाने, वनमा साथीहरू मिलेर जङ्गली फलफूल टिप्न जाने, दुवाली बुझेर माछा मार्न जाने, पैठ हेर्न जाने आदि मनोरञ्जन प्राप्त गर्ने माध्यमहरू हुन् ।

यहाँका सबै उमेर समूह, लिङ्ग, जातजातिले सबैभन्दा मनोरञ्जन साउनपुनी (श्रावण पूर्णिमा) को पैठमा लिने गर्दछन् । साउनपुनी पैठ बारे चौथो अध्यायमा वर्णन गरिएको छ । मनोरञ्जन जीवनका अन्य पक्षहरूसित जोडिएको हुन्छ । वनमा गाई चराउन जाँदा, वनका सागपात फलफूल टिप्ने क्रममा ठेडा छोट्टी बीच भेटघाट परिचय हुन सक्दछ । यो क्षेत्रमा धेरै प्रकारका जङ्गली फलफूल, सागपात र जडीबुटीहरू पाइन्छन् । वर्षामा सिँजालहरू प्रायः आटी (घरभन्दा टाढा भएका भुवा जग्गामा बनाएको सानो घर) मा बस्ने गर्दछन् । आटी गाउँबाट टाढा हुने हुँदा त्यहाँ ठेटा (केटा) छोट्टी (केटी) हरूलाई गीत गाउँने, रमाइलो गर्ने अवसर प्राप्त हुन्छ । यस क्षेत्रको ठेटा ठेटीको भेटघाट गराउने स्थल भनेकै साउनपुनी लगायतका विभिन्न पुनीका पैठहरू अनि विवाह, व्रतबन्ध जस्ता अवसरहरू पनि हुन् ।

माथिका ठेटा छोट्टी भेट्ने अवसरहरू बाहेक यहाँ तन्नेरी तरूनीहरू मिलेर राती 'खेल्ने' वा "छोट्टी बस्ने" गर्दछन् जुन गण्डकी प्रदेशतिर पाइने "रोदी घर" सित मिल्दो जुल्दो छ ।[४२] आजभोलि गाउँघरतिर बढेको मोबाइल फोनको प्रभावले छोट्टी बस्ने चलनमा कमि आएको छ तापनि एसएमएसबाट गीत हालाहाल गर्ने प्रचलन बढेको छ । यसको अतिरिक्त, केटाकेटीहरू मोबाइलमा कुरा गर्छन्, एक्ला एक्लै एकान्तमा

४२ सूचाना विभाग, पूर्ववत, सं. ३, पृ. ४७१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेट्दछन् । अश्लिल सामग्रीहरू मोबाइलमा हेर्दछन् अनि सबै काम सकिन्छ । यस्तो अवस्थामा ठेटा छोट्टीको अलग अलग समूह भएर छोट्टी बस्ने, थलोमा जाने, आगो बाल्ने अनि महिनौ खेलेर (गीत गाएर) चोखो प्रेम गर्दै एक अर्काको मन जित्ने झन्झटै रहेन । छोट्टी बस्न जाँदा केटा र केटीको समूह बीच महिनौ त के वर्षौं सम्म पनि गीत गाउँने चोखो सम्बन्ध बाहेक अरू सम्बन्धको कल्पना पनि गर्न सकिँदैन थियो । ठेटा छोट्टीको समूह एकान्तमा वा गाईगोठ तिर खेल्ने भए तापनि छोट्टीहरू त्यसबेला आफ्नो समूह छोडेर एक्लैदोक्लै पटक्कै नहिँड्ने हुनाले खेल्ने (गीत गाउँने) बाहेक अरू कुराहरू हुँदैनथे । कोही कोही मन मिलेर विवाह गर्न तयार हुन्छन् भने यस्तो परिस्थितिमा केटीलाई आफ्नो समूह छोडेर एक्लै मन मिल्ने केटोसँग भेट्ने छुट हुन्छ । यसरी गीत गाएर ल्याएकी स्वास्नीलाई 'उरालु' भन्दछन् ।

ठेटा छोट्टीले गाउँने दोहरी गीतमा मायाप्रेम, भौगोलिक ठाउँका नाउँ, नदी तालका नाउँ, जीवजन्तुका नाउँ, चराचुरूङ्गी एवं वनस्पतिका नाउँ र अन्य सामाजिक तथा ऐतिहासिक घटनाहरू समावेश गरिएका हुन्छन् ।[४३] ठेटालाई यी सबै कुराको जानकारी हुनुका साथै दोहोरीमा पनि पोख्त हुनु आवश्यक हुन्छ । छोट्टीहरू सिपालुलाई मात्र मन पराउँछन् र त्यसलाई "सरस्वती भएको" भन्दछन् । त्यसको विपरित गीत नजान्नेलाई "सरस्वती नभएको" भन्दछन् । गीतको साथै स्वर पनि मधुर हुनु आवश्यक ठानिन्छ ।

मोबाइल फोनको आगमन र द्वन्द्वकालमा छोट्टी बस्ने काम रोकिएको कारण यसमा कमी आए तापनि अझै पनि फाट्टाफुट्ट यो चलन यस क्षेत्रमा कायमै छ । छोट्टी खेल्ने वा छोट्टी बस्नेलाई लोकसंस्कृतिको एउटा अङ्गको रूपमा लिएमा यसले पनि फस्टाउने मौका पाउँछ । अझ यसलाई डाँडापाखाका थरहरूले खेले जस्तै दिउस (दिनमा) चउरमा खेल्ने गर्नुपर्दछ । माथि मोबाइल फोनको सानो प्रभावको मात्र कुरा उठाइएको हो नकि यसको आलोचना । सूचना र संचारमा भएको विकासले विश्वलाई एउटा गाउँ जस्तै बनाइदिएको छ र संसार जोडेको छ त्यसैले मोबाइलको बेग्लै महत्त्व छ । तापनि प्रविधिको नियमन हुनु पर्दछ ।

डाँडापाखा तिरको मनोरञ्जन पनि लगभग जिउलाको जस्तै छ । तर यहाँका थर (पावै) हरूको चलन चौधवीस दराका थरहरूको जस्तो छैन । आजकल 'पावै' 'खसिया' शब्दलाई अपमानजनक शब्द वा गालीको रूपमा

---

४३ स्थिरजङ्गवहादुर सिंह, पूर्ववत, सं. १, पृ. ३५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएको पाइन्छ । चौधवीस दराको मतवाली क्षेत्री अथवा पावैहरूको चलनको विपरित यहाँका पावैहरू जाड रक्सी सेवन गर्दैननन् र कुखुरा खाँदैनन् ।[४४] चौधवीसका थरहरूको जाडसँगको सङ्गतले जाड खाने भएका हुन् । यिनीहरू पनि मस्टो मान्दछन्, सबै चलन समान छ ।

घरको बनौट : सूर्यको तापले घर तात्तिने भएकोले यहाँका घरहरूका मोहडा दक्षिण र पूर्व दिशातर्फ राखेको पाइन्छ । यस क्षेत्रका घरहरू प्राय: दुई तले र तीनतले हुन्छन् । कसै कसैको माथि काठै काठको नारे समेत गरेर चारतले पनि हुन्छन् । डाँडापाखातिर भने सबैका नारे हुन्छन् । भुइँ तला गाई, गोरू, भैसी हुल्ने गोठ हुन्छ । यदि छन् भने घोडाघोडीलाई छुट्टै खोर बनाएर राखिन्छ । दोस्रो तलालाई घर र तेस्रो तलालाई पाँड भन्दछन् । हुम्लाका निन्वा (जाड) हरूको तीन तले घर बनाउने प्रचलन चाहिँ पश्चिम तिब्बतको श्याङस्युङ प्रदेशको सनातन 'बोन्यो' को चलन हो । यो जडान प्रदेशको सबभन्दा पुरानो चलन हो, सभ्यता हो ।[४५]

यहाँका घरमा छाडे (बाहिरको कोठा) मा कमेरोले पोतिन्छ भने बाँकी भागमा रातो र ध्वाँसे माटो पोतेको हुन्छ । मसिनो सेतो रङको माटोले भन्दा रातो र ध्वाँसे खस्रो माटोले सूर्यताप छिटो र बढी मात्रामा प्रसार गर्दछ । अत: चीसो ठाउँमा रातो र ध्वाँसे माटोले पोतेका घरहरू नै बढी सुखकर हुन्छन् ।[४६]

आजभोलि घरको मोहडाको दिशा, पोत्ने माटो जस्ता कुरालाई सिँजालहरूले त्यति ख्याल राखे जस्तो देखिँदैन । धेरैजसो परम्पराहरूमा विज्ञान हुन्छ त्यसलाई बिर्सनु हुँदैन भन्ने मान्यता हराउँदै गए जस्तो देखिन्छ ।

सन् २००९ मा अर्थशास्त्रमा नोबेल पुरस्कार विजेता एलिनोर अस्ट्रमका अनुसार "हामीले युवा पिँढीलाई कलेजको किताबी ज्ञानसँगै समुदायको ज्ञान पनि सिकाउनु पर्छ । यसरी हेर्दा विज्ञान सँगै रैथाने ज्ञानको उपयोग गर्नै पर्छ । मैले पाएको नोबेल पुरस्कारमा नेपालका गाउँलेको साझेदारी छ ।"[४७] उनले राप्ती उपत्यकामा ७० र ८० को दशकमा अनुसन्धान गर्दा आधुनिक निर्माण सामग्रीले भन्दा काठ र माटोले बनेका कुलाहरूले राम्रो पानी पुऱ्याएका र वितरण गरेको

४४ सूचना विभाग, पूर्ववत्, सं. ३, पृ. ४६३ ।

४५ छक्क बहादुर लामा, पूर्ववत्, सं. ६, पृ. ६० ।

४६ स्थिरजङ्ग बहादुर सिंह, पूर्ववत्, सं. १, पृ. २०८ ।

४७ एलिनोर अस्ट्रमको अन्तर्वार्ता, हिमाल खबर पत्रिका, वि.सं. २०६७, पुस १६-३०, पृ. ३८-३९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
पाइयो भने पुरानो सिंचाइ प्रणालीको ठाउँमा नयाँ प्रणाली निर्माण गरेको ठाउँमा गाउँलेको उत्पादन घटेको देखियो ।

यहाँ घरको उपयोगमा भुई तलालाई गोठ तला भन्दछन् । जसमा पशुवस्तुहरू हुल्दछन् । धेरै अन्न हुनेले जमीन खनी अन्न राख्ने भकारी बनाएका हुन्छन् । यहाँ लुङ्कु गाउँको "खाल्डाको बारी"मा अन्न राख्ने खाल्डाहरू थिए जसमा गाउँलेहरू अन्न राख्ने गर्दथे । हाल यो खाल्डाको बारी श्री मधु शङ्कर उपाध्यायको स्वामित्वमा रहेको छ उनका अनुसार अझै केही खाल्डाहरू सुरक्षित राखिएका छन् ।

घर तल्लाको भित्र ओवरा, बोर्सो, भान्सा, भडार (भण्डार), देउचल (पूजा कोठा) र बैठक कोठा हुन्छ । बोर्सामा अगेनामा आगो बाल्ने र सबै जम्मा भएर कुराकानी गर्ने गरिन्छ । ओवरामा सामान राख्ने गरिन्छ । पहिलो तला (घरतला) बाहिर ओटालो हुन्छ । ओटालाले आँगनको काम गर्छ भने ओटालोको तल जाँगी (गोठ) मा पशुवस्तु हुल्ने गरिन्छ । पाँडको बाहिर थाडो (छत) हुन्छ जसमा गहुँ, जौ, कोदो राख्ने र चुट्ने गरिन्छ । पाँडमा वर्षायाममा सुत्ने र अन्न तथा अरू सामान राख्ने गरिन्छ ।

घरका मुख्य मुख्य गृहस्थी सामान र ढुकुटी सम्बन्धी सम्पत्ति पहिलो तला वा घरतल्लामा राख्ने गरिन्छ । तल गोठमा पनि बाच्छी गोठ, जग्गे गोठ, जाँगी, ओवराका गोठ हुन्छन् । बाच्छी गोठ सबभन्दा भित्र हुन्छ । गाईका साना बाच्छा बाच्छी र भैंसी भएमा थोरा थोरी (पाडा पाडी) लाई जाडो नहुने बाच्छीगोठमा हुल्ने गरिन्छ । विवाह व्रतबन्ध गर्नु पऱ्यो भने जग्गेगोठको प्रयोग गरिन्छ । जग्गे गोठमा नाग पञ्चमीको दिन नागको पूजा गरिन्छ ।

जिउलातिर पाँडको माथि कसै कसैको काठको नारे हुन्छ । नारेमा प्रायः जौ गहुँ काटेर 'भल्को' लगाउने (पुला मिलाएर राख्ने) गरिन्छ । नारे काठको फलेकले बनेको हुन्छ । डाँडापाखातिर सबै घरमा नारे हुन्छ । नारेमा जौ गहुँका 'भल्का' लगाउने र अन्य सामान राख्ने गरिन्छ ।

३. जडान क्षेत्रको जीवनचक्र

जडान क्षेत्रको जीवनचक्रको चर्चा गर्दा (अ) हुम्लाका ब्याँसी र थपल्याहरू, (आ) मुगुका मुगाल (मुगुम्बा) र करानी (कार्म रोङवा) र (इ) खाम्वा (खाम्मा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाडहरूलाई समेटिएको छ ।

कर्णालीको इतिहासमा 'जडान' र 'खसान' क्षेत्रको उल्लेख गरेको पाइन्छ । बृहत् सिँजा क्षेत्र (पुरानो याचे क्षेत्र वा आजभोलिको कर्णाली क्षेत्र) अन्तर्गत उत्तर तिरको जाड बस्ने क्षेत्रलाई 'जडान' र तल्लो दक्षिणी खस बस्ने क्षेत्रलाई खसान भन्ने गरेको पाइन्छ । भोटे मूलका मानिसहरूलाई खस भाषामा 'जाड' भन्ने चलन छ । आजकाल 'खसिया' वा 'जाड' शब्दलाई (अपमान जनक शब्द) गालीको रूपमा लिएको पाइन्छ । जाड भन्नाले जाडोमा बस्ने मान्छेहरू भन्ने बुझिन्छ । 'जाड' वा मादक पदार्थ सेवन गर्ने चलन भएकालाई जाड भन्ने गरिन्छ । जडानको सदरमुकाम पश्चिम भोटको कैलासमानसरोवर क्षेत्रको स्याङ्स्युङ प्रदेशको 'गुगे' लगायतका ठाउँहरू जनाउँछ । खसानमा जुम्लाको सिँजाको भूमिका भए झैं जडानमा स्याङ्सुङ गुगेको महत्त्व त्यतिकै छ ।[४८] यसरी आधुनिक नेपाल र नेपालीहरू चाहे उत्तर पट्टिका 'जाँड' हुन् वा दक्षिण पट्टिका 'खस' सबैको सभ्यताको पूर्व थलो कर्णाली नै हो ।[४९] त्यसकारण कर्णालीलाई सबै नेपालीको पूर्व थलो मानिन्छ ।

अ. हुम्लाका व्याँसी र थपल्याहरू

हुम्लामा भोट वर्मेली भाषिक समुदायका व्यासी जाति र तिब्बती मूलका जाड 'थपल्या' अन्तर्गत पर्दछन् । दार्चुला जिल्लाको उत्तरका व्यासी र हुम्लाका ब्याँसीमा खासै अन्तर देखिँदैन तापनि खस संस्कृतिको अधिकतम् प्रभावमा परी आफ्नो भाषा पनि बिर्सेको स्थिति छ । यद्यपि मृत्यु संस्कारमा काजक्रिया गर्ने आफ्नो छुट्टै लामा (पुरेत) भएको पाइन्छ ।[५०] ब्याँसी जातिको बस्ने तौर तरिका, घरको बनौट खसहरूको जस्तै छ । यिनीहरूको सबै संस्कारमा खसको प्रभाव परिसकेकाले जीवनचक्रको विस्तृत चर्चा गरिएको छैन बरू हुम्लाका बाह्र थपल्या (तिब्बती भाषामा निन्वा) को जीवनचक्र बारे तल विस्तृत वर्णन गरिएको छ ।

जन्म संस्कार :

हुम्ला सदरमुकामको दक्षिण पूर्वी कुनामा बसेका जाड बस्तीहरू सामान्य

---

४८ छक्क बहादुर लामा, पूर्ववत, सं. ६, पृ. ६१ ।

४९ छक्क बहादुर लामा, पूर्ववत, सं. १९, पृ. २ ।

५० छक्क बहादुर लामा, पूर्ववत, सं. ६, पृ. ६० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
बोलचालमा बाह्रथपल्या वा बाह्रथपालाको नामले कर्णाली भर प्रसिद्ध छ । भोटे भाषामा 'न्याइन' को अर्थ घाम वा दिन भन्ने हुन्छ । यसरी राम्रो घाम लाग्ने ठाउँको बासिन्दा भनेर यिनीहरू आफूलाई 'न्याइन बा' 'निन्वा' भन्ने गर्दछन् । पश्चिमी तिब्बतको पुराङ स्थित 'कू-खार-तोद्' भन्ने ठाउँबाट तीनजना दाजु भाइहरू यहाँ आएर बसेको वंशावली कथन छ ।[५१]

यस जातिमा छोराछोरीलाई गरिने भेद्भाव कम पाइन्छ । बच्चा जन्मेको खुशियालीमा घरको चारैतिर बत्ती बाली उज्यालो गर्ने, बाजा बजाउने, नाचगान गरी रमाइलो गर्ने, भोज खाने चलन छ । यस अवसरमा लामालाई घरमा ल्याइ 'छरतेर्जे' अर्थात् नामाकरण गर्ने तिथि पत्ता लगाउँदछन् । त्यसदिन घरमा लामाहरू, नाताकुटुम्ब र छिमेकीहरूलाई छ्याङ (जाँड), रोटी ख्वाउने गरिन्छ । जन्मेको बच्चा हुर्किसकेपछि 'छोर्पा' गर्ने गरिन्छ । त्यसदिन खुसियाली छाएको हुन्छ । 'छोर्पा' गर्दा रौ काट्ने अनि बच्चालाई नयाँ लुगा लगाउने र इष्टमित्र छिमेकीलाई छोर्पा गरेको भोज ख्वाउने चलन छ ।

यो जडान क्षेत्रमा प्रायःजसो मातृसत्तात्मक बहुपति विवाह (पाण्डव विवाह) पद्धति अपनाएको पाइन्छ । त्यसमा पनि लिमी र बाह्रथपाल्या (निन्वा) समाजमा बढी कडाइका साथ यो प्रथा लागू भइरहेको छ । त्यसैले बच्चा जन्मेपछि अन्य जाति जस्तै तेरो मेरो भन्न पाइँदैन । बच्चा जन्मे सबैको बच्चा हुन्छ । बच्चाले जेठो भाइलाई बुवा र अन्य माइलो कान्छोलाई काका भन्ने गर्दछन् । नागरिकता बनाउँदा जेठो भाइको नामबाट बनाउने गरिन्छ भने जेठो भाइ उपलब्ध हुन नसकेको अवस्थामा अरू भाइको नामबाट पनि नागरिकता बनाउने गर्दछन् ।

विवाह संस्कार :

कोही ठेटा (केटा) छोट्टी (केटी) हरू आफ्नो लागि जीवनसाथी आफै रोज्दछन् । खसान क्षेत्रको जस्तै यहाँ पनि सुरुमा कोसेली लिएर केटी माग्न जाने चलन छ । निम्वा समाजमा पाण्डव विवाह प्रथा भएकोले सबै दाजुभाइको कमाइ एउटै घरमा आउने हुनाले दाजुभाइमा अंशवण्डा पनि नहुने हुँदा सामाजिक-आर्थिक स्थिति राम्रो हुन्छ । तर महिलाको दृष्टिकोणमा यो प्रथा राम्रो मानिँदैन ।

---

५१ देवी चन्द्र श्रेष्ठ, "हुम्ला बारथपाला", मधुपर्क, ११ (७), काठमाडौं वि.सं. २०३५, पृ. ४८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केटी माग्न केटा पक्ष केटीको घरमा गइ दुवै पक्ष मञ्जुर भएपछि केटा पक्षले लिएको छ्याङ (जाँड) सबैले खाएपछि मात्र केटी दिन राजी भएको मानिन्छ । सुरुको यो मगनी गोप्य राखिन्छ र दोस्रो पटक फेरि केटी मागिन्छ र केटी पक्षलेभोज ख्वाउँदछन् । दोस्रो मगनी पश्चात् केटाले केटीको घरमा पटक-पटक जानु पर्ने हुन्छ ।

केटा (ब्याउला) पक्षले केटी (ब्याउली) पक्षको घरमा पहिले जानकारी दिइ आफ्नो क्षमताका आधारमा बाजागाजा सहित जन्ती जाने चलन छ । विवाहको जग्गेमा ब्याउली र ब्याउलापक्षको जेठो दाई मात्र बस्ने गर्दछन् । पाण्डव विवाह भए पनि अरू भाइहरू जग्गेमा बस्नु पर्दैन । विवाह जेठो भाइसँग हुने भए तापनि ब्याउली भने सबै भाइले स्वीकार गर्नु पर्दछ । ब्याउला ब्याउली (दुलाहा दुलही) ले खाता एकअर्कामा लगाइदिए पछि औपचारिक रूपमा विवाह भएको मानिन्छ । जेठोको लागि बिहे गरी ल्याएको स्वास्नी मानिस नै अरू भाइहरूको निम्ति पनि पत्नीका रूपमा साझा हुन्छे । साझा स्वास्नीलाई कुनै भाइले स्वीकार नगर्ने हो भने ऊ परिवारबाट छुट्टिनु पर्ने हुन्छ र पुख्यौंली सम्पत्ति (बपौती) को अधिकारबाट उसले बन्चित हुनुपर्छ । त्यसैगरी स्वास्नीमानिसले पनि बहुपति इन्कार गरेको खण्डमा अपहेलित हुन सक्ने सम्भावना भएकोले घर छोड्नु पर्ने हुन सक्छ ।

पश्चिम तिब्बतमा परिवारमा सबै भाइहरूको निम्ति एउटै स्वास्नी ल्याउने प्रथा हुनाले नै कर्णाली प्रदेशको जडानमा सो प्रथा आएको कुरा इतिहास साम् छ ।[५२] अचेल बाह्रथपालामा यो प्रथा निकै घटिसकेको छ ।

यसरी विवाह भइसकेपछि ब्याउली भित्र्याउने गरिन्छ । यसरी ल्याएकी ब्याउली जेठो लोग्नेसँग बस्ने चलन छ । यहाँका मानिसहरू व्यापार व्यवसायमा सहभागी हुने हुनाले सबै भाइहरू घरमा बस्दैनन् । जुन भाइ घरमा बसेको छ उसैसँग दुलही (ब्याउली) बस्ने चलन छ भने सबै भाइ घरमा भएको अवस्थामा प्रायः जेठो भाइसँग बस्नु पर्ने हुन्छ ।

विवाह पश्चात् प्रिति भोज दिने चलन यहाँ पनि छ । ब्याउलाको घरकाले आफ्नो इष्टमित्र सम्पूर्णलाई बोलाइ छ्याङ, मासु, रक्सी आदि ख्वाउँने गर्दछन् । यसको अतिरिक्त बाजा बजाउने, नाचगान गर्ने, हाँसो, ठट्टा रमाइलो गर्ने गर्दछन् । गीत गाउँदा नेपाली, भोटे भाषा र तिब्बतका सम्राट स्रोङचोङ गम्पो

---

५२ उही, पृ. ५६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
र नेपालकी भृकुटीको विवाह हुँदाको अवस्थामा गाइएका परम्परागत गीतहरू पनि गाउने गरिन्छ ।[५३] आर्थिक अवस्था अलि राम्रो छ भने बिहे भोज ३।४ दिनसम्म पनि चल्दछ भने आर्थिक अवस्था अलि कमजोर भएकाले ब्याउली घर ल्याइसके पछिको एक दिन मात्र भोज गर्दछन् । बिहे पछि हुने प्रितिभोज खसान क्षेत्रतिर पनि एक दुई दिन गर्ने चलन छ ।

निम्वाका महिलालाई अन्य जातिभन्दा बढी स्वतन्त्रता प्राप्त छ किनभने लोग्ने र स्वास्नीको सम्बन्ध आपसी मर्यादामा आधारित रहेको छ । यसको परिणाम स्वरूपः सम्पत्तिमा पनि महिलालाई स्वामित्व दिएको देखिन्छ ।[५४]

मृत्यु संस्कार :

यहाँका थपल्याहरू (जाडहरू) को खसान क्षेत्रका मानिसहरूसँगको लामो सहवास र आदान प्रदानको फलस्वरूपः संस्कारमा पनि एक आपसमा प्रभाव परेको पाइन्छ । निम्वाहरू लामा समुदाय मध्ये सबभन्दा पुरानो र खसको नजिक बस्ने हुनाले यिनीहरूमा पुरानो (सनातन धर्म) बोनकार वा बौद्ध धर्मका अहिंसावादको प्रभाव परेको धामी डाङरी पन्थी धर्म र बौद्ध धर्मको लामा पन्थी धर्म बीचको सम्मिश्रित प्रभाव परेको देखिन्छ ।[५५] यसरी यहाँको संस्कारमा धामी डाङरी पन्थी धर्म र बौद्ध धर्मको लामा पन्थी धर्मको प्रभावलाई नकार्न सकिँदैन ।

यदि कुनै मानिसको मृत्यु भयो भने लामाले मृतकको भाग्य हेरी मुर्दालाई आगोमा पोल्ने, काटेर सानो सानो टुक्रा बनाई गिद्धलाई खुवाउने, सानो-सानो टुक्रा बनाई पानीमा फ्याँकी माछालाई खुवाउने जस्ता चलनहरू भए पनि धेरै जसो मुर्दालाई सानो-सानो टुक्रा बनाई गिद्ध र अरू चराहरूलाई ख्वाउने गर्दछन् ।[५६] यहाँको चलनमा मरेको मान्छेलाई जहिले पनि आफू बसेको ठाउँ भन्दा अग्लो स्थानमा लिएर जाने चलन हुन्छ ।

मुर्दाको सबभन्दा अगाडि लामा हुन्छन् भने पछाडि 'रोव' (मलामी) हरू हुन्छन् । लामाको निर्देशन अनुसार दाहसंस्कार गरी घर फर्कन्छन् । मानिस

५३ तुलाराज सिमखाडा, "हुम्ला जिल्लाभित्र रहेको वहुपतिय प्रथा", कर्णाली दर्पण, १ (४), (ललितपुर : वि.सं. २०५७), पृ. १३ ।

५४ सूचना विभाग, पूर्ववत, सं. ३, पृ. ३०४ ।

५५ छक्क वहादुर लामा, पूर्ववत्, सं. ६, पृ. ६२ ।

५६ तुलाराज सिमखाडा, पूर्ववत्, सं. ५३, पृ. १४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मरेको घरमा एकदेखि चार दिनसम्म 'ह्यूम' (धार्मिक ग्रन्थ) पाठ गर्नु पर्ने चलन छ। त्यसपछि नाता, कुटुम्ब र लामाहरूलाई ख्वाएपछि काजकिरिया समाप्त भएको मानिन्छ। कुनै बेला दशा, भूतप्रेत आदि लागेर मरेको भनी लामाले ठहऱ्याएमा शान्ति स्वस्तिको लागि पीठोको 'तोर्मा' बनाई धार्मिक ग्रन्थहरूको पाठ गराई उक्त तोर्मालाई डढाउने वा फाल्ने पनि गरिन्छ।[५७]

भेषभूषा :

यहाँका मानिसहरूको भेषभूषा उत्तरी सिमाना पारिका भोटेहरूसँग मिल्दो जुल्दो छ र उच्च स्थानमा बस्ने भएकोले न्यानो बाक्लो लुगा लगाउँदछन्। कोही कोही ठकुरी र क्षेत्रीहरूले पनि जाडको जस्तै वख्खु लगाउने गर्दछन्।[५८] पहिले नै चर्चा गरियो कि सिँजा उपत्यकातिरका खसहरूले वख्खु लगाउने र पुरूतका वख्खुको महिमा बेग्लै हुने गर्दथ्यो।

स्त्रीहरू साधारणतया कमिज माथि घुँडा भन्दा तलसम्म पुग्ने लामो वख्खु लगाई भित्र पातलो अथवा वाक्लो सुरुवाल लगाउँछन्। हिउँदमा खस क्षेत्रमा जस्तै यहाँ पनि दोचा (स्थानीय स्रोतसाधनको प्रयोग गरी बनाएको जुत्ता) लाउँने चलन छ। धनी आइमाईहरू ऊनी, साटन, नाइलन आदिका कमिज लगाउँदछन्। साटनका लुगा लगाउने सिँजा उपत्यकाको चलनबारे पहिले नै चर्चा गरियो। यहाँ आइमाईहरू हरियो रङ्गको बख्खु लगाउने गर्दछन्।

पुरुषहरू पनि कमिज, बख्खु, दोचा लगाउने गर्दछन्। लोग्ने मानिसहरूको बख्खु अक्सर गाढा कलेजी रङ्गको हुन्छ। कोही कोही नरङ्गाएको सेतो ऊनको बख्खु पनि लगाउँदछन्। आजभोलि जडान क्षेत्रका युवाहरूले दौरा, सुरुवाल, कोट, स्वेटर, कमिज, जुत्ता, टोपी आदि प्रचलनमा ल्याउन थालेका छन्।[५९]

जडान क्षेत्रका महिलाहरू गहना असाध्यै रूचाउँदछन्। खसान क्षेत्रमा जस्तै यहाँ पनि नेपाली, भारतीय तथा तिब्बती सिक्का (चाँदीका रूपैयाँ वा मोहर) हरूको माला (कम्पनी माला) लगाउँदछन्। आर्थिक रूपले सक्षम हुने परिवारका आइमाई 'खगालो' भनिने चाँदीको गहना पनि खसान क्षेत्रको जस्तै यहाँ पनि लगाउने गर्दछन्। उनीहरू मुगा र ठूलो पोतेको माला पनि लगाउँछन्। जडान क्षेत्रका महिलाहरू 'यूँ' भनिने

५७ सूचना विभाग, पूर्ववत्, सं. ३, पृ. ३०६।
५८ उही, पृ. ३०४।
५९ उही, पृ. ३०४-३०५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गहना लाउने गर्दछन्। कोही कोहीले खगालोको मध्यभागमा 'यूँ' राखेका हुन्छन्। 'यूँ' वा तुथोको प्रयोग सिँजा क्षेत्रमा पनि व्यापक छ। सिँजाका खस महिलाहरू तूथोलाई महत्त्वपूर्ण गहनाको रूपमा प्रयोग गर्दछन्। हुम्लाका बुराउँसी, वरगाउँ, लिमीटाङ, तोपी आदि गाउँको स्त्रीहरूले बढी गहना लाउने गर्दछन्। गहनाहरूमध्ये स्वास्नी मानिसको शिरमा लाउने कीमति गहना 'थाइकुर' महत्त्वपूर्ण मानिन्छ।

मनोरञ्जन :

यस भेकका प्रमुख गुम्बाहरूमा हाल्जी गुम्बा (बाह्रौं शताब्दीका एक प्रख्यात मूर्तिकलाकारले बनाएको विशाल मूर्ति स्थापना गरिएको छ), तुमकोट गुम्बा र रेलिङ गुम्बामा हुने मेला पर्वहरूमा मानिसहरू नाच्ने गाउँने रमाइलो गर्ने गर्दछन्।[६०]

बाह्रथपालाको रमाइलो हेर्न लवाइखवाइको स्तर हेर्न जेठ पुनी (पूर्णिमा) रलिङ गुम्बाको मेलामा पुग्दा थाहा हुन्छ। यहाँको लवाइखवाइको स्तर र खाने पिने तह उपल्लै छ जुन कुरो सिमकोटको खस गाउँमा पाउँदैनौं।[६१] विभिन्न धार्मिक पर्वहरूमा गुम्बाहरूको प्राङ्गणमा लामाहरूले मकुण्डो तथा पौराणिक पोशाकहरू लगाई धार्मिक नृत्यहरू गर्दछन्। गाउँघरमा बिहेवारी हुँदा पनि नाचगान गर्ने गर्दछन्। नाच्दा आइमाईहरू अर्द्धगोलाकार गरी समूहमा खुट्टा चालेर देउडा जस्तै नाच्दछन्। खसान गाउँसँग नजिक भएका ठाउँमा रातमा वनमा वा गोठमा छोट्टी खेल्ने पनि गर्दछन्।

विभिन्न गुम्बामा लाग्ने मेलाहरू यहाँका चाडपर्वहरू हुन्। यहाँको सक्यपा सम्प्रदायको सबैभन्दा पुरानो र ठूलो गुम्बा सात थपालेको तुम्कोट स्थित गुम्बा हो भने कगुप्पा सम्प्रदायको सबैभन्दा पुरानो र ठूलो गुम्बा लिमीगाउँको हाल्जी गुम्बा हो। त्यसैगरी निङमापाको सबैभन्दा ठूलो गुम्बा तम्लुङ गुम्बा हो। यी गुम्बाहरू मध्ये समन्वयात्मक संस्कृति बोकेको बौद्ध र खस संस्कारको धार्मिक समन्वयको प्रतीक रलिङ गुम्वा हो। यो गुम्बालाई हुम्लावासीहरूले तीर्थको रूपमा बढी मान्दछन्। जेठ पुनी (पूर्णिमाको) दिन रलिङमा लाग्ने मेलामा लोग्ने र आइमाइको सीप र कलाको

६० उही, पृ. ३०६।

६१ देवी चन्द्र श्रेष्ठ, पूर्ववत्, सं. ५१, पृ. ५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(गरगहना र लुगालत्ताको) प्रदर्शन हुन्छ ।[६२] थपल्याहरू ल्होसार पनि मान्दछन् । निन्वा समाजमा खसजातिको धामीपन्थ जस्तै इहलौकिक समस्याहरूको समाधान जस्ता कार्यहरू धामीले नै गर्ने चलन छ ।

खसानसँग जोडिएका गाउँहरूमा यहाँ धामी डाङरीको प्रयोग पनि हुने हुँदा पुनीहरूमा हुने पूजा तथा पैठमा खसको जस्तै थपल्याहरूको पनि सहभागिता रहन्छ । बाह्रथपाल्या (जाड) का डाङरीहरूले देवताको सर्जाम सेतो ऊनीको पर्दनी पहिराउने चलन छ जसबाट पौराणिक तिब्बती पशु व्यवसायी बोन्पोको पहिरनको झलक दिन्छ 'बोन्पो' संस्कृति अनुसार सेतो रङ्गलाई एक शुभ चीनहको रूपमा मान्ने भएकोले खसका धामी, थपल्या (जाड) का धामी र निङमापाका तान्त्रिक लामाहरूले पनि सेतो वस्त्र धारण गर्दछन् ।[६३]

खसानतिर साउनपुनी (जनै पूर्णिमा) मा मष्टा देवता र अन्य देवी देवताको पूजा र पैठ गरिन्छ भने उक्त समयमा बौद्ध अँगाल्ने बौद्ध धर्मावलम्बीहरूले भगवान् बुद्धले काम शक्तिमाथि विजय प्राप्त गरेको दिनको सम्झना स्वरूप मनाउने गरिन्छ । यी चाड पर्व बाहेक पनि गाउँमा हुने विवाह, पूजा आदिमा पनि थपाल्याहरू मनोरञ्जन लिने गर्दछन् ।

घरको बनोट :

ब्याँसी जातिको बस्ने तौर तरिका खसहरूको जस्तै छ । तर थपाल्याहरूको घरको बनौट चाहिँ तीन तलाको हुन्छ जुन बोन र तिब्बती बौद्ध संस्कृतिको भव मण्डलको रूपमा बनाइएको हुन्छ ।[६४] यहाँ घरको सबैभन्दा माथिल्लो तलामा देवताको पूजा गरिन्छ जसको अर्थ देवलोक वा स्वर्ग हुन्छ । त्यसपछि बीचको तलामा मान्छे बस्ने चलन छ जसको अर्थ धर्ती हुन्छ । त्यसैगरी भुइँ तलामा नागको मन्दिर स्थापना गरी पूजा गर्ने चलन छ र यसलाई पाताल स्वरूप भनिन्छ ।[६५] खसानको घरको बनौट बारेमा अगाडि वर्णन गरियो । त्यहाँ पनि भुइँ तलामा जग्गे गरिन्छ, जसलाई जग्गे गोठ भनिन्छ । जग्गे गोठमा नागपञ्चमीमा नागको पूजा गरिन्छ । खसहरूको घरको बीचको तलामा मान्छे बस्दछन् भने माथि कुनै कुनैमा देउताका थानहरू हुन्छन् ।

६२ छक्क वहादुर लामा, पूर्ववत, सं. ६, पृ. ६४-६६ ।
६३ उही, पृ. ६५-६६ ।
६४ उही, पृ. ६० ।
६५ उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आ. मुगुका मुगाल (मुगुम्बा) र बाह्र करानी (कार्मा रोङ्वा)

यस क्षेत्रको उच्च हिमाली भेक मुगु र बाह्र करान इलाकामा बस्ने मुगाल जाति मिहिनेती जाति हो। मुगाल भाषामा 'माप्च्याङ्वु' भनेको कर्णाली नदी, च्याङ्वु भनेको ठूलो खोला र लुङजुङ (लुङछु) भनेको सानो खोला हो तापनि १२ खोलालाई बाह्र करान र करान (खोला) को मुगु गाउँलाई मुगु करान भनिएको हो। तिब्बतियन भाषामा खोलालाई करान भनिन्छ। त्यसैले मुगु + खोला = मुगु करान र बाह्र + खोला = बाह्र करान भएको हुनुपर्दछ।[६६] माथि नै भनियो मुगाल जाति सहयोगी र इमान्दार जाति हो। यिनीहरू कुनै परिवारमा दैवी विपत्ती परेमा त्यो पविारका व्यक्तिलाई व्यापारमा संलग्न गराउने र तिनीहरूको जीवनस्तर माथि उकास्न पैसा उठाई सहयोग गर्दछन्।

तिब्बत खारी प्रदेशका सोंग्वु, छुएडा, ढाँवा, थुवा, खामाङ, छ्याङमा, चोवा, चोजा, रागार (रकर), एनाक, खामाहाँ ख्यूङवु, टेवा, आल्छेन, स्याघार, टिर्ट्टी (टेवा आल्छेन), चेल्वा, घारा थरका मानिसहरू भोटको मेखम्, सिंगाचे, खाम्व, छो, कुइवा, कोर्छम्, छार्का भोटको सिमेन, लुरी गाउँबाट मुगु करान र बाह्र करानका किम्री, डोल्फु, माङग्री पुलु र मुगु क्षेत्र भित्रका माङ, मेक्ताङ, धारा सैरू, तारा, सेरी, कार्त्तिक, धाङरा, ताखा, खारी, धोल्वु, वाङरी, च्यूरी गाउँमा आइ बसोबास गरेको यहाँका बयोवृद्धहरू बताउँछन्।[६७] भर्खरै मुगु करान क्षेत्रलाई समेटेर मुग्म कार्मारोङ गाउँपालिका बनाइएको छ।

जन्म संस्कार :

मुगालहरूमा बालक जन्मने केही दिन अघिसम्म आइमाइले सकुञ्जेल काममा व्यस्त रहे पनि गह्रौ भारी भने बोक्ने गर्दैनन्। प्रसूतीको व्यथा लाग्दा नातेदार वा छिमेकी आइमाईले हेर विचार गर्दछन्। बच्चा जन्मिसके पछि सुत्केरीलाई जौंको सातुमा धेरै घिउ हालेर हलुवा जस्तो बनाई तीन दिनसम्म ख्वाउँछन्। बच्चाको नाभी छेदन कार्य सुत्केरीको आमा, दिदी, बहिनी, नातेदार वा छिमेकीले गर्दछन्। यसलाई यहाँ 'तेचोग्यान' भनिन्छ। बच्चा जन्मन नसकेमा मान्छे लगाइन्छ।[६८] बच्चा जन्माउन 'योमां'

६६ कृष्ण बहादर शाही, पूर्ववत्, सं. १०, पृ. ५।

६७ उही, पृ. ७।

६८ राम कुमार पाँडे, "मुगुका मुगाल जाति", मधुपर्क, १० (१०), (काठमाडौं : वि.सं. २०३४), पृ. २३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा (सुडेनी) को पनि सहायता लिने गरिन्छ। सुत्केरीलाई छुट्टै कोठामा राखिन्छ। नौ दिनमा सूतक लामाद्वारा पूजा पाठ गरी चोख्याइन्छ। सुत्केरीले तातो पानीले नुहाउँदछिन्।[६९] त्यसपछि 'तामडेलेसाँङ' भन्ने खुसीयाली मनाउन इष्टमित्रलाई बोलाइ चियापान, खानेपिउने आदि गर्दछन्। छिमेकीहरूले चोख्याउँदा सातु र छ्याङ ल्याउँदछन्। बच्चाको नाम चाहिं लामा ज्ञान गरेको दिन वा आफैले १ वर्षभित्र राख्ने गर्दछन्।

खासगरी लामाहरूले 'छोर्तेन' भन्ने पूजा गरेर बच्चाको नामाकरण गर्दछन्। अन्नप्राशन सम्बन्धी मुगालहरूको खासै प्रचलन छैन। लामाले राम्रो साइतको दिन हेरेर साँङ पूजा गर्ने दिन हेर्दछन्। घरभित्र भएका सबै लुगा कपडा, भाँडाकुँडा सबैको सरसफाइ गरिन्छ। धूप बालेर घरलाई पवित्र बनाएको मानिन्छ। त्यसदिन लामाले नवजात बच्चाको टाउकोमा बुद्धको मूर्ति छुवाउँदछन् र अलिकति कपाल काटी त्यो कपाललाई भगवान् बुद्धको खोक्रो मूर्ति भित्र राख्दछन्। मूर्ति घरमा नभएमा लामाले ल्याउने र त्यो मूर्ति पछि बच्चाकै घरमा रहन्छ। आफू जवान भएपछि (बच्चाले) अर्को लामासँग पुनः कपाल मुण्डन गर्ने चलन छ।

विवाह संस्कार :

खसान क्षेत्रको जस्तै मुगाल जातिको विवाहलाई पनि मागी विवाह, चोरी भगाई विवाह र जारी विवाहमा विभाजन गरिन्छ।[७०] यहाँ उमेर मिलेका युवा युवती 'नेसर्वा' मा जाने गर्दछन्। कात्तिक मङ्सिर तिर छायानाथ तीर्थ जाने र वर्षामा चाहिं कोकेखोलामा जाने गर्दछन्। छायानाथ तीर्थ (ने) जानेलाई 'नेसर्वा' र कोके खोलामा जानेलाई 'कोके' भन्दछन्। तर आजभोलि छायानाथ तीर्थ नगई नजिकैको ठाडो गुम्बामा गएर १५।१६ दिन बिताउने गर्दछन्। यसरी यात्रामा जाँदा खाने पिउने, ओड्ने ओछ्याउने सबै बन्दोबस्त मिलाउनु पर्ने हुन्छ। यहीं बेला केटाले केटी र केटीले केटा छान्ने मौका पाइ भागेर विवाह पनि गर्दछन्। यसरी भगाई विवाह गर्दा 'साँ" (माइती मान्ने) लामाले ज्ञान गरेर गर्नु पर्ने हुन्छ। यसमा केटा तर्फबाट ५।६ महिनाभित्र 'साँ' गर्न जाने व्यक्ति १।२ जनालाई केटीको घरमा पठाउँदछन्। केटीको बाबु आमा रिसले मान्दैनन्।

---

६९ कृष्ण बहादुर शाही, पूर्ववत्, सं. १०, पृ. ४५।

७० रामकुमार पाँडे, पूर्ववत, सं. ६८, पृ. २४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि छोरी भागेर पोइल गएको रिस थामिए पछि केटीको बाबु, आमा र जेठो दाई भाउज्यू जाने गर्दछन् । उनीहरूलाई केटा तर्फबाट छ्याङ, मासु भात खान दिन्छन् । माइती तर्फबाट आएका आमा र बुहारीलाई घिउ हालेको चिया दिइन्छ भने खाना चाहिँ चारै जनालाई एकनाशले दिइन्छ ।[७१]

यहाँ मागि विवाह गर्ने चलन पनि छ । केटा केटीको उमेर ७।८ वर्षको भएमा माग्ने चलन छ । यस्तो छोट्टी माग्ने खसान क्षेत्रको चलनको बारेमा अगाडि नै चर्चा गरियो । यहाँ केटा पक्षकाले छ्याङ (जाड) र खाता लिएर केटीको घरमा मगनी गर्ने गर्दछन् । यसरी केटी माग्न जाँदा एउटा छ्याङले भरेको 'पारी' (ठेकी) को मुखमा तीन छेउमा घिउको 'टसी' लगाएर घाँटीमा 'गजनी' (कपडा) बानेर लगिन्छ । केटी माग्न प्रायः केटाको मामा र काका जाने चलन छ । मगनी गर्न जानेले आफ्नो बारेमा बताउँदै "म फाता साङ्गे म रिजाङ खाजो" (मेरो हाड पनि शुद्ध छ, रगत पनि शुद्ध छ) भन्ने उखान टुक्काबाट कुराको थालनी गर्दै केटी माग्न आएको कुरा अगाडि बढाइन्छ ।[७२] यसरी मगनी गर्दा दुवै पक्ष बीच कुरा मिल्यो भने केटा पक्षले लिएको सगुन (छ्याङ) स्वीकार गर्दछन् । केटा पक्षले लिएको छ्याङ खान केटीको बुबा आमाले मानेनन् भने कर गरिन्छ ।

खसानतिर पनि केटी माग्न जाँदा कुटिरो लिएर जाने र सो स्वीकार गरेमा मात्र मगनी भएको मानिन्छ । यसरी मुगालको चलनमा केटी मागिसकेपछि विवाह नहुञ्जेलसम्म केटीको आमा बाबु तथा काका र मामालाई छ्याङ र मासु वैशाख, जेठमा र कात्तिक-मङ्सिरमा (वर्षको दुई पटक) ख्वाउँने गरिन्छ । यो चलनलाई यहाँ 'काकोक' भनिन्छ ।

विवाहको साइत लामा वा काका र मामाले हेर्दछन् । साइत तय गरिसकेपछि विवाहको लागि दुवै तर्फ तयारी गरिन्छ । मामाले ब्याउला (दुलाहा) को कपाल मुण्डन गर्दछन् । केटा पक्षका ८।१० जना देखि बढीमा १८ जना सम्म जन्ती जान्छन् तर कोही-कोही यो सङ्ख्या भन्दा बढी पनि जन्ती जाने गर्दछन् । त्यसैगरी कोही कोही केटाको काका, मामा र दाइजो बोक्नेहरू मात्र गएर पनि ब्याउली ल्याउने गर्दछन् । खसानको जस्तै यहाँ पनि जन्तीको मुख्य मान्छे वा भलाद्मी जन्त जाने चलन हुन्छ । यहाँ भलाद्मीलाई 'गोवा' भनिन्छ र

---

७१ उही ।

७२ कृष्ण बहादुर शाही, पूर्ववत, सं. १०, पृ. ४० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनलाई जन्त जाँन निम्ता गर्दा एक बटुका पारीमा जाड लिएर बोलाउनु पर्दछ । तर अरू जन्त जाने जन्तीलाई सामान्य ढङ्गले बोलाइन्छ । गाउँदेखि बाहिरको 'डयारपेन' जो भलाद्मी भन्दा अगाडि जानेलाई यसमा समावेश गराइन्छ । यो खसानतिरको 'दैसागे' जस्तै छ । यसमा दुई जना बाजा बजाउने व्यवसायिक जातका मानिसहरू हुन्छन् । एउटाले 'डोली' (मादल जस्तो बाजा) र अर्कोले 'कलिङ' (सहनाइ जस्तो बाजा) बजाउँदछन् । राती करीब मध्यरातमा जन्ती जान्छन् । जन्तीमा प्रायः अविवाहित मान्छे जाँदैनन् ।[७३] जन्तीहरूले राम्रा राम्रा लुगा बख्खु लगाउने गर्दछन् । खसान क्षेत्रको डाँडापाखाका थर (पावै) हरूको चलन जस्तै यहाँ मुगालहरूको पनि ब्याउलो जन्तीसँग दुलही (ब्याउली) को घरमा जाने चलन छैन । ब्याउलो घरमै बस्दछ ।

उता ब्याउलीका घरमा पनि मान्छेहरू जम्मा भएर नाच्ने गाउँने काम भइरहेको हुन्छ । त्यसमध्ये एकजना 'नेर्तुगोवा' हुन्छ । एकजना नेतालाई 'नेर्नु गोवा' भनिन्छ । एकजना नेतालाई 'नेर्तु गोवा' भनिन्छ । जन्ती पनि केटी (ब्याउली) को घरमा पुगेर नाच्न थाल्छन् । नाच्दा नाच्दै 'नेर्तु' को समूह केटीको घरबाट निस्केर "किन आएको ? के को लागि आएको ?" आदि भाव झल्कने गीतबाट प्रश्न गर्छन् । जन्तीले पनि "हाम्रो केही राखेको छ, खान्दानको केटी लिन आएको" आदि भाव झल्काई जवाफ दिन्छन् ।[७४] त्यसपछि डयावा (जन्ती) र नेर्तु ब्याउलीको घरभित्र पस्दछन् । लिस्नु माथि कोठामा पस्ने ढोकामा सबैलाई जान दिइन्छ तर अन्तिम दुईजना डयावा (जन्ती) लाई पस्न दिइँदैन । यसरी नेर्तुले दुई जना डयावालाई गीतबाट "मेरो ढोका माथि र तल सुनको सङ्गार छ । खापा तामाको छ । कसरी पस्न सक्छौ ? ढोकाको दायाँ बायाँ तर्फ वाघ (जिक) र चितुवा (ताक) छ । तिमी कसरी भित्र पस्दछौं ?" भन्दछन् । बाहिर रहेका डयावाले "दायाँ बायाँको कुकुरले हामीलाई भुक्तैन । मित्रलाई टोक्दैन । दुश्मनलाई मात्र भुक्छ । हामी तामाको खापाबाट मुसा वा बिरालो जस्तो भएर पनि पस्न सक्छौं ।" भन्ने भावका गीतले जवाफ दिन्छन् । त्यसपछि ती दुईजना डयावालाई भित्र जान दिन्छन् ।[७५]

त्यसबेला केटीलाई प्रायः फुपूको घरमा राखेका हुन्छन्, डयावालाई देखाउँदैनन् । डयावालाई प्रशस्त जाँड खुवाइन्छ । खाइपिई सकेपछि घर नगीच

७३ राम कुमार पाँडे, पूर्ववत्, सं. ६८, पृ. २६ ।
७४ उही ।
७५ उही, पृ. २७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएकाहरू केही बेर आराम गर्न जान्छन् भने घर टाढा छ भने त्यहीँ आराम गर्दछन् ।

ब्याउलीका नातेदारहरूले ठूलो ताउलो, अलि टाढाकाले थाल र धेरै टाढाकाले बटुका दिन्छन् । आमाबाबुले चाहिँ सकेसम्म 'एकसरो' सबै सामान दाइजो दिने गर्दछन् । माइति घरकाले ठूलो ताउलो र 'एकसरो' सबै सामान दिने चलन सिँजा क्षेत्रको खस समुदायमा पनि छ ।

दाइजोको काम सकिएपछि ब्याउली (दुलही) लिएर जन्ती ब्याउलाको घरतिर लाग्दछन् । यसरी ब्याउली लिएर जन्ती ब्याउलाको घरतिर फकँदा बाटोमा गीत गाउँदै रमाइलो गर्ने चलन छ । उता माइतितर्फ पनि आफ्नो इष्टमित्रलाई भोज ख्वाउँने गर्दछन् ।

यता ब्याउलाको घरमा लामाहरूले 'महाकाल' पूजा गरी बसिरहेका हुन्छन् । ब्याउलो (दुलाहा) पनि लामाहरूसँगै घरमै बस्ने चलन छ । ब्याउली घरमा पुग्नासाथ ब्याउलो र लामा तल आउँछन् । ब्याउलासँग एउटा धनु हुन्छ । ब्याउलीको पछ्यौरालाई जन्तीले तानेर ब्याउलाको अगाडि ढाल जस्तो तगारो बनाइ पर्काइ दिन्छन् । ब्याउलाले धनुले ब्याउलीको त्यो पछ्यौरालाई हानेर छेड्दछन् । यदि धनुले हान्दा कपडा छोडिएन भने अशुभ र छेडियो भने शुभ मान्ने विश्वास छ । त्यसपछि ब्याउला ब्याउली भित्र जान्छन् । भित्र ब्याउलीलाई सासू ससुराले घिउको टीका लगाउने चलन छ । त्यसपछि भित्र 'महाकाल' पूजा गरेको स्थानमा ब्याउला ब्याउली बसिसकेपछि केटीले दिएको छ्याङ केटाले खान्छ अनि मात्र विवाह पक्का भएको मानिन्छ । विवाहमा यहाँ नाचीने नाचलाई 'घोलु' भनिन्छ ।[७६]

ब्याउलीसँग सहेलीहरू पनि आएका हुन्छन् । उनीहरूको काम केटाको घरमा ब्याउलीको लाज मेटाउने हो । ६।७ दिन लाज मेटाउन ब्याउली सहेलीसाथ बसेपछि उनीहरू छोडेर जान्छन् । सिँजातिर पनि खसको चलनमा ब्याउली पुऱ्याउन ३।४ जना दाजुभाइ आउने र ब्याउलीलाई १।२ दिन घरमा राखेर सँगै माइत लिएर जाने चलन छ ।

सहेलीले छोडेपछि मुगालकी ब्याउलीले बुहारीको काम गर्छे र राती पोइ र परिवारसँग नबसी माइतमा खान जाने चलन छ । ब्याउली बिहानै

---

७६ कृष्ण बहादुर शाही, पूर्ववत्, सं. १०, पृ. ४१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोइको घर आउने अनि बेलुका माइत फर्कने गर्दछिन्। पुनी (पूर्णिमा) को दिन चाहिँ प्रायः नवविवाहित पति पत्नीलाई एउटै ठाउँमा थुन्ने गरिन्छ। उमेर नपुगेको भए यसरी थुन्ने गरिँदैन। थुनेको समयमा जोडीहरू कोही प्रेमालाप र मेलमिलाप गर्छन् भने कोही मिल्दैनन्। नमिलेमा केटो नै केटी (ब्याउली) को घरमा सहवास गर्न जानु पर्दछ।[७७]

मुगालहरू मुगु करान र बाह्र करानमा आउनुभन्दा अगाडिसम्म पाण्डव विवाहको चलन थियो तर मुगु करानमा आइसकेपछि यो चलन छैन। यहाँ जारी विवाह पनि प्रचलनमा छ। केटी भगाउने केटाको घरमा गएर अघिल्लो लोग्नेले क्रोध व्यक्त गर्दै जारलाई सामान्य कुटपिट समेत गर्दछ। त्यो केटी भगाउनेले सहनु पर्दछ। जार भागेमा राम्रो मानिँदैन। विवाह खर्च, गहना आदि हेरेर जारी तोकने गरिन्छ।

मृत्यु संस्कार :

मृत्युको मुखमा पुग्नै लागेकालाई लामाले केही कुरा भनेर बुझाउँदछन्। स्वर्ग जाने सेतो र नर्क जाने कालो बाटा छन् भन्दै बुझाइन्छ। लामाले फय ! फय ! (जा है) भनेर मृतकलाई सम्बोधन गर्दछन्। त्यसपछि मान्छेको मृत्युपश्चात् अन्तिम संस्कार नगर्दै घरमा एकपल्ट लामा चुम्मा जम्मा गरेर 'डेकोनारक' (सिरानको किरिया) गरिन्छ। लामा चुम्माले 'सिजी' (धर्मग्रन्थ) हेर्छन् र त्यस अनुसार यो दिन, यो बार, यसबेला मरेको मान्छेलाई चीता (रोसिङ) मा जलाउने, गरूड (चराचर) लाई ख्वाउँने, काटकुट पारेर पानीमा बगाउने र माटो खनेर गाड्ने आदि के भनिएको हुन्छ त्यही अनुसार कर्म गरिन्छ।[७८]

चीता (रोसीङ) मा जलाउँदा पनि लामाले भने अनुसार अग्लो ठाउँमा जलाउँछन्। गरूड वा चराचरलाई काटेर खुवाउँदा मान्छेको टाउको लुकाइन्छ। मान्छेको आकार देखेमा गरूडले खाँदैन भन्ने विश्वासले यसरी काटकुट गरेर ख्वाउँने गरिन्छ। त्यसैगरी लामाले भने अनुसार जलचरलाई मृतकको मासु ख्वाउँने गरिन्छ। मुर्दाको अगाडि लामा लाग्दछन् भने पछाडि 'रोव' (मलामीहरू) हुन्छन्।

---

७७ राम कुमार पाँडे, पूर्ववत्, सं. ६८, पृ. २८।

७८ उही।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृत्यु भएको १।२ दिन वा ५ दिन भित्र किरिया सुरू गरिन्छ । घरको छानामा लामा,चुम्बा जम्मा गरी किरिया गरिन्छ । यसलाई यहाँ 'थारा नारक' भनिन्छ । यसमा इष्टमित्र नाता कुटुम्ब बोलाइन्छ र मृतकको शान्तिको कामना गरिन्छ । मरेको आत्मालाई बोलाएर "घरको चीनता नगर ! आफ्नो बाटो लाग् ! हे ईश्वर फलानो मान्छेलाई स्वर्ग लैजाउ" भनी सम्झाइन्छ । त्यसपछि किरिया सकिएको मानिन्छ ।

त्यसपछि ४९ दिनमा अर्को किरिया 'सीपचू स्वर्वा' गरिन्छ । यसमा बाबु मरेमा उसको भाइ र आमा मरेमा उनको बहिनीले समेत यो कर्म गर्नु पर्दछ । यसमा लामाले 'घेवा' पढ्ने पनि गर्दछन् । मृत्यु भएको एक वर्ष पछि 'धुइरैन' गरिन्छ । धुइरैन खसानको बरेखी जस्तै हो । 'धुइ' भन्नाले मरेको र 'रैन' भन्नाले आइपुग्यो भन्ने अर्थ लाग्छ ।[७९] धुइरैनमा लामा चुम्मा जम्मा भएर ज्ञान तथा पूजापाठ गर्दछन् । छिमेकी इष्टमित्रलाई बोलाइन्छ । यो धुइरैन पश्चात् कुनै पनि शुभकार्य गर्न बाधा हुँदैन ।

त्यसपछि मृतकको सम्झनामा 'चिस्टीम' (ढुङ्गोले चीनेको थुप्रो) र ' थोङगु' (कपडामा मूर्ति लेखिएको पौवा) बनाएर राखिदिने चलन छ । यो कार्य प्रायः आर्थिक रूपले बलिया मान्छेहरूले गर्दछन् । हिन्दू तथा बौद्धको पवित्र तीर्थस्थल छायानाथमा यस्ता चिस्टीमहरू चीनेको देख्न सकिन्छ ।

भेषभूषा :

मुगाल जातिको पोशाक हिमाली भेकका मानिसहरूको जस्तो ऊनको बाक्लो र न्यानो हुने गर्दछ । मुगालहरू मोटाघाटा अग्ला र गोरो वर्णका हुन्छन् । कपाल कालो र लामो हुन्छ । महिलाहरू पुरुषको तुलनामा अति छोटा कदका हुन्छन् । दो (वख्खु), बुरेसञ्जु (भोटो), कार्रा (पटुका), स्यागो (पाइन्ट जस्तो सुरुवाल), कुले (टोपी), दोचा वा काङजे, धोवो वा धोइ (ओभरकोट जस्तो), ल्होक्पा (बाहिर कपडा र भित्र भुवादार छाला भएको), झ्यार्म (सुती धागोको कपडाबाट बनाएको) लोग्ने मानिसहरूले लगाउँदछन् । विवाह गरेका पुरुषले थो (सेतो कपडाबाट बुनेको) लाउँछन् भने अविवाहतले 'थो' लाउँदैनन् ।

स्त्रीहरू चाहिँ चोलो, स्यावाइ वा स्यागोई र पुरुषले जस्तै माथि झ्यार्म

---

७९ उही, पृ. २९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र खुट्टामा काङजे लगाउँदछन् । माथि चोली जस्तै 'तोजी' लगाउँदछन् । स्यावाइ (स्यागोइ) लाई धरो जस्तै 'केकप' ले ढाक्ने गर्दछन् । केटीहरूले टाउकोमा मजेत्रो जस्तो 'नानक' भन्ने ऊनी कपडा लगाउने गर्दछन् । १३ वर्ष माथिको महिलाहरूले स्यागोईको पछाडि पट्टि 'केगु' लगाउँदछन् । केटीहरूले अगाडि 'पुङ्गा' लगाउँदछन् भने विवाहित महिलाहरूले पछाडि पट्टि 'पाङदेन' लगाउँछन् ।[८०]

महिलाका गहना गुरियामा कानमा चाँदीबाट बनाइएको आलुङ (मोटो चाँदीको रिङ) र धालुङ लगाउँदछन् । खसानसँग मिल्दो कम्पनी र अठन्नीको साथमा मुगाको माला पनि लाउँछन् । आइमाईहरू ठूला ठूला जन्तर पनि प्रशस्त लगाएका हुन्छन् । यसको अतिरिक्त महिलाहरूले घाँटीमा झुरू (मूगा) यूँ (तूथो), सी (पुलिक) आदिका माला बनाएर लगाउने गर्दछन् । घाँटीमा चाँदीबाट बनेको 'गेनु' भन्ने आभूषण लगाउँछन् भने हातमा बाला आकारको 'ढुकु' लाउँछन् । हातका औलाहरूमा लाट सिक्का अथवा मछल्दारी सिक्काका औंठी बनाएर लगाउँछन् ।

पुरुषका गहनाहरूमा कानमा घालुं प्रायः बिहे गरेका पुरुषले मात्र लगाउने गर्दछन् । औंलामा सुन पित्तल अथवा चाँदीको धातुमा मूगा तूथोको हिल्वी हालेर औंठी लगाउने गर्दछन् । त्यसैगरी घाँटीमा मूगा, सी र तूथोका १।२ दाना उनेर माला बनाएर लगाउने चलन छ ।[८१]

चाडपर्व

मुगालहरू बौद्ध धर्मावलम्बी भएकाले यिनीहरूका चाड पर्वहरू खसजातिको भन्दा फरक छन् । ती चाडपर्वको बारेमा तल वर्णन गरिएको छ ।

ल्होसार :

ल्होसारको अर्थ नयाँ वर्ष भन्ने हुन्छ । सोनाम ल्होसार र ग्याल्वो ल्होसार गरी दुई प्रकारको ल्होसार हुन्छ । यो चाडमा सिँजाको ज्वारे पिठाहा जस्तै 'डेमा' (जमरा) लाउँने अनि सानाले ठूलाबाट आशीर्वाद लिने, सानाले ठूलालाई जमराको माला लगाइदिने गर्दछन् । आफू भन्दा सानालाई पनि जमरा, खाता लगाइदिने गर्दछन् । पुरुषको मसान्ते औंसीमा नै ठूलो रूपमा यो चाड मनाइन्छ । अर्को ल्होसार फागुनको अन्त्यमा मान्दछन् । तर पुषमा पर्ने ल्होसार धुमधामसँग

८० कृष्ण बहादुर शाही, पूर्ववत्, पृ. १०, पृ. १५ ।

८१ उही, पृ. १६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनाउँदछन् ।

ल्होसारमा छोरी, ज्वाइँ, दिदी, बहिनी, इष्टमित्र जम्मा भएर रमाइलो गरी मनाइन्छ । माघ पूर्णिमाका दिन ल्होसार गीत गाएर रमाइलो गरिन्छ ।

नेसर्वा कोगे (कोके):

यो पर्व कात्तिक मङ्सिरतिर छायानाथ तीर्थ जानेलाई नेसर्वा भन्छन् भने कोके खोलामा जानेलाई 'कोके' भन्दछन् । हाल छायानाथ नगई नजिकैको ठाडो गुम्बामा गएर १५।१६ दिन बिताउँछन् । यो पर्वमा सातु सामल, लुगा लत्ता सबै लिएर जाने गर्दछन् । यो पर्व मनाउन जाँदा केटा केटीलाई आमा बाबुले रोक तोक लगाउँदैनन् । यसमा प्रायः युवा युवतीहरू आफ्नो आफ्नो समूहमा जाने गर्दछन् । यो पर्वमा मनमिल्ने युवा युवती बीच प्रेम हुन सक्ने देखिन्छ ।

न्यूङने पर्व :

यो पर्वमा फाक्पा चेनेसिकको विशेष पूजा गरिन्छ । लामाहरू यस पर्वमा तीन दिनसम्म निराहार बसी ॐ माने पेमे.... जस्ता मन्त्र जप्ने गर्दछन् ।

छोकर पर्व :

बैशाख महिनाको दोस्रो हप्ता तिर सहकाल प्राप्ती, दैवीप्रकोपको निवारणको कामना गर्दै धार्मिक ग्रन्थ १६ जना कन्या केटीहरूलाई बोक्न लगाई लामो शङ्ख जस्तो आवाज निकाल्ने बाजा बजाउँदै विभिन्न ठाउँहरू डुल्दछन् । यसरी छोकर पर्व मनाइन्छ ।[८२]

छेवाच्यू पर्व :

गुरू रेन्पोछेको जन्मदिन तिब्बतियन महिनाको छैटौं महिना मिन्पाको १० तारिखमा भएको हा । हरेक महिनाको १०।१० ताखिमा गुरू रेन्पोछेले आफ्नो अलौकिक शक्ति देखाउनु भएको थियो । तयसैले बौद्धमार्गीहरू १० तारिखलाई शुभ दिन भनेर पर्वको रूपमा मान्दछन् ।

न्येर्ङा पर्व :

तिब्बतियन दशौं महिनाको २५ तारिखको दिन ढागिनी खाण्डोमाहरूको जन्मदिन हो । यही दिनलाई न्योर्ङा पर्वका रूपमा मान्दछन् । यो दिन हिस्से,

---

८२ उही, पृ. ३४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोग्याल, ट्रेमा, नाग्मो जस्ता धेरै देवीहरूको पूजा गरिन्छ ।[८३]

मनोरञ्जन :

मुगालहरूको पनि नाचगान वा मनोरञ्जन गर्ने आफ्नै परम्परा छ । यहाँ खासगरी वर्षको दुई पल्ट 'नेसर्वा' (ने = तीर्थ, सर्वा = नयाँ) विशेष मान्दछन् । राम्रा पोशाक लगाएर युवक युवती नाच्ने चलन निकै राम्रो र रोचक छ । नेसर्वा खासगरी एउटा कात्तिक-मङ्सिर र अर्को बैशाख-जेठ ताका हुन्छ ।[८४] तीर्थ घुम्न गएर फर्के पछि नाच्ने चलन छ । यसमा चुम्मा पनि हुन्छन् । लामो खोपा बसाइ र गुम्बामा अध्ययन पछि मात्र चुम्मा हुन पाइन्छ । खोपा बस्ने भनेको गुप्तवास जस्तै हो । त्यसबेला कसैलाई हेर्नु हुँदैन । खाना आफै पकाएर खानु पर्दछ । खाना एक छाक मात्र खानु पर्दछ । लामा अध्ययन गरेर गाउँमा एक पटक भोज दिएमा 'चुम्मा' बन्दछन भने लामा बन्न अझ त्याग तपस्या गर्नु पर्दछ । मुगालहरूमा २५ वर्ष सम्म खोपा (गुफा वा अन्त कतै एकान्त) बस्ने लामा मुगु गा.वि.स., वडा नं. ९ निवासी श्री कर्मा छोइङ वाङपो लामा हुनुहुन्छ । उहाँले खावालुङ साम्देन छोयलीङ गुम्वाको गुफामा पसी उच्च ज्ञान प्राप्त गर्नु भएको थियो ।[८५]

यसरी 'नेसर्वा' नाच नाच्दा चुम्मा सहित विवाहित र अविवाहित युवा युवतीहरू सम्मिलित हुन्छन् । तापनि उनीहरूलाई छुट्याउन सकिन्छ । विवाहित युवकले सेतो पगरी लगाउँछन् जुन अविवाहितले लगाउँदैनन् । सिँजा उपत्यकाको खस बस्तीहरूमा पनि सेतो पगरी लाउँने चलन छ । त्यसैगरी मुगालहरू नेसर्वा नाच्ने बेला अविवाहित केटीले पनि एक प्रकारको सुनको गहना लगाएका हुँदैनन् भने विवाहितले लगाएका हुन्छन् । यसरी विवाहित र अविवाहितहरू छुट्याउन सकिन्छ । यसका अतिरिक्त ल्होसार लगायत अरू चाडपर्वहरू, गाउँघरमा हुने विवाह र अन्य पूजाहरूमा पनि मुगालीहरू मनोरञ्जन लिने गर्दछन् । हिउँदमा खसान बस्तीतिर झर्दा कसै-कसैले देउडा खेल्ने पनि गर्दछन् ।

मुगाल लगायत जाडहरूको सिँजाका खसहरूसँग मीत लाउँने सदियौं देखिको परम्परा हो । यसरी सिँजाल र मुगाल लगायतका जाडहरूको सम्बन्ध परापूर्वकालदेखि नै नङ मासु जस्तै रहँदै आएको छ । माथि उल्लेख गरिएका

८३ उही, पृ. ३५ ।

८४ राम कुमार पाँडे, पूर्ववत, सं. ६८, पृ. २२ ।

८५ कृष्ण वहादुर शाही, पूर्ववत्, सं. १०, पृ. १३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोरञ्जनका तरिकाहरू बाहेक स्थानीय मुगाली खाम भाषामा गाइने दोहरी, स्थानीय खेलहरू आदिबाट पनि मुगालहरू मनोरञ्जन लिने गर्दछन् ।

घरको बनोट :

स्थानीय गृह निर्माण वस्तुको प्रयोग गरी मुगालहरूले आफ्नै ढङ्गको घर बनाउँदछन् । हिमस्थल भएकोले माटोको ज्यादै अभाव भएर गृह निर्माणमा गारो लगाउँदा माटोको प्रयोग गरेको पाइँदैन । ठाउँ ठाउँमा काठको तान र चुकुलको प्रयोग गरी गारोलाई लड्नबाट बचाइएको हुन्छ । घरको छाना काठले छापी माटो हाली पिटेर मुण्डा आकृतिको बनाइएको हुन्छ भुइँ तला समेत गरी घर प्रायः तीन तलाको बनाउने गरिन्छ ।

मुगालहरूको घरको सबभन्दा तल गाइवस्तु राख्ने 'स' गोठ हुन्छ । त्यसपछिको तलामा 'छिप्रा' (तल्लो कोठा) र 'कोगा' (खाना खाने कोठा) हुन्छ । छिप्रामा सामान राख्ने र पाहुना बसाल्ने गरिन्छ ।[८६] कोगा भन्दा माथि छानामा सामान राख्ने आधा सानो कोठालाई चाहिँ 'झ्याकाङ' भनिन्छ । तल्लो तलाबाट माथिल्लो तला जानलाई रूखलाई खोपेर लिस्नु लाएको (हालेको) हुन्छ । सिँजाको खसान क्षेत्रमा पनि यसरी लिस्नो लाएर थाडामा जाने प्रचलन व्यापक रहेको पाइन्छ । मुगाल तथा खसानहरू घरको छतलाई आँगनको रूपमा प्रयोग गर्दछन् ।

इ. खाम्मा (खम्बा) जातिको जीवनचक्र

खम्बा (खाम्मा) खम्मा जे भने पनि यिनीहरू तिब्बतको खारी प्रदेश मानसरोवर क्षेत्रबाट तिब्रीकोटको चोत्र (हाल जुम्ला), मुगु जिल्लाको डाँडाखेत र गमगढी, जुम्लाको चौधबीस दरा, मानधारा (हाल सुर्खेतमा बस्दछन्) का खाम्माहरू प्रायः फरक छन् र यिनीहरू हिन्दू संस्कृतितिर धेरै ढल्केका पाइन्छन् ।[८७] खाम्माहरू खाम कुरो गर्ने भएकोले खम्बा (खाम्मा) वा खम्मा नाम रहेको हो भन्ने भनाइ छ । केही खाम्माहरू आफूलाई भोटे भन्दा फरक ठान्छन् र आफूलाई मतवाली क्षेत्री पनि भन्ने गर्दछन् । त्यसैले यिनीहरूको थर रोकाया, महतारा, थापा हुने गर्दछ । क्षेत्रीहरूको घर किनेर बस्ता त्यस्तो घरमा

८६ राम कुमार पाँडे, पूर्ववत, सं. ६८, पृ. १९ ।

८७ शेर बहादर शाही, खम्मा जनजाति, (काठमाडौं : वि.सं. २०५८), पृ. ३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहिआएको देवता पनि मान्नु पर्ने भएकोले खाम्माहरू पनि मस्टो मान्ने गर्दछन्। यस क्षेत्रमा बसोबास गर्ने सबै खाम्माहरू मष्टोलाई मान्दछन् र हरेक घर या बारीमा मष्टोको स्थान राखिएको हुन्छ। तर यिनीहरू मुख्य धर्मको रूपमा बौद्ध धर्म मान्दछन्।[८८] यसरी बौद्ध धर्म पनि मान्ने र मष्टो पनि मान्ने समन्वयात्मक संस्कृतिमा खम्बाहरूको दिनचर्या चलेको पाइन्छ। खाम्मा (खम्बा) हरू खाम्मा, घारा र ह्यावा जातिका हुन्छन्। यी जातिहरूमा खाम्मा व्यापार व्यवसाय गर्ने खेतीपाती गर्ने गर्दछन्। घारा जाति खाम्मा जातिभित्रको सिपालु जाति हो। यिनीहरू सुनचाँदीका गहना बनाउने र लुहार जस्तै फलामका सामानहरू बनाउने गर्दछन्। त्यसैगरी ह्यावा जाति सिकार गर्ने ल्होसारमा बोलाउँदा नाच्ने गाउँने गर्दछन्।

जन्मसंस्कार :

सामान्यतया बच्चा जन्मेको तीन दिनमा आमा र बालकलाई दूवो लगाउने चलन छ। यस जातिमा बच्चा जन्मेको नौ दिनसम्म सुतक बारी त्यसपछि लामाबाट नाम राख्ने र शुद्धि गराउने चलन छ। बच्चालाई नयाँ लुगा लगाउने र आफ्नै भाषामा देउडा खेल खेल्ने पनि गरिन्छ। देउडा खेल खेल्दा एकचोटी आमालाई बच्चासँग घुमाउने चलन छ। खाम्माहरूले आजभोलि आफ्ना खाम भाषाका गीतहरू प्रायः भुलिसकेका हुनाले खस भाषाका देउडा गीत गाउँने गर्दछन्। यो जातिमा अन्नप्राशनलाई त्यति महत्त्व दिएको पाइँदैन। तर बालकको कपाल (केश) पहिलो पटक काट्दा मामाले काट्ने र गच्छे अनुसार एकजोर नयाँ कपडा नभए एउटा टोपी आवश्यक पर्दछ।

विवाह संस्कार :

पहिले-पहिले खाम्मा जातिमा केटी माग्न जाने चलन थियो। यसरी माग्न जाँदा केटी पक्षलाई जाँड, रक्सी सगुनको रूपमा लिएर जानु पर्दछ। केटी पक्षबाट कुरा छिनेर मगनी भयो भने सबैजना बसेर केटा पक्षले लिएको जाँड, रक्सी सगुनको रूपमा खाइ केटी मागेको मानिन्छ। केटी मागेको केही वर्ष पछाडि विवाह गरिन्छ। तर आजभोलि केटी माग्ने चलन हराउँदै गएको छ।

---

८८ सूचना विभाग, पूर्ववत्, सं. ३, पृ. ४११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजकल केटी भगाएर लिने चलन छ । भगाइ सकेपछि केटा पक्षबाट २।४ जना मान्छेहरू केटीको घरमा गएर "हाम्रो फलानो केटाले तपाई फलानाकी छोरी मनचित्त लगाइ भगाई लियो, तपाईहरूले माइती मान्नु पऱ्यो" भनेर खबर गर्दछन् । त्यसपछि माइतिखलकले पनि केटी खुशीराजीले गएको हो होइन बुझ्दछन् । चोरेर ल्याए पछि माइतीका सबै नातेदारको माग अनुसार मासुको भाग र रक्सी लिई ससुराली खलकलाई मनाउन केटो पक्षका मानिसहरू जाने चलन छ । केटीले "म आफू राजी खुसीले आएकी हुँ, मेरो उमेर पनि भयो ।" भनेर स्वीकृती जनाएपछि केटा पक्षले लिएको जाँड, रक्सी, सगुनपात खाने गर्दछन् । तर यत्तिकैमा विवाह भएको मानिँदैन । विवाह अलि पछाडि गर्ने निधो गरेर केटा पक्ष फर्कन्छन् ।

विवाहको लागि आवश्यक सामानको जोरजाम गर्ने र लामाद्वारा उपर्युक्त तिथि हेराउने काम गरिन्छ । यसरी विवाहको दिन पक्का भयो भने केटाकहाँ एउटा खसी काटेर खाइन्छ भने माइतीहरूलाई दुईवटा खसी लिएर दिनु पर्दछ । यसरी खसीको भाग दिँदा केटीको बाबुलाई २ भाग र ठूला बाबुलाई २ भाग दिने चलन छ । त्यो दिए बापत् केटीलाई दक्षिणा दिनुपर्ने हुन्छ ।[८९] छोरीको चित्त बुझेर आएको हुनाले लामा वा अभिभावकद्वारा दुलाहाको दाहिने कञ्चटमा नौनीको 'टसी' (आशीर्वादको चीनह) र दुलहीको सिउँदोमा पनि नौंनी दलिन्छ अनि विवाह पक्का भएको मानिन्छ । त्यसपछि भोज भतेर गरिन्छ ।

खाम्मा जातिमा विवाह गर्दा मामाको छोरीलाई फुपूको छोराले विवाह गर्न मिल्छ भने फुपुको छोरीलाई मामाको छोराले विवाह गर्न मिल्दैन । त्यसैगरी भिनाज्यूले सालीलाई पनि लाने चलन छैन भने सालीले पनि भिनाज्यूको मर्यादा गर्ने गरेको पाइन्छ ।[९०] खाम्मा जातिमा स्वास्नी पोइल जाने र अर्काकी स्वास्नी भित्र्याउने चलन एकदमै कम छ । तर पहिले पहिले अलि-अलि भए पनि स्वास्नी जारले लिएमा जारी काट्ने चलन थियो ।

मृत्यु संस्कार :

मानिस मर्ने पक्का भएमा लामाद्वारा ज्ञान गराइन्छ । लामाले मृतकको नगीच गएर "हिजो सम्म तिमीले पाप पुण्य यो धर्तीमा जे गरे पनि आज यो

---

८९ शेर बहादुर शाही, पूर्ववत्, सं. ८७, पृ. ४६ ।

९० उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसार छोडेर जाँदा यस धर्तीमा तिम्रो छोरा, छोरी, नाति, नातिनी, राम्रो लुगा, घर, गहना सबथोक होला । तिमीले यी सबै चिजको लालचमा नलाग्नु, डराउनु पर्दैन" भन्दछन् ।

मृत्यु भएको एकिन भएपछि मुर्दालाई विछ्यौनाबाट अलग गरी माटोमा राखिन्छ र गजीना (सेतो पातलो कपडा) ले वरिपरि फेरो बनाइन्छ । त्यसपछि घिउको १०८ बत्ती बाल्दछन् । यस जातिमा मृत व्यक्तिको इच्छा मुताविक वा लामाको भनाइ अनुसार पोल्ने, गाड्ने, पानीमा बगाउने वा चराचरलाई खुवाउने आदि गरिन्छ ।

लासलाई बाँस पाइने ठाउँमा बाँस र बाँस नपाइने ठाउँमा दुईवटा काठका डाँडीभाट्टा गर्ने चलन छ । इष्टमित्रले दिएको खाता मुर्दा माथि राखिन्छ र पालैपालो गरेर अन्त्येष्ट गर्ने ठाउँमा लिने गरिन्छ । अन्त्येष्ठी गर्ने ठाउँमा चाँदीको रूपैयाँ वा अन्य सिक्का फ्याँक्नु पर्दछ । खाम्माहरू लासलाई चितामा जलाउने पनि गर्दछन् ।

मृतकका आफ्ना सन्तानहरूले कपाल मुण्डन गर्ने र टुपी पनि काट्ने चलन छ । खस जाति जस्तै बरेखीसम्म सेतो लुगा अनिवार्य छैन जलेर बाँकी रहेको टाउकाको हड्डीलाई घरमा ल्याइन्छ । यसलाई यहाँ अस्तु भनिन्छ । अस्तुलाई पिसेर धुलो बनाइन्छ र त्यो धुलोलाई स्वयम्भू, बौद्ध लगायतका पवित्र स्थानहरूमा छर्कने गरिन्छ ।

अन्त्येष्टि गरेको तेस्रो दिनमा सबैलाई बोलाइन्छ । अनि जाँड रक्सी खाने कुरा खुवाइन्छ । लामाले सेर ग्याम (ध्यान) गर्दछन् । यसरी सेरग्याम गर्दा मृतकको लागि आशीर्वाद (मोलाम) दिन्छन् । मृतकको आत्मा किरिया गरूञ्जेल सम्म डुलिरहन्छ भन्ने यिनीहरूको विश्वास रहन्छ, त्यसैले मृत आत्मालाई उसको इच्छा अनुसारको खानेकुरा 'सूँकारे' (खाना जलाउने बनाएको) मा जलाउने गर्दछन् । मृतक त मरिसक्यो खानेकुरा खाने कुरो भएन तर उसको आत्माले त्यो खाना जलाएको सुँघेर जान्छ भन्ने विश्वास रहेको पाइन्छ । खाना जलाउने बेला आफन्तहरू आएर रूनेधुने गर्दछन् ।

मरेको सात दिनमा 'घ्यूँन' गरिन्छ । भात बाहेक रक्सी, चिया आदि खानेकुरा सबैलाई बोलाएर ख्वाइँन्छ । लामाले विधिपूर्वक ज्ञान गर्दछन् र घ्यूँन सकिन्छ । त्यसपछि ४९ दिनमा अर्को ठूलो तिथि गरिन्छ । यसलाई 'लामघ्यूँन' भन्दछन् । कोही कोही ४९ दिनमै सबै काम सक्दछन् भने कोही कोही एक वर्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्म पनि बार्दछन् । मृत्यु भएर जुठो रहुञ्जेल सम्म कुनै पनि शुभकार्य, विवाह, पूजा आदि गर्न हुँदैन । मृतकको घरमा सुकुटी मासु छ भने घरबाट बाहिर निकाल्नु पर्दछ वा जुठो भएमा माछा मासु खान हुँदैन । भोजमा पनि मासुको परिकार छुट्टै राख्ने गरिन्छ ।[९१]

भेषभूषा :

यिनीहरू चिसो ठाउँमा बसोबास गर्ने हुनाले बाक्ला ऊनी लुगाहरूको प्रयोग गर्दछन् । लोग्ने मान्छेहरूले ऊनका वख्खु, भोटो, टोपी, सुरुवाल, दोचा लगाउँछन् । आजभोलिका खाम्माहरू विदेशी पहिरन लगाउँदछन् ।

महिलाहरूले माथिदेखि तलसम्म बाक्लो न्यानो ऊनबाट बनेको बख्खु लाउँछन् र पछाडि एउटा टालो लाउँछन् । पछाडि लाउँने यस्तो टालोलाई 'भाटी' वा 'माइती टालो' भनिन्छ । आजकल पनि खाम्मा महिलाहरू ऊनबाट बुनेका नभइ मसिनो कपडाका तर परम्परागत शैली झल्काउने खालका लुगा लगाउँछन् ।

पुरुष तथा महिलाहरू दुवैले सुन, चाँदी, पित्तल आदिमा तूथो तथा पत्थर हिल्वीको रूपमा हालेर आँठी लगाउँदछन् । महिलाहरूको टाउकोमा सुन वा पित्तलको चन्द्रमाकार 'पटुक पाँधे' (चाँदीको सिक्रीमा मूगा र तूथोको हिल्वी हालेको) लगाउने चलन छ । नाकमा तूथो र पत्थर हालेको फूली लाउँने गर्दछन् । गलामा मूगा तूथोका मालाहरू, तिलहरी, पोते लाउँने चलन छ । पुरुषहरू पनि गलामा पुल्लीक (सी), बीजु माला आदि लगाउने गर्दछन् । तर आधुनिक खाम्मा युवा युवतीहरूको परम्परागत गहनामा त्यति चासो देखिँदैन र उनीहरू हातमा साधारण आँठी मात्र लाउँदछन् ।[९२]

चाडपर्व :

यिनीहरू तिब्बती नयाँ वर्ष ल्होसार धुमधामसँग मनाउँछन् । फागुन महिनामा यो पर्व पाँच दिनसम्म मान्दछन् । ल्होसारको लागि जमरा माघ पुनिको दिन राखिन्छ । त्यसपछि आँसीको दिन नयाँ वर्षमा ज्वारा (जमरा) लगाउने गरिन्छ । ल्होसारमा आफ्ना छोरी, ज्वाइँ, दिदी बहिनी अनि नाताकुटुम्बलाई बोलाएर ख्वाउँने गरिन्छ । एक आपसमा टकिा लगाउँदा घिउको 'टसी' लाउँने

९१ उही, पृ. ४८-५५ ।

९२ उही, पृ. २५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलन छ। आजकल रातो रङ्मा दही मिसाएर टीका लाउँने चलन पनि छ।

साउने सङ्क्रान्तिमा खाम्माहरू सिँजा जुम्ला क्षेत्रका खसहरूले जस्तै दियालो बालेर झिलिमिलि गर्दछन्। घरमा भाञ्जाभाञ्जी दिदी बहिनी बोलाउँछन् अनि जाड, रक्सी माछा मासु ख्वाउँने गर्दछन्। त्यसैगरी यिनीहरू माघे सङ्क्रान्ति, दशैँ पनि मनाउने गर्दछन्। खाम्माहरू व्यापारको सिलसिलामा घोडा लगायत अन्य वस्तुहरूको विक्री गर्न दाङ र अरू ठाउँहरूमा जाने चलन छ। यसरी घुम्ने क्रममा नयाँ ठाउँहरूका चाडपर्वहरू पनि अलि अलि मान्ने गर्दछन्।

मनोरञ्जन :

यिनीहरू 'स्यार्पो' नाच नाच्दछन्। यो नाच नाच्दा हातमा 'ढाम्ड्े' (गितार जस्तै निगालोको पुत्ता वा चोयोले बजाइने बाजा) बजाउँदै एका पट्टी केटा र अर्कोपट्टि केटी लागेर खुट्टाको ताल मिलाउँदै नाच्दछन्। देवी देवता र मायाप्रिती सम्बन्धी गीतहरू गाइँन्छ।[९३] देवलोक, मानवलोक र तल्लो धर्ती लोकसँग सम्बन्धित गीतहरू प्रायः गाउँने गर्दछन्। स्यार्पो नाचको अतिरिक्त गाउँमा विवाह, पूजा आदि भएको अवसरमा खाम्माहरू मनोरञ्जन लिने गर्दछन्। ल्होसार, माघेसङ्क्रान्ति जस्ता चाडमा पनि रमाइलो गर्दछन्। यिनीहरू आफ्नो भाषा र खस भाषामा देउडा पनि खेल्ने गर्दछन्। व्यापारको सिलसिलामा धेरै ठाउँ घुम्ने हुँदा विभिन्न ठाउँको भ्रमण गरेर मनोरञ्जन गर्ने गर्दछन्। घोडा व्यापार गर्न दाङ लगायतका ठाउँहरूमा जाने चलन फाट्टफुट्ट अझै छँदैछ।

---

९३ उही, पृ. ४१-४२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो अध्याय

मष्टो परम्परा - एक विवेचना

मष्टाको उत्पत्ति र परिचय

'मष्टा', 'मष्टो' 'मैठो' जुन उच्चारण गरे पनि कर्णाली प्रदेशभर हालम्म पनि एउटा असाध्यै लोकप्रिय मनिसहरूको दैनिक जीवनसँग सम्बन्धित देउताको नाम हो। मष्टोका विभिन्न हाँगाहरूलाई कुलदेवताको रूपमा पुजिने हुँदा यस प्रदेशका हरेक गाउँमा कम्तिमा ५।६ वटा मष्टाका थान (माडु) देख्न सकिन्छ। ती थानका लिङ्गाहरूमा फरफराईरहेका आलनहरूले सनातनी-मौलिक-धार्मिक लोकपरम्परा यस प्रदेशमा कायमै रहेको अनुभूति हुन्छ। यसरी कर्णाली प्रदेशको पहाडी इलाकाको खसान क्षेत्रमा प्रकृतिमा आधारित मष्टो परम्पराको विकास भएको छ।

मष्टोको खास उत्पत्तिस्थल मानसरोवरको आसपास भन्ने माने लाग्छ र आदि मष्टोको कैरनले यस्तो पनि दिग्बोध हुन्छ की विक्रमको पाँचौ शताब्दीपूर्व नै बझाङको राज्य सत्तामा आएका सैपाल थापाको समयमा पनि मष्टोले मान्यता पाएको थियो। ... यसै मष्टोलाई विश्वकै विभिन्न भागमा छरिएका नेपालीहरू आफ्नो कुलदेवता मान्दछन्।[१] इतिहासकार मोहनबहादुर मल्लका अनुसार, "खसको कुलदेवता मष्टाको वर्णन वराहपुराणमा देखिन्छ त्यस्तै अरू पुराणमा समेत खसबारे लेखेको देखिन्छ।[२] खसको कुलदेवताबारे कुलचन्द्र कोइराला अगाडि लेख्छन् : "खसको कुलदेवता मष्टा पहिले सेती नदीको दाहिने किनारको बझाङ राज्यमा स्थापित भएको हुँदा पहिले यिनीहरूले यसैलाई हातपारे जस्तो बुझिन्छ।"[३] यसरी मष्टाको उत्पत्ति बझाङमा भएको कुराको सङ्केत मिल्दछ। त्यस्तै अर्को बहुप्रचलित उक्ति अनुसार "ढंडार छुट्यौ, खप्तड फुट्यौं" यिनीहरूको उत्पत्ति ढंडारमा वा खप्तडमा भयो। खप्तडमा आई यी देवहरू आ-आफ्ना दिशातिर लागे भन्ने यो उक्तिको भनाइ हो।[४] यसप्रकार

१ कुलचन्द्र कोइराला, नेपाली खस-बाहुनका कुलदेवता, मष्टो , (काठमाडौं : वि.सं. २०५२), पृ. ३।

२ मोहन बहादुर मल्ल, सिँजा इतिहासको डोरेटो (काठमाडौं : वि.सं. २०२३), पृ. ७।

३ उही, पृ. ५।

४ प्रयागराज शर्मा, "पश्चिम नेपालको हिमालयमा पुजिने केही देवताहरु तथा त्यस भेकको धार्मिक रुपको एउटा सामान्य चर्चा।" कर्णाली प्रदेश-एक विटो अध्ययन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्णाली प्रदेशमा रहेको 'मष्टो परम्पराको' अमिट छाप र अगाध श्रद्धाले नेपाली समाजको प्राचीनताको एउटा बेग्लै अस्तित्व देखाएको छ। वास्तवमा मष्टाको उत्पत्तिको प्रसङ्गमा स्वर्गका राजा इन्द्रका पुत्रको रूपमा मर्त्यलोकमा अवतार लिएको मानिन्छ। उक्त अवतार लिएको स्थान बझाङको ढँडार हो भन्ने भनाइ छ।

मष्टो कुनै खास मूर्ति नभएको देवता हुनाले खाली खोपामा दियो बालेर पूजा गरिन्छ। जब धामीमा मष्टो देवता, चढ्न थाल्छ तब यसले नै मष्टोको प्रतिनिधित्व गरी पतुर्न थाल्छ। हाम्रो देश नेपालको सुदूर र मध्य पश्चिमाञ्चलमा, भेरी, सेती, कर्णाली, महाकाली आदि अञ्चलका पाखा पखेरो र उपत्यकाहरूमा मष्टोका मान्यता र प्रभाव सर्वोपरि छ।[५] जाजरकोट लगायतका क्षेत्रमा धामी र झाँक्री दुवैको प्रभाव भए पनि सिँजा, जुम्ला लगायतका क्षेत्रमा झाँक्रीको प्रभाव पटक्कै देखिँदैन। मष्टा सम्प्रदायलाई मध्य र पूर्वी नेपालमा प्रचलित झाँक्री पद्धति र विश्वाससँग समान रूपमा दाज्न पनि युक्तिसङ्गत देखिँदैन। किनभने झाँक्रीहरू पश्चिम नेपालका धामीहरूले झैं कुनै देव विशेषको प्रतिनिधित्व गर्दैनन्, न त यी कुनै निश्चित थान अथवा देवसँग सम्बन्धित हुन्छन्।[६]

सिँजाका बयोवृद्ध बुद्धिजीवी तुङ्गनाथ उपाध्यायका अनुसार दुधे मष्टाले रगत भोज गर्दैन। खासगरी मष्टा देवतासँगै उनकी बहिनीहरू हुने भएकाले बली दिने गरिन्छ। जस्तै ढँडार मष्टासँगै बिन्धवासिनीदेवी, बुडु मष्टासँगै भवानी आदि। अरू पुनी (पूर्णिमा) भन्दा साउनपुनी, बैशाख पुनीमा प्रायः बली दिइन्छ। यस प्रदेशमा हरेक शुभ कार्यमा होस् वा अष्ठयारो पर्दा होस् कुलदेवता मष्टाको साथसाथै 'बाह्र भाइ मष्टा र नौ दुर्गा भवानी' लाई सम्झने गरिन्छ।[७] त्यसैले मष्टाको खोपाको सँगसँगै भवानीको पनि खोयो हुन्छ। प्रचलित भनाइ अनुसार मष्ट रगत नखाने शाकाहारी देव हो। पूजाका दिन थानमा काटिने

भिमप्रसाद श्रेष्ठ (सम्पा.) (जुम्लाः वि.सं. २०२८), पृ. ९४।

५ सत्यमोहन जोशी, "मष्टोका धामीसँग साक्षात्कार", शारदा, वर्ष १, अंक २, (वि.सं. २०६३), पृ. १।

६ प्रयागराज शर्मा, पूर्ववत्, सं. ४, पृ. १०४।

७ वासु उपाध्याय, "सिँजा उपत्यकामा मनाइने साउनपुनी पैठ र सांस्कृतिक पर्यटनको सम्भावना", जमरा, अंक १४, (काठमाडौं : वि.सं. २०६६), पृ. ५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठाहरू भवानीलाई लक्षित हुन्छन् ।[८]

मष्टाको बनथान र घरथान हुन्छ । पैठको बेला प्राय बनथानको प्रयोग गरिन्छ । वनथान प्रायः धूपी रूखको छहारीमा हुन्छ । आजभोलि पनि कर्णाली प्रदेशतिर बिरामी परेमा, सन्तान चाहिएमा, सत्रुनाश गर्न परेमा, चोर पत्ता लाउनु परेमा, अन्याय परेमा, अरू पनि अनेक अनिष्ट निवारण गरी ईष्ट साध्य गर्नु परेमा मष्टोको पुकार गरिन्छ ।[९] यति सम्मकी मह भिक्नुभन्दा पहिले मष्टा या ज्योतिषीसँग शुभ दिन मागिन्छ र सोही दिनमा घाडो पैट्याइन्छ (खोलिन्छ) । मष्टाको उत्पत्तिस्थलका बारेमा कुलचन्द्र कोइरालाको अनुसार :

"मष्टोको खास उत्पत्तिस्थल मानसरोवरको आसपास, भन्नाले डोटी-कर्णालीकै भूभाग रहेछ भन्ने मान्ने लाग्छ र आदिमष्टोको कैरनले पनि यसको प्राचीनता बताउँछ ।"[१०] मष्टोलाई विश्वकै विभिन्न भागमा छरिएका नेपालीहरू आफ्नो कुलदेवता मान्दै आएको कुरा पहिले नै वर्णन गरियो । यसरी बहुसंख्यक नेपालीका सर्वमान्य देवता तथा कुलदेवताको रूपमा पूजित मष्टोले नेपालको ऐतिहासिक र भौगोलिक अस्तित्वलाई स्पष्ट रूपमा देखाएको छ । महाकाली पश्चिममा मष्टोको विशेष पूजा र कुलदेवताको रूपमा स्थानगत अस्तित्व नपाइनुले पनि नेपालको पुरातन सीमारेखा कोर्दछ ।[११] कर्णाली प्रदेशमा आदिकालदेखि नै बसोबास गरिराखेका राउटेले पनि पूज्ने मष्टो देवता भएकाले मष्टो पूज्ने परम्परा आदिकालीन सभ्यताको हो भन्नेमा दुईमत हुन सक्दैन ।

मष्टाको उत्पत्तिको बारेमा सत्यमोहन जोशीलाई सिँजा लुइकुका बयोवृद्ध पं. श्री केदानाथ न्यौपानेले बताए अनुसार, "बझाङ्गे राजाका एकजना पुर्खा बदीनारायणधाम गएका थिए । उनी तीर्थ-धाम गरी त्यहाँबाट फर्कँदा एउटा नीलो रङ्गको कलेवर शिला (ढुङ्गो) उनको साथ लागि आएछ । उनले त्यो ढुङ्गो दुई-तीन पल्ट बाटामा फाल्दा पनि उनकै साथ लागेर झोलामा देखा पऱ्यो । पछि घर बझाङमा आइपुगे पछि, उनलाई एउटा सपना भएछ । सपनामा त्यस ढुङ्गाले भन्यो 'मलाइ किन फाल्छस् ? म त मष्टोको रूपमा आएको हुँ तँलाई रोजेर । यसरी मूल मष्टो बद्रीनारायण स्थानको गरुड शिला (ढुङ्गा) बाट फाटेर

८ प्रयागराज शर्मा, पूर्ववत्, सं. ४, पृ. ९६ ।

९ सूर्यमणि अधिकारी, "काक्रेविहारदेखि रारासम्म", मधुपर्क, वर्ष १२, अङ्क ४, (भदौ, वि.सं. २०३६), पृ. १०१-१०२ ।

१० कुलचन्द्र कोइराला, पूर्ववत्, सं. १, पृ. ३ ।

११ उही, पृ. ४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएका हुन् ।[१२]

सिँजा लुङ्कुकै बयोवृद्ध श्री तुङ्गनाथ उपाध्यायका अनुसार धामीसँग हेराउने मनिसले 'बद्रिका ढुङ्गा अ तो नछोडेइ' भनेर मष्टोलाई अनुरोध गरेको पाइन्छ । मष्टोका बाबु इन्द्रजी भएको थाहा हुन्छ । भगवान शङ्करको विर्य पतन भै त्यसको ज्वाला बल्दा दुई जना अप्सराहरूले ताप्दा एउटीले मष्टोको जन्म दिइन भने अर्कोले नवदुर्गाको जन्म दिइन भन्ने थाहा पाइन्छ ।[१३]

मष्टोको उत्पत्ति बारेमा सिँजा सन्यालवाडाका पं. अनन्तराम पाध्यायद्वारा सत्यमोहन जोशीलाई प्रस्तुत गरिएको एउटा किंवदन्ती उल्लेखनीय हुन आउँछ ।

"कुनै एक वनमा दुइवटी अप्सरा आगो ताप्न बसेका थिए । त्यो आगो कुनै एक ऋषिको (शिवजीको ?) बीर्यबाट प्रज्वलित भएको रहेछ । फलस्बरूप, ती अप्सराहरू गर्भवती भए । जेठी चाहिँ अप्सराबाट १२ जना दाह्रे मष्टाहरू र कान्छी चाहिँ अप्सराबाट बाह्र जना कुदाडे मष्टाहरू क्रमशः जन्मे । पछि यी मष्टाहरूले शिवजीसँग आफ्नो भाग (अंश) माग्दा, शिवजीले तिनीहरूलाई "मर्त्यलोकमा मानिसहरूको प्रतिपालन गरी मालिक भएर बस्नू" भनेर भाग लाइदिए "तदपुरान्त दाढे मष्टाहरू देवताको रूपमा मान्य भएर पूजाआजा लिई बस्न थाले । उता दाह्रा नभएका मष्टाहरू भूतप्रेतको रूपमा छाया लाग्ने (तर्साउनें भएर बस्न थाले ।"[१४] मष्टो भन्ने नाम कसरी रह्यो भन्नेतर्कमा ती सन्याल पण्डितको भनाइ अनुसार "मान्ठले मानेका हुनाले नै 'मष्टो' भन्ने नाम रहेको हो ।"[१५]

मष्टोको उत्पत्तिबारे डा. प्रयागराज शर्माको कथन छ :

"अघि राक्षसहरूको प्रकोपबाट संसारलाई त्राण दिन भनी मष्टाहरूको अवतार भएको हो रे । राक्षसहरूले नौ दुर्गा भवानीको सतित्व डगाउन खोजेका थिए । यसरी मष्टको अवतार भई राक्षसहरूको विनास तथा नौ दुर्गा भवानी र लोकको रक्षा भयो । मष्टको प्रत्येक थानका भवानीको पनि एउटा खोपो हुन्छ

---

१२ सत्यमोहन जोशी, "कर्णाली लोक-संस्कृतिः मष्टाका आलनहरु", प्रज्ञा, ३ (२), (काठमाडौं : वि.सं. २०२९), पृ. ४६ ।

१३ राजाराम सुवेदी, "ढँडार मष्ट", प्रज्ञा, (काठमाडौं : वि.सं. २०४६), वैशाख-असोज संयुक्ताङ्क), पृ. १३ ।

१४ सत्यमोहन जोशी, पूर्ववत्, सं. १२, पृ. ५२ ।

१५ उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र सो खोपामा पनि पूजा चढाइन्छ ।"[१६]

कर्णाली प्रदेशका मानिसहरूको दृश्य वा अदृश्य रूपले मष्टा देवतासँग निकट्तम सम्बन्ध रहेको हुन्छ । चाहे सन्तान प्राप्तीको लागि होस् वा सञ्चो-विसञ्चो हुँदा होस् वा मुद्दा परेमा होस् वा व्यापारको लागि टाढा पुग्दा होस्, मष्टो स्थानीय मानिसहरूसँगै रहेको मानिन्छ र मष्टोदेखि कोही पनि टाढा हुन सक्दैन । "बाह्र भाइ मैठो घरबारीमा बइथो" भन्ने उक्तिले नै मष्टो टाढा हुँदैन भन्ने झल्को दिन्छ ।

मष्टोको प्राचीनताको प्रसङ्ग कोट्याउँदै कुलचन्द्र कोइरालाले मष्टाको उत्पत्तिलाई मरुत देवता (वायु) सँग जोड्दै मरुत देवता नभए जीवजन्तु नरहने उल्लेख गरेका छन् ।[१७] त्यसकारण हिमाली क्षेत्रमा हुने बादल, बिजुली र हावाको उग्रता र विनाशमा पनि मष्टोकै प्रकोप ठान्नु स्वाभाविक हो । कोइराला अगाडि लेख्छन् : "कालीपारिका गाउँगाउँमा नपाइने मष्टो कालीपूर्वका क्षेत्री, ठकुरी, उपाध्याय ब्राह्मण, अन्य मतवाली खस, दमै, कामी सार्की र राउटे जस्ता जंगलि जातिका पनि सम्मान्य देवताको रूपमा पुजिने देवता भएकोले मष्टोको इतिहास ज्यादै प्राचीन भएको कुरामा सन्देह छैन ।[१८] राउटेहरू मस्टोलाई कुलदेवता वा जातीय देवता मान्दछन् । दैनिक जीवनमा भइपरिआउने विभिन्न अप्ठेरा वा बाधा व्यवधानहरू हटाउनका लागि मष्टो पूजा गरिन्छ । धामीहरू गाउँघरमा मुद्दा छिन्ने काम पनि गर्दछन् । यतिसम्म कि अड्डाको कुरालाई पनि उनीहरूले उल्टाइ दिन सक्छन् । सिँजाको उखान छ कि "अड्डा कुरन्या हामी मुद्दा छिन्या धामी" । त्यसैगरी हुम्लामा प्रचलित तलको लोकोक्तिले पनि धामीको सर्वच्चता कायम गरेको छ । "मुखाला (पहुँच भएको व्यक्ति) को राजा, निमुखाको देउता । देवपुरी हुम्लो, ब्रह्मपुरी जुम्लो ।" अन्यायमा परेकाले मष्टाको पुकारा गर्दछन् । मष्टोले लामो समय सम्म पनि आफ्नो प्रवाह देखाउँछ भन्ने अर्थमा "बाह्र वर्ष धुनी, १८ वर्ष खुनी" भनिन्छ । अर्थात् १२ वर्षसम्म सम्झने र १८ वर्षसम्म दागा गर्ने हुन्छ ।

यस्तो प्राचीन इतिहास बोकेका मष्टो देवता राउटे लगायतका जातिका पनि पुजित देवता भएकोले मष्टोपूजक जातिहरू आदिवासी पो हुन् की ? भन्ने तथ्य अगाडि सार्न सकिन्छ । अर्को प्रसङ्गमा कुलचन्द्र कोइरालाका अनुसार :

१६ प्रयागराज शर्मा, पूर्ववत्, सं. ४, पृ. ९६ ।
१७ कुलचन्द्र कोइराला, पूर्ववत्, सं. १, पृ. ८ ।
१८ उही, पृ. ३३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"आर्यहरू अग्निका उपासक थिए। परशु (इरानी) का पनि मुख्य देवता अग्नि नै हुन्। पृथ्वी स्थानीय सूर्यरूप अग्निद्वारा नै जीवको कल्याण हुनेमा विश्वस्त भएकोले नै प्रत्यक्ष देवता अग्निको यज्ञद्वारा सेवा गरियो।"[१९] खस जाति आर्य सन्तानभित्र कै एक शाखा हो र यस समूहको रूपरङ्ग, धर्म-संस्कृति, आकारप्रकार आर्यसँग नै मिल्दछ।[२०] यसबाट पश्चिमबाट सिन्धु प्रदेशमा आर्यमूलका जतिहरू पूर्वतिर पसेको अनुमान गरिन्छ।

हिमाली/पहाडी क्षेत्रमा शास्त्रीय हिन्दू र बौद्धको मिश्रणको रूपमा आदिवासी अभ्यासको रूपमा धामीवादको प्रादुर्भाव भएको देखिन्छ। हिमाली/पहाडी हिन्दूहरू तराईका परम्परागत कट्टर बौद्धिक-पुराणिक परम्पराभन्दा भिन्न छन् भनेर डा. सौभाग्य शाहले लेखेका छन्।[२१] त्यस्तै अर्का विद्वान् फ्रेडरिक एच. गैगेको अनुसार, "हिन्दूहरूको पहाडी क्षेत्रतिर गरिने अभ्यास धेरै तवरबाट फरक छ। कट्टर हिन्दू मत उक्त भेकमा स्वीकार गरिँदैन। तराईमा शाकाहारी हुने कुरालाई पहाड/हिमालका हिन्दूहरूले स्वीकार नगरी मासु खाने गरेको पाइन्छ।[२२] यी तथ्यहरूबाट मष्टो मान्ने परम्परा वैदिक देवी देवता मान्ने परम्परा भन्दा अगाडिको हो भन्न सकिन्छ। मष्टोपूजालाई प्रकृति पूजासँग पनि नजिक मानिन्छ। जातीय रूपमा खसहरू आर्य जाति मानिए पनि यिनीहरूमा मनुको विधि विधान भन्दा धामी डाङरीको धार्मिक संस्कारको प्रभाव बढी परेको छ। यहाँको धर्म पण्डावादी कर्मकाण्डी हिन्दू भन्दा फरक धामी डाङरीको प्रभाव भएको छ।

बाह्रभाइ मष्टा र नौ दुर्गा भवानी

मष्टाका विभिन्न प्रकारको आधारमा कुन वंशको नेपाली कहाँबाट फाटेर गएको हो भन्ने पहिल्याउन सहज हुन्छ। किनभने ती नेपालीहरूले मष्टाका बाह्रभाइ मध्ये कुनैलाई आफ्नो कुलदेवताको रूपमा मान्ने गरेको पाइन्छ।

मष्टो मान्ने प्रसङ्गलाई लिएर कुलचन्द्र कोइराला लेख्छन् :

---

१९ उही, पृ. ८।

२० उही, पृ. ७।

२१ Saubhagya Shah, "Throes of Fledgling Nation", *Himal*, (Mar/April), (Kathmandu: 1993), p. 8.

२२ F.H. Gaige, *Regionalism and National Unity in Nepal*, (Barkeley: University of California, 1975), p. 13.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"इतिहासकारहरू साधारणतया भारतमा मुस्लिम आक्रमण भएपछि जात बचाउन शरणार्थीको रूपमा पहाड पसेको उल्लेख गर्दछन्। मुश्लिम आक्रमण पछि र अगाडि नै नेपाल पसेका जातिहरूको इतिहास छुटयाउने ठोस आधार कुल देवता मष्टो नै हुन्। कुनै वंश परम्पराले कुदेवतामा मष्टोलाई मान्दैनन् र अरू नै शिव विष्णु अथवा तारा, छिन्नमस्ता आदि देवतालाई कुलदेवता मान्दछन् अथवा (कुल पूजा) दिवाली गर्दैनन् भने अवश्य नै तिनीहरू बाह्रौं शताब्दीपछि नेपाल पसेका हुन्।"[२३]

उपर्युक्त कथनबाट बाह्रौं शताब्दीपछि नेपाल पसेका जातिहरूले उपर्युक्त देवताहरूलाई र खास गरेर मष्टोलाई मानेको पाइँदैन। कोइराला अगाडि लेख्छन् :

"खस जाति आर्यजाति भारतमा आउनुभन्दा अनेक सदीपूर्व नै हिमालय दक्षिणमा पसेर काश्मिर देखि नेपालतक सारा मध्य हिमालय, भारतको उत्तरी मैदान, दक्षिणको पठारसम्म फैलियो।"[२४] कुमाउँनी ब्राह्मणहरू मष्टा पूज्दैनन्। तर पूर्विया ब्राह्मणको संसर्गमा रहेका जातिले चाहिँ मष्टो पूज्ने गरेको पाइन्छ।[२५] यसरी मष्टो परम्परा मानसरोवरको अधित्यकाबाट जन्मेर सोझै कर्णाली प्रदेशमा मान्य र पूज्य भएको थाहा पाइन्छ। मष्टो देवता वैदिक सभ्यताभन्दा अघिका देवता हुन्।[२६]

यसै प्रसङ्गमा डा. विपिन अधिकारीका अनुसारः

"भारतमा मुसलमानहरू देखिनुभन्दा हजारौं वर्ष अघि देखि नै खसहरू नेपालमा रहेको स्पष्ट नै छ।"[२७] यी कथनहरूबाट कर्णाली प्रदेशमा १२ भाइ मष्टाको सँगसँगै नौ दुर्गा भवानीको पूजाको प्रचलन अघिदेखि नै व्यापक रहेको मान्न सकिन्छ।

डा. प्रयागराज शर्माले मष्टका मुख्य उपासकहरू प्रायः क्षेत्री वर्गका मानिस छन्[२८] भने तापनि कर्णाली प्रदेशका सबै खसः चाहे ब्राह्मण होस्, चाहे क्षेत्री, चाहे कामी होस् वा दमाई सबै मष्टाका उपासक छन्। यसो भए तापनि

---

२३ कुलचन्द्र कोइराला, पूर्ववत्, सं. १, पृ. २४।
२४ उही, पृ. २६।
२५ उही, पृ. ४८।
२६ बिपिन अधिकारी, नेपालका खस जाति, (काठमाडौं : वि.सं. २०६८), पृ. ४६।
२७ उही, पृ. ५८।
२८ प्रयागराज शर्मा, पूर्ववत्, सं ४, पृ. ९५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामी, दमाई, छुट्टै देवता पनि मान्ने गरेका छन् ।

मष्टाका १२ भाइहरूमा जेठो कान्छोको क्रम पनि छ । यिनका विभिन्न उक्तिहरू मध्ये 'बुङ् बुडयाइलो, थार्प, थर्प्याइलो, कवा कज्याइलो बाँव पजनी, ढँडार रज्याइलो' प्रख्यात छ । ढँडार मष्टालाई मष्टा मध्येको जेठो भएकोले 'भाइराजा मष्टो' पनि भनिन्छ । बुङ्मष्टालाई अरू भाइ मष्टाहरूले 'दाइ सिंगाने' वा रूखा डाँडाका दाई भन्दछन् । त्यसैले बुडु मष्टाको धामीले पतुर्दा सिंगान निकाली पतुर्छन् । सिँजातिर बुङ्मष्टालाई जेठो बुडो पनि मानेका छ । बुडु मष्टाका पाली बुढा क्षेत्रीहरू छन् । ढँडारलाई भाइको राजा मानेका छन् । त्यसैगरी थार्प मष्टोलाई पनि प्रसिद्ध मष्टोको रूपमा मानिन्छ । थार्पमष्टोको पनि 'जहाँ क्षेत्रीको छाइलो त्यही मेरो पाइलो' भन्ने उक्ति प्रख्यात छ । सिँजा उपत्यका र वरपरका क्षेत्रमा क्षेत्री बाहेक ब्राह्मणका पनि कुलदेवताको रूपमा थार्प मष्टो त्यतिकै पूजित छन् ।

बाह्र भाइ मष्टा र नौ दुर्गा भवानीका निश्चित नामावली पाउन कठिन छ । तैपनि सिँजा उपत्यका र सिङ्गो कर्णाली प्रदेशमा बाली भित्र्याउँदा होस् वा साइत हेराउँदा होस् वा अन्य कुनै शुभकार्य गर्दा होस् मूल मष्टाको अलावा बाह्र भाइ मष्टा र नौ दुर्गा भवानीलाई 'दाइना भया' भन्दै पुकार्ने परम्परा छ । हुम्ला लगायतका कर्णाली प्रदेशमा समस्या समाधान गर्दा बौद्ध धर्मका तन्त्रयान अनुसार गर्दा बढी जटिल र खर्चिलो हुने हुनाले सर्वसाधारण मान्छेहरूले गम्भीर र विशेष अवस्थामा बाहेक धामी र डाङरी नै बढी प्रयोग गर्ने चलन छ ।[२९] यसबाट बौद्धमार्गीहरूले पनि धामी र डाङरीको प्रयोग गर्ने गरेको पाइन्छ ।

श्री पूर्णप्रकाश नेपाल 'यात्री' को "सेती अञ्चलको दिग्दर्शनको" को स्रोत उल्लेख गर्दै कुलचन्द्र कोइराला लेख्छन् :

"१२ भेदको सुरुवात आदिमष्टोदेखि हुन्छ र रुमाला मष्ट २, दाह्रे मष्ट ३, खप्पर मष्ट ४, टेडी मष्ट ५, मण्डली मष्ट ६, दुधे मष्ट ७, लडे मष्ट ८, मुण्डा मष्ट ९, रुद्र मष्ट १०, कैली मष्ट ११, काला मष्ट १२ हुन् ।[३०] यी मष्टाका नामहरू त्यति मिलेजस्ता देखिँदैनन् ।

प्राज्ञ रत्नाकर देवकोटाले जुम्लामा दुई थरी भनाइलाई अगाडि सारेर १२ मष्टाका नाम उल्लेख गरेका छन् । तर केही नाम बाहेक नौ दुर्गा भवानीका

२९ छक्क वहादुर लामा, "स्वर्गद्वारीको रुपमा हुम्ला सिमिकोट", वेन्नु, (काठमाडौं : वि.सं. २०५४), दशैँ टुसा, पृ. ६६ ।

३० कुलचन्द्र कोइराला, पूर्ववत्, सं १, पृ. २ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामहरू त्यति प्रष्ट पारे जस्तो देखिँदैन। ति १२ माई मष्टाका नामहरू निम्न छन्।[३१]

१. ढँडार मष्टो
२. कवा मष्टो
३. बुडू मष्टो
४. थार्प मष्टो
५. गुरो मष्टो
६. खापर मष्टो
७. दाड्या मष्टो
८. दुदया मष्टो
९. विनाइक मष्टो
१०. बिजुली डाँडो मष्टो
११. कालाशिला मष्टो
१२. वाविरा मष्टो

अर्को थरिको भनाइ अनुसार : ढँडार मष्टो, थार्प मष्टो, बुडू मष्टो,कवा मष्टो, गुरो मष्टो, खापर मष्टो, सुनार गाउँ मष्टो, लाँकुडो मष्टो, बिजुली डाँडो मष्टो, दाडया मष्टो, दुद्या मष्टो, बाबिरा मष्टो। रत्नाकर देवकोटाकोमा उल्लेख भएको बिजुली डाँडोमष्टो कहिल्यै नसुनिएको काल्पनिक नाम जस्तो लाग्छ। सत्यमोहन जोशीले मष्टा देवमा दुई थरीका स्वभाव पाइने बताएका छः रजवाली र राक्षसी "रजवाली वर्गका मष्टाहरूमा ढँडार मष्टो आदि पर्दछन् भने राक्षसी वर्गमा चाहिँ गुरा मष्टो। गुरा, विजयी आदिलाई कोही कोही मष्टो देवताको रूपमा मान्दैनन्। रजवाली स्वभावका मष्टाका धामीहरूको लठ्ठो (कपालमा टुपीलाई लामो गरेर पाली त्यसमा सुन चाँदकिा सूत (पाता र तारले) बाँधिराखेको लठ्ठो) हुन्छ। गुरोका धामीको लठ्ठो हुँदैन केश मात्र हुन्छ।"[३२] संस्कृतिविद् सत्यमोहन जोशीले गुरोका धामीको लठ्ठो हुँदैन भने पनि उनीहरूको अरू धामीको जस्तै सूतले बाँधेको लठ्ठो हुन्छ। सिँजातिर लाखुडो मष्टोलाई कान्छो भाइ पनि मान्दछन्। गुरोको बुडू मष्टासँग हडेली (धेरै रिसवी) परेकाले गुरोलाई सहँदैनन्।

३१ रत्नाकार देवकोटा, "कुलदेवताको रुपमा पुजिने मष्टो र यसका विविध पक्ष", प्रज्ञा, वर्ष ३३, वि.सं. २०५९, पृ. १३।

३२ सत्यमोहन जोशी, पूर्ववत्, सं १२, पृ. ५६-५७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरोको बारेमा डा. प्रयागराज शर्माका अनुसार : "गुरो र कैलासलाई अमष्टो देव मानिन्छ । गुरोलाई जग्गामा कसैलाई अन्याय वा बेइनसाफी भयो भने गुहारिन्छ ।"[३३] यसरी गुरोलाई मष्टाका १२ भाइहरूको नामावलीमा राख्ने वा नराख्ने भन्ने मत देखिन्छ । तर डा. गुन्टरको लेखअनुसार गुरोको तिब्बतमा १२ भाइ मष्टा र नौ दुर्गा भवानीसँग भेट भएको थियो । त्यहाँ उनीहरू बीच जग्गा लगायतका कुराहरूको बाँडफाँड चलिरहेको थियो । गुरोले पनि भाग मागेको कुरा र अन्तमा उसलाई 'माटोको देवता' को भाग दिएको कुरा लामाको पडेलीमा उल्लेख छ ।[३४] यसबाट गुरो पनि मष्टाकै भाइ हो कि त भन्ने तर्क अगाडि सार्न सकिन्छ । तर कर्णाली प्रदेशमा गुरोलाई मष्टाको सूचीमा समावेश गरेको पाइँदैन ।

मष्टाबारेका अभिलेखहरूको चर्चा गर्दा सिँजाको बाव भवानी मष्टाको नाम परेको अभिलेखलाई लिन सकिन्छ । शाके १५४७ तिरको महाराज सुर्ती साईको अभिलेखमा 'वाव भुवानी मष्टा' साछी भया भन्ने उल्लेख भएको लिखित कागजबाट १२ माइ मष्टामा बाव भुवानी मष्टालाई पनि समावेश गर्नुपर्ने देखिन्छ ।[३५] त्यस्तै सिँजाको लेकपर गाउँको लाटो मष्टो, लुङ्कु गाउँको क्षेत्रपाल मष्टो, बझाङमा रहेको बान्नीमष्टो मष्टोको रूपमा देखा पर्दछन् । दूल्लुको कीर्तिखम्बमा भिक्षुणां द्विजधर्मभाणकाणां भनेर लामाभिक्षु, ब्राह्मण र मष्टाका धामीहरूलाई यथोचित सम्मान गरेको छ । त्यसैगरी बझाङका राजा शक्तिवम्म सिंहले ढँडार मष्टाको पूजा गरेका थिए ।

हुम्लाको मष्टो संस्कृतिमा नौमूलीको महात्म्य बारे देविचन्द्र श्रेष्ठको कथन छ :

"हिल्सा चौरको दक्षिण पाखामा पहराहरू छियाछिया परी चर्किराखेका छन् । तिनै पहराको चराचराबाट पानीका मूलहरू बगिराखेका छन् । तिनीहरू गएर कर्णाली मै मिल्छन् । यी पानीका मूलहरूको साझा नाउ 'नौमूली' हो । बाह्रभाइ मष्टाले मिलेर यो नौमूलीको जलाधार प्रकट गरेको कथा जनजिब्रोमा

---

३३ प्रयागराज शर्मा, पूर्ववत्, सं ४, पृ. ९७ ।

३४ Gunter Umbesheid, "A God's Journey: The Pareli of the God Lama from Lekhpur (Sinja)", *Kailash*, 13 (1-2), (Kathmandu: 1987), p. 58.

३५ योगी नरहरिनाथ, इतिहास प्रकाश, २ (१) (काठमाडौं : वि.सं. २०१३), पृ. १३७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झुण्डिएको छ ।"[३६]

मष्टाका १२ माई र नौ दुर्गा भवानीको नामावली प्रस्तुत गर्दा एकरूपता ल्याउन कठिन छ । मष्टो सम्बन्धी लेख्ने अगाडिका लेखकहरूले पनि उक्त नामावली प्रस्तुत गर्दा भोगेको कठिनाइबारे लेखेका छन् ।

नौ दुर्गा भवानी (भुवानी) का नामहरूमा एकथरीको भनाइअनुसार: मालिका, कनकासुन्दरी त्रिपुरासुन्दरी, जालपा, कालिका, खेसमालिनी, ठिंग्याल्नी, दुलेल्नी, विन्द्रवासिनी । त्यस्तै अर्का थरीको भनाइ अनुसार : भुवानी, कालिका, मालिका, खेसमालिनी, ठिंग्याल्नी, दुलेल्नी, विन्द्रवासिनी । त्यस्तै अर्का थरीको भनाइ अनुसार : भवानी, कालिका, मालिका, खेसमालिनी, ठिंग्याल्नी, पुगेल्नी (पुंग्याल्नी), हिमालिनी, कनकासुन्दरी र त्रिपुरासुन्दरी ।[३७] मष्टा देवताका नौ बहिनी भवानीमा ठिंग्याल्नी र पुंग्याल्नी जस्ता जाड भाषामा नाम रहेका देवीहरू छन् । थार्प मष्टाको भाषा जात्रुलाई बुझाउन खावा पनि राख्ने चलन छ ।

मष्टाका बाह्रभाइ मध्ये जेठा ढँडार मष्टा भएको कुरा प्राध्यापक राजाराम सुवेदीको कृतिमा उल्लेख छ ।[३८] त्यस्तै संस्कृतविद् सत्यमोहन जोशीको अर्को कृतिमा बाह्रभाइ मष्टा र नौ दुर्गाभवानीको नामहरू उल्लेख छन् ।[३९] उक्त कृतिमा उल्लेखित बाह्रभाइ मष्टाहरूमा : बान्नी मष्टा, ढँडार मष्टो, बुडू मष्टो, थार्प मष्टो, वाविरा मष्टो,कवा मष्टो, उखाडीमष्टो, धवलपुरो मष्टो, पुवालो मष्टो, बाँडपाल मष्टा, बाओ मष्टा, गुरा मष्टो । नौ दुर्गा भवानीहरूमा : कालिका, मालिका, जालपा, ठिंग्याल्नी, पुगेल्नी, दुलेल्नी, त्रिपुरा, खेसमालिनी, कनकासुन्दरी । मष्टाको नामावलीमा लाखुडो मष्टो र क्षेत्रपाल मष्टो उल्लेख छैन ।

देवीको सन्दर्भमा सिँजा उपत्यकाकी प्रसिद्ध देवी कनकासुन्दरीको मन्दिर परिसरमा कालिका, जालपा र पारीपट्टि भूरसैनमा मालिकाको मन्दिर रहेको छ । कनकासुन्दरी मन्दिर नजिकै खर्सुको रुख र मालिकाको मन्दिर नजिकै गलने आरुको रुख छन् । मालिकाको मन्दिर भएको अग्लो स्थानमा गलनेआरुको

---

३६ देविचन्द्र श्रेष्ठ, हुम्ला बोल्छ मानसरोवरमा, (काठमाडौं : वि.सं. २०३७), पृ. ४६-४७ ।

३७ सत्यमोहन जोशी, पूर्ववत्, सं १२, पृ. ५६ ।

३८ राजाराम सुवेदी, पूर्ववत्, सं १३, पृ. १३ ।

३९ सत्यमोहन जोशी, पूर्ववत्, सं ५, पृ. ६६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुख पाउन सम्भव छैन भने कनकासुन्दरी मन्दिर रहेको स्थानको उचाइमा खर्सुको रुख उम्रन पनि सम्भव देखिँदैन। सिँजाका बयोवृद्ध व्यक्तिहरूको भनाइ अनुसार यी दुई रुखहरू कनकासुन्दरी र मालिका दुई बहिनीले एकअर्कालाई उपहार दिएका रुखहरू हुन्। यी रूखहरू अझै देख्न सकिन्छ।

सिँजा उपत्यका र सिङ्गो कर्णाली प्रदेशमा धेरै अग्ला स्थानहरू, अग्ला डाँडाकाँडाहरूमा मालिकाको पूजा गरिन्छ। त्यसैले होला लामाले आफ्नो पडेलीमा 'बैनाको राज्य' बनाया भनेर भनेका छन्। बाजुरा जिल्लामा पर्ने बडीमालिका देवीको मन्दिर पनि प्रख्यात छ। सिँजा, जुम्लाका मानिसहरूको तीर्थयात्राको क्रममा अन्य तीर्थस्थल सहित बडीमालिका पुगनै पर्ने हुन्छ। धेरै देवीदेवताको थान, माडु र मन्दिरहरू भएको कर्णाली प्रदेश वास्तवमा देवभूमि हो भन्दा अर्को अर्थ नलाग्ला।

बाह्रभाइ मष्टा र नौ दुर्गा भुवानीको प्रसङ्गमा डा. गेब्रेलले मष्टाका ३३ नाम र तिनसँग सम्बन्धित थानहरूको बारेमा लेखेका छन्। उनले २० दुर्गा भवानीका नाम पनि उल्लेख गरेका छन्।[४०]

पैठ र मष्टाका भानहरू

कर्णाली प्रदेशमा मष्टा, अन्य देवीदेवता र मैयू (प्रेतात्मा) को पैठ विभिन्न तिथिमा पर्दछन्। अरू तिथि र पुनी (पूर्णिमा) को अलावा, सिँजा उपत्यका लगायत पुरै कर्णाली प्रदेशमा साउन पुनीको महिमा बेग्लै छ। साउनपुनीको महत्त्वलाई तलको सिँजाली भाषाको चुड्किला (देउडागीत) ले उजागर गरेको छ। सिँजाखोलामा मायाप्रेम बाहेकका अन्य गीत र देवी देवताको भक्तिभावनाका गीतलाई चुड्किला भनिन्छ। खास गरेर गीत राती गाइन्छ अनि दिउँसो मान्यजनका अगाडि गाउन लाज मानिन्छ। गीत केटी (छोट्टी) सँग प्रश्न उत्तर गरेर गाइँन्छ। गीत शब्द मान्यजनका अगाडि उच्चारण गरिँदैन थियो।

अरू फुल्या जैले कैले आरु फुल्या चैत।
जा गया आइजानुहोला साउनपुनीका पैठ॥

यसको अर्थ हुन्छ, अरू जहिले फक्रे पनि आरु चैतमा फक्रन्छ। अरूबेला

---

४० Gabriel Campbell, "Consultations with Himalayan Goads: A study of Oracular Religion Alternative values in Hindu Jumla", *Ph.D. Dissertation*, (Columbia University : 1978), pp. 291-292; 298-299.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहाँसुकै गए पनि साउनपुनीमा गाउँ फर्कने सल्लाह यो गीतको सन्देश हो। साउनपुनी देवता र पितृहरूको पूजा गरिने यहाँको प्रसिद्ध सांस्कृतिक पर्व हो, जसलाई पैठ भनिन्छ।

पैठको आरम्भ एकादशी देखि नै हुन्छ र साँझको खान खाइसकेपछि गाउँका सारा आइमाइ, लोग्ने मानिस र केटाकेटीहरू खड्रात्ती (खराती) गर्ने ठाउँमा भेला हुन्छन्। खडरात्ती गर्ने काम घरथान (माडु) मा गरिन्छ।[४१] पैठमा घरथान र बनथान दुवैको प्रयोग गरिन्छ। बनथानलाई पैठ हुने अघिल्लो दिन लिपपोत गर्नुपर्ने हुन्छ। साउन पुनी बाहेक, अनन्तेपुनी, ज्वारे पुनी, कात्तिक पुनी, बैशाख पुनी पनि यहाँका महत्त्वपूर्ण पुनीहरू हुन्।

पैठको अवधिभर धामी, डाङरी (डाङग्रे) वा पूजारीले शुद्ध भै एकछाके खाना खाने र शुद्ध एकाग्र भै बस्नुपर्ने हुन्छ। डाङरी वा पूजारीले थानमा तेलका बत्ति बाली बाह्रभाइ मष्टा र नौ दुर्गा भवानीको नामबाट होमकुण्डमा होम (हवन) गर्दछन्। मष्टामाडुमा मूर्तिविनाका कोठामा नै मष्टाको आराधना गरिन्छ। मष्टाको कोठामा जान धामी पूजारी बाहेक अरूलाई मनाही छ। मङलेरी (मङ्गल गाउँने) हरूले माँगल (मङ्गल) गाउँछन्। थान बाहिर दमाहा नरसिङ्गा, शङ्खा, घण्ट, भुकुर (एक प्रकारको मुखले बजाउने बाजा) बजाइन्छ।

थानमा धामीहरू बाजाको तालसँगै पतुर्न सुरु गर्दछन्। सामान्यतया बाहनले (मष्टोका प्रमुख कार्यकर्ताहरू, आज्ञापालकहरू) विभिन्न जनावरको जस्तो स्वभाव देखाएर ठूलो आवाज सहित पतुर्दछन्। कुनै कुनै धमिनीहरू पनि पतुरद्छन्। पालीहरूले धामीलाई माला लगाइदिन्छन्।[४२] मूल धामीले अरू धामीहरूसँग अभिवादन गरी निधारमा दुध, चामल र माला पनि लगाइ दिन्छन्। धामीहरूबीच धामीभाषामा कुराकानी पनि हुन्छ। धामीभाषामा जाड शब्दहरू मिसाएर कुराकानी गर्दछन्। जस्तै : ढो मरी दु, लाक्छा मारी दु आदि।

आफूलाई शुद्ध राख्न, मनलाई शान्त पार्न र अलौकिक क्षमता बढोस् भन्ने अभिप्रायले मानसरोवर कैलास, छायानाथ, मुक्तिनाथ जस्ता तीर्थस्थलहरूमा तीर्थयात्रा गर्ने प्रचलन रहेको पाइन्छ। तीर्थयात्रामा गए पनि धामी-डाङरीहरू

---

४१ प्रयागराज शर्मा, पूर्ववत्, सं ४, पृ. १०२।

४२ वासु उपाध्याय, पूर्ववत्, सं ७, पृ. ५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साउनपुनीको केही दिन अगाडि पैठ भेटाउन सिँजा पुगीसकेका हुन्छन् ।[४३] 'पैठ' गर्ने प्रचलन कर्णाली प्रदेशभरि छ तापनि साउनपुनीको पैठको महिमा सिँजा उपत्यका, मुगु, हुम्ला क्षेत्रमा बढी छ ।

धामीका उपासकहरूलाई पतुरेको बेलामा धामीले नर अथवा मनुष्य भनेर सम्बोधन गर्दछ र अरूले धामीलाई सम्मानपूर्वक गोसाई महाराज भन्दछन् । जाजरकोट लगायत नेपालको पूर्वतिर झाँक्रीको प्रचलन भए तापनि कर्णाली प्रदेशमा यसको प्रभाव पटक्कै देखिँदैन ।[४४] धामीमा देउता आउने बित्तिकै चाहे धामी कामी होस् वा दमाई जात्रुहरू गोसाइँ महाराज भन्दै दलितलाई पूजा गर्छन् । सिँजा उपत्यकाको मोफ्ला गाउँ राहादेव देवताको घरथानको धामी र डाङरी दलित; वनथानको धामी दलित डाङरी क्षेत्री रहने प्रावधान छ । यसबाट मष्टा मान्नेहरू प्रकृतिपूजक हुन् र उनीहरू जातीय भेदभाव गर्दैनन् भन्ने प्रष्ट हुन्छ । व्यवसायिक जातका छुट्टै देवता पनि छन् ।

पैठमा धामी पतुर्ने क्रमको अन्त्यसँगै खेल सुरु गरिन्छ । यसलाई 'देउडा खेल' वा 'खेल लाउने' भनिन्छ । खेलमा देवीदेवता सम्बन्धी भक्ति भावनाका चुड्किला वा गीतबाट खेल सुरु गरेर पछि गीत बाटै सवाल जवाफ गरिन्छ । सिँजाली भाषामा खेलिने यस्ता खेलको बीचमा जात्रुहरू बसेर रमाइलो मानेर चुड्किला सुनिरहेका हुन्छन् । यस्ता खेलहरूमा सिपालुहरूको खुब प्रशंसा हुन्छ । खेलको अन्त्यसँगै पैठ समाप्त हुन्छ ।

मष्टाका भान (बाहन) बारे सत्यमोहन जोशीको कथन अनुसार :

"मष्टादेवका यी भानहरू ज्यादै भयङ्कर र शक्तिशाली हुन्छन् । यिनीहरू जे पनि रूप लिन सक्दछन्, जस्तो : सर्प, घोडचढी, कुकुर, बिरालो, गुना आदि । ... यी भानहरूले त्यस्ता दोषी, अपराधी, अन्यायी र पातकीहरू जहाँ बसेको भए पनि समाइहाल्छन् र यसो नगर्नु उसो नगर्नु भनेर चेताउनी दिन्छन् । चेताउनीले पनि नमानेमा हानी-नोक्सानी इत्यादि सजाय भोगाउन सुरु गर्दछन् ।[४५] त्यसैले मष्टाका यी भानहरूदेखि सजक भएको पाइन्छ ।

भानहरूको चर्चा गर्दा ढँडार मष्टोका भानहरू खोलाधेल्या, चामचुल्ठी, धाइडुङ्गे सत्यमोहन जोशीको कृतिमा उल्लेख छन् ।[४६] तर विहारीकृष्ण श्रेष्ठले लौडिसिमे,

४३ उही, पृ. ५६ ।
४४ प्रयागराज शर्मा, पूर्ववत्, सं ४, पृ. १०३-१०४ ।
४५ सत्यमोहन जोशी, पूर्ववत्, सं. १२, पृ. ५९ ।
४६ उही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिमादुलो, र निलाग्रेलाई पनि ढँडार मष्टाको भान मानेको कुरा रत्नाकर देवकोटाको लेखमा उद्धरित छ ।[४७] मानवशास्त्री विहारीकृष्ण श्रेष्ठको भानबारेको लेखाइ स्पष्ट छैन । जर्मन अनुसन्धाता डा. गुन्टरले लौडिसिमेलाई लामाको भान भनेर लेखेका छन् ।[४८] त्यसै गरी बुङ मष्टाका भानहरूमा: फुटासिली, छ्याइढुस्के, थार्पमष्टाका भानहरूमा घोडा मौल्या, गुमदेउ, गाइँ गोडयाय, उखाडी मष्टोका भानमा लौरीसिमे; कवा मष्टोका भानमा सिम्याइल्याअ, दर्वी (दर्विगाडयाय), बाविरा मष्टोका भानमा हाणीखोले (हडेखोली), धामागाडी, बाँसकोटा (बाँचकोटा) मष्टोका भानहरूमा : नाउली खोले, निलादह; बाँओ मष्टोका भानहरूमा:रहनुखाना (रनुकाना), जिवर्खी, लाँखुडा मष्टोका भानमा: अब्यखडी, ढँडार मष्टो ऐंकुँवरको भानमा भातेखोली आदि ।[४९]

रत्नाकर देवकोटाले फुटासिली, छ्यढुस्क्या सहित भाऱ्या, लाप्केलाई पनि बुङमष्टाका भानको सूचीमा राखेको पाइन्छ ।[५०] कवामष्टोका धामीको स्रोत अनुसार बन्धुङ्गे र डाँडादेव कवा मष्टाका मुख्य भानहरू हुन् । त्यस्तै महादेवका भान लाहा छहडे हो ।

बोता गाउँका बयोवृद्धको भनाइ अनुसार लाहा छह्डेले भोज भतेरमा गाउँलेलाई भाँडाकुँडा उपलब्ध गराउने गर्दथ्यो । तर एकजनाले भाँडा फर्काउँदा जूठो राखेकाले लाहा छडेले भाँडा दिन छोड्यो भन्ने भनाइ छ । यस्तै किंवदन्तीहरू लुङकु गाउँका बयोवृद्धहरूको छ । लौडिसिमेले पनि यसरी नै भाँडाकुँडा उपलब्ध गराउँदथ्यो । पछि भाँडा फिर्ता गर्ने क्रममा एकजना महिलाले जूठो राखेका भाँडाहरू बुझाएकाले, उसले भाँडाकुँडा उपलब्ध गराउन छोड्यो भन्ने भनाइ छ । यसबाट भानहरूले दु:ख दिने मात्र नभएर सहयोग पनि गर्थे भन्ने बुझिन्छ ।

नाता-कुटुम्ब, पहिरन, भीत र भोजन

सत्यमोहन जोशीका अनुसार मष्टोसम्प्रदायमा मष्टोका अनेक नाता-कुटुम्बहरू हुन्छन् । त्यस्ता नाताकुम्बहरूमा : मष्टाका मामाका रूपमा महाद्यौ, मष्टोकी बहिनीको रूपमा भुवानी, मष्टोका मामाको रूपमा लामा, मष्टाको भतिजाको रूपमा लाँखुडो,

---

४७ विहारीकृष्ण श्रेष्ठको उद्धरण, रत्नाकर देवकोटा, पूर्ववत्, सं. ३१, पृ. २२ मा उद्धरित ।

४८ Gunter Umbesheid *Op. cit.*, No. 34, p. 75.

४९ सत्यमोहन जोशी, पूर्ववत्, सं. १२, पृ. ५९-६० ।

५० रत्नाकर देवकोटा, पूर्ववत्, सं. ३१, पृ. २२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै मष्टाका प्रिय भएका कान्छा भाइ (बहुरोबाँठ्या) रूपमा बाँडपाल (बाँसपाल) आदि ।[५१] त्यस्तै कहीं कहीं ऐकुँवरलाई ढँडार मष्टोका छोरा भनेर नाता जोड्ने गरेको देखिन्छ । मष्टादेवका अर्धाङ्गिनीहरू (पत्नीहरू) देखा पर्दैनन् ।[५२] अरू मष्टा जस्तै कवामष्टाले पनि भवानीलाई बहिनी भन्ने गरेको पाइन्छ । त्यस्तै भवानी र कनकासुन्दरीलाई पनि बहिनी भनेको देखिन्छ ।

मष्टो बाहेकका अन्य देवको नाताकुटुम्बको बारेमा डा. प्रयागराज शर्माको मत छ : "गुरोलाई ईश्वर र गौराको छोरो देवकी पत्नी नाथमाला र तिनको छोरालाई काशीनाथ भन्दछन् । यसबाट गुरोको शिवसँग सम्बन्ध देखिन आउँछ । ... यस अतिरिक्त गाउँ गाउँमा पूजिने अर्को देव हो भयार । यो भूमि र कृषि सम्बन्धी देउता हो । त्यस्तै यस क्षेत्रमा मुइया (प्रेतात्मा) पनि पूजिन्छ ।"[५३] भयारलाई राउटे र तराईका थारूले पनि पूज्दछन् ।

भीतलाई मष्टाको चमत्कार वा सत पनि भनिन्छ । मष्टालाई पुकार्दा 'नारायण गोसाइअ सत भीत गऱ्यास्' भनिन्छ । मष्टो परम्परामा भीतलाई देवताको शक्ति मापन गर्ने मापकको रूपमा लिने गरिन्छ । मष्टोलाई बत्ती बालेर स्तुति गर्दा "इन्द्र पुत्र मष्टादेव तिम्रा पाउ बिशेशिर, राखेर भक्तिका साथ सधैं, प्रणाम छ निरन्तर"[५४]

केही मुख्य मष्टादेवहरूको भीतको बारेमा तल चर्चा गरिन्छ –

ढँडार मष्टाको भीतको बारेमा कुलचन्द्र कोइरालाका अनुसार :

"बझाङ जिल्लामा मष्टा देवता सुदूरपश्चिमाञ्चल क्षेत्रको निम्ति प्रसिद्ध छन् । दाहे मष्टोका धामीले कामेको बेलामा दाँतले सयौं बोकाको गर्धन छिनाउँथे । मष्टा आङ चढेको बेला धामीका दाह्रा निस्कन्थे, जो तीक्ष्ण खड्गभन्दा पनि मापाका थिए भन्ने कथन बहुप्रचलित छ ।"[५५] कोइराला अगाडि लेख्छन् :

"बझाङ्कै मष्टाको एकजना प्रगतिशील विचार राख्ने राजाले परीक्षाको निम्ति मोटो गर्धन भएको जख्खु बोकाको घाँटीमा फलामे

---

५१ सत्यमोहन जोशी, पूर्ववत्, सं. १२, पृ. ६०।

५२ उही ।

५३ प्रयागराज शर्मा, पूर्ववत्, सं. ४, पृ. ९७-९९ ।

५४ यो स्तूति सिँजा लुइकुका जग्गेप्रसाद उपाध्यायवाट प्राप्त भएको हो ।

५५ कुलचन्द्र कोइराला, पूर्ववत्, सं. १, पृ. ४८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाताका जंजीर लगाएर बोका बली दिन ल्याएछन्। धामीले टोकेर नै गर्धन् र फलामे पट्टि पनि छिनाइदिए। तर मष्टाका दुई वटा दाँत टुटे भनेर धामीले देखाउँथे भन्ने पचास नाघेका स्थानीयको भनाइ छ।"[५६]

ढँडार मष्टाको धामीले जुत्ता देखि फेटा सम्म सबै सेतो पहिरन धारण गर्नु पर्ने हुन्छ। धामीले टाउको मुड्न हुँदैन। मद र कुखुरा खान हुँदैन। खराती सुरु भएदेखि पैठ सकुञ्जेल सम्म एक भक्त रहनु पर्छ। हातमा चाँदीका मर्दाना बाला, लठ्ठोमा बेरेको सुन चाँदीका सूतले धामीलाई साधारण व्यक्ति भन्दा फरक देखाउँदछ। ढँडार मष्टाका धामीले खाना आफैले पकाएको यो लेखकलाई जानकारी छ। त्यसैगरी धामीले धेरै नियममा बस्नुपर्ने हुन्छ। टोपीको सट्टा विशेषता व्यक्त नें फेटा, कानमा लगाएका सुनका गहनाले धामी रुद्रावतार मान्न सकिन्छ। धामीले सुद्ध सफासुग्घर रहनुपर्ने हुन्छ। सिँजा क्षेत्रका धामीको पनि सेतै पहिरन हुन्छ। सेतो पहिरनको व्यापकता प्राचीनकालदेखि नै थियो भन्ने कुरा रोवर्टो भिटालीको लेखबाट थाहा हुन्छ। तिब्बत आक्रमण गर्ने क्रममा त्यहाँ गएका सिँजा (याचे) का राजाले सेतो सुती बस्त्र लगाएका थिए।[५७]

धामीको पहिरन बारेमा छक्क बहादुर लामाका अनुसार :

"थपाल्या धामीहरू र डाङरीहरू बस्त्रको रूपमा सेतो उनी बख्खु र तल्लो भेकका खस धामीहरूले सेतो सुती कपडाका लवेतु लगाउने गर्दछन्। 'बोन्पो' संस्कृति अनुसार सेतो रङ्गलाई एक शुभ चीनहको रूपमा मान्ने भएकोले धामीहरूले सेतो वस्त्र धारण गर्ने प्रचलन यहाँ पाइन्छ। .... बारथपाल्या डाङरीहरूले धामीमा देउता आउनु अगाडि स्वर्गबाट कैलास मासरोवर हुँदै धामीसम्म देवताको बाटो देखाउँदै निम्तो गर्ने र मौखिक उद्घोष पछि देवता काँप्ने चलन छ। मानसरोवरमा धामीले स्नान गर्दा आफ्ना वस्त्रहरू निकाली लठ्ठो आफ्ना गर्दन वरिपरि बेरी, हातमा त्रिशुल र गर्दनमा रुद्राक्ष माला लगाएर नाच्दै मानसरोवर तालभित्र पस्ने हुनाले जिउँदो शिवजी नै तालभित्र पौडिन गए झैं भान हुन्छ।"[५८] अतः यस कर्णाली प्रदेशमा धामी नै महादेवको रूपमा मानव समस्या समाधान गर्ने भएकाले धामीको वस्त्र धारण गर्ने तौरतरिका शिवजीकै

---

५६ उही।

५७ Roberto Vitali, *The Kingdom of Guge Puhrang* (Washington D.C.: 1996), p. 463-464.

५८ छक्क बहादुर लामा, पूर्ववत्, सं. २९, पृ. ६६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तौरतरिका हो भन्न सकिन्छ । हुम्लाका धामीले मानसरोवर कैलासको दर्शन गर्न जाँदा हात-हातमा त्रिशुल समातेर जाने चलन अझै छ ।

ढँडार मष्टाको धामीबारे कुलचन्द्र कोइराला लेख्छन् :

"मष्टालाई गाई, घोडा, सुन, चाँदी र रूपैयाँ चढाउने चलन छ ।... धामी थरको जातै हुन्छ । यही जातबाट धामी छानिन्छन् । ... मष्टाको शक्तिले युक्त भएको जनविश्वास भएपछि मात्रै धामीको रूपमा स्वीकार गरिन्छ, जसको आङमा चढेर मष्टा देवता बोल्न थाल्छन् त्यसको अनेक किसिमले परीक्षा लिइन्छ । नमरेसम्म उही व्यक्ति नै धामी हुन्छ र मरेपछि नयाँ धामीको निम्ति उपर्युक्त नियम लागू गरिन्छ ।"[५९]

ढँडार मष्टाका धामीको मृत्यु भएको २०७१ असोज २० गते एक वर्ष पुगेको छ । तर हाल सम्म नयाँ धामी औतिन सकेको खबर छैन । त्यस्तै सिँजा उपत्यकाको लुङ्कु गाउँमा रहेको ढँडार मष्टाको धामी नयाँ औते पनि गादीमा जानेकाम यसपटक मात्र सम्भव भएको छ । लुङ्कु गाउँमा भने धामी थर छैन र ब्राह्मण, क्षत्री, ठकुरी जो पनि धामी हुन सक्दछन् । यस गाउँमा उपाध्याय ब्राह्मण धामी औतेको धेरै उदाहरण छन् ।

ढँडार मष्टा जस्तै कवा मष्टाको पनि भीत वा चमत्कारको परीक्षण गरेपछि मात्र धामी समाजमा स्वीकार्य हुन्छ । मुगु जिल्लाको कवा गाउँ नजिकै पाच्या चौड मनि (पाच्याको चौर तलतिर) नजिकै सिगौड गादी हुने बेला थान भित्र एकापट्टि धामी बस्छ अर्कोतिर ब्राह्मण बस्छ । बामन (ब्राह्मण) ले धामीको टाउकामा एक अम्खोराबाट पानी खन्याइदिन्छ, त्यो पानीको थोपा भुइँमा एउटा थोपा पनि पर्दैन । फेरि त्यो वर राखेको अम्खोरा आफै भरिन्छ । पानी खन्याएको फेरि आफै थपिएर भरिन्छ । धामीले यति गरे भने देउता आएको (चढेको) मानिन्छ ।[६०] अलग-अलग थानहरू ठाउँ ठाउँमा भए तापनि बुडू मष्टो र कवा मष्टो भाइ-भाइ हुन् ।

भीतको बारेमा चर्चा गर्दा नयाँ धामी औतेमा बुडू मष्टाको 'ज्यूघाँट' धेरै घण्टको बीचबाट छुट्याउनु पर्ने हुन्छ । यसरी नयाँ धामीको परीक्षण गरिन्छ । अर्को शब्दमा बुडूमा जो धामी औत्यो त्यसले सयौं घण्टाको बीचमा अकस्मात, आकाशबाट बर्षेर आएको 'ज्यू घाँट' (मुख्य घण्ट) खुट्याएर समाउनु पर्ने हुन्छ ।

५९ कुलचन्द्रं कोइराला, पूर्ववत्, सं. १, पृ. ५१ ।

६० सिँजा लुइकुका तुङ्गनाथ उपाध्याय सँगको कुराकानिमा आधारित (२०७१।५।१५) । यो सूचना उनलाई कवा मष्टाका धामीबाट प्राप्त भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै घण्टहरूको बीचमा 'ज्यूघाँट' लुकाएर राखेको हुन्छ । जब नयाँ धामीमा मष्टा देवताको अवतार हुन्छ, अनि उसले काँपेको बेला त्यो 'ज्यू घाँट' मात्रै समाएर देखाउनु पर्ने हुन्छ । यसरी नयाँ धामीको शक्ति परीक्षण गरिन्छ ।

थार्प मष्टाको भीत बारे डा. प्रयागराज शर्माको कथन छ :

"भरखर पतुर्न थालेको धामीलाई पूरा परीक्षण गरेपछि मात्र समुदायले स्वीकार गर्दछ । के विश्वास लिइन्छ भने मष्टाको धामीले पूर्ण निरक्षर भैकन पनि ४० अध्याय वेद (शुक्ल यजुर्वेद) पुस्तक अगाडि राखेर बसेको बाहुनका अगाडि कण्ठस्थ मात्र हैन एकदम शुद्ध पाठ गर्दछ । अनि थप एउटा अध्याय आफ्नो बेग्लै पाठ गर्दछ । यसो गर्न सक्यो भने त्यो धामीको सक्कली पहिचान भएको मानिन्छ ।"[६१] लेखकले यो परीक्षणलाई थार्प मष्टाको भीत भनेर किटान नगरे पनि यो भीत हो ।

बाविरा मष्टोका धामीसँग साक्षात्कार गरेका संस्कृतिविद् सत्यमोहन जोशीले मष्टाको भीत बारे आफ्नो कृतिमा लेख्छन् :

"धामीले आफ्ना दुवै हात खुला गर्छन् । उनको बायाँ हातमा रहेको अक्षता गाजुलु तेलले कालो भएको हुन्छ । अनि धामीले हामीलाई र अरूलाई पनि पालै पालो गरेर दाँया हातले त्यही अक्षता सहितको छाप (सिकापाती) निधारमा लगाइदिए । सबको मुखको आकृति सिकापातीले अर्कै बनाउँछ, त्यसपछि धामीलाई दक्षिणा चढाउने, जस बढाउने काम हुन्छ । धामीको दैवी शक्तिमा सबैको आस्था र श्रद्धा झन् झन् बढ्न थाल्छ । धामीको अनुहारमा पनि झन् बढी ओजस्वीपना देखिन थाल्छ ।[६२]

यी माथि उल्लेख गरिएका मष्टाका गीत बाहेक, त्रिशुललाई चुल्होमा हालेर रातो बनाएपछि जिब्रोले चाट्ने, लुवालौडी (फलामको डण्डी) भाँच्ने, ताइ पिउने, घण्टका राला (रालो) काट्ने, घण्टका राला निल्ने, भतभती तातेको तेलमा हात चोपेर टाटया झिक्ने, पानीनिकाल्ने, नुन निकाल्ने आदि । यी भीतबाट धामीको परीक्षण गरिन्छ । सिँजा लुङ्कुका थार्प मष्टाका धामी प्रेम प्रसाद उपाध्यायले तीन वर्ष अगाडि रालो निलेको कुरा स्थानीयहरू बताउँछन् ।

प्रचलित भनाइअनुसार मष्ट रक्त नखाने शाकाहारी देव हो । पूजाका दिन थानमा काटिने पाठाहरू भवानीलाई लक्षित हुन्छन् ।[६३] मष्टोको ठाउँमा

६१ प्रयागराज शर्मा, पूर्ववत्, सं. ४, पृ. १००।
६२ सत्यमोहन जोशी, पूर्ववत्, सं. ५, पृ. ६३।
६३ प्रयागराज शर्मा, पूर्ववत्, सं. ४, पृ. ९६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्डाल्नीलाई बोका पूज्ने गरेको र देवीको कारणले मष्टाको थानमा बलि दिने गरेको पाइन्छ । दूधेशिल्तोलाई दूधको भोग लगाइन्छ । "मष्टो देवतालाई कोही चोखो देवता भन्दछन् । किनभने मष्टोले जे पायो त्यो खाँदैनन् । यिनलाई भातको पूजा पनि लादैन, यिनलाई त टाटया (पुरी), भोग लाग्छ । यिनी मद (रक्सी) खाँदैनन्" भनेर सत्यमोहन जोशीको कृतिमा उल्लेख छ ।[६४]

आदिकालीन भोजन टाटया वा टाटेको बारेमा कुलचन्द्र कोइरालाको कथन अनुसार :

"सात्विक अग्नि होत्री ब्राह्मणले मष्टोको आराधना गरिँदा हिन्दू परम्परामा अमृत मानिएको गाईको दूध, खीर र आदिकालीन सभ्यताको मुख्य भोजन टाटे, नौनी घिउ चढाइ पूजा गरिने मण्डलीमष्ट, दूधेमष्ट, लाडे मष्टालाई सात्विक मष्टको रूपमा मान्न सकिन्छ ।"[६५] उनी अगाडि लेख्छन् :

"मानवीय संस्कृति परिशीलन गर्दा एउटा तथ्य के फेला पर्दछ भने जुन मानव जातिको भोज्य पदार्थ उसको दृष्टिमा स्वादिलो र महत्त्वपूर्ण मानिन्छ, त्यही नै उसले आफ्ना इष्टदेवतालाई पनि समर्पण गर्दछ ।"[६६] सिँजा उपत्यकामा आदिकालीन सभ्यताको मुख्य भोजन टाटयालाई असाध्यै महत्त्व दिएको पाइन्छ । कुनै पनि शुभकार्यमा होस् वा चाडपर्वमा कोसेली दिँदा होस् वा मष्टाको पूजा गर्दा, टाट्याको प्रयोग सदियौंदेखि हुँदै आएको छ । यी प्रयोग बाहेक, पाहुनाको सत्कार होस् वा मृत्युलाई एघारौं दिनमा पुल्तो खुवाउँदा होस् टाटया सिँजा उपत्यका लगायत पुरै कर्णाली प्रदेशमा औधी प्रचलित भोजन हो । टाटया बाहेक खीर, दही, दूध, फलफूल, मष्टा देवतालाई चढाइन्छ । यी मष्टा र अन्य देवीदेवताका भोज्य पदार्थ हुन् । देवीलाई लक्षित गरेर कहिलेकाहीँ बली पनि दिइन्छ ।

कैलू गाईको दूध र गोठका देवता महारूद्र

आर्यहरूको मुख्य धन पशु हो । गाई, घोडा, बाखा, भेडा आदि पशुका मुख्य देवताको रूपमा देवकालभन्दा अगाडि देखि नै रुद्रलाई मानेकोले नेपाली ब्राह्मण, क्षेत्रीय, ठकुरी, किराँती र अन्य जातिका पनि गोठका मूल देवता

---

६४ सत्यमोहन जोशी, पूर्ववत्, सं. १२, पृ. ५१ ।

६५ कुलचन्द्र कोइराला, पूर्ववत्, सं. १, पृ. २१ ।

६६ उही, पृ. २१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माहारुद्र (महादेव) हुन् ।[६७] वन, बनौषधि, पशु तथा रोगब्याधिका देवता रुद्रको महत्त्व ऋग्वेदमा पाइन्छ । मष्टोलाई हवन गर्दा शिवका ऋचाहरूले हवन गरिन्छ ।[६८] मष्टाका मामाको रूपमा महाद्यौ (महारुद्र) को पनि पूजा गरिन्छ ।

घरदेखि टाढा लेक वा पाटनहरूमा आटी (गोठ) मा गाई-भैंसी राख्दा आइतबार ढुङ्गोलाई ठाडो बनाएर पूजा गरिन्छ । उक्त ढुङ्गोलाई शिवलिङ्गको प्रतीक मानेर लौंन ढोल्ने (शिवलिङ्गलाई दूधले नुहाउनें र धुप हाल्ने) गरिन्छ । सिँजा उपत्यकातिर "हे महादेव महारुद्र बाघ भालु हटाइदिया, ढोल ढुङ्गो कराअ (एकातिर) लाइदिया" भनेर खरक (गोठ) मा भएकाहरूमध्येको पाको मान्छेले आइतबार पूजा गर्दछन् । सिँजा लुङ्कुतिर गाई-भैसी नजिकै जस्तैः सेरा, भूरसैन राखेका छन् भने गाईको दूध दैनिक कनकासुन्दरी देवीलाई दिने गरिन्छ । मष्टालाई वा अन्य देवतालाई चढाएकी 'कैलूगाई' को मही गर्न (मथ्न) हुँदैन । दूध र दही मात्र खाने गरिन्छ । यी उच्च स्थानका चौर वा पाटनहरूमा चाहिँ मष्टादेवका थान हुँदैनन् । तर यहाँ बस्ने गोठाला आखिर गाउँघरकै हुने भएकोले तिनीहरूको निकटतम सम्बन्ध मष्टो देवताप्रति रहेकै हुन्छ ।

साउनपुनी, कात्तिक पुनी, माघ पुनी र बैशाख पुनीमा एकादशी देखि पुनी (पूर्णिमा) सम्म गाई-भैंसी नजीक छन् भने कैलू गाईको दुध देउतालाई थानमा दिनुपर्दछ, घरमा खानु हुँदैन । यो दूध पालीले मात्र खान हुन्छ, विवाहित छोरीलाई पनि कैलू गाईको दूध खान दिनुहुँदैन । पाली चाहे जति टाढाको होस् - ऊ एउटै मष्टा मान्ने छ भन्ने उसलाई उक्त गाईको दूध खान दिइन्छ ।

अग्निको बारेमा कुलचन्द्र कोइरालाको भनाइ अनुसार :

"आर्य जाति र इरानीहरूको अग्निपूजक इतिहास छ । गार्हस्थमा अग्नि ननिभाइकन राख्ने र अग्निलाई अगाडि लगाएर मात्रै परदेश जाने, बसैं सर्ने वैदिक परम्परा हो । भारतीय क्षेत्रमा अग्निभयले आगो निरन्तर बालिँदैन, अग्नि नभएको भान्सामा भात खान निषेध छैन ।... गाईलाई लक्ष्मीको रूपमा सबै आर्यजातिले पुज्दछन् । तर गाईगोठमा वरवधू एकरात नवसी विवाह नहुने र गाई अघि लगाएर हिंडे पछि साइत हेरिरहनु नपर्ने स्थिति जुम्ला भेकमा जीवन्त छ । गाईगोठसँग प्रत्येक शुभकार्यको सम्बन्ध रहनु पनि खश संस्कृतिको मौलिक पक्ष हो ।"[६९]

६७ उही, पृ. ४५-४६ ।
६८ उही, पृ. ४१ ।
६९ उही, पृ. ४७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिँजा उपत्यका र जुम्ला उपत्यकामा विवाह व्रतबन्ध गर्दा गाईगोठमा गर्ने सदीयौँदेखिको चलन हालसम्म पनि कायम छ। यो लेखकको व्रतबन्ध र विवाह सिँजा उपत्यकामा पर्ने लुङ्कु गाउँको आफ्नै गाईगोठमा भएको थियो। व्रतबन्ध र विवाह गाईगोठमा गरे पनि घरपैँसो (घर पस्ने) वा घरपैँचो गर्ने काम बिहान घरमा गरिन्छ। यस क्षेत्रमा एकरात गोठमा बसेर मात्रै घरपैँचो गरिन्छ। खड्रात्रि गर्दा होस् वा हवन गर्दा होस्, परदेशमा बास बस्दा होस् वा भतेरमा होस्, आगो बालेर विधिहरू पूरा गरिन्छन्। सिँजा उपत्यकामा नयाँ घरको 'दुम्को हान्ने' बेला (नयाँ घरको सुरुवात गर्ने बेला) अग्निलाई सकभर ननिभाउने चलन आजभोलि पनि छ। त्यसै गरी हरेक शुभकार्यमा तेल हाली पानसमा बत्ति बाल्ने, चामल भरेर ठूलो थाल वा कोसीमा कलश सिंगारेर राख्ने चलन परापूर्वकाल देखिको हो। त्यसै गरी कर्णाली अञ्चलका खस संस्कृति अनुसार कुनै नयाँ व्यक्तिसँग मित्रता जोड्न एक कलशभरि पानी (मानसरोवरको साटो) र एक थालभरि चामल (कैलास पर्वतको साटो) तयार पारी कैलास र मानसरोवर साक्षी राखी मित्रता जोड्ने प्रचलन छ।[७०] अघि भोट र नेपालबीच कुट्नैतिक सन्धि सम्झौता हुँदा पनि मानसरोवर र कैलासलाई साक्षी राख्ने चलन थियो।

७०. छक्क वहादुर लामा, पूर्ववत, सं. २९, पृ. ६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँचौ अध्याय

नेपालको राष्ट्रिय समन्वयमा लामा-विष्णुको भूमिका

लामा-विष्णुको परिचय

मष्टो बाहेक धामीमा अन्य देवता र पिचास (मैयू) हरू चढ्ने गर्दछन् । यिनै देवताहरू मध्ये हाल जुम्लाजिल्लाको कनकासुन्दरी गा.वि.स. वडा नं. ९ लेकपर (लेकपर) गाउँमा लामा-विष्णुको थान रहेको छ । सिँजा उपत्यकामा लेकपर गाउँ बाहेक लामा-विष्णुका थान, ओदी गाउँमा, गोठी गाउँमा, जोडु गाउँमा, जोडेल बाडामा छन् । त्यस्तै मुगुको पिना, जुम्लाको रारालिही, मालापानी, डाँडाकोटमा पनि लामा-विष्णुका स-साना हाँगा (शाखा) रहेका छन् ।[१] तर यी सबै स्थानहरूमा लेकपरबाट छाप लिएर गएका हुन् । मुलथान लेकपरकै हो भन्ने भनाइ छ । लामाको पडेलीले पनि लेकपरलाई र ओदीलाई छोएको हुनाले यहाँ मूल थान भएकाले लेकपरको सेरोफेरो र केही कुराहरू ओदी गाउँको लामा-विष्णुको बारेमा चर्चा गरिएको छ ।

लामा-विष्णुलाई बाह्रभाइ मष्टाको मामाको रूपमा मानेको पाइन्छ, जुन कुरा लामाको पडेलीले पनि स्पष्ट पारेको छ । सिँजाकै प्रसिद्ध कनकासुन्दरी मन्दिर परिसर सँगै रहेका लामाज्यू, सूर्यनारायण, कालिका, जालपाका स्थानहरूले पनि समन्वयात्मक संस्कृतिको झझल्को दिइरहेका छन् ।[२] खास गरी लामा चाहिँ लामा बौद्ध मतका अर्यावलोकितेश्वर र विष्णु चाहिँ विशुद्ध वैदिक देवता हुन् । यसरी लामा विष्णु मतमा लामा बौद्ध मत र बैष्णव मतको राम्रो समन्वय पाइन्छ ।

लामा-विष्णुबारे डा. प्रयागराज शर्मा लेख्छन् :

"हाटसिजा देखि केही पूर्वतिर लेकपर भन्ने गाउँमा लामाज्यूको थान छ । वास्तवमा यो थान लामा-विष्णुको संयुक्त थान हो । एउटै धामीलाई आलो पालो गरी लामा र विष्णु आउँदछन् । तर यी दुईमा मुख्यदेव लामाज्यू हो भन्ने कुरो यिनको कथा आदिबाट स्पष्ट हुन्छ ।"[३] डा. शर्माले लामाज्यूका उपासकहरू

१ लेकपर गाउँका शिक्षक श्री ओमबहादुर बुढा (५०) र समाजसेवी गोविन्द बुढा (६५) सँग २०७१।४।२४ र २०७०।१०।१० गतेको कुराकानीमा आधारित ।

२ सिँजा कनकासुन्दरीका पूजारी ईश्वरीनन्द उपाध्याय (८३) सँगको २०७०।०७।२१ गते गरिएको कुराकानीमा आधारित ।

३ प्रयागराज शर्मा, "पश्चिम नेपालको हिमालयमा पूजिने केही देवताहरु तथा त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेकपर गाउँका जनै नलगाउने तर मद खाने बुडा छेत्रीहरू हुन्[४] भने तापनि लामाज्यूका उपासकहरू सिँजा लगायतका धेरै ठाउँका क्षेत्री, ठकुरी सबै छन्। क्षेत्री भए पनि उनीहरू जनै लाउँछन् र मद खाँदैनन्। मानवशास्त्री डोरबहादुर बिष्टले कर्णालीका सबै खस क्षेत्रीलाई जनै नलगाउने (मतवाली) र मद खाने भनेर जुन हावादारी धारणा बाहिर ल्याए, त्यसलाई डा. शर्माले पनि अँगाल्न खोजे जस्तो देखिन्छ।

लामा-विष्णुकै प्रसङ्गमा सत्यमोहन जोशीको लेख अनुसार :

"त्यसबेला मुगुको दाउरा गाउँमा तिखो जूर (पत्थर) बाट पैदा भएका लामाज्यूले अवतार लिएका थिए। उनले मुगालीहरूलाई भूतप्रेतहरूबाट बचाइ दिएका थिए। यिनै लामाज्यूले यहाँ आई पिँजडा फोडी मष्टाहरूलाई छुटकारा गरिदिए। त्यसबेला लामाजुले मष्टाहरूसँग सोधे - तिमीहरूको शक्ति के कति छ ? मष्टाहरूले बोताँ गाउँको चिप्रे पाखामा बाख्राको रूप धारण गरी आ-आफ्नो शक्ति देखाउन थाले। त्यसैबेला लामाजुले बाघको रूप धारण गरेर देखाए। बाख्राका रूप लिने मष्टादेवहरू सब डराए र उनीहरूले लामाजुसँग नाता जोड्दै उनलाई ' मामा' भन्न थाले।"[५]

यस प्रसङ्गलाई लामाको पडेलीमा अलि फरक किसिमले प्रस्तुत गरिएको छ, जुन डा. गुन्टरको लेखमा पनि छ :

"चिप्ली पाखामा बाह्रभाइ मष्टा र नौ दुर्गा भवानीलाई भूतले एउटा पिँजडामा थुनेको थियो। यसैबीच लामाले उनीहरूलाई मुक्त गरिदिए र सोधे तिम्रो दैवीशक्ति के भयो ? लामाको आज्ञा अनुसार बाह्रमाइ मष्टा र नौ दुर्गा भवानी भेडाको रूप गरी चर्न थाले। लामाले बाघको रूप धारण गरेपछि उनीहरू डराए। उनीहरूले लामाज्यूसँग नाता जोडे। लामाले भने "तिमी मेरा भाञ्जा भयौ, मलाई मामा भन्नु"। यसरी साइनु लगाइसकेपछि लामाले भाञ्जालाई दक्षिणा दिए।"[६] लामा र मष्टाको यो सम्बन्ध जोडेको प्रसङ्गलाई

भेकको धार्मिक रुपको एउटा सामान्य चर्चा", कर्णाली प्रदेश एक विटो अध्ययन, भिमप्रसाद श्रेष्ठ (सम्पा.), (जुम्ला : वि.सं. २०२८), पृ. ९८।

४ उही।

५ सत्यमोहन जोशी, "कर्णाली लोकसंस्कृति : मष्टाका आलनहरु", प्रज्ञा, २ (२), (काठमाडौं : वि.सं. २०२९), पृ. ६०।

६ Gunter Umbesheid, "A God's Journey: The pareli of the God Lama from Lekpur (Sinja), *Kailash*, 1987, 13, No. 1-2, p. 64.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लामाको पडेलीका यी हरफले पनि प्रष्ट पार्दछन् ।

चिप्लीका पाखाअ ।
बाहै जो भाञ्जअ ।
नअै र बैनला ।
औतार गऱ्या छु ।
भीतै जो गऱ्या छु ।
सुन्खुरी[७] रूपअ लिया छन् ।
बागका[८] रूपअ लिया छु ।
औतार देखाया ।
मामा र भाञ्जको साइनु जो लगाया ।
दक्षिणा दिया छु ।

लामा र मष्टासँगको साइनु (नाता) कसरी जोडियो भन्ने बारेमा सत्यमोहन जोशीको कथन छ :

"हाटसिँजा गाउँदेखि उँभोको गानी भन्ने जग्गामा लामाज्यू बाह (१२) वर्षसम्म ज्ञानको निमित्त तपस्या गर्न थाले । बुडू गाउँका बुडूमष्टाले लामाज्यूको घडी-बेला हेर्ने पात्रो (बेलेपात्रो) चोरे । अनि मन्तरी लामाले चोरलाई पक्रिहाले । उनले चोरसँग भने "मेरो पार्तो किन चोरिस् ?" बुडू मष्टोले भने - "तिमी मामा, म भाञ्जा मलाई दक्षिणा देउ ।" लामाज्यूले भने-भाञ्जा भइस्, दक्षिणा दियाँ सत भीत चलेस, रजुवाली भएस् (शक्ति देखाएर अरूलाई वरदान दिन सक्ने) ।"[९] सत्यमोहन जोशीले उल्लेख गरेको यो प्रसङ्ग लामाको पडेलीमा पनि छ :

"गानी जा धाराअ ।
बाहै जो वर्ष अ ।
ज्ञानै जो गऱ्या छु ।
ध्यानै जो लगाया ।
सिँगाने[१०] भाञ्जले ।
बेलैजो पत्रअ चोरेछ ।

---

७ सुन्खुरी = भेडा
८ बाग = बाघ
९ सत्यमोहन जोशी, पूर्ववत्, सं. ५, पृ. ६०।
१० सिँगाने = बुडू मष्टा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माफै जो दिया छु ।
दक्षिणा दिल बोलिल्या ।
औतार लगाया ।"[११]

लामाज्यूको र बुङ्मष्टाको बारेको लोकोक्ति, लेकपर गाउँका ओमबहादुर बुढाका अनुसार :

"लामा गानी (हाट्सिँजा माथि) मा ज्ञान गर्न बसेको बेला बुङ्मष्टाले बेलपात्रो (बेलेपात्रो) चोरेर लिएछ । बुङ्मष्टासँग उक्त बेलपात्रो लिनको लागि जाँदै गर्दा टाढैबाट बुङ्मष्टाले 'मामा नमस्कार' भनेर ढोग गरे । यो भान्जलाई दक्षिणा दिया भनी मामा-भान्जको नाता जोडेका थिए । यसमा लामाज्यूको बडयाईं गरेको छ ।

नाम्म-गमगढी सडक निर्माणको क्रममा हाट्सिँजा पर लामागुम्बा (जहाँ माटाका चक्की पाइन्छन्) को माथि डोजर चलेन । पछि त्यहाँ मन्दिर बनाउँदा मात्र डोजरले काम गरेको थियो । त्यस्तै अर्को डोजरको दाँत गानी नजिकै (जहाँ लामाले ज्ञान गरेका थिए) मा धेरै पल्ट भाँचियो । अन्तमा सानो मन्दिर बनाइ पूजा गरेपछि मात्रै डोजरले काम गरेको थियो ।

अर्को फरक प्रसङ्गमा सत्यमोहन जोशी लेख्छन् :

"सिँजा खोला उपत्यकामा लेकपर भन्ने गाउँछ, यहीँ लामा-विष्णुको थलो छ । यहाँ पनि मष्टा थानमा झैं नै लिङ्गो छ र धामी पतुर्ने गर्दछन् । तर लामा-विष्णुको स्थानमा हिंसाकर्म वर्जित छ । यहाँका बुढा क्षेत्रीले लामा-विष्णुको धामी हुने बित्तिकै टोपी फ्याक्छ र लामाकै वेशभूषा पहिरी लामाकै भाषामा पतुर्ने गर्दछ ... यहाँ लामा-विष्णुलाई मानिसहरू लामा पनि उही र विष्णु पनि उही भनेर पूजाआजा गर्दछन् ।"[१२]

लेकपर कै अर्का वयोवृद्ध समाजसेवी गोविन्द बुढाका अनुसार लामाको नयाँ धामी नऔतेको २० वर्ष भयो । लामाको धामीले लगाउने रातो टोपी, रातो साना वाघका पाइला जस्ता बुट्टा भएको काम्लो, ल्हाम (पुराना भोटे जुत्ता) आदि कुहिन लागिसके नयाँ धामी औतेको छैन ।

लामा-विष्णुको पैठ र उत्पत्तिको कथा

लामा विष्णुको थानमा माघ पुनी, साउन, पुनी र ज्वारे पुनी गरी जम्मा

११ Gunter Umbesheid, *op. cit.*, No. 6, p. 65.

१२ सत्यमोहन जोशी, पूर्ववत्, सं. ५, पृ. ६३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीन पटक पूजा गरिन्छ । तर साउन पुनी र ज्वारे पुनी (दर्शैको पूर्णिमा वा ज्वारे पिठाहाको पूर्णिमा) मा धूमधामसँग पैठ गरिन्छ । लामा-विष्णुका धामी लेकपर गाउँकै खस जातिका 'थर' हुन्छन् । लामा-विष्णुका धामी छिर्मु बुढाको मृत्यु भएको २० वर्ष पुग्न लाग्दा पनि नयाँ धामी औतन सकेको छैन । छिर्मु बुढाका नाति हर्क बहादुर बुढा (धौला) हाल लामा-विष्णुका डाङ्रीको रूपमा काम गरिरहेका छन् ।

लेकपर गाउँका बयोवृद्धहरूका अनुसार लामाको धामी नऔते पनि लामा-विष्णुको शक्ति अझै कायम छ । उनीहरूका अनुसार लामाचौडमा बाँझो जग्गा देखेर केही गाउँलेले घर बनाएका थिए तर उनीहरूलाई सुवेन (शुभ भएन) र हाल ती गाउँलेहरूले लामाचौड छोडिदिएका छन् । त्यो चौड फेरि बाँझो मै परिणत भएको छ । धामी पतुर्दा पनि सिँजाली भाषा र लामा भाषामा पतुर्दछन् । लामा भन्नाले लामा बौद्ध मत अनुसारका आर्यावलोकितेस्वर हुन भने हिन्दू मत अनुसार भगवान् विष्णु पालनकर्ता हुन । त्यसैले यी दुई देव बीचमा पालन सम्बन्धी अवधारणाको बीचमा समन्वय र सामञ्जस्यता पाइन्छ । त्यसैले होला यी दुई देवलाई एउटै भनेर पूजा गर्ने परम्परा विकास भएको । कर्णाली प्रदेशबाट लामा-विष्णु मत गण्डकी प्रदेशमा आइपुगेपछि मुक्तिनाथको रूपमा विकसित भएको पाइन्छ । कर्णाली प्रदेशका मानिसहरूको लागि मुक्ति क्षेत्रको तीर्थ महत्त्वपूर्ण मानिन्छ, यहाँको तीर्थ नगरी फल पाईँदैन भन्ने विश्वास रहेको पाइन्छ ।[१३]

लामा-विष्णुको पैठ बारे सत्यमोहन जोशीका अनुसार :

"श्रावण पूर्णिमा, ज्वारे पूर्णिमा (असोजको पूर्णिमा), अनन्ते पूर्णिमा, कात्तिक पूर्णिमा, भैलो पूर्णिमा (मङ्सिरको पूर्णिमा), माघे पूर्णिमा, र बैशाख पूर्णिमामा लामा विष्णुको थलामा चारैतिरबाट बौद्धमार्गी भोटेहरू र अरू मष्टो सम्प्रदायका मानिसहरू भेला हुन्छन् । लामा-विष्णुले पशुको भोग नखाने भएकोले, यी देवतालाई टाटया हाल्या रोटी, खीर, सेजो (सत्तुको भोग) चढाउँदछन् ।"[१४]

पहिले नै भनियो लामा-विष्णुको पूजा खासगरी साउन पुनी, ज्वारे पुनी र माघ पुनीमा गरी जम्मा तीन पटक गरिन्छ । अरू पुनी

१३ जुम्ला सिँजा निवासी तुङ्गनाथ उपाध्याय (७२) सँगको कुराकानीमा आधारित (२०७१।६।१५) ।

१४ सत्यमोहन जोशी, पूर्ववत्, सं. ५, पृ. ६४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(पूर्णिमा) मा धूमधामसँग पूजा गरिँदैन। विभिन्न पूर्णिमाहरूमा संस्कृतिविद् सत्यमोहन जोशीले भनेजस्तो चारैतिरबाट बौद्धमार्गी भोटेहरू भेला हुन्छन् भन्ने चाहिँ होइन। पहिले-पहिले सिँजामा जाड गाउँ, जाड धारा, चौरी खर्क जस्ता स्थानहरू भएकाले बौद्धमार्गी भोटेहरू पनि आउँथे होलान्। जोशीले सेजो भनेको सत्तु हो भनेका छन्, तर त्यो सत्तु नभएर लामाज्यूलाई चढाउने जाँड हो। लेकपर लामा-विष्णुको थलामा साउनपुनी र ज्वारे पुनीमा बुढा-क्षेत्री र अन्य जात्रुहरू जम्मा हुन्छन्। ती जात्रुहरूमा सिँजा उपत्यका र वरपरबाट आएका ब्राह्मण, क्षेत्री, ठकुरी, कामी, दमाई सबै पर्दछन्। तर लेकपर गाउँमा लामा-विष्णु मान्ने बुढा-क्षेत्रीहरू छन्। लेकपर बाहेक ओदी लगायतका अन्य स्थानहरूमा पनि ठकुरी, रोकाया क्षेत्री, थापा क्षेत्रीहरू लगायत अन्य जातिहरू पनि जात्रुको रूपमा भेला हुन्छन्। सिँजाकै लामा-विष्णुको अर्को स्थान ओदीमा ज्वारे पुनीको एकादशी देखि चतुर्दशीसम्म राती र चतुर्दशी र पूर्णिमाको दिनमा त्यहाँको लामा-विष्णुको थानमा पैठ लाग्दछ। लेकपर र ओदीमा डोल्पा, हुम्ला, सुर्खेत दाङबाट बसाइँसराइँ गरेकाहरू र जात्रुहरू पूजाआजा गर्न आउने गरेको कुरा ओदी थानका विष्णुका धामी जनके रोकाया र लामाका धामी गोरे रोकाया बताउँदछन्।[१५]

लामा-विष्णुको पैठबारे डा. प्रयागराज शर्मा लेख्छन् :

"कथा अनुसार एकदिन लामाज्यूले छलगरी चतुर्दशीका दिन हुने आफ्नो पूजा विष्णुलाई दिँदा विष्णुले रक्सी खान पुगे जसले गर्दा उनको जनै चुडिन गयो। जात गयो। यसबाट लामाज्यूको बड्याइँ गरेको देखिन्छ।[१६] त्यसपछि दुवै देवले सम्झौता गरे जस्तो देखिन्छ।

लामा र विष्णुको पैठ यसरी नै अगाडि र पछाडि हुने भयो भनी लामा र विष्णुका ओदीका धामीले भनेका छन्। ओदीमा लामा र विष्णुका अलग-अलग धामी छन् भने लेकपरमा एउटै धामीलाई लामा पनि आउने र विष्णु पनि आउने हुन्छ। भोगको कुरा गर्दा सेजोको भोग पनि लाउने र दूधको भोग पनि लाउने गरिन्छ।

लेकपर (लेकपर) का तीन गाउँ मध्ये तल गाउँकाले मष्टो मान्छन्, माथि गाउँकाले महादेव मान्छन् भने माझ गाउँकाले लामा-विष्णु मान्दछन्।

१५ सिँजा ओदी गाउँका दानवहादुर थापाको सहयोगमा उपलब्ध धामीसँगको कुराकानीको विवरण (२०७१।४।११) मा आधारित।

१६ प्रयागराज शर्मा, पूर्ववत्, सं. ३, पृ. ९८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तल गाउँ र माथि गाउँकाले लामा-विष्णुलाई इष्ट देवताको रूपमा मान्दछन् । यसरी लामा विष्णुलाई पुरै लेकपरकाले मानेको पाइन्छ ।[१७]

लामा-विष्णुको पैठ अरू पुनी (पूर्णिमा) मा पुनीको दिन हुने तर ज्वारे पुनीमा किन चतुर्दशी भन्ने बारेमा लेकपर गाउँका शिक्षक ओम बहादुर बुढाले कथा सुनाएका थिए ।

"लामा र महादेवको (लेकपर माथि गाउँकाले महादेव मान्दछन्) पूजा तालिका हेरफेर बारेमा सम्झौता भएछ । लामाले सेजो (जाँड) भोग खाने, महादेवले पाठा (बोका) भोग खाने । पुनीका दिन लामाको पूजा भयो भने चौदशी (चतुर्दशी) महादेवको हुनुपर्‍यो । लामा मांसाहारी भएनन्, शाकाहारी भए । त्यसैले रगतको भोग खानु पर्ला भनेर बच्न ज्वारे पुनीमा लामाको पूजा चतुर्दशीमा हुन्छ भने महादेवको पूर्णिमामा । खशजातिले सेजो प्रयोग गर्दैनन् तर लामाको प्रसाद स्वरूप सेजो चाख्ने चलन छ । यो अरू देवताका धामी डाङरीले खाँदैनन् । लामाको धामी पनि अरूबेलामा सेजो (जाँड) खाँदैनन् । थारमालीमा लामाको पैठ भए पनि दूधको भोग लाग्छ । तर लामाको प्रसाद स्वरूप सेजो पूजामा मात्र चाख्ने गरिन्छ ।

लामा र महादेवको सम्झौता लागू भएन । पुनीको दिन लामा महादेवको थानमा पाठा काट्ने बेला फुत्केर गए । महादेवले लामालाई "मलाई सेजो खुवाइस्, तर मेरो खाने भोग नखाएर भागिस्" भनेछन् । "तो जाली होस् तेरो खान्या खुवाइस्, मेरो खाने खाइनस, मलाइ मतुवालो बनाइस्" भनेर महादेवले लामालाई भनेछन । आजभोलि पनि लामाको धामी महादेवको थानमा पतुर्ने तर पाठा काट्ने बेलामा पतुर्न छोडेर थानबाट बाहिर निस्कने गरेको पाइन्छ । एकादशी देखि पुनीसम्म लेकपरका गाउँलेहरूले मासु खाँदैनन् । यदि गाउँलेहरू एकादशी देखि पुनीसम्म टिक्न सकेनन भने पनि धामी डाङरीले मांसहार गर्दैनन् ।"

लेकपर गाउँमा अरू पैठहरू भए तापनि सबभन्दा प्रख्यात र ठूलो लामा-विष्णुको पैठ नै हो । साउन पुनीमा महादेवको पैठ चतुर्दशीका दिन हुन्छ भने लामा-विष्णुको पुनीका दिन हुन्छ । तर ज्वारे पुनीमा लामाको पैठ चतुर्दशीका दिन र महादेवको पुनीका दिन हुन्छ । यी पैठहरू मध्ये ज्वारे पुनीको चतुर्दशीका

---

१७ लेकपर गाउँका जाडबुढा, ७४, (हाल पुरन्धारा-३, हापुर दाङ बस्ने) सँग २०७०। ९।१३ गते गरिएको कुराकानीमा आधारित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन लामा-विष्णुको ठूलो पैठ लाग्दछ र टाढा टाढाबाट जात्रुहरू हेर्न आएका हुन्छन्। यी जात्रुहरू लामा-विष्णुका पाली बाहेक अरू सबै जातका मानिसहरू भेला भएका हुन्छन्। सबै खस जातिका मानिसहरू नै हुन्छन्।

लामा-विष्णुको पूजा हुने प्रमुख तीन पुनीः साउन, ज्वारे र माघमा घरथानमा रातमा दियो बालेर रमाइलो गरिन्छ। घरथान नजिकैको लामामाडुमा तिनै पुनीमा पूजापाठ गरिन्छ। ज्वारे पुनीमा थारमाली थानमा पैठ गर्नु अगाडि लामामाडु मै पैठ गरी पतुरेर थारमालीमा गएर धूमधामसँग पैठ गरिन्छ। असारमा पुनीको दिन थारमाली लामा-विष्णुको थानमा नुवा चढाउने गरिन्छ। थारमालीमा दुध, टाटया, र अरू शुद्ध भोजनको भोग लगाइन्छ। ज्वारे पुनीको पैठमा, लामा विष्णुको चतुर्दशीका दिन पैठ तथा पूजा लाग्दछ। उक्त दिन सुरुमा लामामाडुमा पैठ गरी सेजोकोभोग लगाइन्छ भने पछि पारि थारमालीमा थामीले सेजो हातमा नचाउँदै पतुर्दछन् र दमाहा बजाउनेलाई उक्त सेजो दिन्छन्, धामीले आफूले भोग गर्दैनन्। सेजो थारमालीमा थानभित्र पनि लिँदैनन्। थारमाली थान भित्र दूध चढाउँदछन् किनभने एउटै धामीलाई लामा अनि विष्णु आउने भएकाले हो। तर लेकपर गाउँकै लामामाडुमा साउन पुनी र माघ पुनीमा सेजोको भोग लगाइन्छ। ज्वारे पुनीमा पनि लामा माडुमा सेजोको भोग लगाइन्छ तर थारमालीमा धामीले त्यो सेजो भित्र लिँदैनन्। थारमालीमा दूधको भोग लगाइन्छ।[१८]

लामा-विष्णुको ओदीको पैठबारेमा तल चर्चा गरिन्छ –

ओदी गाउँ लेकपरबाट लगभग ५।६ घण्टाको पैदल दूरीमा पर्दछ। ओदीमा पुनीको दिन विष्णुको पूजा गरी १५० देखि २०० सम्म पाठा काटिन्छन। तर चतुर्दशीको दिन पाठा काट्ने काम गरिँदैन। सेजोको भोग लगाइन्छ। उक्त सेजो (जाँड) सुरुमा धामीले खान्छन् भने पछि प्रसादी (प्रसाद) को रूपमा पालीहरूले बाँडेर खान्छन्। ओदीमा अरू पुनीमा पूजा लागे पनि ठूलो पूजा र पैठ ज्वारेपुनीमा लामाको चतुर्दशी र विष्णुको पुनीका दिन हुन्छ। ओदीमा सेजो डाङ्रीले बनाउँदछन्। त्यसको लागि प्रत्येक घरबाट १-१ माना चामल दशैँमा उठाउनु पर्दछ। सेजोलाई भोग भनेर धामीले पनि खाने गर्दछन्। त्यस्तै अरू

---

१८ लेकपर गाउँका गोविन्द बुढा (६५), ओम बहादुर बुढा (५०), रामबहादुर बुढा (५०), दिप बहादुर बुढा (६३) सँग गरिएको कुराकानीमा आधारित।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पालीहरूले पनि प्रसादको रूपमा सेजो चाख्ने गर्दछन्। सिँजा क्षेत्रमा जाँड रक्सिको प्रचलन छैन तापनि लामा मान्ने हुनाले खश भए पनि प्रसादको रूपमा सेजो खाने गर्दछन्, नकि कुनै आधुनिक जमानाको ककटेल पार्टीको जस्तो। लेकपरमा जस्तै यहाँ पनि रातो रङ्गको बोखु (बख्खु) र अन्य लामाले लगाउने लुगाहरू नै धामीले प्रयोग गर्दछन्

ओदी लामा-विष्णुको उत्पत्ति बारे ओदीका विष्णुका धामी जनके रोकायाका अनुसार :

"अछामको जुजिका जिउला भन्ने ठाउँमा आइ विष्णुले आफ्नो अवतार गरेर धान लहलह बनाइ दिएको भनिन्छ। त्यसैबेला जुम्लाको सिँजा क्षेत्रबाट अछाममा व्यापारमा गएको बेला दुई भाइले विष्णुले सुन्ने गरी "विष्णु देवता हाम्रै ठाउँमा भैदिएको भए हाम्रोमा पनि धान यस्तै हुने थियो होला। हामी पनि विष्णुको पूजा गर्ने थियौं होला। यो विष्णुले सुनेछन् र एउटा भाइको डोकामा बसेछन्। जसको डोकामा बसे, उसलाई व्यापारमा लाभ भएको सपना देखाएछन्। व्यापार सकिएपछि दुवैजना पोरखेको लाग्ना हुँदै झुलाघाट पुगेछन्। त्यहाँ उनीहरूले डोकोमा ढुङ्गो देखेछन्। त्यो ढुङ्गोलाई फ्याँक्न खोजेछन्। फ्याँक्न खोज्दा त्यो ढुङ्गाले त्यो व्यक्तिलाई पनि तान्ने र धर्तीलाई पनि तान्न थाल्यो। त्यसपछि त्यो ढुङ्गालाई सुरक्षित राखी उनीहरूले घरमा लिएर आए। घरमा ढुङ्गा ल्याएकोमा श्रीमतीले "अरूले धन लिएर आए, यिनले ढुङ्गा ल्याए" भनेर त्यो ढुङ्गोलाई मलखाल्टोमा फ्याँकिछन्। मल सुवाडो (बारी) मा फ्याँक्ने क्रममा ढुङ्गो पनि त्यतै फ्याँकियो। एकदिन सुवाडोजोत्न जाँदा ढुङ्गा निस्कियो र श्रीमतीले कोदालाले त्यस ढुङ्गालाई हानिछन्।

ढुङ्गामा हान्दा एकठाउँबाट दूध र अर्को ठाउँबाट रगत निस्कियो। यसरी ढुङ्गाबाट दूध र रगतका धारा निस्किँदा उनीहरू नराम्ररी झस्किए। यतिकैमा विष्णुले लामालाई 'हरिजा लामा' भन्दै माथि लाग्ना (डाँडा) तिर गएछन्। तल गाउँ देख्दा तल झरेछन्। त्यहीँ लामा र विष्णुको भेट भएछ। विष्णुले ४२ अध्याय वेद लामालाई सुनाएछन्। लामाले पनि औतार गरेछन्। त्यसैदिन देखि दुवै जना दाइ-भाइ नाता लगाए। लमाले विष्णुलाई सेजो (जाँड) खुवाए भने विष्णुले लामालाई जनै लगाइदिए। दुवै बीच सुमधुर सम्बन्ध भयो। यसरी यी दुई देवले आफ्नो पूजा गर्न ज्वारेपुनीको चतुर्दशी लामाको र पुनीको दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुको पूजा लाग्ने र पैठ गर्ने चाँजोपाँजो मिलाए ।[१९]

लामाको उत्पत्ति शुक्रबारको दिन तिखे जूर (चुच्चे ढुङ्गा) बाट दाउरा नदीको किनारमा सानो बच्चाको रूपमा भएको मानिन्छ । अर्थात् लामा उक्त तिखे जूरबाट जन्मेका थिए । उनी जन्मेको स्थानमा खिड्खिडे ढाँड (स-साना ढुङ्गा भएको स्थान) थियो । त्यो सानु बच्चालाई च्यूँच्यू भन्ने जाड र सीरा भन्ने जडेनीले पालेका थिए । ती जाड जडेनीलाई लामाले बुवा र आमा भनेर आफ्नो पडेलीमा बोलेका छन् । लामाको पालनपोषण ती वृद्ध जाड दम्पतिले गरे । लामा बाह्र वर्षको उमेरमै मुगुको प्रसिद्ध तीर्थस्थल छायानाथमा १२ वर्ष ज्ञान गरेको र त्यहाँ औतार पनि गरेका थिए । लामा खोचेर पुगेर पनि ध्यान गरेको कुरा ओदी गाउँको लामा-विष्णुको किंवदन्तीबाट थाहा हुन्छ । लामाको पडेलीमा आधारित अर्को उप-शीर्षक "लामाको क्रियाकलापहरूको सार" मा लामाको उत्पत्ति देखि ज्ञान, औतार आदि बारे बयान गरिएको छ ।

लामा-विष्णुको भीत र लामा र बदरीनाथको कथा

मष्टा देवता र अरू देवताको जस्तै लामा-विष्णुका पनि भीत छन् । लामाको पडेली अनुसार : मुगु गाउँमा निफूर्की थाडी (कहिल्यै बच्चा नजन्माउने आइमाई) बाट बच्चा जन्मेको; लामाको लठ्ठीले गाबु गाँडो, चुली गाँडो र भैंसे गाँडो बनाएको; ढुङ्गेधारामा भूतको जेवालो धस्काएको; घोडामौलाको भूत दबाउको; ओदी गाडका भूत दबाउको; झुलाघाटमा झुङ्गलो लगाएको; दूध कुवा बनाएको; चाल्नुमा पानी बोकेको; राधे डोकामा चीनु (एक प्रकारको अन्न) बोकेको, आदि धेरै भीतहरू बारे उल्लेख छ ।

लेकपर गाउँका शिक्षक ओम बहादुर बुढाका अनुसार लामा-विष्णुका धामी छिर्मु बुढाले ढुङ्गामा पाइला (पैतालाको डोव) पारेका थिए, नुन निकाले, दूध निकाले, खोपा भित्र छिरे आदि गरे । तर केही आलोचकहरूको भनाइमा छिर्मु धामीले ढुङ्गामा आफै पाइला बनाएका थिए भन्न समेत भ्याएका थिए ।

लामाकै पालामा लामा आफैले छोडेको लामाको पाइलो भने खोला चौखीमा आजभोलि पनि देख्न सकिन्छ । खोला चौकी भएर यताउता गर्ने मानिसहरू लामाको पाइलामा पाती चढाउँदछन् । पाती लेकपरकाले मात्रै चढाउँदैनन् ।

---

१९ ओदी गाउँका दानवहादुर थापाको सहयोगमा विष्णुका धामी जनके रोकायाको भनाइमा आधारित (२०७१।४।११) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिँजाका ओहोरदोहोर गर्ने मानिसहरू के ब्राह्मण, के क्षेत्री, के कामी सबैले लामाको पाइलामा श्रद्धापूर्वक पाती चढाउँदछन् ।

लामाको पाइलाको प्रसङ्गमा लेकपरका गोविन्द बुढा भन्छन्, "लामाले भीत गरेर ढुङ्गामा पाडेको पाइलो ठ्याम्मै ल्हाम (पुरानो भोटे जुत्ता) लगाएर पाइलो पाडे जस्तो छ ।" उक्त लामाको पाइलो नजिकै योगी नरहरिनाथको पुस्तकमा उल्लेख भएको, "ॐ मणि पद्मे हुँ ॥ श्री रिपु मल्ल. . .' इत्यादि खण्डित छ" [२०] भन्ने अभिलेख अझै पनि बाध्या पहरामा पढ्न सकिन्छ ।

लेकपर गाउँका लामा-विष्णुका धामी छिर्मु बुढाले जुम्ला जिल्लाको सदरमकुाममा देखाएको भीतबारे सिँजा लेकपरका ओम बहादुर बुढाले बताएका छन् :

"हाटसिँजा गाउँसँगको खचमचमा छिर्नु बुढा (धामी) लाई पक्रेर तत्कालीन अञ्चलाधीस कहाँ पुऱ्याएछन् । रङ्गवीर शाही त्यसबेलाका सिँजाका तर्फबाट खलंगामा गुणात्मक नेतृत्व दिइ सबै समस्या समाधान गर्दथे । धामी पक्रिएको थाहा पाएर रङ्गवीर शाही धामी किन पक्रिए भनेर भेट्न आए । रङ्गवीर शाहीले बडाहाकिमलाई बिन्ति गरे "यी लामाका धामी हुन्, हतकडी फुकाउनु पऱ्यो । मेरो जमानीमा छोड्नु पऱ्यो ।" बडाहाकिमले भने धामी हुन् भने धमेलो गर्नुपऱ्यो, तपाईको जमानीमा आज घर लिएर जानुस् । बडाहाकिमलाई धमेलो गर्ने स्थान लिपपोत गरेर राख्नुहोला भन्दै धामीलाई आफ्नो घरमा लिएर राखे । अर्को दिन रङ्गवीर शाहीले धामीलाई बडाहाकिम कहाँ लिएर गए । धामीलाई नुहाउन पानी दिए, नुहाउँदै गर्दा देवता चढ्यो । पानी छचल्किन लाग्यो । धामीले गादीमा फूलचामल लिएर सिकापाती निकाले । बडाहाकिमलाई निधारमा सिकापाती लगाइदिए । धामीले बडाहाकिमको तीन पुस्ताको बारेमा भूत, भविष्य, वर्तमान बताइ दिए । त्यसपछि बडाहाकिम प्रभावित भए र धामीको मुद्दा जिताइ दिए । धामीलाई घोडा चढाएर लेकपर पठाउने विचार बडाहाकिमले गरे तर लामाको धामीले घोडा चढ्न हुँदैन भन्ने परम्परा भएकाले बाजा बजाएर सम्मानका साथ लेकपर पुऱ्याए ।

त्यसपछि पनि छिर्नु धामीलाई मुद्दा लगाउने हाट्सिँजा गाउँका मान्छे देखे भने उनले सिकापाति निकाल्थे रे । लेकपर धारादेखि माथि दियारको रुखसम्म घोडा चढ्न हुँदैन भनिन्छ । त्यस्तै मान्छे बोकेर पनि उक्त स्थानभित्र हिँड्नु हुँदैन

---

२० योगी नरहरिनाथ, इतिहास प्रकाश, २ (१), (काठमाडौं : वि.सं. २०१३), पृ. ७९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने चलन छ। तर लेकपरका जाड बुढा जस्ता बयोवृद्धको भनाइ अनुसार पहिले छिर्मु धामीलाई राम्रो देवता चढ्दथ्यो वा देउता आउँथ्यो। तर पछि उनले नै देउता बिगारे र हालसम्म पनि लामाको धामी औतन सकेको छैन।

सिँजाको लेकपर गाउँ जस्तै अर्को गाउँ ओदीमा पनि लामा-विष्णुको देवताले पैठ वा जात्राको दिन आफ्नो अवतार देखाउने गरेको पाइन्छ। लामाले निगालाको जङ्गलमा कस्तुरी उभिएको र सेता चमकिला ढुङ्गा देखाउने र विष्णुले सिकापाती निकाल्ने गरेको लामाका धामी गोरे रोकाया र विष्णुका धामी जनके रोकायाको भनाइ छ। ओदीमा लेकपर जस्तै एउटै धामीलाई लामा र विष्णु आउने गर्दैन। यहाँ हाल पनि लामा र विष्णुका दुई छुट्टाछुट्टै धामी छन्।

लामाकै सिलसिलामा जनकलाल शर्माले लामा र बदरीनाथको कथा र चौरीगाईको पुच्छर किन पवित्र मानिन्छ भनेर रोचक ढङ्गले चर्चा गरेका छन्।[२१] मष्टाको बदरीनाथसँगको सम्बन्ध र लामाको कुरा भएकाले यहाँ उक्त कथालाई जोड्न खोजिएको छ।

"बाबा बदरीनाथ पहिले सतलजको किनार (पश्चिमी तिब्बत) को थोलिंग नामक गुम्बामा बस्तथे। त्यो गुम्बा आज पनि कायमै छ। लामाहरू उनको पूजा गर्दथे। तर लामाहरूमा भक्षाभक्षको ध्यानविवेक थिएन। लामाको यो अनाचार उनलाई मन परेन। एकदिन लामाहरू ढोका बन्द गरेर निश्चिन्त सुतेका थिए। यस सुवर्ण मौकालाई सदुपयोग गर्ने विचार बदरीनाथ बाबाले गरे। ढोका खोले लामाले थाहा पाउने। त्यसकारण ढोका माथि एउटा प्वाल बनाएर बाबा बदरीनाथ त्यतैबाट बाहिर निस्केर भागे। त्यो प्वाल आज पनि कायम छ। बदरीनाथ भागेको केही बेरपछि लामाहरूले थाहा पाए। लामाहरू बदरीनाथको खोजीमा हिँडे। बदरीनाथले पनि लामाहरू आफूलाई पछ्याउँदै आएको कुरा थाहा पाए। लामाहरूले उनलाई भेट्टाउन लागेको कुरा उनलाई थाहा भयो। त्यहाँ चौरीगाई चरिरहेका थिए। बदरीनाथ सूक्ष्मरूप धारण गरेर चौरीका पुच्छरमा लुके। लामाहरूले यताउता बदरीनाथलाई खोजे तर त्यहाँ भेटेनन्। चौरीगाईको यस उपकारका बदला चौरीको पुच्छर पूज्य र पवित्र मानियोस् भन्ने बरदान चौरीलाई दिए र त्यहाँबाट अघि बढे। यसै कारण चौरीको पुच्छर आज पनि चंवरको रूपमा पवित्र मानिन्छ।

---

२१ जनकलाल शर्मा, कौतुकमय डोल्पो, (काठमाडौं : वि.सं. २०३१), पृ. ५२-५३।

Nepal Sanskrit University, Baimeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै प्रकार बदरीनाथ अघिअघि, लामा पछि पछि गइरहेका थिए। बदरीनाथले एकठाउँ लामाहरू आफ्नू समीपमा आएको देखे। लामाले अव भेट्टाउन आँटे भन्ने कुरा बदरीनाथलाई लाग्यो उनले लामाहरू आइरहेको बाटामा एउटा आगाको लामो पङ्क्ति बनाए। तैपनि लामाहरू त्यसको वास्ता नगरी अघि बढे। फलस्वरूप लामाका सबै दाही जूँघा आगामा ज्वालाले डढेर खुइलिए। त्यसैदिनदेखि भोटेका दाही जूँघा आउन छोडे। बदरीनाथ अघि बढ्दै गए र आजको बदरीनाथ मन्दिरमा पुगे। यिनी त्यसै दिनदेखि बौद्ध देवता भए पनि हिन्दू देवता भएर पूजिन थाले।" यसरी कर्णाली प्रदेश लगायतका स्थानहरूमा देवी देवताका कथाहरूमा पनि समन्वयात्मक संस्कृति भेटिन्छ।

पडेलीमा आधारित लामाको क्रियाकलापहरूको सार

लेकपर गाउँका छिर्नु धामीले पडेको पडेलीलाई आधार बनाएर औतारी लामाका क्रियाकलापहरूको चर्चा गरिन्छ। धामीको जिउमा मष्टा वा अन्य देव चढेपछि स्वयं धामीले मष्टाको प्रतिनिधित्व गर्दै गाउने गीतलाई पडेली भनिन्छ। भिन्न भिन्न मष्टा र भिन्न भिन्न देउतीहरूका आ-आफ्ना पडेलीहरू हुन्छन्। आँगमा देउता चड्न थाले पछि गादीमा बसेर घण्ट बजाउँदै धामीले पडेली भन्न थाल्छन्।[२२]

लामाको धामी नऔतेको २० वर्ष बढी भैसक्यो। त्यसैले ताजा पडेली रेकर्ड गर्न सम्भव भएन। यसो भए तापनि पडेली त जुन धामी भए पनि एउटै हो, फरक पर्ने कुरो पनि भएन। त्यसैले विभिन्न स्रोतहरूबाट प्राप्त पडेलीलाई[२३] आधार बनाएर लामाका सत, भीत, यात्रा, लडाई, नाता जोडेको कुराहरू जस्ता विभिन्न क्रियाकलापहरूलाई यहाँ समेटिएका छन्।

सिँजा क्षेत्रमा लामाको बारेमा प्रायः व्यक्तिहरूबाट सुनिने कथाहरू पडेलीमै आधारित पाइएका छन्। लेकपरमा जुन धामी लामाको प्रतिनिधित्व गर्दछन् ती धामीले नै विष्णुको पनि प्रतिनिधित्व गर्दछन्। यहाँ लामाको पडेलीलाई मुख्य आधार बनाएर लामाका क्रियाकलापहरूको छोटो चर्चा गरिन्छ।

दाउरा गाउँको तिखे ढुङ्गाबाट शुक्रबारका दिन जन्मिएका लामालाई वृद्ध

२२ प्रदिप रिमाल, कर्णाली लोक संस्कृतिः साहित्य, सङ्गीत र कला, भाग ५, (काठमाडौं : वि.सं. २०२८), पृ. १४।

२३ Gunter Umbesheid, *Op. cit.*, No. 6, pp. 49-98; सिँजालुङ्कु, लेकपर र अरु गाउँका वयोवृद्ध व्यक्तिहरुवाट प्राप्त सूचनाको आधारमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोटे जोडीले पालनपोषण गरे । त्यसको केही समयपछि बाह्र करान हल्लाएर औतार गरेको कुरा पडेलीमा छ । वाइस चुम्मा, वाइस ज्ञान, बाइस भीतको कुरा पनि यसमा छ । लामा त्यहाँबाट गराली काँध, जहाँ छिपछिपे पानी थियो मा जान्छन् । गराली काँध मुगु र करान भेकको बीचमा पर्दछ ।

लामा मुगुको नाक्चे लाग्नाबाट प्रस्थान गरेको देखिन्छ । तिब्बत पुगेपछि त्यहाँ बाह्रभाइ मष्टा र नौ दुर्गा भवानी (मष्टा लामाका भाञ्ज, नौ दुर्गा-लामाकी बहिनी) सँग भेट भएको थियो । यो भेटलाई पडेलीमा यसरी प्रस्तुत गरिएको छ :

"बाह्रै जो भाञ्जयौं ।
नौ बहिनीऔं भेटयानी ।
बन्डयासी गऱ्याको देख्यानी . . . ।"

लामाले मष्टाका भाइहरू भेटेको बेला उनीहरू जग्गा बाँडफाँड गर्दै थिए । त्यहाँ लामाले ज्ञान र ध्यान गरे । फेरि लामा गराली लाग्ना हुँदै मुगु पुग्छन् । मुगुमा थारी महिला बस्दथिन् । लामाको वरदानबाट ती थारी महिलाको छोरा जन्मियो । उनको गोठमा गाईले लाउरु (बाच्छो) पाइन् । आमाले औतार गरे, अनि बाह्र करान पुगेछन् । उनले बाइस चिस्टिम चीनेछन् (बनाएछन्) । उनी बाह्र करान हल्लाएर सिरानी स्वाँडा (डोल्फु माथि) पुगेछन् । त्यहाँ पनि औतार गरेछन् । त्यसपछि लामा बाग्रेओडारमा आएछन् । यो ओडार लाँगु र मुगु नदीको दोभान, मुगु उपत्यकामा पर्दछ । चिस्टिम चीनाए वा बनाउन लगाए । लामा बाह्रवर्ष औतार गएछन् ।

लामा गावुगाँडा (दाउरा गाउँ र छाइल गाउँ बीचको घाँटी) गएछन् । गावु गाँडामा मान्छे र भेडा रोकिएका थिए । लामाले आफ्ना गुर्जी लौरो (लट्ठी) ले सो गाँडो बनाए । रोकिएका मानिस र भेडालाई ओहरदोहर गराए । लामाले ज्ञान गरे । त्यसपछि भारी शास्त्रका पुस्तकहरू पढे । त्यहाँबाट लामा ढुङ्गेधारा (माङरी गाउँको नजिकै मुगु कर्णालीमा पर्ने स्थान) मा पुगे । त्यहाँ भूतको राज्य थियो । भूतले लामालाई खत्तम पार्न ढुङ्गाको जेवालो हालेको थियो । लामाले राक्षस दबाउ, जेवालो पनि धस्काए । लामा छाइलमा पुगे, त्यहाँ पनि भूत दबाउ । त्यसपछि लामा धौल्याधारा (थार्प नजिकै) पुगेछन् । त्यहाँ उनको थार्प मष्टासँग भेट भएछ । थार्पमष्टासँग भाञ्ज नाता लगाएछन् । थार्प मष्टाले लामालाई छापविदो दिएछन् । लामा आरुखाडा (घुच्ची लेखको तल) पुगेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूतको राजलाई खतम गर्दै भूतलाई आइन्दा कसैलाई बिगार्ने छैन भनेर वाचा खुवाएछन्। लामा चौथाचौर पुगेछन्। त्यहाँ ठूलो कचहरी थियो। भूतको ठूलो राज्य थियो। भूतले ढुङ्गाको जेवालो हालेको थियो।

लामाले सुनका जुत्ता लगाएको, हुक्कामा तमाखु खाएको कुरा पनि बताएका छन्। लामा खुतुक्क हाँसेछन् अनि ढुङ्गाको जेवालो धस्काएछन्। भूतको कचहरी टुटाएछन्। लामाले आफूले भनेको पुऱ्याए। गुर्जा लौरी घुमाए, भूतको राज्य टुटाए।

लामा त्यहाँबाट घोडामौला (चौथा र बोता गाउँको बीच) पुगेछन्। त्यहाँ खतरनाक भूत थियो। त्यो भूत खन्चुवा पनि थियो। लामाले आफ्नो घोडा बाँधे छन्। चिस्टिम पनि चीनया छन् (बनाएछन्), ढुङ्गामा प्वाल पारेछन्, गुम्बा[२४] बनाएछन् र औतार पनि गरेछन्।

लामा चिप्लीपाखा (बोता पोरि, स्याँलाका साँगु वारि) पुगेछन्। त्यहाँ "बाह्रै र भाञ्जाऔ नवै र बहिनी" भनेर पडेलीमा परेकाले बाह्र माइ मष्टा र नौ दुर्गा भवानी पनि त्यहीँ रहेछन् भन्ने बुझिन्छ। लामाले भीत गरेछन्। मष्टाले पनि भीत गरेछन्। लामा र मष्टाको मामा-भाञ्जाको नाता पनि लाएछन्। त्यहाँ लामाले भाञ्जालाई दक्षिणा पनि दिएछन्।

लामा त्यहाँबाट गानीधारा (हाट्सिँजा र वोता गाउँको बीचमा) पुगेछन्। त्यहाँ उनले बाह्रवर्ष ज्ञान गरेछन्। ध्यान पनि गरेछन्। गानी धारामा ज्ञान गर्दा सिंगाले भाञ्ज (बुडू मष्टा) ले बेलेपात्रो चोरेपछि लामाले भाञ्जले चोरेकोले माफ दिए। बुडू मष्टाले पनि "दक्षिणा दिअल" भनेछन्। लामाले त्यो बेलेपात्रो दक्षिाणा दिए। त्यहाँ लामाले औतार पनि गरे।

लामा चुलीगाँडा पुगे। त्यहाँ रोकिएका मान्छे र भेडालाई हिँड्ने बाटो आफ्नो गुर्जा लौरीले बनाए। त्यसपछि लामा घास (घाँस) ओडार पुगे। उनले त्यहाँ बाह्रवर्ष गुम्बा बनाए, गुम्बा चलाए। आजभोलि पनि घास ओडार नजिकै पहराको खोल्सामा लामाका माटाका चक्कीहरू पाइन्छन्। त्यस स्थानलाई मानिसहरू लामा गुम्बा भन्दछन्। ती माटाका चक्की बारे डा. सूर्यमणि

---

२४ घोडामौलामा हिमानदीको पारितिर मानिस जान नसक्ने पहरोमा लामाको सानो गुम्बा केही वर्ष पहिले देख्न सकिन्थ्यो। गाउँलेको भनाइअनुसार तस्करहरुले यसभित्र के छ ? भनेर भत्काउँदा केही वर्ष अगाडि सम्म यो लेखकले पनि देखेको सानो गुम्बाको हाल निसाना मात्र देखिन्छ। द्वन्दको समयमा यो भत्काएको हो भन्ने भनाइ छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकारी लेख्छन् :

"सिञ्जा राजप्रसाद क्षेत्रनजिकै सिम्पाटी लामा गुफामा बौद्ध मन्त्र अङ्कित माटाका चक्कीहरू पर्याप्त पाइएका छन्। महायानी बौद्धमार्गीहरू बौद्ध धर्मको विस्तार र पुण्यको कामना गरी यो मन्त्रलाई यथासम्भव व्यापक रूपमा प्रचार गर्ने गर्दछन्।"[२५] माथि भनिएका लामाका चक्कीहरू सिम्पाटीका होइनन् तापनि उस्तै प्रकारका लामाका चक्कीहरू घास ओडार नजिकै आजभोलि पनि पाइन्छन्। राजप्रसाद क्षेत्र नजिकै घासओडार पर्दछ लामाका यी चक्कीहरू जति निकाले पनि फेरि त्यति नै जम्मा हुन्छन् भन्ने भनाइ छ। लामाले घास ओडारमा ज्ञान पनि गरे।

पडेली अनुसार त्यस समयमा जालन्धरी राजा राज्य गर्दथे। उनकी रानी झुमा जस्तै थिइन्। लामाले मसिनो धागो बाँधेर लामाथाडा घास ओडार माकुरो जस्तै वारपार गर्न थाले। यसमा लामाथाडा भनेर कनकासुन्दरी मन्दिर नजिकै भएको लामाथाडालाई भने जस्तो बुझिन्छ। सिँजाकै लुङ्कुमा पनि लामाथाडा भएको कुरा "लुङ्कु लामा थाडा" भन्ने उक्तिबाट स्पष्ट हुन्छ। लुङ्कुलाई 'काशीको कुनु' पनि भन्दछन्। सिँजा लुङ्कुका समाजसेवी श्री अग्निराज उपाध्यायको भनाइ अनुसार लुङ्कुलाई अजम्मगड पनि भनिन्छ। सिँजा खोला उपत्यकामा खेलिने भैलो माः "ऐर देखि भैलो लुङ्कु लामाथाडा आयो लुङ्कुका भैलाले राजगुरू पायो" भन्ने उल्लेख भएबाट यसको महत्त्व झल्किन्छ। तर आजभोलि त्यहाँ पहिलो जस्तो अवस्था छैन।

लामाले त्यसबेला बोखु (बख्खु) लाएका थिए, उनी साधारण मानिस जस्तै देखिन्थे। राजाले 'लुप्की' लगाउने 'थुप्की' खाने भनेर लामालाई होच्यायजस्तो गरे भनेर लामाले पडेलीमा भनेका छन्। तर रानी सचेत थिइन, राजालाई लामाको यथेष्ट सम्मान गर्ने सल्लाह दिन्छिन्। लामाले राजालाई भने "मेरो र बहिनीको नजिकै छुट्टाछुट्टै खोपा बनाइदेउ म यही बस्छु।" राजाले मानेनन्। राजप्रसादमा नौहारे (नौ हार भएको कचहरी) चलिरहेको थियो। अप्रासङ्गिक रूपम लामा खुतुक्क हाँसे। यो कुरालाई उनले पडेलीमा "खुतुक्क हाँस्यानी" भनेर स्पष्ट पारेका छन्। लामा हाँसेकोमा राजा बेसरी रिसाएछन्। लामाले भनेछन्, "झुलाघाटमा पात्तिनी (नाच्ने महिला) नाच्दा उसको लहङ्गा खुस्कँदा

---

२५ सूर्यमणि अधिकारी, खश साम्राज्यको इतिहास, (काठमाडौं : वि.सं. २०६१), पृ. २१४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँ भएका सबै हाँसेकाले म पनि हाँसेको हुँ । मैले तपाइसँग हाँसेको होइन ।" राजाले भनेछन्, "तिमी यहाँ कचहरीमा बसिरहेका छौ भने झुलाघाटमा भइरहेको घटनाको वर्णन गरिरहेका छौ ।" लामाले राजालाई उक्त घटनाबारे विश्वस्त पारेपछि राजाले सबै घडी बेला लगायत टिपोट गरी दुइजना सिपाही झुलाघाट पठाए । लामालाई यो घटना प्रष्ट नहुञ्जेल त्यहीँ राखियो । फेरि ठूलो सभा भैरहेको बेलामा लामाले आफ्नो बोखुको बाहुला निथारे । त्यसबेला आकाशमा बादल पनि थिएन भने जमीन भिजेको पनि थिएन । झुलाघाटमा लगाएको ताँगुलो चूडिँदा ती सिपाही पानीबाट तानेर बाहिर ल्याउँदा बाहुला भिजेको कुरा लामाले बताए । नभन्दै ती दुईजना सिपाही फर्केपछि त्यही लामाले उनीहरूको ज्यान बचाएको कुरा बताए । लामाको यस्तो चमत्कारलाई राजाले खासै वास्ता गरेनन् । लामाले दूध कुवा निकाले, पानी कुवा निकाले (हाल साउवाडा अगाडि स्यूवाध नजिकै दूध कुवा र पानी कुवा छन्), धोवीघाट बनाए ।

लामालाई उनको शक्तिको परीक्षण गर्न फेरि केही कार्यहरू दिइयो । ती कार्यहरूमा : राधे डोकामा चीनू (मसिनो एक प्रकारको अन्न) बोकाउन लगाइयो, चाल्नुमा पानी बोकाउन लगाइयो । गल्लडा ढुङ्गा बोक्न लगाइयो, बालुवाका मूठी पार्न लगाइयो । लामाले सुम्पिएका सबै परीक्षणहरू सफलतापूर्वक सम्पन्न गरे ।

जालन्धरी राजाको बारेमा लामाको पडेलीमा उल्लेख भए पनि सिँजाली राजाको वंशावलीमा भेट्टाउन गाह्रो पर्छ । लामाले त्यहीँ औतार पनि गरे । राजालाई कुमेसो लागेकोले लामाले भनेको मानेनन् । राजाले लामालाई रङ्ग गर्‍यौ कुरङ्ग गर भनेछन् । लामाले विजय मन्दिर हल्लाए, विजय मन्दिर जालन्धरीको राजधानी हुनुपर्छ । उनले स्यूवाध जुधाए, लामाथाडा हल्लाए । राजाले 'जाडै जुठेरी लुप्का लगाउने थुप्का खाने' भनेर लामालाई हेपेको कुरा पनि पडेलीमा छ ।

त्यसपछि लामा सिम्पाटी गाउँ नजिकैको हँडेखोली भन्ने ठाउँमा गएछन् । डा. सूर्यमणि अधिकारीले माटाका चक्की पाइने स्थान भनेको यहीँ ठाउँ हो । लामाले हँडेखोलीमा पनि ध्यान गरे । त्यसपछि लामा सिँयालकोट पुगेछन् । सिँयालकोटकी (हाटसिँजाको पारिपट्टि) बाम्नी (ब्राह्मणी) ले लामालाई दूध चिउराको भोग लाइछन् । उनलाई लामाले वरदान दिएछन् । त्यसठाउँमा पानीको साह्रै अभाव रहेछ, लामाले आफ्नो शक्तिले लट्ठी प्रयोग गरी पानी निकालेछन् । लामाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकालेको पानी हँडेखोली नजिकै आजभोलि पनि देख्न सकिन्छ ।

लेकपरका बयोवृद्ध भक्त बहादुर बुढा (हाल पुरन्धारा-३, हापुर दाङ बस्ने) का अनुसार लेकपरका गाउँलेहरू पहिले यही सिँयालकोट भन्ने स्थानमा बस्दथे । लेकपर (लेकपर) त यहाँको लेक हो । तर लामाको पडेली अनुसार यहाँ ब्राह्मणको पनि बस्ती रहेछ भन्ने बुझिन्छ । एउटी ब्राह्मणीले लामाको पूजा गरेको कुराले लामा लेकपरका 'थर' वा क्षेत्रीका मात्र पूज्य नभएर सबैका थिए भन्ने बुझिन्छ । लामाले निकालेको पानी घर्तीले चोरेछ र उसलाई "एकको एक मात्र होस्" भन्ने र सिँयालकोटकी बाम्नीलाई "एकको एक्काइस् होस्" भन्ने वरदान दिए । यसरी ब्राह्मणीले लामाको पूजा गरे पछि वरदान पाइन् । लामाको परीक्षण गर्नलाई राजाले अहाएको कामलाई लामाले पडेलीमा व्यक्त गरेका छन् :

"राधेजा डोकाअ ।
चीनै जो बोक्यानी ।
टोट्या जा चाल्नाअ ।
पानी जो बोक्यानी ।
बालुका मुठाअ पाडयानी ।
गल्लाडा ढुङ्गाका ।
बिटाअ बोक्यानी ।
रङ्गै जो गय्यानी ।
कुरङ्गै गय्यानी ।
लामथाडो हल्लाया ।
सिउवाघ जुधाया ।
नौहारे कचहरी ।
भोक्ती (धेरै) जो गय्यानी ।
औतार भीतअ ।
सत्यअ, ज्ञानअ, ध्यानअ ।
भारी जा पुस्तक
भारी जा वेदअ लगाया ।

लामाले पाँच कुरा, औतार, ज्ञान, ध्यान, सत्य, भीतको प्रभावले यो सबै गर्न सफल भयो भन्ने सङ्केत दिएका छन् । उनले वेद पढेको कुरा र अन्य धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रका पुस्तक पढेको पनि बताएका छन् ।

त्यहाँबाट लामा चौखीचौर (धोवीघाटको पारिपट्टि) पुगेछन् । लामाले त्यहाँ आफ्नो पाइलो छोडेछन् । लामाको पाइलो बारेमा अगाडि नै चर्चा भैसकेको छ । त्यहाँ लामाले चौपिडा (जूवा) पनि खेलेछन् ।

लामाले बहिनीको बास भएको स्थानलाई बताउँदै, "फलैजा वृक्षअ, बैनाको बासअ" भनेका छन् । देवीको थानमा रुखहरू रहेछन् भन्ने बुझिन्छ । भुरसैनको माथि मालिकामा आरुको रुख छ, लामाले ती मालीकालाई फलको वृक्ष भएको स्थानमा बहिनी बस्छिन् भनेर सङ्केत गरेका छन् ।

लामाले औतार गराए । हिऱ्या लाटो (ह्याँकर) लाई भाञ्ज बनाएको र घुँडाले कोचेर पानी निकालेको कुरा पनि पडेलीमा परेको छ । लेकपरबाट केदार (बुदबुदी) जाने बाटोमा पर्ने खाममा पनि लामाले पानी निकालेको स्थान छ । चौखी खोला (जहाँ लामाको पाइलो, रिपु मल्लको अभिलेख छ) नजिकै ह्याँकर (प्रेतात्मा, जसलाई लामाले भाञ्ज भनेका छन्) को स्थान छ । पाखुडे रुख (मसिना रुख) भएको स्थानमा बहिनी बस्दछिन् भनेर लामाले देवीहरू वा दुर्गा भवानीलाई भनेका छन् ।

त्यहाँबाट लामा मालुवाफट्का आएछन् । यो मालुवा फट्का भन्ने स्थान धिताल लिही र आचार्य लिहिको बीच हिमानदीमा पर्दछ । मालुवा फट्काको भूतले उत्पन्नै (अचाक्ली) गरेको रहेछ । लामाले भूत दबाउँछन् । उनले भैसेगाँडाको गाँडोलाई बनाएर आवागमनलाई सहज बनाइदिए । यो गाँडो सिँजाका अष्ट्यारा गाँडाहरू मध्ये पर्दथ्यो । लामाले घोडामौलाको जस्तै मालुवाफट्कामा गुम्बा बनाएका थिए ।[२६]

लामाले पडेलीमा दिपारगाउँका र बडकीकालाई 'काइभन्दा राखेनन्' भनेका छन् । ओदीकी एउटी बच्चा नभएकी (थारी) बिधवालाई दियार गाउँ र बडकीकाले दुःख दिएको कुरालाई पडेलीले बोलेको छ । यी बाहेक, जाँड खुवाएर जात हालेको कुरा पनि छ । पडेलीले बोलेको कुरा हो ती दुई गाउँकालाई होच्याउन खोजिएको होइन ।

---

२६ लामाले मालुवा फट्काको पारि आचार्य लिहि पट्टि अष्ट्यारो पहरामा लामाको गुम्वा बनाएका हुन् भनिन्छ । यो सानो गुम्वा मानिस जान नसक्ने स्थानमा थियो । गाउँलेको भनाइअनुसार द्वन्दकालमा भित्र के छ ? भन्ने मनसायले त्यो गुम्वा भत्काएको हो भन्ने भनाइ छ । यो लेखकले घोडामौलाको र यो गरी दुवै गुम्वा देखेको अझै दिमागमा ताजै छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लामाले विष्णुलाई जेठा दाइ मानेका छन् । लामाले विष्णुलाई भनेछन्, "म कान्छो तपाई जेठो, त्यसैले मैले तपाईको उपहार पुनीमा प्राप्त गर्नेछु भने तपाईले मेरो चतुर्दशीमा" । त्यसपछि ओदीमा लामाको पैठ ज्वारे पुनीको चतुर्दशीमा हुन्छ भने विष्णुको पुनीमा, लेकपरमा दुवैकोसँगै पैठ गरिन्छ । लामाले आफ्नो उपहार जाँड विष्णुलाई खुवाए तर लामाले पाठा खाएनन् पुनीमा, किनभने पुनी पछाडि पर्छ भन्ने किंवदन्ती छ । यस्तै किंवदन्ती लेकपर लामा र महादेवको पनि रहेछ, जुन अगाडि नै चर्चा गरियो ।

लामाले ओदी गाउँकी ती विधवालाई सघाए (सहयोग गरे) । ओदीमा लामा-विष्णुका धामी भएपनि मूल धामी लेकपर बाट नै जाने परम्परा थियो भन्छन् लेकपरका शिक्षक ओम बहादुर बुढा/उनको अनुसार :

"देपारगाउँ (दियारगाउँका) ठकुरीहरूले लेकपर बाट धामी पतुर्न ओदी गएको समयमा 'यो पावैलाई ठकुरीले सम्मान गर्ने ? भन्ने ठानेछन् । ठकुरीहरूले हातमा फट्याङ्ग्रो समातेर लामाको धामीको परीक्षा गर्ने विचार गरेका थिए । उनीहरूले घोडा चढेका थिए । तर धामीलाई सम्मानपूर्वक काँधमा चढाएर लिनु पर्नेमा लिएनन् । ढिलो ओदी आएछन् ठकुरीहरू । धामी गादी गएका रहेछन् । ठकुरीहरूले धामीलाई हाम्रो हातमा क्या छ भनेछन् ? धामीले भनेछन्, "त्यो फटकन्या कीरो हो । तेरो खिल्यान्या (घोडा) को हालत कस्तो छ हेर ।" ठकुरीले आफ्नो घोडा हेर्छन् त ज्यूँदो घोडामा गरुड पडिरहेका थिए (गरुडले घोडालाई तान्दै थिए) । लामाको थानमा घोडा चढदैनन् । मनिसहरू यो दृश्य देखेर ब्याकुल देखिन्थे । पछि ठकुरीहरूले धामीलाई तलसम्म सम्मानपूर्वक ल्याउन नगएकोमा क्षमा माग्दै 'हरायौं विरायौं' भने । ओदीमा पैठ गरे पनि लेकपरबाट हालसम्म छापविदो दिएको छैन ।

लामाले पडेलीमा जिउँदै घोडामा गरुडले झम्टेर उडाएको कुरा भनेका छन् । पडेलीमा लामाले ओदीमा कीर्ति राखेको कुरा परेबाट ओदीमा पनि लामा-विष्णु रहेछन् भन्ने स्पष्ट हुन्छ । पडेलीमा ओदीको बस्ती लामाले बसाएको भन्ने छ । लामाले "ओदेल सात घरका एक्काईस भया, रावत नघटेइ, नबढेइ" भनेर बरदान दिए भनिन्छ । हुन पनि आजभोलि ओदेल (७) सात घरबाट २२० घर भएका छन् । ओदेल घरधुरी बढेको तर अरू उत्तिकै भएको कुरा सिँजा ओदीका दान बहादुर थापा बताउँछन् ।

लामाले ओदी गाडको भूत र तुषारे खोलाको भूत दबाउ । लामाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पन्नै गरेका ठकुरीको राज्य पनि टुटाएका थिए । त्यसपछि कालिकोटको खल्लागाडको भूत दबाउर चिल्खाया गाउँ हुँदै लामा ठिन्क्या लाग्नामा बसेछन् । चिल्खाया अधिकांश ब्राह्मणहरूको बस्ती भए पनि लामा मान्दछन् । लामाको थान गाउँको बीचमा छ । ढिन्क्या लाग्नामा लामाले औतार पनि गरेछन् ।

पादम झ्याँगाड खोलाका भूतलाई लामाले सताउँदै १२ वर्ष सम्म त्यहीँ बसे । झ्याँगाडको भूतले माछाको रूप गरेर खोलामा पौडिन थाल्यो । लामाले जलेवा रूप लिए, भूतसँग लडाइँ भयो । लामाको तिघ्रा भाँचियो । भूत भाग्न विवश भयो । लामाले भूतलाई आइन्दा यसो गर्ने छैन भनेर वाचा खुवाए । लामाले त्यहाँ १२ वर्ष ज्ञान र ध्यान गरे । त्यहाँ लामा र जगन्नाथको लडाइँ भएको कुरा पनि पडेलीमा छ । लामाले जगन्नाथको १२ करङ भाँचे । झ्याँगाडका भूतलाइ भारे (भरिया) को रूपमा लामाले लिएर गएछन् । मालुवा फटकाका भूतले लामालाई जिब्रखा पुऱ्यायो । विज्रखाका भूतले लौडीसिम सम्म पुऱ्यायो । लौडीसिमबाट विजय मन्दिर पुगे । त्यहाँबाट लामा लेकपर पुगे । पडेलीमा लेकपर पुगे भनेर लामाले प्रष्ट रूपमा भनेका छैनन् । यसैबीच लामाले खोपदेउको भूतलाई लदाउनी लदाए, दबाउनी दबाउ ।

लामाले पडेलीको अन्ततिर 'बैनाको राज्य' बनाया भनेका छन् । यो 'बैनाको राज्य' भनेको थुमथुममा रहेका मालिका लगायतका देवीहरूका स्थानहरू हुन् । लामाले बहिनीको सत्य, भीतलाई प्रशंसा गरेका छन् । नाक जस्तै पहाड (डाँडा) को पनि बयान गरेका छन् । त्यस्तै भोजपत्रको पातल (जङ्गल) को पनि कुरा समावेश गरिएको छ । त्यहाँ लामा औतार गएछन् । ससाना डाँडा (पाखुडे डाँडा), धुपीका साना रुखहरूको कुरा पडेलीमा छ । एउटा लामो बिरुवा मुनि लामाले ज्ञान गरेछन् । लामाले यो ठाउँमा धेरै गरेका थिए । उनले यहाँ भित्री आखर (बोली) पनि बोलेका थिए । लामाको पडेलीबाट सिँजा उपत्यका लगायत कर्णाली प्रदेश देवभूमि हो भन्न सकिन्छ । सिँजामा लामाले ज्ञान गरेको रूख पत्ता लाउँनु जरूरी छ ।

लामा-विष्णुको बारेमा विभिन्न व्यक्तिहरूको धारणाको सार

माथि उल्लेखित प्रसङ्गहरू बाहेक, यस अध्ययनको क्रममा लामा-विष्णुबारे धेरै व्यक्तिहरूबाट विभिन्न धारणाहरू सङ्कलन गरियो । तल उल्लेख गरिएका केही व्यक्तिहरूसँगको कुराकानीमा आधारित विवरण प्रस्तुत गरिन्छ । १) जाड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुढा ७४, कनकासुन्दरी गा.वि.स. ९, हाल पुरन्धारा-३, हापुर दाङ ।

लेकपरका तीन गाउँमध्ये लामा-विष्णु तलिगाउँकाले पछि मान्ने गरेका हुन् । यो देवता खास गरेर माँझ गाउँकाले मान्दछन् । साठी बर्षको एक बुढाको सन्तान नहुँदा लामा-विष्णुका धामीको आशीर्वादले एक छोरा जन्मे पछि तलिगाउँकाले लामा-विष्णु मान्न थालेका हुन् । जाड बुढालाई 'जाड' नाम राखेमा छोराछोरी बाँच्छन् भन्ने विश्वास उनका बुबा-आमामा थियो रे । उनका बुबा आमाका धेरै टवाटिकी (बच्चाहरू) मरेका थिए । बच्चा धेरै मरेपछि उनको नाम जाड राखे र उनी बाँचे पनि ।

लेकपर तलिगाउँका गाउँलेहरू सहभागी नभएसम्म लामा-विष्णुको पूजा लाग्दैन । लुगो (लिङ्गो) लाउने (गाड्ने) काम तलिगाउँको हो । लामाको धामी पतुरर्दा अलिअलि जाड भाषा पनि प्रयोग गर्दछ । धामीले गादो पाड्ने, बोखु लाउने गर्दछ । छिर्मु धामी पछि कोही पनि औतेको छैन । (२) भक्त बुढा, ६९, तलिगाउँ, लेकपर, हाल पुरन्धारा-३, हापुर दाङ ।

लेकपर तलिगाउँकाहरू गाँडापानीबाट आएका हुनाले गाँडापान्यावाडा भन्दछन् । त्यसपछि सिँयालकोट (जहाँ लामाले लठ्ठीले पानी निकालेर सिञ्चित गरेको) मा बसें । सिँयालकोटको लेख लेकपर (लेकपर) हो । लेकपर पाठा (भेडा बाखा) पाल्ने ठाउँ हो । सुक बुढाको छोरा जन्मने वर लामाका धामीबाट पाएपछि छोरो जन्म्यो र तालिगाउँकाले लामा मान्न थाले । लामाको धामी पतुर्दा लाउने ऊनको रातो टोपी, रातो काम्लो, रातो बोखु (बख्खु) छ । जो धामी औत्यो उसैले त्यो लुगा पहिरनु पर्दछ । आजसम्म लामाको धामी नऔंतिदा लुगा त्यसै राखेका छन् ।

(३) तुङ्गनाथ उपाध्याय, ७४, विराट-९, लुड्कुका अनुसार सिँजा उपत्यकामा कुनै पनि पूजा पाठ गर्दा वा शुभ कार्यमा हवन गर्दा सबैले चारवटा लामालाई सम्झने गर्दछन् ।

(४) देवानन्द उपाध्याय, ५५, चिल्खाया-१, चिल्खायाका अनुसारः कालिकोटको पाद्मघाट भन्ने स्थानमा लामाका माटाका चैत्य (माटाका साना चक्की) प्राप्त भएका छन् । पादमघाट नजिकै झ्याँगाड खोला छ, जहाँ लामा र भूतको लडाइँ भएको थियो ।

(५) गोविन्द बुढा, ६५, कनकासुन्दरी-८, लेकपर । उनका अनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कनकासुन्दरी मन्दिरमा होम (हवन) गर्दा कल्यान लामा, थारमाली लामा, हँडेखोली लामा र खोचेडी लामा भनेर चार लामालाई सम्झने गरिन्छ। उनका अनुसार लामाका धामीलाई लामा, विष्णु र खोचेडी लामा गरी तीन देउता आउने (चढ्ने) गरेको र थानमा पतुर्दा विष्णुलाई दूध चढाउने अनि लामालाई सेजो चढाउने गरिन्छ। थारमलीमा धामी पतुर्दा सेजो हातमा लिएर नचाउने र दमाहा बजाउनेलाई (दमाईलाई) दिने, थान भित्र सेजो नलिने गरेको पाइन्छ।

(६) रत्नप्रसाद पण्डित, ६६, सिम्पाटी गाउँका कनकासुन्दरी पूजारी, उनका अनुसार होम (हवन) गर्दा चार लामाको नाम उच्चारण गर्नु पर्दछ। कनकासुन्दरीका मन्दिरमा, सूर्यनारायण, लामा, सिंहनाथ, जालपा, कालिकाको पूजा गर्ने छुट्टाछुट्टै स्थानहरू छन्। यो कनकासुन्दरीको मन्दिर रहेको स्थान, पिचासेश्वर महादेव उत्पत्ति भएको, सतीदेवीको ओठ पतन भएको स्थान हो।

(७) ईश्वरीनन्द उपाध्याय, ८३, पाण्डवगुफा-३, देवदारूपट्ट (दियारपाटा गाउँ), कनकासुन्दरीको मन्दिरमा लामाज्यूको पूजा गर्ने छुट्टै स्थान छ। दियारपाटाको माथि विराट छ, जहाँ विराट राजाको गाई चर्ने ठाउँ हो। सिँजामा पाण्डवहरू गुप्तबास बसेको पाण्डवगुफा छ। विराटमा चारवटा पोखरी छन्। विराटको तल गल्डानी (गरुडनारायण) को मन्दिर छ। साउनपुनीमा गरुडनारायणको मन्दिरमा एकादशी देखि पुनीसम्म जाजरकोट, बाजुरा, बझाङ, कालिकोट, मुगुबाट जात्रुहरू क्रियाकर्म गर्न, गौंजो काट्न, व्रतबन्ध गर्न आउँछन्। बैशाख पुनी, माघ पुनी भन्दा साउन पुनीमा यस स्थानमा गरुड नुहाउन आउँछन् भन्ने विश्वास रहेको पाइन्छ।

(८) श्रीमती ध्रुव काफ्ले, ६०, पाण्डवगुफा - ३, दियारपाटाका अनुसार सिँजामा महाभारतकालिन कौरव र पाण्डवसँग जोडिएका पाण्डवगुफा बाहेकका धेरै स्थानहरू छन्। यो कुरा हँडेखोली लामाले भनेको हो भनेर विश्वास गर्नेहरू धेरै छन्। सिँजाको दियारपाटा रोकायावाडा नजिकैको वाणगङ्गामा कौरव र पाण्डवले लडाइँ गरेका थिए भन्ने भनाइ छ। त्यस्तै भूमिदानका गैरा (भिमसेनका गैरा), जिउलामा कुन्ता र मान्द्रीका आँठा, लुङ्कु पारि जचौरीवाडा माथि सय कौरवका दियार (देवदारुका रुख), किंचक बध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(झिम्री चौर नजिकै) आदि धेरै स्थानहरू छन् ।

(९) ओम बहादुर बुढा, ५२, लेकपरका अनुसार, "लामा जालन्धरी राजासँग लडाइ गरी हँडेखोली (सिम्पाटी गाउँ नजिकै) बसेका थिए । भगवतीका तीनवटी बहिनीहरू : कनकासुन्दरी, वडीमालिका, त्रिपुरासुन्दरी गुप्त रूपमा बसेकी रहिछन् । राजाको भान्साको भात खाइदिने रहिछन् । यस्तो अनौठो परिस्थितिको सृजनाले गर्दा राजा दुब्लाउँदै जान थाले । एकदिन भात कसले खाँदो रहेछ भनेर चेवा बसेछन् । देवी आएर भात खान थालिछन् । त्यसैबेला राजाले देवीलाई छोपेछन् । देवीलाई अप्ठ्यारो पऱ्यो । दरवारमा होहल्ला भएछ । त्यसबेला लामा हँडेखोलीमा ध्यानमा बसेका थिए । भगवतीलाई अप्ठ्यारो परेको थाहा पाएर लामा देवी भएको स्थानमा आए । जेठी बडीमालिका भागेर बाजुरा गइछन् । कान्छी त्रिपुरासुन्दरी डोल्पा गइछन् । माहिली कनकासुन्दरी राजाको पञ्जामा परिछन् । लामाले माहिलीलाई देखाउँदै राजालाई भने "यिनी मेरी बहिनी हुन्" । यिनीसँग लड्नु भन्दा एउटा गुफा बनाइदेउ । त्यो गुफामा दुईवटा खोपा बनाइदेउ । एउटामा म बस्छु अर्कोमा यी माहिली बहिनी बस्छिन् । यसो गरेमा तपाईको राजकाज लामो हुनेछ ।

राजाले "मेरो खाना खाइदिने (यी माहिलीलाई) यिनलाई र तँलाई छोड्दिन" भनेछन् । राजाले देवी र लामालाई थन्क्याउन भनेछन् । राजाकोमा कुमाउमा लडाइँको सामना कसरी गर्ने भनेर बैठक भैरहेको थियो । लामा छेउमा आएर हाँस्यो । राजाले यो जाड (भोटे) जेल हालेको यहाँ कचहरमि आएको छ, हाँसेको छ, किन हाँसेको भनेछन् ? लामाले तेरा पठायाका सिपाही झुलाघाटमा झुङलो तर्दा नदीमा खसेछन्, तिनलाई उतारेर जुम्लातिरका किनारमा राखेको छु । वारी सिपाही राखे पारि पात्तिनी नाच्दा लहङ्गा खुस्कियो र म हाँसेको हुँ भनेर लामाले भनेछन् । त्यसैले सभामा आफ्नो बाहुलो निचोरेर धेरै पानी निकाले । सिपाही फर्केर आएपछि यो भोटे चानचुने होइन भन्ने राजालाई लाग्यो । त्यसपछि लामाको अरू परीक्षण गर्ने विचार राजाले गरे । चीनु बोकाए, राङ्गे डोका (ठूला प्वाल भएको डोको) मा पानी बोकाए । राजाको सल्लाहमा लामाको भीतलाई लिएर चौखीचौडमा बैठक बस्यो । राजाले लामालाई भनेछन्, "रङ्ग देखाइस् अब कुरङ्ग देखा ।" लामाले राजालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो नराम्रो नबोल भनेछन्। लामाले चौरीफूर्को (चौरीको पुच्छर) नचाउँछन्।

राजा र लामाबीच कुराकानी चल्यो। लामाले फेरि राजालाई भने "मलाई र बहिनीलाई खोपा बनाइदेउ म कुरङ्ग गर्दैन। राजाले मानेनन्। अन्तमा लामाले ढुङ्गा माटो जपेर आकाशतिर फाले। लामा र भगवती खाटे ढुङ्गामा गएर बसे। अतिवृष्टी भयो, खोपदेउमा गाड थुनियो, सारा डुब्यो। अन्तमा वारि गडी र पारि गडी डुब्न लाग्दा लामाले खोलिदिए। त्यसपछि गडीमा लामा र कनकासुन्दरीको थान स्थापना भयो।" पारि गडीमा पहिले जाल्पा देवीको थान थियो। आजकल कनकासुन्दरी र जालपा देवीको थान एउटैमा छ। आजसम्म पनि कनकासुन्दरीको, लामाको र अन्त्य देवीदेवताको पूजाआजा हुँदै आइरहेको छ। कनकासुन्दरीको थानमा दर्शन गर्न जानेहरू लामाको पनि दर्शन गरेर फर्कन्छन्।

समन्वयात्मक संस्कृति र यसको परापूर्वकालदेखिको अभ्यास

कर्णाली प्रदेश प्राकृतिक रूपमा मात्र धनी नभई समन्वयात्मक संस्कृति सहित सांस्कृतिक रूपले पनि सम्पन्न छ। जुम्लाको सिँजा उपत्यकाको सिरानमा रहेको लेकपर गाउँको लामा-विष्णु देवताले समन्वयात्मक संस्कृतिकको राम्रो नमूना उजागर गरेको छ।

लामा-विष्णुको धामीलाई लामा पनि आउने र विष्णु पनि आउने (देवता चढ्ने) वा कुनै बेला लामाको औतार लिने त कुनै बेला विष्णुको औतार लिने गर्दछन्। स्वस्थानी व्रतकथामा पनि विष्णुको र जालन्धरको चतुर्‍याइ बारेमा पढ्न पाइन्छ। लामा देउता चल्यो भने खोपा छिर्ने, नुन निकाल्ने, पाइला पाड्ने, बाहुला निचोरेर पानी निकाल्ने, दूध निकाल्ने गर्दछन् भने विष्णु देवता चल्यो भने सिकापाती निकाल्छन्। धामीलाई लामा आउँदा भोटे पहिरन - बोखु (वख्खु), टोपी, ल्हाम लगाउने, विष्णु आउँदा सामान्य पहिरन लगाउने गर्दछन्। लेकपरका तीन गाउँ मध्ये तलि गाउँकाले सेजो (जाँड) बनाउँदछन्। लेकपरका शिक्षक ओम बहादुर बुढाका अनुसार सेजो तलिगाउँको हरिलालले बनाउँदथे। साउनुपुनी र माघ पुनमि लामालाई सेजो भोग लाग्छ भने ज्वारे पुनीमा पहिले लामामाडुमा सेजो चढाइसकेपछि पारि थारमालीमा विष्णु आउँदा दूधको भोग लाग्दछ। धामीले सेजो बाहिर नचाउँदै बाजा बजाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दमाइहरूलाई दिन्छन्। सेजो थान भित्र लिँदैनन्। सेजो बिहेव्रतबन्ध नगरेका (मतुवाला) ले खान्छन्। लामाको धामीले देउता चढेको बेला सेजो चाख्छन् तर अरूबेला कहिल्यै सेजो खाँदैनन्। अरू देवताका धामी डाङरीले सेजो खाँदैनन्।

सिँजा उपत्यकामा जाँड रक्सीको प्रचलन छैन। तापनि लामाको प्रसादको रूपमा सेजो खाने चलन छ। यो थोरै प्रसाद स्वरूप चाख्ने गर्दछन्। त्यस्तै सिँजाकै ओदी गाउँमा सेजो बनाउने र लामाको प्रसादको रूपमा गाउँलेले चाख्ने गर्दछन्। ओदीमा लेकपरको जस्तो नभएर लामा र विष्णुका छुट्टाछुट्टै धामी छन्। ज्वारे पुनमि लामाको पैठ चतुर्दशीका दिन गरिन्छ भने विष्णुको पुनीका दिन। ओदीमा सुरुमा सेजो धामीले चाख्दछन् भने पछि सबै गाउँलेले प्रसादको रूपमा बाँडेर चाख्छन्। ओदीका क्षेत्रीहरू पनि तागाधारी होइनन्, जनै लाउँछन्। यहाँ लामा-विष्णुलाई क्षेत्री बाहेक ठकुरी र अन्य जातिहरूले मानिआएको पाइन्छ।

यसरी एउटै देवतालाई लामाको रूपमा र विष्णुको रूपमा पूजा गरिन्छ। लामा भन्नाले बौद्ध मत अनुसार आर्यावलोकितेश्वर हुन् भने हिन्दू मत अनुसार भगवान विष्णु पालनकर्ता हुन्। त्यसैले यी दुई देवबीच पालन सम्बन्धी अवधारणाको बीचमा समन्वय पाइन्छ। लामा-विष्णुको यो शृङ्खला कर्णाली प्रदेशबाट गण्डकी प्रदेशमा पुग्दा मुक्तिनाथको रूपमा विकसित भएको पाइन्छ। मुक्तिक्षेत्रको दर्शन नगरी फल पाइँदैन भन्ने विश्वास कर्णाली प्रदेशका मानिसहरूमा रहिआएको छ। अतः लामा-विष्णु देवता बुद्ध र बैष्णव वा हिन्दू र बौद्ध धर्मावलम्बीहरू बीचमा समन्वयको प्रतीकको रूपमा रहिआएको छ।

सिँजाकै प्रसिद्ध कनकासुन्दरी मन्दिरमा लामाज्यूको पनि थान छ र परापूर्वकालदेखि पूजा हुँदै आएको छ भन्दा धेरैलाई अनौठो लाग्न सक्छ। हिन्दू देवी कनकासुन्दरी हुन् भने लामा बौद्ध परम्परासँग सम्बन्धित छन्। सिँजा सिम्पाटी र दियारपाटाका उपाध्याय ब्राह्मण पूजारीले कनकासुन्दरी भगवती, जालपा देवीको पूजा गर्दा लामाज्यूको पनि पूजा गर्दछन्। कनकासुन्दरीको दर्शन गर्न जाने हिन्दू श्रद्धालुहरू लामाज्यूको पूजा नगरी फर्कदैनन्। कनकासुन्दरी थान भित्र लामाज्यूको सानो थान छ। यो छुट्टै थानमा लामाज्यूको ढुङ्गामा कोरिएको चित्र छ। यसैमा श्रद्धालुहरू पूजाआजा गर्दछन्। पहिला कनकासुन्दरी र जालपाको पूजा गरिसके पछि लामाज्यूको पूजा गरिन्छ।

सुर्खेतमा उत्तरगङ्गा भने तापनि कनकासुन्दरी मन्दिरको पछाडि पट्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तविक उत्तरगङ्गा बगेकी छन् । कनकासुन्दरी मन्दिरमा होम (हवन) गर्दा होस् वा अन्यत्र सिँजा उपत्यकामा चार लामाका स्थानलाई सम्झने गरिन्छ । लामाकै सन्दर्भमा पुण्य मल्लको वि.स.. १३९४ को दानपत्रमा "चत्वारी लंवपादानां स्थानानि" (लामाज्यूका चार स्थान) लाई साक्षी राखिएको छ ।[२७] होम (हवन) गर्दा सम्झने चारवटा लामाहरूलाई नै दानपत्रमा पुण्यमल्ले साक्षी राखेका थिए होलान् । यी चार लामाहरू कहाँ कहाँका थिए ? यो कुरा कनकपत्रबाट खुल्दैन तर अहिले पनि जुम्लाको सामाजिक एवम् सांस्कृतिक जीवनमा यी चार लामाको वर्चस्व रहेको छ । त्यस क्षेत्रका उपाध्याय ब्राह्मण पर्यन्तले आफ्ना घरको व्यक्तिगत पूजामा पनि उपर्युक्त चार लामाको पूजा गरेर उनीहरूका नाममा आहुति दिने प्रचलन छ ।

कनकासुन्दरीका पूजारी लगायत सिँजाका धेरै जनासँग होम (हवन) गर्दा उच्चारण गर्ने चार लामाका नामहरू सोधियो, यी नामहरूमा अलि भिन्नता पाइयो । ती लामाहरूका नामहरू निम्न छन् ।

तुङ्गनाथ उपाध्यायका अनुसार, "थारमाली लामा, हँडेखोली लामा, घास ओडार लामा, खोचेडी लामा ।" लेकपरका गोविन्द बुढाका अनुसार : "थारमाली लामा, हँडेखोली लामा, कल्यान लामा, खोचेडी लामा ।"

त्यस्तै लेकपरकै ओम बहादुर बुढा, राम बहादुर बुढा, दिप बहादुर बुढाका अनुसार, "थारमाली लामा, हँडेखोलीलामा, खोचेड लामा, घास ओडार लामा ।"

कनकासुन्दरीका पूजारी शालिग्राम पण्डितका अनुसार, "थारमाली लामा, हँडेखोली लामा, बड्डीमेलीलामा, खडेनी लामा" ।

कनकासुन्दरीका पूजारी प्यारीलाल काफ्ले र दुर्गी काफ्ले, सिँजा लाहार्जका समाजसेवी जयहरी आचार्यका अनुसारः "हँडेखोली लामा, खोचेडी लामा, कैलासी लामा थारमाली लामा ।"

यी माथिका चारलामाका नामहरूमा केही फरक पाइए तापनि लामाको पडेलीलाई आधार मान्दा चारलामाहरूका नामहरूमा : थारमाली लामा, हँडेखोली लामा, घासओडार लामा, खोचेडी लामा (धामी पतुराउँदा बोकेर पतुराउने, पतुर्दा ठाडो नउठ्ने) लाई मान्न सकिन्छ । पडेलीमा लामाले यी ठाउँमा लामो तपस्या वा ज्ञान गरेका छन् । थारमालीमा (जहाँ हाल लामा

---

२७ सूर्यमणि अधिकारी, पूर्ववत्, सं. २५, पृ. १७७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुको थान छ) बाहेक अन्यत्र माटाका चक्कीहरू पनि पाइन्छन्। घास ओडार, हँडेखोली र पाद्ममा माटाका चक्कीहरू पाइन्छन्। कालिकोटको पाद्ममा लामा र त्यहाँको भूतको लडाइँ हुँदा लामाको खुट्टो भाँचिएकाले पतुर्दा ठाडो नउठ्ने भएको होला। यसरी खोचेडी लामा आएको बेला धामीलाई बोकेर पतुराउने गरिन्छ। जेहोस् सिँजा उपत्यकामा होम (हवन) गर्दा चारलामाः थारमाली लामा, हँडेखोली लामा, घास ओडार लामा र खोचेडी लामा उच्चारण गरेर गरिन्छ।

धामी डाङरीहरू आफ्नो क्षमता बढाउन मनलाई शान्त पार्न, आफूलाई शुद्ध राख्न मानसरोवर, कैलास, छायानाथ, मुक्तिनाथ जस्ता पवित्र तीर्थस्थलहरूको तीर्थाटन गर्दछन्। धामी डाङरी बाहेक अरू सर्वसाधारण आफ्नो मन शुद्ध राख्न, पितृकार्य र तीर्थाटन गर्न यी तीर्थस्थलहरू बाहेक अन्य हिन्दूस्थानका तीर्थस्थलहरू जाने परम्परा छ। हुम्लामा धामीको मृत्यु भएमा लठो मानसरोवारमा सेलाउनु पर्दछ।

मुक्तिनाथ जस्तै मुगु जिल्लामा पर्ने छायानाथ पनि हिन्दू तथा बौद्धहरूको पवित्र तीर्थस्थल हो। यस स्थानमा सतीदेवीको अङ्ग पतन भएको विश्वास गरिन्छ। सतीदेवीको अङ्ग पतन भै महादेव उत्पत्ति भएकाले यस तीर्थस्थललाई शिवसँग जोडेर हेरिन्छ। लामा-विष्णुले बुद्ध र बैष्णव वा हिन्दू वा बौद्ध धर्मावलम्बीहरू बीचमा समन्वयको रूपमा रहिआएको देखिन्छ। छायानाथमा पनि साउनपुनीमा (पूर्णिमा) सम्म हिन्दूहरूले पूजा गर्दछन् भने पुनी पछाडि छायानाथको गाथलाई मुगुको सदरमुकाम गमगढी नजिकै चैन गाउँमा ल्याइसकेपछि छायानाथमा बौद्धमार्गी भोटेहरूको पूजा जात्रा सुरु हुन्छ। यसरी एउटै स्थानलाई सदीयौं देखि हिन्दू र बौद्धमार्गीहरूले पूजा गरेको देखिन्छ।

मुगु जिल्लामा छायानाथ बाहेक, ऋणमोक्ष दह लगायतका दहहरू छन्। ऋणमोक्षलाई कर्णाली प्रदेशका मानिसहरू पवित्र तीर्थस्थलको रूपमा मान्दछन्। ऋणमोक्षमा धर्मकुण्ड, पापकुण्ड र अन्नपूर्णेश्वर गरी जम्मा तीन कुण्डहरू छन्। धर्मकुण्डमा नुहाएमा ऋणबाट छुट्कारा पाइने, पापकुण्डमा नुहाएमा पापबाट मुक्त भइन्छ भन्ने र अन्नपूर्णेश्वरमा नुहाएमा बालीनाली राम्रो हुने विश्वास रहेको पाइन्छ। ऋणमोक्षलाई बौद्धमार्गीहरू पनि पवित्र मान्दछन्। छायानाथ, ऋणमोक्षकोबारेमा १६७९ शाकेको राजा सुदर्शन शाहदेवको रजाइसमा "श्री बद्रिनाथो जयति, श्री मुक्ति नाथ साहाय ... छायाछेत्र : यांत रिनमोक्षका रेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बकसी मया भैछ : र अन्तमा शुभमस्तु"[२८] भन्ने उल्लेख भएबाट यो तीर्थस्थल पनि परापूर्वकाल देखि प्रचलित थियो भन्न सकिन्छ ।

समन्वयात्मक संस्कृतिको उदाहरणको लागि बुद्धिजिवी तथा अध्येता छक्क बहादुर लामाको भनाइ छ :[२९]

"निङमापाका तान्त्रिक लामाहरूले पनि सेतो बस्त्र नै धारण गर्ने गरिन्छ, किनकि तिब्बती बौद्ध धर्मको तान्त्रिक मतमा बोन्पोको प्रभाव छ ।... कैलास पर्वतको परिक्रमा गर्दा धामी लामा सबैले बौद्ध धर्मको नीति र निर्देशन मान्ने गर्दछन् । धामी र डाङ्री समेतको मृतात्मालाई लामाले बौद्ध धर्मको चलन अनुसार स्वर्गको बाटो खुलाइदिने विश्वास गरिन्छ ।"

यसरी हुम्लाका धामी, डाङरी र सर्वसाधारण भक्तजनहरू कैलासको दर्शन र परिक्रमा गर्दा बौद्ध धर्मका गुरु लामाको कैलास बारेको अवधारणा र मान्यतालाई मान्ने र सम्पन्न गर्ने गर्दछन् ।[३०] कैलासको असाधारण महत्त्व हिन्दू, बौद्ध, जैन तथा बोन्पो लगायतका धर्ममा दर्शाइएको छ ।

कर्णाली प्रदेशका धामी डाङरी बाहेक सर्वसाधारण पनि मानसरोवार, कैलासको तीर्थयात्रा गर्ने अवसर पाएमा साहै भाग्यमानी ठान्दछन् । नयाँ धामीको लागि त यो तीर्थस्थल झन् महत्त्वपूर्ण छ । नयाँ धामीहरू मानसरोवरमा स्नान नगरिन्जेल उसको मुखबाट 'आखर' (बोली) नफूट्ने र स्नानपछि मात्र निजले दैव हुकुम वा आज्ञा गर्न सक्ने क्षमता प्राप्त गर्दछन् भन्ने विश्वास छ ।[३१] नयाँ धामी वा डाङरी पहिलो चोटी अनिवार्य रूपमा पछि कम्तिमा तीनपटक नियमित रूपमा आफ्नो दैवी शक्ति पुनः प्राप्तिको निम्ति मानसरोवर स्नान गर्न जान्छन् । नयाँ धामीको छनोट पुरानो धामीको मृत्युपछि देवता स्वयंले गर्ने चलन छ ।[३२]

अध्येता देविचन्द्र श्रेष्ठले मानसरोवरको बारेमा लेखेका छन् :

"गाढा नीलो वर्ण लिएर हावाको अनन्त लहरसित खेलिरहने मानसरोवरको जलमा हिन्दू वा बौद्ध धार्मिक पवित्रता आफ्नो सर्वोच्चतामा पुगेको छ । त्यसैले नुहाइसकेपछि चन्द्रबहादुर शाहीले खल्तीबाट झिकेर

---

२८ योगी नरहरिनाथ, पूर्ववत्, सं. २०, पृ. १५४-१५५ ।

२९ छक्क बहादुर लामा, "स्वर्गद्वारीको रुपमा सिमिकोट", वेन्नु दशैटुसा, (काठमाडौं : वि.सं. २०५४), पृ. ६५ र ६८ ।

३० उही ।

३१ उही, पृ. ७० ।

३२ उही, पृ. ७१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिवङ्गत बाबुको जन्मपत्रिका मुठो पानीमा हुत्याइदिन्छ । . . . यस्तै आफ्नो दिवङ्गत आमाबाबु, आफन्तहरूको अस्थी, खरानी, मानसरोवरमा छोड्न आउने यात्रीहरू पनि हुन्छन् । हिन्दू र बौद्ध संस्कृति दुवैबाट उत्तिकै सम्मानित कैलासमा हिन्दूहरूका शिवपार्वती आफ्नो क्रिडास्थल बनाउँछन् भने बौद्ध लामाहरूका बुद्ध आफ्ना पाँचसय बोधिसत्वहरू लिएर त्यहींबाट बिश्वको रक्षा गर्छन् ।"[३३]

माथि उल्लेख गरियो कि जाड र खसको सम्बन्ध परापूर्वकालदेखि नै नङ र मासुको जस्तै रहँदै आएको छ । कर्णाली अञ्चलको खस संस्कृति अनुसार कुनै नयाँ व्यक्तिसँग मित्रता जोड्न एक कलशभरि पानी (मानसरोवरको साटो) र एक थालभरि चामल (कैलास पर्वतको साटो) तयार पारी कैलास र मानसरोवर साक्षी राखी मित्रता जोड्ने प्रचलन छ ।[३४]

ऐतिहासिक अभिलेखहरूमा पनि कविलासलाई साक्षी राखिएका उदाहरणहरू छन् । साके १५४७ को महाराज सुर्ती साइको एउटा अभिलेख र साके १५४८ तिरको सुर्तिसाइ कै अर्को अभिलेखमा "ई कुणा बदेलीङा . . . कवीलास ढली जाउस् . . . सरवर सुकि जाउस्" भनेर मानसरोवर र कैलासलाई साक्षी राख्ने गरेको पाइन्छ ।[३५] त्यस्तै मुक्तिनाथलाई र बद्रिनाथलाई साहायः भनेर साके १४४१ को श्री ५ भानसाइको आज्ञामा उल्लेख छ ।[३६]

खस जातिमा बौद्ध तथा हिन्दू धार्मिक संस्कृतिको प्रभाव बारेमा डा. विपिन अधिकारीको धारणा अनुसार : "खसहरूले मष्टाको पूजा गर्दागर्दै पनि बुद्ध भगवानको प्रतिमा आफ्नो मठ मन्दिरमा राख्दै आएको पाइन्छ ।"[३७]

जुम्ला जिल्लाको प्रसिद्ध चन्दननाथ मन्दिरको बारेमा जनकलाल शर्माको भनाइ छ : "चन्दननाथको मन्दिर यस भेकको साहै प्रसिद्ध तीर्थस्थल भए पनि बौद्धहरूका लागि पनि त्यतिकै मान्य स्थल हो भन्ने कुरा यसमा रहेका ढलौटका गुरुवज्रघर, तामाको शाक्यमुनि बुद्ध, ढलौटको मञ्जुश्री बोधिसत्व, ढलौटकै अरू २ थान शाक्यमुनि बुद्ध, त्यस्तै षडक्षरी लोकेश्वर, तामाको आर्यतारा,

---

३३ देविचन्द्र श्रेष्ठ, हुम्ला बोल्छ मानसरोवरमा, (काठमाडौं : वि.सं. २०३७), पृष्ठ ८१ र ८४ ।

३४ धक्कबहादुर लामा, पूर्ववत्, सं. २९, पृ. ७१ ।

३५ योगी नरहरिनाथ, पूर्ववत्, सं. २०, पृ. १३७ ।

३६ उही, पृ. १२२ ।

३७ विपिन अधिकारी, नेपालका खस जाति, (काठमाडौं : वि.सं. २०६०), पृ. ४९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढलौटको शाक्यमुनि बुद्धका मूर्तिहरूले पनि प्रमाणित गर्दछन् ।"[३८]

धार्मिक सहिष्णुताको उदाहरणको रूपमा सुर्खेतको काँक्रेविहारलाई पनि मान्न सकिन्छ । त्यहाँ रहेका प्रस्तरखण्डमा बौद्ध मूर्तिका साथै हिन्दूमूर्ति पनि रहेका छन् । काँक्रेविहार बारेमा डा. विपिन अधिकारीका अनुसार : "सुर्खेत स्थित काँक्रेविहारको बौद्ध कलाकारिताले एकातिर दक्षिणी भूभागबाट स्थापित बौद्ध नमूनालाई देखाउँछ भने यत्रतत्र छरिएका तिब्बती मन्त्र अङ्कित प्रस्तर र चैत्यका नमूनाहरूले भोटे शैलीलाई प्रस्तुत गरेका छन् ।"[३९] काँक्रेविहारमा हिन्दू मूर्ति अङ्कित प्रस्तर पनि पाइएका छन् । यसलाई विहार भनिए तापनि यो हिन्दू र बौद्ध दुवैको विशेषता झल्कने समन्वयात्मक सांस्कृतिक धरोहर हो ।

कर्णाली प्रदेशमा यत्रतत्र विहाल अवस्थामा रहेका ढुङ्गे खम्बाहरूलाई कर्णाली प्रदेशको धार्मिक सहिष्णुता र समन्वयात्मक संस्कृतिको दह्रो ऐतिहासिक तथ्यको रूपमा मान्न सकिन्छ । बर्दिया दानवताल देखि दूल्लु सिँजा भएर हुम्लाको दार्म, सिमिकोटसम्म मूल बाटामा भेटिने यी खम्बाहरूले प्राचीन कालमा व्यापारी तथा तीर्थयात्रीहरू ओहोरदोहोर गर्ने प्रमुख मार्गको रूपमा यो मार्ग प्रचलित थियो भन्ने सङ्केत दिन्छन् । यो मार्गले प्रसिद्ध 'सिल्करोड' लाई जोडेको थियो । यो मार्गमा खडा रहेका यस्ता स्मारकहरूमा धार्मिक समन्वयका प्रतीकका रूपमा "ॐ स्वस्ति सित ॐ मणि पद्मे हुँ" र ॐ स्वस्ति मन्त्रबाट सुरु गरेर हिन्दू चीनहहरूको साथै 'चैत्य' जस्तो बौद्ध चीनहरू एउटै खम्बामा देख्न सकिन्छ । चीनको वन बेल्ट वन रोड (ओवीओआर) अवधारणामा बर्दिया देखि हुम्ला सम्मको प्राचीन मार्गलाई बौराएर लाभ लिन सकिन्छ ।

कर्णाली प्रदेशका यी ढुङ्गे खम्बहरूमा प्रायः धर्म खम्ब, कीर्ति खम्ब र वीर खम्ब गरी तीन प्रकारका खम्ब पाइने गरेका छन् । यी खम्बहरू, मुग्राहा, देवल, लगायतका थुप्रै ढुङ्गे स्मारहरू कर्णाली प्रदेशमा वेवारिसे अवस्थामा रहेका छन् । यस्ता स्मारकहरूबारे थप अध्ययन, अनुसन्धान, खोजको साथै तत्काल संरक्षणको आवश्यकता छ ।

डा. सूर्यमणि अधिकारीले काँक्रेविहार बाहेकका कर्णाली प्रदेशका केही थप बौद्ध स्थापना बारे लेखेका छन् ।[४०] ती स्मारकहरूमा : पाथर नाउली (दुल्लु), कुचीविहार चैत्य (अछाम), जुम्लाका मिचागाउँका चैत्य (यी चैत्य

३८ जनकलाल शर्मा, पूर्ववत्, सं. २१, पृ. ७ ।
३९ विपिन अधिकारी, पूर्ववत्, सं. ३७, पृ. ५१ ।
४० सूर्यमणि अधिकारी, पूर्ववत्, सं. २५, पृ. १६०-१६३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अझै देख्न सकिन्छ) आदि । यी बाहेक, जुम्लाको श्री ढुस्का गाउँको ढुङ्गे चैत्य, सिँजा गल्डानी (गरुडनारायण) नजिकैका जाड धाराहरू, चौरी खर्क, जाड गाउँ आदिबाट यस क्षेत्रमा हिन्दूको साथसाथै बौद्ध अस्तित्व पनि देखा पर्दछ । सिँजा उपत्यकाका लामाका मुख्य स्थानहरूमा पाइने बौद्ध मन्त्र र चीनह अङ्कित माटाका चक्कीहरूको बारेमा यो अध्यायको माथि नै उल्लेख भइसक्यो ।

सिँजापति राजाहरूका अभिलेखहरूमा पनि धार्मिक-सांस्कृतिक समन्वय पाइन्छ । पृथ्वी मल्लको श्री शाके १२७८ श्रावण सुद्धि १० को कनकपत्रमा "धर्म एव हतो हंति धर्मो रक्षति रक्षितः" (धर्म नै मारे मार्छ, धर्म नै पाले पाल्छ) । यसमा सूर्य, चन्द्रमा ब्रह्मा, विष्णु, महेश्वर सँग बुद्ध धर्म संघ उल्लेख छ । यो कनकपत्रको सुरुवात 'ॐ स्वस्ति' बाट र अन्त 'शुभमस्तु' बाट गरिएको छ । यसरी ॐ स्वस्ति सित ॐ मणि पद्मे हुँ र ब्रह्म, विष्णु महेश्वर सित बुद्ध धर्म संघ छन् ।[४१] त्यसैगरी सेंजाधिराज पृथ्वीमल्लको दुल्लु कोटी स्तम्भको अभिलेख, पृथ्वीमल्लको दुल्लू कोटि स्तम्भ ताम्रपत्र[४२] आदिमा यस्ता धेरै धार्मिक समन्वयका उदाहरणहरू पाइन्छन् ।

समन्वयात्मक संस्कृतिको उदाहरण दिँदा लामा-विष्णुको नाम अग्रपंक्तिमा आउँछ । लामा-विष्णुको बौद्धसँगको सम्बन्ध बारेमा डा. ग्याब्रियलको धारण छ :

"लामा र विष्णुको सम्बन्ध बारेमा जुम्लीहरूको विश्वास अनुसार बुद्ध नै विष्णुको अवतार हुन् । त्यसैले लामा बुद्ध अवतार हुन् । पडेली आदिहरूमा लामालाई मष्टा भन्दा माथि देखाएको छ तापनि धेरै जुम्लीको विश्वासमा लामा विष्णुको अवतार नभएर एउटा साधारण भोटे मूलका भिक्षु हुन् ।"[४३] लामाको पडेलीमा लामाको केही वडयाइ गरेको पाइए तापनि लामा दैवी शक्ति भएका भिक्षु हुन् चानेचुने मानिस होइनन् भन्ने बुझिन्छ । लामाले आफ्नो पडेलीमा भनेका छन् कि उनले आफ्नो शक्ति ज्ञान, ध्यान, सत, भीत र धेरै शास्त्र अनि वेदका पुस्तकहरू पढेर प्राप्त गरेका थिए । उनले धेरै वर्ष ज्ञान र ध्यानमा लगाएका छन् । उनी सबैका पूज्य बुद्ध अवतार हुन् ।

---

४१ योगी नरहरिनाथ, पूर्ववत्, सं. २०, पृ. ५१ र ५५ ।

४२ उही, पृ. ५८-६०, ६९-७० ।

४३ Gabriel Campbell, "Consultation with Himalayan Gods: A study of Oracular Religion and Alternative values in Hindu Jumla", *Ph.D. Dissertation*, [Columbia University (USA): 1978], p. 321.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लामाले थार्प मष्टाबाट 'छापविदो' पाएर थप शक्ति प्राप्त गरेका थिए भने भूतबाट बाह्र भाइ मष्टालाई बचाएका थिए भन्ने कुरा पडेलीमा उल्लेख छ। मष्टासँग मामा-भाञ्जको नाता र नौ दुर्गा भवानीसँग दाजु-बहिनीको नाता पर्ने लामा र अरू देवता बीच राम्रो समन्वय भएको बुझिन्छ। भिन्न मतसँग सम्बन्धित यी देवहरू बीच सहकार्य, समन्वय, सद्भाव र सामञ्जस्यता रहेको बुझिन्छ। समन्वयको प्रसङ्गमा भ्रमणशील अवस्थामा खस संस्कृतिको प्रभाव स्वरूप देउडा गीत गाउन जडानका जाडहरू सिपालु हुन्छन्। खाम्माहरू त देउडालाई सहजै स्वीकार गर्दछन्। हिमाली क्षेत्रको सेब्रुनृत्य र कर्णाली प्रदेशको देउडानृत्यको पदचालन र नृत्यकलामा समानता रहेको छ।

नेपालको राष्ट्रिय समन्वयमा लामा-विष्णुको भूमिका

नेपाल राष्ट्र झण्डै विखण्डनको स्थितिमा पुगेको वर्तमान अवस्थामा लामा-विष्णु सम्बन्धी अवधारणाले जाड संस्कृति र खस सस्कृति बीचमा समन्वय र सामञ्जस्यता कायम गराएको छ। सदीयौं देखि आपसमा मिलेर बस्दै आएका 'नेपाल' नामक फूलबारीका फूलहरू बीच सद्भाव भट्की राष्ट्र विखण्डनको दिशातिर धकेलिएको अवस्था छ। 'अनेकतामा एकता' भएको राष्ट्र भनेर विश्वलाई चीनाउने नेपालीहरू बीच द्वन्द्व निम्त्याउने प्रायोजित चालबाजी भइरहेको वर्तमान अवस्थामा कर्णाली प्रदेशको लामा-विष्णु मान्ने धार्मिक सहिष्णुताले पाठ सिकाउँदै विभिन्न सम्प्रदायहरू बीचमा सद्भाव र सामञ्जस्यता ल्याउन मद्दत पुऱ्याउने आसा गरिन्छ। यी बाहेक, लामा-विष्णुको धार्मिक सहिष्णुता, सद्भाव, समन्वय र भाइचारा व्यवहारले नेपाल राष्ट्रलाई बलियो बनाउनेमा विश्वास गर्न सकिन्छ।

वर्तमानमा भट्किरहेको सामाजिक, धार्मिक र जातीय द्वन्दले विश्व मानवसमुदायलाई नै आकुलब्याकुल बनाइदिएको छ। लामा-विष्णु मतले विश्वमा भट्केको सामाजिक, धार्मिक र जातीय द्वन्दलाई आपसी सद्भावमा रमाउन सक्ने गतिलो पाठ सिकाएको छ।

एक आपसमा सहयोग, सद्भाव, एकता राख्नु पर्छ भन्ने प्रसङ्गमा बौद्धिक तथा आध्यात्मिक व्यक्तित्व योगी नरहरिनाथको धारणा छ :

"भाइ फुट गवार लुट गर्नु हुन्न। भाइ फुटेको ठिक छैन। इतिहास साछी छ, रावणका भाइ फुटे। लङ्काले हार खायो। मार खायो। रामका भाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुटे विजयी भयो। दुर्योधनका भाइ फुटे, कौरवको हार भयो। पाण्डवका भाइ जुटे विजयी भए राज गरे।"[४४] लामा-विष्णु मतले दर्शाएको समन्वय र सामञ्जस्यताको आदर्शलाई यस अध्ययनले नेपाली जनता समक्ष र विश्वभर पुऱ्याउने छ।

नेपाली राष्ट्रियता बारेमा संस्कृतिविद् डा. जगमान गुरुङका अनुसार, "जनता-जनता बीचको भावनात्मक एकता र मानसिक सम्मिलन राष्ट्र हो र त्यस भावनात्मक एकता र मानसिक सम्मिलन प्रतीको समर्पण प्रतिवद्धता र निरन्तरता चाहीं राष्ट्रियता हो।"[४५] समन्वयात्मक नेपाली संस्कृतिले राष्ट्रियतालाई बलियो बनाउने कुरालाई डा. गुरुङको कृतिमा उल्लेख छ :

"नेपाल राष्ट्र विखण्डनको दिशातिर धकेलिन लागेको छ तर समन्वयात्मक नेपाली संस्कृतिले नेपाली नेपालीहरूका बीच कहिल्यै पनि कुनै किसिमको फाटो पर्न दिने छैन र नेपाली मानसिकतालाई सधैं नेपाली राष्ट्रको निर्माण तथा नेपाली राष्ट्रियताको प्रबोधन र प्रवर्द्धन तर्फ उन्मुख गराइरहने छ।"[४६] लामा-विष्णु मतले वैष्णव वा हिन्दू र बौद्ध धर्मावलम्बीहरू बीचमा समन्वयको प्रतीकको रूपमा रहेर नेपाली राष्ट्रियतालाई टेवा पुऱ्याउँदै रहने छ।

समन्वयात्मक अध्यात्मवादलाई संस्कृतिविद् डा. जगमान गुरुङको कृतिमा परिभाषित गरिएको छ :

"समन्वयात्मक अध्यात्मवादको पृष्ठभूमिमा समन्वयात्मक नेपाली संस्कृतिको संरचना र विकास भएको छ। दुई वा दुई भन्दा बढी तत्त्व एकसाथ भयो भने द्वन्द र सङ्घर्ष हुन्छ भन्ने सिद्धान्त द्वन्दात्मक भौतिकवाद हो। यसका विपरीत दुई वा दुई भन्दा बढी तत्त्व एकसाथ भयो भने समन्वय हुन्छ, सहिष्णुता, सद्भाव र सहअस्तित्व कायम भै शान्ति स्थापना हुन्छ भन्ने सिद्धान्त समन्वयात्मक अध्यात्मवाद हो। द्वन्दात्मक भौतिकवाद पश्चिमेली चीनतन हो र समन्वयात्मक अध्यात्मवाद चाहिं प्राच्य दर्शन अथवा पूर्वीय चीनतन हो।"[४७]

---

४४ योगी नरहरिनाथ, शिखरिणी-यात्रा, काठमाडौं : वि.सं. २०४९ (शाके १९१४), पृ.२४५।

४५ जगमान गुरूङ, "नेपाली संस्कृति र राष्ट्रियता", मिलनविन्दु, १ (१), (काठमाडौं : वि.सं. २०७०), पृ. ७।

४६ उही, पृ. ८।

४७ उही, पृ. ७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्णाली प्रदेशको लामा-विष्णु मतले समन्वयात्मक अध्यात्मवादको प्रतिनिधित्व गर्दछ, नकि द्वन्दात्मक भौतिकवादको। आफ्नै समन्वयात्मक अध्यात्मवादमा आधारित सद्भाव अनि सहिष्णुता; सह-अस्तित्वमा आधारित शासन प्रणाली लागू गर्न सकियो भने मात्रै विखण्डनको दिशातिर गइरहेको नेपालको राष्ट्रियता बलियो हुनेछ। नेपाली नेपाली बीच एकता, सहकार्य, सद्भाव र समन्वयको विकास हुनेछ। समन्वयात्मक नेपाली संस्कृतिले देखाएको समन्वयको बाटोमा हामी सबै नेपालीहरू सँगसँगै मिलेर हिँड्यौं भने नेपाल राष्ट्र सधैं बलियो हुनेछ।

अतः नेपालीहरूले असफल भैसकेका आयातित विचारधाराहरू, नमूनाहरू, शिक्षा पद्धति, शासन व्यवस्था आदिको देखासिकी गर्नुभन्दा देशमा सदियौंदेखि चल्दै आइरहेका लामा-विष्णु जस्ता समन्वयमा आधारित मतबाट शिक्षा लिई आफ्नो किसिमको नमूना (मोडेल) प्रणालीहरूको विकास गर्नु पर्दछ। एसियाका धेरैजसो देशहरूले संस्कृति र अध्यात्मवादको दर्शनको आधारमा आफ्नै किसिमका नमूनाहरू बनाई समृद्धिमा फट्को मारिसकेका छन्। हाम्रो उत्तरको छिमेकी चीनले कन्फ्यूसियस दर्शन र इतिहासमा आधारित मोडेल (नमूना) ले चम्केको हो भनेर रमेश के.सी.ले लेखेका छन्।[४८] अर्को छिमेकी हिन्दूस्तान पनि पूर्वीय दर्शन र संस्कृतिको जगबाट अगाडि बढेको हो भन्नेहरू पनि धेरै छन्। त्यसैगरी आफ्नै एसियन मोडेलहरू तयार गरेर अगाडि बढ्ने देशहरूमा सिङ्गापुर र मलेसियाको नाम अग्रपङ्क्तिमा आउँछ। तर हाम्रो देश हरेक क्षेत्रका नमूनाहरूको परीक्षण गर्ने थलो जस्तो देखिन्छ तापनि सकारात्मक कुरा जसको पनि ग्रहण गर्नु पर्दछ। यसै प्रसङ्गमा वर्तमान शिक्षा प्रणाली बारे कर्णालीका संस्कृतिविद् रमानन्द आचार्यका अनुसार, "विद्यालय र महाविद्यालयबाट दीक्षित भई निक्लेका युवाहरूमा आफ्नो परम्पराप्रति गर्व, संस्कृतिप्रति निष्ठा, राष्ट्र प्रमुख, महापुरुष, सन्त र चीनतकहरूका कार्य, सेवा, त्याग र देशभक्ति जस्ता गुणहरूप्रति सम्मान र आदरभाव नभल्किनु र खाने कमाउने चीनताले मात्र ग्रस्त देखिनु शैक्षिक उपलब्धि हो।"[४९] त्यसैले अपनत्व झल्काउने शिक्षा प्रणालीको विकास आवश्यक छ।

४८ रमेश के.सी., "चीन चम्काउने सूत्र", अन्नपूर्ण पोष्ट, (काठमाडौं : वि.सं. २०७१, माघ ३), पृ. ७।

४९ रमानन्द आचार्य, "भविष्यका कर्णधार कहाँ पुग्ने ?", कर्णालीको उत्सुक पाइला, २ (३), टङ्कबहादुर महत (सम्पा.), (जुम्ला : वि.सं. २०५७), पृ. १४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तमा :

हामी जुट्नु पर्छ भन्ने सन्देश दिने योगी नरहरिनाथको यो पङ्क्तिलाई सम्झनु पर्ने हुन्छ : "यसैमा जन्म्यौं. यसैमा हुक्यौं. यसैमा विलाऊँ ॥ फुटेका भाइ. जुटेर सबै. छुटेको मिलाऊँ ॥"[५०] स्वअस्तित्वको पहिचान वर्तमान युगले ल्याएको लहर हो तापनि अहिले हामीलाई सहअस्तित्वको टड्कारो आवश्यकता छ। अझै पनि हामी नेपालीहरू एक आपसमा कति लड्ने, कति मर्ने, कति मार्ने, कति रूने ? त्यसकारण अब उत्तिष्ठ युद्धाय कृतनिश्चयः नभई उत्तिष्ठ राष्ट्राय कृत्तनिश्चयः आजको हाम्रो प्रतिबद्धता र अठोट हुनु पर्दछ। त्यसकारण अब हामीहरू हाँसीखुसीका साथ हातेमालो गरेर रमाउँदै नेपाल राष्ट्रको निर्माण र नेपाली राष्ट्रियताको विकासको लागि राष्ट्रमा अग्रगामी भई जागौं।[५१]

हिन्दूहरूको दृष्टिमा पवित्र नदी कहलाएको सरयू नदीको सिरान, कर्णाली प्रदेश, प्राकृतिक रूपले मात्र धनी नभइ सांस्कृतिक रूपले पनि सम्पन्न छ। यस अध्ययन मार्फत् लामा-विष्णुको सद्भाव, समन्वय, सामञ्जस्यता, सह-अस्तित्वको पाठले सबै नेपालीलाई राष्ट्रिय एकतामा बाँधिएर नेपालको राष्ट्रियता बलियो बनाउनेतिर अग्रगामी भई अलाग्न प्रेरित गरोस्। बाह्र भाइ मष्टा, नौ दुर्गा भवानी र लामा-विष्णुले सबैको रक्षा गरून्।

---

५० योगी नरहरिनाथ, पूर्ववत्, सं. ४४, पृ. १९।

५१ जगमान गुरुङ, पूर्ववत, सं. ४५, पृ. ९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ ग्रन्थ-सूची

नेपाली

अधिकारी, विपिन, २०६८. नेपालका खस जाति, काठमाडौं ।

अधिकारी, सूर्यमणि, २०६१. खश साम्राज्यको इतिहास, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

अधिकारी, सूर्यमणि, २०६०. बाइसे राज्यको इतिहास, काठमाडौं ।

अधिकारी, सूर्यमणि, २०४३. पश्चिम नेपालको ऐतिहासिक अन्वेषण, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

अधिकारी, सूर्यमणि, २०३६. "काँक्रेविहारदेखिरारासम्म" मधुपर्क, वर्ष १२, अङ्क ४, (भदौ) : ९५-१०५ ।

आचार्य, रमानन्द, २०५७. "भविष्यका कर्णधार कहाँ पुग्ने", कर्णालीको उत्सुक पाइला, अङ्क २/३ (जुम्ला) : १४ ।

ओली, गणेश, २०७०. "राउटे जातिको सामाजिक जीवन : उत्थान र संरक्षणको नीति तथा कार्यक्रम", मिलनबिन्दु, वर्ष १, अङ्क १, : १२-२१ ।

उपाध्याय, वासुदेव, २०६६. "सिँजा उपत्यकामा मनाइने साउनपुनी पैठ र सांस्कृतिक पर्यटनको सम्भावना", जमरा, अङ्क १४ : ५५-५६ ।

....., २०७२. "सांस्कृतिक समन्वयको प्रतीक लामा-विष्णु: एक अध्ययन", मिलनबिन्दु वर्ष ३, अङ्क ३, ७७-८१ ।

कठायत, अदनसिंह, २०६७. मेरो जीवन यात्रा र सेरोफेरो, जुम्ला ।

के.सी., रमेश, २०७१. "चीन चम्काउने सूत्र", अन्नपूर्ण पोष्ट, माघ ३ ।

कोइराला, कुलचन्द्र, २०५२. नेपाली खस-बाहुनका कुलदेता मष्टो, काठमाडौं : लेखक स्वयं ।

गुरूङ, जगमान, २०७०. "नेपाली संस्कृति र राष्ट्रियता", मिलनबिन्दु, वर्ष १ अङ्क १ : २-२१ ।

जोशी, सत्यमोहन, २०२८. कर्णाली लोक संस्कृति, खण्ड १, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जोशी, सत्यमोहन, २०२९. "कर्णाली लोक संस्कृति : मष्टाका आलनहरू", प्रज्ञा, वर्ष २, अङ्क २ : ३९-६७ ।

जोशी, सत्यमोहन, २०६३. "मष्टोका धामीसँग साक्षात्कार", शारदा, वर्ष १, अंक २ : ६१-६७ ।

ढुङ्गेल, रमेश, २०६७. "इतिहासमा नभेटिएको जातीय राज्य अपव्याख्याको खेती र राष्ट्रिय बर्वादी", काठमाडौं: मानवअधिकार वार्षिक प्रकाशन : १-१२ ।

देवकोटा, रत्नाकर, २०५४. "त्रिकोणात्मक कर्णाली", बेन्नु, २५-४९ ।

....., २०५९. "कुलदेवताको रूपमा पूजिने मष्टो र यसका विविध पक्ष", प्रज्ञा, वर्ष ३३ : १-३९ ।

नेपाल, पूर्णप्रकाश, २०५७. राराको सौंराइ, काठमाडौं: ।

....., २०४१. भेरी लोक साहित्य, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

....., २०३४. सिँजाको ऐतिहासिक रूपरेखा, काठमाडौं ।

पाँडे, रामकुमार, २०३४. "मुगुका मुगाल जाति", मधुपर्क, वर्ष १०, अङ्क १० : १७-३० ।

वज्राचार्य, धनवज्र, २०२८. "कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा", कर्णाली प्रदेश एक बिटो अध्ययन, जुम्ला : ११-६२ ।

वज्राचार्य, भद्ररत्न, १९९२. बहादुर शाह : द रिजेन्ट अफ नेपाल, नयाँदिल्ली ।

मल्ल, मोहन बहादुर, २०३३. सिँजा इतिहासको डोरेटो, काठमाडौं ।

मानन्धर, इन्द्रनारायण, २०२८. "कर्णाली प्रदेशको भौगोलिक स्थिति", कर्णाली प्रदेश एक बिटो अध्ययन, जुम्ला : १-८ ।

योगी नरहरिनाथ (सं.), २०१३. इतिहास प्रकाश, अङ्क २, भाग १, काठमाडौं : इतिहास प्रकाश संघ ।

..... (सं.), २०२२. इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, भाग १, काठमाडौं : इतिहास प्रकाश संघ ।

..... (सं.), २०४९. शिखरिणी-यात्रा, काठमाडौं ।

रिमाल, प्रदीप, २०२८. कर्णाली लोकसंस्कृति, खण्ड ५, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोकाया, सुकवीर, २०५७. "महान चाड चैती", कर्णालीको उत्सुक पाइला, जुम्ला : ३४-३५ ।

लामा, छक्कबहादुर, २०५७. "कर्णाली क्षेत्रको खाद्यान्न आपूर्तिमा 'क्याराभान' को भूमिका", कर्णाली दर्पण, वर्ष १, अङ्क ४, जुम्ला : २-८ ।

....., २०५४. "स्वर्गद्वारीको रूपमा सिमिकोट", वेन्नु : ५६-७१ ।

शाह, सौभाग्य, २०६५. "अस्ताउँदो नेपाली राष्ट्र र उदाउँदा राज्यहरू : कर्णाली सभ्यताका सम्भावनाहरू", समय, भदौ २६ : १२-१५ ।

....., २०५७. "कर्णालीः पीडा र मुक्तिका उपाय", हिमाल, १६-३२ : १२-१४ ।

शर्मा, जनकलाल, २०३१. कौतुकमय डोल्पो, काठमाडौं : साझा प्रकाशन ।

शर्मा, प्रयागराज, २०२८. "पश्चिमी नेपालको हिमालयमा पूजिने केही देवताहरू तथा त्यस भेकको धार्मिक रूपको एउटा सामान्य चर्चा ।" कर्णाली प्रदेश-एक बिटो अध्ययन, जुम्लाः : ९१-१०४ ।

सौरभ, २०१०. "अमान्य संज्ञा आदिवासी", कान्तिपुर, अक्टोवर २१ ।

सिंह, स्थिर जङ्गबहादुर, २०२८. कर्णाली लोकसंस्कृति (भौगोलिक दृष्टिकोण), खण्ड २ काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सिमखाडा, तुलाराज, २०५७. "हुम्ला जिल्ला भित्र रहेको बहुपतीय प्रथा", कर्णाली दर्पण, वर्ष १, अङ्क ४ : १२-१५ ।

श्री ५ को सरकार, सूचना विभाग, २०३१. मेचीदेखि महाकाली, भाग ४, काठमाडौं : श्री ५ को सरकार, सूचना विभाग ।

सुवेदी, राजाराम, २०४६. "ढँडार मष्ट", प्रज्ञा, (बैशाख-असोज संयुक्ताङ्क): १२-२३ ।

श्रेष्ठ, देविचन्द्र, २०३७. हुम्ला बोल्छ मानसरोवरमा, काठमाडौं ।

श्रेष्ठ, टेक बहादुर, २०५९. पर्वत राज्यको ऐतिहासिक रूपरेखा, काठमाडौंः नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रेष्ठ, भिमप्रसाद २०२८. "जुम्लाः क्षेत्रीय प्रशासनको डिलबाट", कर्णाली प्रदेश एक बिटो अध्ययन, जुम्ला : ६२-८०।

शाही, कृष्णबहादुर, २०५४. मुगाल जनजाति, काठमाडौं।

शाही, शेरबहादुर, २०५८. खम्मा जनजाति, काठमाडौं।

श्रेष्ठ, भीमप्रसाद, २०५४. "जुम्ली चीनारी जोगाउने कि मिटाउने ?", बेन्नु : १७-२१।

श्रेष्ठ, देविचन्द्र, २०३५. "हुम्ला बाह्रथपाला", मधुपर्क, वर्ष ११, वर्ष ७: ४७-५८।

English

Campbell, Gabriel, 1978. "Consultation with Himalayan Gods: A study of Oracular Religion and Alternative values in Hindu Jumla", *Ph.D. Dissertation*,Columbia University.

Dhungel, Ramesh K. "Understanding Nepali History in the Context of Changing Political Situation", *Cotributions to Nepalese Studies*, vol.37, pp. 169-190.

Ministry of Forests and Soil Conservation, Department of Forest Research Survey, 2015. *State of Nepal's Forests*, Kathmandu.

Giuseppe, Tucci, 1956. *Preliminary Report on Two Scientific Expeditions in Nepal*, Rome.

Government of Nepal, Ministry of Tourism and Civil Aviation, 2015. *Mountaineering in Nepal, Facts and Figures*, Department of Tourism, Kathmandu.

Hamilton, F. 1970. *An Account of the Kingdom of Nepal and of the Territories Annexed to the Domination by the House of Gorkha* New Delhi.

Indraji, Bhagawan Lal, 1881. "An Inscription of Gaya", *The Indian Antiquary*, Vol. X : 345-46.

National Archieves, Micro Film No. E 2430/2

National Archieves, Micro Film No. E 2431/2

National Archieves, Micro Film No. E 2451/1

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Ogura, K., 2008. "Moist people's governments, 2001-2005; The power in Wartime", In *Local Democracy in South Asia: Micro Procss of Democratization in Nepal and its Neighbours, pp.*175-231, London.

Pandey, R.N. 1970. "The Ancient and Medieval History of Western Nepal", *Ancient Nepal*, No. 10, pp. 53-58.

Pandey, R.N., 1970. "The Kallala Dynasty of the Jumla Valley", *Ancient Nepal*, No. 12, pp. 45-52.

....., 1971. "The History of the Kallala Dynasty", *Ancient Nepal*, No. 15, pp. 39-61.

Petech, L. 1958. *Medieval History of Nepal*, Rome.

Regmi, D.R., 2007. *Medieval Nepal*, Calcutta: Firma K.L. Mukhopadhyaya.

Shah, S. 2008. "Revolution and Reaction in the Himalayas: Cultural resistance and the Maoist "new regime" in Western Nepal", *American Ethnologist*, Vol. 35, No. 3, pp. 481-499.

....., 1993. "Throes of Fledgling Nation", *Himal*, (Mar/April) : pp. 7-10.

Sharma, P.R. 1972. *Preliminry Study of the Art and Architecture of the Karnali Basin,* Paris.

Thompson, Sue. 1992. "The Kingdom of Khasa: A Historical Trek to Rara Lake" *Shangri-La,* (July-September).

Umbesheid, Gunter, 1987. "A God's Journey: The Pareli of the God Lama from Lekhpur (Sinja)", *Kailash*, 13 (1-2) : pp. 49-99.

Upadhyay, Basu, 2011. *'Sinja' Valley Tourism Development Master Plan*, JSDC Jumla.

Vitali, Roberto. 1996. *The Kingdom of Guge Puhrang* Washington D.C..

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्रसूची

१. हँडेखोलीको दृश्य, सिँजा, जुम्ला ।
२. घाँस ओडारको दृश्य, सिँजा, जुम्ला ।
३. ढुङ्गे चैत्य, श्रीढुस्का, जुम्ला ।
४. ढुङ्गे बैठक, बयलकाटियाँ, जुम्ला ।
५. ढुङ्गे खम्ब, विष्टबाडा, सिँजा, जुम्ला ।
६. कनकसुन्दरी मन्दिरका सिउबाघहरू, सिँजा, जुम्ला ।
७. प्राचीन अभिलेख, पादुकास्थान, दुल्लु ।
८. पृथ्वीमल्लको कीर्तिस्तम्भ, दुल्लु ।
९. बडीमालिकाको थान, बाजुरा ।
१०. त्रिपुरसुन्दरीको मन्दिर, डोल्पा ।
११. ढँडारमष्टको थान, भातेखोली गाविस, धामीगाउँ, बझाङ ।
१२. लामाजुको थान, लेकपर, सिँजा, जुम्ला ।
१३. खापरमष्टका धामी विष्णुप्रसाद न्यौपाने, खाडा, कालिकोट ।
१४. ढँडारमष्टका धामी स्व. लाल गिरी, धामीगाउँ, बझाङ ।
१५. साउने पुनीको पैठमा धामीहरू ।
१६. लामा-विष्णुको पैठमा सहभागी जात्रुहरू ।
१७. हुम्लाका ठकुरानी महिला ।
१८. मुगुका क्षेत्रिनी महिला ।
१९. जुम्लाका जाड महिलाहरू ।
२०. बिहेमा जन्ति जाँदै, जुम्ला, सिँजाका ब्राह्मण वर ।
२१. गुरूगुम्बा, ढो, डोल्पा ।
२२. से-फोक्सुन्डो ताल, डोल्पा ।
२३. नाभिस्थान ज्वाला, दुल्लु ।
२४. हुड्के नृत्य, दुल्लु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हँडेखोलीको दृश्य, सिँजा, जुम्ला ।

घाँस ओडारको दृश्य, सिँजा, जुम्ला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ढुङ्गे चैत्य, श्रीढुस्का, जुम्ला

ढुङ्गे बैठक, बयलकाटियाँ, जुम्ला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढुङ्गेखम्ब, विष्टबाडा, सिँजा, जुम्ला।

कनकसुन्दरी मन्दिरका सिउ बाघहरू, सिँजा, जुम्ला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादुकास्थानस्थित प्राचीन अभिलेख, दुल्लु ।

- फोटो सौजन्य : मोहन खनाल

पृथ्वीमल्लको कीर्तिस्तम्भ, दुल्लु।

- फोटो सौजन्य : विश्व के.सी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बडीमालिकाको स्थान, बाजुरा ।



त्रिपुरसुन्दरीको मन्दिर, डोल्पा ।

- सौजन्य : http://iofsuraj.blogspot.com

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढँडारमष्टको थान, भातेखोली, धामीगाउँ बझाङ ।

लामाजुको थान, लेकपर, सिँजा, जुम्ला ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खापरमष्टका धामी, विष्णुप्रसाद न्यौपाने खाडा, कालीकोट ।

ढँडारमष्टका धामी स्व. लाल गिरी, धामीगाउँ, बझाङ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साउने पुनीको पैठमा हुम्लाका धामीहरू ।

लामा-विष्णुको पैठमा सहभागी जात्रुहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुम्लाका ठकुरानी महिला ।

मुगुका क्षेत्रीनी महिला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुम्लाका जाड महिलाहरू ।

बिहेमा जन्ती जाँदै जुम्ला, सिँजाका ब्राह्मण वर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुगुम्बा, ढो, डोल्पा ।

फोक्सुन्डो ताल, डोल्पा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाभिस्थान ज्वाला, दुल्लु ।

- फोटो सौजन्य : विश्व के.सी.

हुड्के नृत्य, दुल्लु ।

फोटो सौजन्य : विश्व के.सी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कनकसुन्दरी र लामाजुको थान, लामाथाडा, सिँजा ।



चन्दननाथ र भैरवनाथको मन्दिर, खलङ्गा जुम्ला । -

- फोटो सौजन्य : MY Republica

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय

राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रद्वारा प्रकाशित कृतिहरू

१. दाङको चौघेरास्थित सिद्ध रतननाथ मठको सांस्कृतिक अध्ययन

२. लामा-विष्णु : सांस्कृतिक समन्वयका प्रतीक

प्रकाशोन्मुख कृतिहरू

१. वागमती सभ्यता

२. मिथिला गौरव

३. दुल्लु वैश्वानरज्वाला पञ्चकोशीक्षेत्रको सांस्कृतिक सम्पदा

४. राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन

५. किरातजनकृति : नेपालका आदिवासी तथा जनजातिहरूको भाषिक सर्वेक्षण

६. नेपाली भाषा तथा संस्कृतिको विकासमा दलित समुदायको भूमिका

७. थारू महाग्रन्थ

८. बझाङी लोकसाहित्य र संस्कृति

ISBN 978-9937-0-3017-5

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu